राष्ट्रिय महिला आयोगको

# पन्ध्रौं वार्षिक प्रतिवेदन

राष्ट्रिय महिला आयोग
भद्रकालीप्लाजा, काठमाडौं, नेपाल

# राष्ट्रिय महिला आयोग

## पन्ध्रौं वार्षिक प्रतिवेदन

**(२०७८ श्रावणदेखि २०७९ आषाढ मसान्तसम्म)**

**प्रकाशक** : राष्ट्रिय महिला आयोग
**प्रकाशन मिति** : २०७९ असोज
**प्रकाशन प्रति** : १०००
**सर्वाधिकार** : राष्ट्रिय महिला आयोग
भद्रकालीप्लाजा, काठमाडौं, नेपाल

**कम्प्युटर तथा सेटिङ्ग**
श्री भाग्य नारायण झा

**फोन नं.** : ००-९७७-१-४२५६७०१
**फ्याक्स नं.** : ००-९७७-१-४२५९४११
**इमेल** : info@nwc.gov.np
**वेबसाइट** : www.nwc.gov.np

**मुद्रण** : स्काई प्रेस एण्ड ट्रेड लिंक प्रा.लि.
बिजुलीबजार, काठमाडौं #4794283

# राष्ट्रिय महिला आयोग
## National Women Commission
भद्रकालीप्लाजा, काठमाडौं, नेपाल
फोन नं. : ००-९७७-१-४२५६७०१, फ्याक्स नं. : ००-९७७-१-४२५९४११
इमेल : info@nwc.gov.np, वेबसाइट : www.nwc.gov.np


प.सं.:
च.नं.: मिति : २०७९/०६/३१

**विषयः पन्ध्रौं वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको ।**

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय
शीतल निवास, काठमाडौं ।

नेपालको संविधानको धारा २९४ बमोजिम राष्ट्रिय महिला आयोगले आर्थिक वर्ष २०७८/७९ मा सम्पादन गरेका काम-कारवाहीहरूको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छौं ।

भवदीय,

(कमलाकुमारी पराजुली)
अध्यक्ष

(कृष्णकुमारी पौडेल खतिवडा)
सदस्य

(विद्याकुमारी सिन्हा)
सदस्य

(जया घिमिरे)
सदस्य

(सावित्राकुमारी शर्मा)
सदस्य

# राष्ट्रिय महिला आयोगका पदाधिकारीहरू



**कमलाकुमारी पराजुली**
अध्यक्ष



**कृष्णकुमारी पौडेल खतिवडा**
सदस्य



**विद्याकुमारी सिन्हा**
सदस्य



**जया घिमिरे**
सदस्य



**सावित्राकुमारी शर्मा**
सदस्य



**कविराज पौडेल**
सचिव

# मन्तव्य

मन्त्रिपरिषद्को निर्णयानुसार वि.सं. २०५८ साल फागुन २३ गते राष्ट्रिय महिला आयोगको स्थापना भएको हो । मूलतः महिलाको हक, हित र अधिकारको संरक्षण तथा संवर्द्धन गरी विकासको मूलप्रवाहमा महिलालाई प्रभावकारी रूपमा समाहित गर्दै महिला समानता र महिला सशक्तीकरणको क्षेत्रमा योगदान पुऱ्याउन तथा लैङ्गिक न्याय सुनिश्चित गर्ने ध्येयले आयोग गठन भएको हो ।

संविधान सभाद्धारा २०७२ असोजमा जारी भएको नेपालको संविधानले राष्ट्रिय महिला आयोगलाई संविधानको भाग २७ मा समावेश गरी संवैधानिक आयोगको हैसियत प्रदान गरेको छ। जसअनुसार संविधानको धारा २५२ र धारा २५३ मा आयोगको गठन प्रक्रिया र काम, कर्तव्य तथा अधिकारका सम्बन्धमा व्यवस्था गरिएको छ। यिनै सम्बैधानिक प्राबधानहरूको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय महिला आयोग ऐन, २०७४ र नियमावली, २०७८ जारी भएका छन् । यसरी जारी भएका ऐन र नियमावलीले आयोगको काम, कर्तव्य र अधिकारलाई व्याख्या गरेका छन् । यसरी आयोगलाई संविधान र कानूनले महिलाको पक्षमा वकालत गर्दै सार्थक परिणाम र उपलब्धिका लागि मार्ग निर्देश गरेको छ।

मुलुकको वर्तमान संविधान जारी भै संविधानले यस आयोगलाई संवैधानिक आयोगको मान्यता प्रदान गरेपनि आयोग गठन हुन भने करिव पाँचवर्षको अवधि कुर्नुपऱ्यो । आ.ब. २०७७।७८ मा आयोगमा अध्यक्षसहित सदस्यहरूको नियुक्ति भै पदबहाली भएपछि आयोगले गति लिएको छ। आयोगले वर्षभरि गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सम्माननीय राष्ट्रपति समक्ष पेश गर्ने गरी नेपालको संविधान र राष्ट्रिय महिला आयोग ऐन, २०७४ ले व्यवस्था गरे अनुरुप यो आ.ब. २०७८।७९ को वार्षिक प्रतिवेदन तयार गरिएको छ।

नेपालको संविधानको धारा २५३ अनुसार राष्ट्रिय महिला आयोगले महिलाको हक, हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने, महिलाको हक, हितसँग सम्बन्धित कानूनका नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए नभएको विषयमा अनुगमन गरी त्यस्को प्रभावकारी पालना वा कार्यान्वयनको उपाय सहित नेपाल सरकारलाई सुझाव दिने र महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नु तथा सवै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयका लागि नेपाल सरकारलाई सिफारिस गर्ने कार्य गर्दछ। यस अतिरिक्त, आयोगले लैङ्गिक समानता, महिला सशक्तिकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने, महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीको सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने र महिला हिंसा वा सामाजिक कुरीतिबाट भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नु पर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने कार्य गर्दछ। साथै, आयोगका यी

सम्बैधानिक कर्तव्य पूरा गर्ने क्रममा राष्ट्रिय महिला आयोग ऐन, २०७४ र राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को कानूनी प्राबधानहरूलाई पनि आयोगले आफ्नो जिम्मेवारीका रुपमा बहन गरेको छ।

यिनै सम्वैधानिक र कानूनी कर्तव्य पूरा गर्ने क्रममा आयोगले हिंसामा परेका महिलाहरूको उजुरी सम्बोधनका लागि "**खबर गरौं ११४५ हेल्पलाइन सेवा**" को सञ्चालन गरी २४ सै घण्टा सेवा प्रदान गर्दै आइरहेको छ। यसले जोखिममा परेका महिला तथा बालबालिकाहरूलाई विशेष राहत पुऱ्याएको महशुस गरिएको छ। आयोगले गम्भीर प्रकृतिका महिला हिंसाका घटनामा आवश्यकतानुसार स्थलगत अनुगमन गरी पीडितलाई न्याय दिलाउन तथा दोषीलाई कानूनी कारवाहीको दायरामा ल्याउन आफ्नो सक्रियता विस्तार गरेको छ। यसबाट आयोगप्रति आम मानिसहरूको विश्वास, भरोसा र अपेक्षा बृद्धि हुदै गएको महशुस गरिएको छ।

राष्ट्रिय महिला आयोगलाई सम्बैधानिक आयोगमा रुपान्तरित गरी आयोगमा अध्यक्ष र सदस्यहरू नियुक्ति भए पश्चात् सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिएको यो दोस्रो वार्षिक प्रगति प्रतिवेदन हो। अघिल्लो पटक आर्थिक वर्ष २०७७/७८ मा सम्पादित मुख्य-मुख्य कार्यहरूलाई समेटेर तयार पारिएको प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिएको थियो। यस पटक गत आ.ब. २०७८/७९ मा आयोगबाट महिला हक अधिकारको संरक्षण, सम्वर्द्धन तथा महिला हिंसा नियन्त्रणका क्षेत्रमा भए गरेका कार्यहरू समेटिएको प्रस्तुत प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्न तयार गरिएको हो। यस प्रतिवेदनमाथि संसदमा समेत व्यापक छलफल भै आयोगलाई भावी दिनमा अझ सशक्त ढङ्गले अघि बढ्न महत्वपूर्ण दिशानिर्देश हुने अपेक्षा गरिएको छ।

अन्त्यमा, आयोगलाई गतिशील बनाउँदै महत्वपूर्ण कार्यहरू सम्पन्न गर्न र त्यसको अभिलेखन गर्दै यो प्रतिवेदन तयार गर्ने कार्यमा सहयोग पुऱ्याउनु हुने आयोगका माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा, माननीय सदस्य विद्याकुमारी सिन्हा, माननीय सदस्य जया घिमिरे, माननीय सदस्य सावित्राकुमारी शर्मा, सचिव श्री कविराज पौडेल, उपसचिवहरू लगायत आयोगका सम्पूर्ण कर्मचारीहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**कमलाकुमारी पराजुली**
अध्यक्ष
राष्ट्रिय महिला आयोग

# प्रतिवेदनको कार्यकारी सारांश

१. यो प्रतिबेदन ११ वटा परिच्छेदमा तयार भएको छ । जस अनुसार परिच्छेद १ः प्रारम्भिक परिच्छेद २ः सँगठनात्मक संरचना, परिच्छेद ३ः नेपालमा महिला सशक्तीकरणको प्रयास र वर्तमान अवस्था, परिच्छेद ४ः आयोगका प्रमुख कार्यक्रमहरू, परिच्छेद ५ः आयोगबाट सम्पादन भएका कार्यहरू, परिच्छेद-६ः अध्ययन, अनुसन्धान तथा प्रकाशनहरू, परिच्छेद-७ः आयोगले नेपाल सरकारका विभिन्न निकायलाई दिएको सुझाव तथा सिफारिस र कार्यान्वयनको विवरण, परिच्छेद -८ः स्थलगत अनुगमनसम्बन्धी विवरण, परिच्छेद -९ः उजुरी,निवेदन तथा जाँचबुझ, परिच्छेद-१०ः विविध गतिविधि, परिच्छेद-११ःनिष्कर्ष, चुनौती, उपलव्धी, सुझाव तथा भावी कार्यदिशा र अन्त्यमा अनुसूचीहरू रहेका छन् ।

२. राष्ट्रिय महिला आयोगले संवैधानिक मान्यता हासिल गरेपछि आयोगका वर्तमान पदाधिकारीहरूको नियुक्तिले पूर्णता पाएसँगै आयोगको क्रियाशीलता बृद्धि भएको छ । वर्तमान आयोग गठन भएपछिको यो दोस्रो प्रतिबेदन हो ।

३. आयोगले नेपाल सरकारको बजेट र जनशक्ति मार्फत "**खबर गरौं ११४५ हेल्पलाइन सेवा**" निःशुल्क रूपमा २४ सै घण्टा सञ्चालन गरी हिंसामा परेका महिलाहरूको संरक्षण गरिआएको छ।

४. मानसिक, सामाजिक, शारीरिक र यौन हिंसा लगायतका विभिन्न प्रकारका हिंसाबाट पीडित/प्रभावित महिला, किशोरी, बालिका तथा आश्रित बालबालिकालाई उद्धार तथा पुनःस्थापना गर्न आयोगले समन्वयकारी भूमिका निर्वाह गरिरहेको छ।

५. नेपाल पक्ष बनेका अन्तर्राष्ट्रिय महासन्धि, प्रतिज्ञापत्र र इच्छाधीन आलेख लगायतका दुई दर्जन प्रतिबद्धताको कार्यान्वयनको स्थितिलाई आयोगले नियालीरहेको छ। साथै, मुलुकभित्रका विभिन्न निकायहरूबाट सम्पादित कामको मूल्यांकन गर्नुका साथै आयोगबाट सुझाव दिने र सोको कार्यान्वयनको अनुगमन गर्ने काम समेत भैरहेको छ।

६. महिला विकास र महिला सशक्तिकरणमा दक्षिण एशियामा नेपाल अग्रणी स्थानमा रहेपछि अझैपनि नेपालका महिलाहरू सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, प्रशासनिक लगायतका प्रायः सबै क्षेत्रमा पुरुषको तुलनामा पछाडि नै रहन बाध्य छन् । साथै, परम्परागत सोचका कारण महिलालाई गरिने असमान व्यवहारले पनि महिला हिंसालाई बढावा दिईरहेको पाईन्छ।

७. आयोगका पदाधिकारीहरू तथा कर्मचारीहरूले पालना गर्नुपर्ने आचरण स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ । यसैगरी, आयोगको दैनिक कार्य सम्पादनमा सहयोग पुऱ्याउन राष्ट्रिय महिला आयोग नियमावली, २०७८, राष्ट्रिय महिला आयोगको बैठक सञ्चालन कार्यविधि, २०७८ तथा राष्ट्रिय महिला आयोगको आन्तरिक व्यवस्थापन निर्देशिका, २०७८ पनि स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। यसबाट आयोगको कार्यप्रणालीमा सुधार भएको महशुस गरिएको छ।

८. राष्ट्रिय महिला आयोग लगायत अन्य संवैधानिक आयोगका माननीय अध्यक्ष तथा माननीय सदस्यहरूको

संयुक्त बैठक बसी स्थानीय तह निर्वाचन, २०७९ को लैंगिक अनुगमन गर्ने र राष्ट्रिय मान्यता प्राप्त विभिन्न राजनैतिक दललाई Gender equality and social inclusion का सन्दर्भमा ध्यानाकर्षण गराउने तथा निर्वाचन अनुगमन गर्ने निर्णय गरी कार्यान्वयन गरिएको छ।

९. आर्थिक वर्ष २०७८/७९ मा आयोगमा लैङ्गिक हिंसासम्बन्धी कुल १४६४ वटा उजुरीहरू दर्ता भएका छन्।

१०. अघिल्लो आ.ब.२०७७।७८ को प्रतिवेदनको निष्कर्षमा आयोगले आफूलाई संविधान प्रदत्त कार्यक्षेत्रमा क्रियाशील रहेको, अनुगमनको कार्यलाई तिब्रता दिएको, संघ, प्रदेश तथा स्थानीय तह सरकारसँगको सहकार्यमा सचेतना अभिवृद्धि कार्यक्रम संचालन गरेको, महिला हिंसासम्बन्धी घटनाहरूको स्थलगत अनुगमन, निरीक्षण गरी पीडितलाई तत्काल न्याय दिलाउन र दोषीलाई कानूनी कारवाहीको दायरमा ल्याउन पहल भैरहेको, लैङ्गिक समानता र महिला सशक्तीकरणसम्बन्धी कार्यत्रमहरूलाई क्रमशः कल्याणकारी अवधारणाबाट महिलाको अधिकारमा आधारित अवधारणामा रुपान्तरित गर्दै लगिएको तथ्य प्रस्तुत गरिएको थियो। यस्मा आ.ब. २०७८।७९ मा पनि आयोगलाई थप हौसला र सफलता प्राप्त भएको छ। तर, गत वर्षको प्रतिवेदनमा उल्लेख गरिएको महिला सशक्तीकरणका क्षेत्रमा पर्याप्त बजेट तथा जनशक्तिको व्यबस्था नभएको, महिला हिंसाका घटना नियन्त्रण हुनुको सट्टा बृद्धि हुदै गएको, लैङ्गिक उत्तरदायी बजेटलाई तीनै तहका सरकारहरूबाट प्रभावकारीरुपमा कार्यान्वयन गराउन नसकिएको जस्ता विषयमा भने आ.ब. २०७८।७९ मा पनि उल्लेख्य सुधार हुन नसकेको महशुस गरिएको छ।

११. प्रस्तुत सन्दर्भमा आ.ब. २०७८।७९ को प्रतिबेदनको निष्कर्षको सारांश निम्नानुसार रहेको छ :

(क) लैङ्गिक हिंसाका घटनामा पीडितलाई न्याय प्रदान गर्ने जिम्मेवारीमा आयोगको भूमिका नागरिकले अपेक्षा गरे अनुरूप देखिएको छ।

(ख) महिला अधिकार प्रति सचेत गराउन, सार्वजनिक सेवा प्रवाहमा लैङ्गिक मैत्री पद्धति, व्यवहार र शैलीको अवलम्बन गर्न आयोगको भूमिका प्रभावकारी सिद्ध भएको छ।

(ग) महिलाको हक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धता र राष्ट्रिय कानूनहरूको कार्यान्वयनमा आयोगले गरेको अनुगमन तथा पृष्ठपोषणको कार्य प्रभावकारी सिद्ध भएको छ।

(घ) आयोगले संचालनमा ल्याएको निशुल्क "**खबर गरौं ११४५ हेल्पलाइन सेवा**" मार्फत लैङ्गिक हिंसा पीडित महिलाहरूले न्यायको महसुस गरेको छन्।

(ङ) आयोगद्धारा संचालित सचेतनामूलक कार्यक्रमहरूले महिला सशक्तीकरण र लैङ्गिक मूल प्रवाहीकरणमा योगदान गरेको छ।

(च) लैङ्गिक हिंसाका घटना घटेको स्थानमा नै पुगी पीडितको अवस्थाको प्रत्यक्ष अवलोकन गरी पीडकलाई कारवाही एवं पीडितलाई न्याय दिलाउने कार्यमा आयोग प्रभावकारी देखिएको छ।

(छ) आयोग र सरोकारवाला निकायहरूमाझ सहकार्यको वातावरण बन्दै गएको छ। साथै, आयोगका पदाधिकारीहरूबाट विभिन्न सञ्चारमाध्यम मार्फत पनि आयोगका प्रयासहरू उपलब्धिहरू, समस्या, चुनौती एवं भावी कार्ययोजनाको बारेमा आम सरोकारवालामाझ विचार प्रस्तुत भैरहेको छ।

(ज) महिला हिंसाका विषयमा उजुरीको छानविन गर्न आयोगले पीडित र पीडक दुवै पक्षलाई झिकाई उजुरीमा दावी भएका विषयमा दुवै पक्षको राय सुनी न्यायको प्रक्रियाका लागि सिफारिस गर्ने कार्य भैरहेको छ।

(झ) महिला विकास सम्बन्धी कल्याणकारी अवधारणालाई मानव अधिकारमा आधारित अवधारणामा रूपान्तरण गर्न आयोग सफल हुदै गएको छ।

(ञ) महिला अधिकार र सशक्तीकरणका लागि तीनै तहका सरकारबाट पर्याप्त बजेट र जनशक्ति व्यबस्थापन गर्न गराउन आयोगबाट पहल भैरहेको छ। साथै, महिला लक्षित कार्यक्रमहरूलाई परिणाममुखी तुल्याउन पनि आयोग क्रियाशील छ।

(ट) लैङ्गिक हिसाका घटनाहरू बढिरहेकोसन्दर्भमा न्याय प्रदान गर्ने जिम्मेवार निकायहरूबाट पीडितलाई छिटो छरितो सेवा प्रवाहको व्यवस्था मिलाउन आवश्यक देखिएको छ।

(ठ) महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने संयुक्त राष्ट्रसंघीय महासन्धिमा व्यवस्था भएका महिलाका अधिकार कार्यान्वयन गर्न गराउन पर्याप्त प्रयासहरू गर्नु पर्ने देखिएको छ।

(ड) नेपाल पक्ष भएका सबै अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप तादाम्यता मिल्ने गरी मौजुदा कानूनी व्यवस्थाहरूमा सुधार गर्नु पर्ने देखिएको छ।

(ढ) लैङ्गिक उत्तरदायी बजेटको अभ्यासलाई तीनै तहका सरकारले प्रभावकारी ढंगले कार्यान्वयनमा ल्याउनु पर्ने खांचो छ।

(ण) महिलाले अर्थतन्त्रमा पुऱ्याएको योगदानलाई तथ्याङ्कबाट पुष्टी गर्न आवश्यक अध्ययन र अनुसन्धान गर्नु पर्ने देखिएको छ।

(त) नीतिगत तहमा महिलाको सहभागिता अर्थपूर्ण बनाउने सन्दर्भमा नीतिगत पुनरावलोकन गर्नु पर्ने देखिएको छ।

(थ) आयोगकोसेवा एवं कार्यक्षेत्र विस्तार गर्न प्रदेश कार्यालय स्थापना गर्नु पर्ने देखिएको छ।

१२. आयोगको अघिल्लो आ.ब.२०७७।७८ को प्रतिवेदनको उपलव्धीमा "**खबर गरौँ ११४५ हेल्पलाइन सेवा**" निशुल्क संचालन गरिएको,आयोगले सरकारी तथा गैर सरकारी संस्थाहरूबाट प्रदान गरिने अत्यावश्यक सेवाहरूको नक्साङ्कन (Service Mapping) गरेको, रेडियो तथा विभिन्न एफ.एम.बाट महिला हक अधिकार प्रवर्द्धनसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेको, हिंसा पीडित/प्रभावित महिलाहरूलाई न्याय दिलाउन अग्रणी भूमिका निर्वाह गरेको, समाजमा विद्यमान कुरीतिहरू तथा हानिकारक अभ्यासहरूलाई नियन्त्रण र निरुत्साहित गर्न आयोगले प्रदेश र स्थानीय सरकारसँग समन्वयात्मरुपमा काम गरिरहेको, राजनैतिक, आर्थिक, सामाजिक लगायतका क्षेत्रमा महिलाको सक्रियता र संलग्नता बृद्धि गराउन आयोग सफल हुदै गएको व्यहोरा उल्लेख गरिएको थियो। यी विषयमा आ.ब. २०७८।७९ मा पनि क्रियाशील रहिआएको छ।

१३. प्रस्तुत सन्दर्भमा आ.ब. २०७८।७९ को प्रतिबेदनको उपलव्धीको सारांश निम्नानुसार रहेको छ ः

(क) स्थानीय तह सदस्य निर्वाचन, २०७९ सम्पन्न भएको सन्दर्भमा निर्वाचनका सबै चरणहरूमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको पक्षहरूबारे तथ्याङ्क संकलन, विश्लेषण र प्रतिवेदनको कार्य सम्पन्न भएको छ।

(ख) राष्ट्रिय महिला आयोगको तेस्रो रणनीतिक योजना २०७८/७९ देखि २०८२/८३ कार्यान्वयनमा आएको छ।

(ग) आयोगद्धारा सञ्चालित "**खबर गरौं ११४५ हेल्पलाइन सेवा**" बाट लैङ्गिक हिंसा तथा घरेलु हिंसाका पिडितहरूले राम्रो सेवा प्राप्त गरेको अनुभूति गरेका छन्। कोभिड-१९ को संक्रमणको अबधिमा पनि यस हेल्पलाइनलाई निरन्तरता दिईएको कारण पीडितहरूको न्यायमा पहुँच पुगेको थियो।

(घ) आयोगसँगको सहकार्यका कारण लैङ्गिक हिंसाका पिडितहरूको समस्याप्रति सरोकारवाला निकायहरू संवेदनशील भई सेवा प्रवाह गर्न तत्पर हुने प्रवृत्तिको विकास भएको छ।

(ङ) आयोगले विभिन्न संचार माध्यमबाट नियमित जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गरिआएको छ। साथै, सरोकारवाला निकायहरूमा राष्ट्रिय महिला आयोगको अग्रसरता प्रति सकारात्मक सन्देश गएको छ।

(च) आयोगले प्रजनन् स्वास्थ्य अधिकार कार्य समूह (Reproductive Health  Right Working Groupd: RHRWG) को नेतृत्व गर्दै आएको छ।

(छ) आयोगबाट प्रदेश, जिल्ला एवं स्थानीय तहसम्म पुगी विभिन्न किसिमका प्रचार-प्रसारमूलक, सचेतनामूलक एवं पैरवीमूलक कार्यक्रमहरू सञ्चालन भएबाट विभिन्न किसिमका कुरीतिहरू, कुप्रथाहरू एवम् हानिकारक अभ्यासहरू नियन्त्रण हुनमा महत्वपूर्ण योगदान पुगेको छ।

(ज) महिला विरुद्ध हुने सबै किसिमका भेद्भाव उन्मूलन गर्ने महासन्धि (Convention on the Elimination of all forms of Discrimination against Women: CEDAW) को कार्यान्वयन अवस्थाबारे प्रदेशगत रूपमा अन्तक्रिया कार्यक्रम सम्पन्न गरिएका छ।

(झ) आयोगबाट नीतिगत तहमा महिलाको पहुँच स्थापना गराउन राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिसँग प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको छ।

(ञ) यौनजन्य हिंसाको सन्दर्भमा आयोगको पहलमा केही ऐनलाई संशोधन गरी 'हदम्याद' मा परिमार्जन भएको छ।

(ट) अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक जस्ता सीमान्तकृत तथा जोखिममा रहेका समुदायका व्यक्तिहरूको अधिकार सम्बन्धमा आयोगबाट सरोकारवालाहरू माझ अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।

(ठ) देशका विभिन्न स्थानमा रहेका सरकारी अस्पतालहरूमा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्रहरू (One Stop Crisis Management Centre, OCMC) द्वारा प्रवाह भईरहेको सेवाको आयोगद्धारा निरन्तर अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण भैरहदा ती सेवाको गुणस्तरमा सुधार भएको छ।

(ड) लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाहरूलाई सहयोग उपलब्ध गराउन सेवा प्रदायक संस्था छनौट तथा सेवा शुल्क/अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ स्वीकृत भई कार्यान्वयनमा आएको छ।

१४. यस अतिरिक्त, अघिल्लो आ.ब.२०७७।७८ को प्रतिवेदनको चुनौतीमा लैङ्गिक समानता र लैङ्गिक न्याय सुनिश्चित गर्ने विषय अन्तर-सम्बन्धित विषय भएकोले तीनै तहका सरकारको संयुक्त पहल विना उपलब्धी हासिल नहुने, अन्तर्राष्ट्रिय कानून/महासन्धि अनुकूल मुलुकका कानूनहरूमा संशोधन नहुन्जेल स्थितिमा अनुकूल परिवर्तनको महशुस गर्न नसकिने, आयोगको आफ्नै जग्गा र भवनको व्यवस्था नहुदा दैनिक कार्यसम्पादनलाई प्रभावकारी तुल्याउन कठीनाई हुने, आयोगको प्रदेशस्तरीय कार्यालयहरू नहुँदा जिल्ला तथा स्थानीय स्तरमा घट्ने महिला हिंसाको उजुरी उपर समुचित व्यबस्थापन गर्न नसकिने लगायतका प्रसँगहरू उल्लेख गरिएका थिए।

१५. प्रस्तुत सन्दर्भमा आयोगले आ.ब. २०७८।७९ मा पनि विगतकै चुनौती झेल्नु पर्‍यो तथापी यस आ.ब. मा थप महशुस भएका चुनौतीहरू निम्नानुसार छन् :

(क) आयोगको आफ्नै कार्यालय भवन सेवाग्राही मैत्री (अपाङ्गमैत्री, बालमैत्री, ज्येष्ठ नागरिकमैत्री) बनाउनु चुनौतीपूर्ण रहेको छ।

(ख) नेपाल संघीय संरचनामा रूपान्तरण भएकाले महिला अधिकारका विषयमा तीनै तहका सरकारको समानरुपमा ध्यानाकर्षण गराउनु पनि चुनौतीपूर्ण देखिएको छ।

(ग) पितृसत्तात्मक सोंचले बलियो जरा गाडेको समाजमा सहजरुपमा लैङ्गिक विभेद हटाउनु चुनौतीपूर्ण छ।

(घ) अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू अनुकूल हाम्रा कानूनमा सुधार र नीतिमा समयानुकुल परिवर्तन गरी अपेक्षित परिणाम हासिल गर्नु चुनौतीपूर्ण छ।

(ङ) आयोगले सञ्चालन गरेको "**खबर गरौं ११४५ हेल्पलाइन सेवा**" का लागि स्थायी दरबन्दी सृजना गर्नु चुनौतीपूर्ण छ।

(च) विशेषगरी घरेलु हिंसा नियन्त्रण गर्न स्थानीय सरकार र राष्ट्रिय महिला आयोगको प्रत्यक्ष सहकार्यको सञ्जाल विकास गर्नु पनि चुनौतीपूर्ण छ।

(छ) हिंसा पीडित महिलाहरूलाई न्याय प्रदान गरी पुनःस्थापित गर्ने र जीवनयापन गर्नसक्ने कार्यक्रमलाई व्यापकता दिने कार्य चुनौतीपूर्ण छ।

(ज) महिला अधिकारका लागि सबै तहका सरकार, गैरसरकारी क्षेत्र, नागरिक समाज एवम् आम सरोकारवालाको सहकार्य र सहप्रयास जुटाउने कार्य चुनौतीपूर्ण रहेको छ।

(झ) विशेष अवस्थाका जोखिमपूर्ण महिलाका सवालहरू आवश्यक पर्ने सीपयुक्त जनशक्ति व्यवस्थापन गर्नु चुनौतीपूर्ण छ।

(ञ) आयोगमा थप जनशक्तिको व्यवस्थापन गरी सेवाको बढ्दो चापलाई सम्बोधन गर्नु पर्ने अनिवार्य आबश्यकतापूर्ण अबस्था स्वयंमा चुनौतीपूर्ण छ।

१६. अघिल्लो आ.ब.२०७७।७८ को प्रतिवेदनको महत्वपूर्ण खण्डमा सुझावहरू प्रस्तुत गरिएका थिए । जस्मा, लैङ्गिक समानता र लैङ्गिक न्याय सुनिश्चित गरी महिला सशक्तीकरण गर्ने विषयलाई तीनवटै तहका सरकार-संघ, प्रदेश र स्थानीय तहले निश्चित उपलब्धि सूचक निर्धारण सहितको कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने, मुलुककै ठुला आयोजना तथा कार्यक्रमहरूको लैङ्गिक दृष्टिले विश्लेषण गरिनु पर्ने, आम महिलालाई आत्मसम्मानपूर्ण जीवन व्यतीत गर्नसक्ने वातावरण निर्माण गरिनु पर्ने, मानसिक स्वास्थ्य समस्या भएका हिंसा पीडितलाई उचित आश्रयस्थल र पुनःस्थापना गृहको तत्कालै व्यबस्था गरिनु पर्ने, हिंसा पीडित महिलाहरूको उद्धार, संरक्षण तथा औषधोपचारका लागि नेपाल सरकारबाट संघ प्रदेश तथा जिल्लास्तरमा सञ्चालित अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्रहरूले गुणस्तरीय सेवा प्रदान गर्नुपर्ने, लैङ्गिक हिंसा निवारण कोषलाई प्रभावकारीढंगले संचालन गर्नुपर्ने, आमाको नामबाट सहज रूपमा नागरिकता प्राप्त हुनुपर्ने, लैङ्गिक समानताको विषयलाई स्कूलको पाठ्यक्रममा समावेश गर्नुपर्ने, महिला, किशोरी तथा बालबालिकाहरू हराउने, बेपत्ता हुने, बेचबिखनमा पर्ने, शारीरिक तथा मानसिक हिंसामा पर्ने घटनाहरू वृद्धि हुँदै गएको सन्दर्भमा यस्को नियन्त्रणका लागि विशेष अभियान संचालन गर्नुपर्ने लगायतका सुझावहरू प्रस्तुत भएका छन् ।

१७. वर्तमान सन्दर्भमा पनि विगतका सुझावहरू उपर समुचित संवोधन नभएका कारण आयोग आ.ब. २०७८।७९ को प्रतिवेदनमा पनि यिनै सुझावहरूलाई दोहोऱ्याउन चाहन्छ । यस अतिरिक्त, आयोग यस प्रतिवेदन मार्फत निम्न सुझाव प्रस्तुत गर्दछ ः

(क) तीनैतहका सरकारले लैङ्गिक उत्तरदायी बजेट प्रणालीको प्रभावकारी अभ्यास गर्नु पर्छ ।

(ख) योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको क्रममा लैङ्गिक विश्लेषण गर्नु पर्दछ ।

(ग) महिला सशक्तीकरणसम्बन्धी कार्यक्रमहरूमा पर्याप्त बजेट विनियोजन गर्नु पर्छ ।

(घ) आयोगबाट प्रेषित सुझावहरूलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नु पर्ने पर्छ ।

(ङ) महिला अधिकारका लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्र सवैबाट समन्वयात्मक प्रयासको खांचो छ ।

(च) स्थानीय तहबाट महिला लक्षित बजेटको सुनिश्चितता गर्नु पर्छ ।

(छ) आयोगका लागि सेवाको प्रकृति अनुसार सुविधा सम्पन्न भवन निर्माण गरिनु पर्छ ।

(ज) "**खबर गरौं ११४५ हेल्पलाइन सेवा**" सञ्चालनका स्थायी दरबन्दीको व्यबस्था गर्नु पर्छ ।

(झ) महिला अधिकारका लागि प्रदेश सरकार र स्थानीय तहहरू वार्षिक बजेट निर्माणमा सम्बेदनशील हुनु पर्छ ।

(ञ) लैङ्गिक हिंसा र घरेलु हिंसाबाट पीडित महिलाहरूको दीर्घकालिन व्यवस्थापनको लागि सीपमूलक कार्यक्रम सञ्चालन गर्नु पर्छ ।

(ट) लैङ्गिक हिंसा निवारण कोषको प्रभावकारी परिचालन गर्नु पर्छ ।

(ठ) सबै तहको निर्वाचनमा महिला उम्मेदवारको अर्थपूर्ण प्रतिनिधित्वको सुनिश्चितता हुनु पर्छ ।

(ड) निजामती सेवामा प्रवेश गर्ने सबै महिलाले निवृत्तिभरण पाउने सुनिश्चितता हुनु पर्छ ।

(ढ) हिंसा पीडित महिलाहरूलाई सेवा पुऱ्याउन सीपयुक्त जनशक्तिको व्यबस्था गर्नु पर्छ ।

(ण) आमाको नामबाट नागरिकता प्राप्त गर्न पाउनु पर्ने नागरिकको अधिकारलाई सुनिश्चित गर्नु पर्छ ।

(त) नेपालको संविधानमा नै ब्यवस्था भए बमोजिम कानूनी व्यवस्थाद्वारा यस विषयलाई छरितो सहजरूपमा प्रत्याभूत गर्न सकिने नागरिक अधिकारको रूपमा व्यवस्थित गर्नु पर्दछ ।

(थ) महिला विकास र सशक्तीकरणसम्बन्धी विषयलाई विद्यालयको पाठ्यक्रममा समावेश गर्नु पर्छ ।

(द) मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना तय गर्नु पर्छ ।

(ध) तीनै तहको सरकारमा अनिवार्यरुपमा लैङ्गिक सम्पर्क व्यक्ति तोकिनु पर्छ ।

(न) सबै कानूनहरू लैङ्गिक मैत्री बनाउन मौजुदा कानूनमा आबश्यक सुधार गर्नु पर्छ ।

(प) असँगठित क्षेत्रमा र मनोरञ्जनका क्षेत्रमा काम गर्ने महिलाहरूको श्रमलाई मर्यादित काम (Decent Work) को रूपमा विकास गर्नु पर्छ ।

(फ) लैङ्गिक हिंसाका पीडकहरूलाई भाग्ने, उम्किने मौका नदिई तत्कालै कारवाहीको दायरामा ल्याउनु पर्छ ।

(ब) बैदेशिक रोजगारीमा जाने महिलाको सुरक्षाको सुनिश्चितता कायम गर्नु पर्छ ।

१८. आयोगको भावी कार्यदिशाका हकमा आयोगको तेस्रो पाँच वर्षे (२०७८/७९-२०८२/८३) रणनीतिक योजनामा समावेश भएका महत्वपूर्ण विषय क्षेत्रको कार्यान्वयनमा आयोग सबैको सहयोगको अपेक्षा गर्दछ । यस्मा मूलतः राष्ट्रिय महिला आयोगको संस्थागत सुदृढीकरण तथा क्षमता विकास गर्ने, महिलाको हक, हित र अधिकारसम्बन्धी नीति, कानूनको तर्जुमा, परिमार्जन र कार्यान्वयनको लागि समन्वय, सहजीकरण र पैरवी गर्ने, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि/सम्झौता अन्तर्गतको दायित्व तथा प्रतिबद्धता कार्यान्वयनको अनुगमन गर्ने, महिला अधिकार उल्लङ्घन तथा हिंसाका घटनाको अनुगमन तथा अनुसन्धान गरी पीडित/प्रभावितहरूको उद्धार, सुरक्षा, पुनःस्थापना र न्यायको सुनिश्चितता गर्ने, राज्यको सबै तह र विषयगत क्षेत्रका नीति तथा कार्यक्रममा महिलाको सरोकार र आवश्यकतालाई सम्बोधन गराउने, विपन्न र सीमान्तकृत महिलालाई प्राथमिकता दिई सबै महिलाको आर्थिक अवसरहरूमा पहुँच र स्वामित्व सुनिश्चित गर्दै आर्थिक सामाजिक रूपान्तरणमा सहयोग पुऱ्याउन समन्वय र सहजीकरण गर्ने, लैङ्गिक समानता, महिला सशक्तीकरणतथा लैङ्गिक न्याय सुनिश्चित गर्न अध्ययन अनुसन्धान गरी नीतिगत सुझाव दिने, लैङ्गिक उत्तरदायी शासन पद्धतिको स्थापना र विकासमा सहयोग गर्ने गरी १०४ वटा कार्यक्रम समावेश गरिएको छ । यिनको प्रभावकारी कार्यान्वयनबाट यस क्षेत्रमा उल्लेख्य उपलव्धी हासिल हुने आयोगको विश्वास छ ।

## शव्दावली

| | |
|---|---|
| आयोग | राष्ट्रिय महिला आयोग |
| आ.ब. | आर्थिक वर्ष |
| CEDAW | Convention on the Elimination of all forms of Discrimination against Women |
| OCMC | One Stop Crisis Management Centre |

# विषय सूची


**परिच्छेद १ : प्रारम्भिक**

| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | राष्ट्रिय महिला आयोगको गठन तथा काम, कर्तव्य र अधिकार | २ |

**परिच्छेद २ : सँगठनात्मक संरचना**

| | | |
|---|---|---|
| २.१ | आयोगमा पदाधिकारीहरूको नियुक्ति | ७ |
| २.२ | आयोगको सँगठन संरचना | ७ |
| २.३ | आयोगको शाखागत परिचय | ९ |
| २.४ | पदपूर्तिको अवस्था | १२ |
| २.५ | खबर गरौं ११४५ हेल्पलाइन सेवालाई नेपाल सरकारको बजेटबाट सञ्चालन गर्न अस्थायीदरबन्दी सृजना | १३ |

**परिच्छेद ३ : नेपालमा महिला सशक्तीकरणको प्रयास र वर्तमान अवस्था**

| | | |
|---|---|---|
| ३.१ | अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं महिला सशक्तीकरणका लागि भएका प्रयासहरू | १५ |
| ३.२ | नेपालको संविधान र कानूनहरूमा महिला अधिकार | १९ |
| ३.३ | पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/७७ - २०८०/८१) मा लैङ्गिक समानता तथा महिला सशक्तीकरण सम्बन्धी नीति तथा कार्यक्रम | २८ |
| ३.४ | संरचनागत व्यवस्था | २९ |
| ३.५ | नेपालमा महिलाको वर्तमान अवस्था | ३० |
| ३.६ | न्यायपालिकामा महिला सहभागिता | ३१ |
| ३.७ | निजामती सेवामा महिला सहभागिता | ३२ |
| ३.८ | लोकसेवा आयोगको विज्ञापनबाट सिफारिस भएका महिलाहरूको संख्या | ३३ |
| ३.९ | सुरक्षा निकायमा महिला सहभागिता | ३५ |
| ३.१० | नेपालमा महिला विकास र सशक्तीकरणका लागि भएका प्रयासहरूको संक्षिप्त विवरण | ३६ |

**परिच्छेद ४ : आयोगका प्रमुख कार्यक्रमहरू**


४.१ आयोगबाट सञ्चालित प्रमुख कार्यक्रमहरू ४३

४.२ दातृ निकायहरूको सहयोगमा सञ्चालित कार्यक्रम ४५


**परिच्छेद – ५ : आ.व. २०७८/७९ मा आयोगबाट सम्पादित कार्यहरू**


५.१ कानुनी र नीतिगत सुधार ४९

५.२ आयोगको पञ्चवर्षीय रणनीतिक योजना ४९

५.३ तनाव व्यवस्थापन र सकारात्मक सोच सम्बन्धमा कर्मचारी र पदाधिकारीको क्षमता विकास ५०

५.४ महिला उद्यमशीलता विकासका लागि सरोकारवालासँग अन्तक्रिया कार्यक्रम ५०

५.५ निर्वाचनको लैङ्गिक अनुगमन तथा प्रतिवेदन ५१

५.६ हेल्पलाइन सेवा सञ्चालनमा साझेदारीका लागि विभिन्न सेवाप्रदायक संस्थाहरूसँग निरन्तरताको लागि अनुदान कार्यक्रम ५२

५.७. आयोगका क्रियाकलाप सम्बन्धमा चौमासिक पत्रकार अन्तरक्रिया ५३

५.८ हेल्पलाइन स्थापना दिवस ५३

५.९ महिला हक, हित र अधिकारका विषयमा मुद्दा पहिचान तथा उठान गर्न विभिन्न सरोकारवाला निकायहरूसँग समन्वय बैठक ५४

५.१० लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान ५५

५.११ राष्ट्रिय महिला आयोगको स्थापना दिवस (उत्कृष्ट सम्मान, उत्कृष्ट कर्मचारी पुरस्कार, सम्मान लगायत) ५६

५.१२ राष्ट्रिय महिला आयोगको वार्षिक प्रतिवेदन तयारी प्रकाशन तथा वितरण ५६

५.१३ नेपालमा महिलाको अवस्था सम्बन्धी पुस्तक प्रकाशन ५७

५.१४ नेपाल पक्ष रहेका महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि CEDAW तथा अन्य SDGs लगायत अन्तर्राष्ट्रिय दस्तावेजको कार्यान्वयनसम्बन्धी प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम ५७

५.१५ रेडियो नेपाल वा एफ.एम.बाट महिला अधिकार र महिला हिंसा विरुद्धका सूचनामूलक उत्पादन र प्रशारण ५८

५.१६ विद्यालयस्तरमा हुने महिला हिंसा निवारणको सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापनका पदाधिकारीसँगको अभिमुखीकरण कार्यक्रम ५८

५.१७ वैदेशिक रोजगारीमा जाने महिलाको सुरक्षा र सेवाको सुनिश्चितता विषयमा श्रम तथा रोजगार मन्त्रालय, श्रम विभाग सहित अन्य सरोकारवाला निकायसँग अन्तरक्रिया ५९

५.१८ स्थानीय न्यायिक समितिका पदाधिकारीहरूबीच लैङ्गिक हिंसा निवारणका असल अभ्यास र न्यायमा पहुँच सम्बन्धी अन्तरक्रिया कार्यक्रम ६०

५.१९ अपाङ्गता भएका महिलाहरूको हक अधिकार संरक्षणका विषयमा सरोकारवाला निकायबीच अन्तरक्रिया ६१

५.२० लैङ्गिक तथा यौनिक अल्पसंख्यकका सवालमा अन्तरक्रिया ६२

५.२१ ज्येष्ठ नागरिकमाथि हुने अवहेलना, दुर्व्यवहार र हिंसा विरुद्ध ज्येष्ठ महिलाको सुरक्षाको सवालमा अन्तरक्रिया कार्यक्रम ६३

५.२२ नीतिगत जागरणका लागि विभिन्न मन्त्रालय र विभागका लैङ्गिक सम्पर्क बिन्दु/ शाखासँग सहकार्य बैठक ६४

५.२३ लैङ्गिक हिंसा विरुद्धको अभियानलाई प्रभावकारी बनाउन सामाजिक, राजनैतिक क्षेत्रका युवाहरूसँग अन्तरक्रिया ६६

५.२४ नीतिगत तहमा महिलाको पहुँच स्थापित गराउन संघीय महिला सांसद र विभिन्न संसदीय समितिका सभापतिसँग अन्तरक्रिया ६६

५.२५ महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउन महिलाको राजनीतिक सहभागिता र सशक्तीकरणको लागि राजनीतिक पार्टीका प्रमुख र प्रतिनिधिसँग प्रदेशस्तरीय अन्तरक्रिया ६७

५.२६ राजनीतिक पार्टीका भगिनी सँगठनहरूसँग नीतिगत छलफल ६८

५.२७ योगमाया स्मृति दिवस विशेष समारोह ६९

५.२८ राष्ट्रिय महिला अधिकार दिवस विशेष कार्यक्रम ७०

५.२९ समाजमा विद्यमान हानिकारक अभ्यासहरू (बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सीको आरोप लगायतका प्रथाहरू सम्बन्धी मधेश केन्द्रित अन्तरक्रिया कार्यक्रम ७१

५.३० बाल विवाह, प्रजनन् स्वास्थ्य, गर्भपतनको विषयमा सचेतनामुलक कार्यक्रम ७१

५.३१ महिला हिंसा निवारणका लागि नीतिगत प्रभाव पार्ने पाठ्यक्रम विकास केन्द्र लगायत शैक्षिक प्रतिष्ठानसँग अन्तरक्रिया कार्यक्रम ७२

५.३२ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस ७४

५.३३ अध्ययन अनुसन्धान गर्ने विद्यार्थीहरूलाई ईन्टर्नसीप/छात्रवृत्ति कार्यक्रम ७४

५.३४ हानिकारक अभ्यासहरू (छाउपडी तथा बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सीको आरोप) लगायतका प्रथाहरूसम्बन्धी कर्णाली र सुदुरपश्चिम प्रदेश केन्द्रित अन्तरक्रिया कार्यक्रम ७५

५.३५ सुरक्षा निकायसँग महिला हिंसा निवारणका लागि रणनीतिक योजना, बैठक र अन्तक्रिया ७६

**परिच्छेद – ६ : अध्ययन, अनुसन्धान तथा प्रकाशनहरू**

६.१ निर्वाचनको लैंगिक अनुगमन तथा प्रतिवेदन ७७

६.२ स्थानीय तह सदस्य निर्वाचन, २०७४ र स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा निर्वाचित मुख्य पदहरूमा महिला सहभागिता ७८

६.३ सुझाव तथा सिफारिस ७९

६.४ अध्ययन अनुसन्धान ८०

**परिच्छेद – ७ : लैङ्गिक समानता प्रवर्द्धन तथा लैङ्गिक न्याय सुनिश्चित गर्ने सन्दर्भमा नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग तथा निकायहरूबाट आवश्यक पहलकदमी लिनुपर्ने विषयमा राष्ट्रिय महिला आयोगबाट प्रस्तुत सुझाव** ८१

**परिच्छेद ८ : स्थलगत अनुगमनसम्बन्धी विवरण** १०९

**परिच्छेद ९ : उजुरी, निवेदन तथा जाँचबुझ**

९.१ उजुरी सम्बन्धी व्यवस्था १३९

९.२ आयोगमा प्राप्त उजुरी निवेदन तथा आयोगद्धारा प्रदान गरिएका सेवाहरू १४०

९.३ आयोगमा प्राप्त भएका सूचनाका आधारमा अन्य सेवा प्रदायक निकायहरूमा पत्राचार एवं सिफारिस गरिएको विवरण १४५

**परिच्छेद –१० : विविध गतिविधि**

१०.१ राष्ट्रिय महिला आयोगको बैठक १४७

१०.२ संवैधानिक निकायका प्रमुख एवं सदस्यहरूसँग स्थानीय तह सदस्य निर्वाचन, २०७९ लाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री तुल्याउने विषयमा बैठक तथा दलहरूलाई ध्यानाकर्षण १४८

१०.३ रेडियो जिङ्गल उत्पादन र प्रशारण १४९

१०.४ लैङ्गिक हिंसा निवारण सञ्जाल (Gender Based Violence Elimination Network) को नेतृत्व १४९

१०.५ प्रजनन स्वास्थ्य अधिकार कार्य समूह (Reproductive Health Right Working Group, RHRWG) को बैठक १५०

१०.६ सरकारी तथा गैरसरकारी सेवा प्रदायकसँग सहकार्य १५०

१०.७ आयोगका पदाधिकारीहरूको विविध कार्यक्रममा सहभागिता १५१

**परिच्छेद–११ : निष्कर्ष, चुनौती, उपलव्धी, सुझाव तथा भावी कार्यदिशा**


| | | |
|---|---|---|
| ११.१ | निष्कर्ष | १५४ |
| ११.२ | उपलब्धिहरू | १५८ |
| ११.३ | चुनौतीहरू | १६३ |
| ११.४ | सुझावहरू | १६६ |
| ११.५ | आयोगको भावी कार्यदिशा | १७१ |

| | |
|---|---|
| अनुसुची-१ : आ.व.२०७८/७९ मा राष्ट्रिय महिला आयोगमा कार्यरत कर्मचारीहरूको विवरण | १८३ |
| अनुसूची-२ : राष्ट्रिय महिला आयोगका पदाधिकारी, कर्मचारी तथा स्वयंसेवकहरूले पालना गर्नुपर्ने आचरण | १८६ |
| अनुसूची ३ : आ.व. २०७८/७९ को स्वीकृत कार्यक्रमको वार्षिक प्रगति विवरण | १८७ |
| अनुसूची ४ : आ.व. २०७८/७९ को आर्थिक विवरण | १९१ |
| अनुसूची ५ : राष्ट्रिय महिला आयोगबाट जारी भएका प्रेस विज्ञप्ति | १९६ |

परिच्छेद १

# प्रारम्भिक

## १.१ पृष्ठभूमि:

सृष्टिकर्ताले महिला र पुरुषलाई समानरुपमा पैदा गरेको छ। विश्वमा महिला र पुरुषको जनसंख्या पनि करिब समान छ। हाम्रो सन्दर्भमा कुल जनसंख्याको ५१.५ प्रतिशत जनसंख्या महिलाको रहेको छ। तर, महिलाको संख्या पुरुषभन्दा बढी भएपनि आर्थिक, सामाजिक, राजनैतिक, प्रशासनिक र अन्य क्षेत्रमा महिलाको अवस्था तुलनात्मक रूपमा कमजोर रहेको छ। नेपालले महिला बिरुद्ध हुने प्रायः सबै प्रकारको भेदभाव बिरुद्धको विश्वव्यापी महासन्धीहरूमा हस्ताक्षर गरेको छ। सिड महासन्धीलाई एउटा उदाहरणकारुपमा लिन सकिन्छ। महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, १९७९ (CEDAW–1979) ले महिला अधिकारलाई व्यवहारमा रूपान्तरण गर्न छुट्टै नीति, संस्थागत संरचना र बजेट विनियोजन हुनुपर्ने उल्लेख गरेको छ। नेपालले यसलाई आत्मसात् गरी कार्ययोजना नै बनाएर लागू गरेको छ। तर, नतिजा भने अपेक्षित छैन।

सन् १९९३ को भियना घोषणापत्र तथा सन् १९९५ को चौथो विश्व महिला सम्मेलन बेइजिङ्ग घोषणापत्रले महिलाको मानव अधिकार पुरुष सरह हुने गरी मान्यता प्रदान गरेको छ। हुनत् यी वाहेक अन्य विश्वव्यापी घोषणापत्रहरूमा पनि महिला र पुरुषवीच कुनै विभेद नरहेको भनी घोषणा गरिएको छ, तर, व्यवहार सो अनुरुप नभएका कारण विभिन्न मुलुकले विभिन्न रणनीति अख्तियार गरिआएका छन्।

सन् १९९५ को चौथो विश्व महिला सम्मेलन, बेइजिङ्ग घोषणापत्रले अधिकार प्राप्त स्वतन्त्र संस्थाबाट महिलाको हित र उन्नतिको प्रयास गर्नुपर्ने दायित्व सरकारको हुने भन्ने उल्लेख गरे अनुरूप २०५८ साल फागुन २३ गते (७ मार्च २००२) तत्कालीन नेपाल सरकारले राष्ट्रिय महिला आयोग गठन गरेको हो। तत् बखत आयोगको कामलाई व्यवस्थित तुल्याउन राष्ट्रिय महिला आयोग ऐन, २०६३ र नियमावली, २०६५ जारी भएका थिए। सो बखत महिलाका पक्षमा केहि काम पनि भए। तर, २०६२।६३ को जनआन्दोलनपछि मुलुकमा व्यापक राजनैतिक परिवर्तन भयो। मुलुक संघीय गणतान्त्रिक लोकतान्त्रिक शासन प्रणालीमा रुपान्तरित भयो। यसैक्रममा संविधान सभाबाट २०७२ असोजमा जारी भएको नेपालको संविधानले राष्ट्रिय महिला आयोगलाई संवैधानिक आयोगको मान्यता प्रदान गर्‍यो। जस अनुसार संविधानको भाग २७, धारा २५२, २५३ र २५४ मा आयोगको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार तथा प्रदेश कार्यालय स्थापना सम्बन्धी व्यवस्थाहरू समेटियो। यसरी, संवैधानिक मान्यता प्राप्त भएसँगै आयोगको कार्यक्षेत्र, जिम्मेवारी र उत्तरदायित्व वृद्धि हुन पुग्यो। यसर्थ, आयोगको कामकारवाहीलाई थप व्यवस्थित गर्न राष्ट्रिय महिला आयोग ऐन, २०७४ तथा राष्ट्रिय महिला आयोग नियमावली, २०७८ जारी भए। जस्को कारण, हाल आयोगले सम्बैधानिक र कानूनी अधिकार क्षेत्रभित्र रहि मुलुकमा महिला हितको पक्षमा काम गरिआएको छ।

वर्तमान संविधानले लैङ्गिक विभेदको अन्त्य गर्दै समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने लक्ष्य लिएको छ। संविधानको धारा ३८ मा महिलाको हकलाई छुट्टै मौलिक हकको रूपमा राखिएको छ। यसरी, संविधानमा महिलाको हकलाई अत्यन्त महत्वपूर्ण मौलिक हक अन्तर्गत व्यवस्था गरी त्यस अन्तर्गत समान वंशीय हक, सम्पत्ति तथा पारिवारिक मामिलामा समान हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुन पाउने हकको व्यवस्था गरेको छ। साथै, महिला विरुद्ध कुनै पनि किसिमको शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक आदि कुनै पनि किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न नपाउने, गरेमा त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हकको व्यवस्था गरेको छ। महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने कुरा पनि संविधानले प्रत्याभूत गरेको छ। यसरी विश्वका विरलै मुलुकहरूमा गरिएको महिलाको सम्बैधानिक मौलिक हकलाई नेपालको संविधानमा समेटिनु स्वयंमा उत्साह र उमंगका साथै गौरवको विषय पनि हो।

राष्ट्रिय महिला आयोगले महिलाको सम्बैधानिक मौलिक हकको प्रभावकारी प्रचलनका लागि विगतदेखि महिलामाथि भइरहेको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनैतिक विभेदलाई उन्मूलन गर्न र महिला सशक्तीकरणका लागि निरन्तर कार्य गर्दै आइरहेको छ। आयोगले महिला मानव अधिकार हननका घटनाहरूको अनुगमन, निरीक्षण तथा छानविन गर्नुका साथै सीमान्तकृत र अधिकारबाट वञ्चित महिलाहरूलाई न्यायमा सहज पहुँच दिलाउन कानूनी परामर्श उपलब्ध गराउने लगायतका कार्यहरूलाई निरन्तरता दिँदै आएको छ। यसबाट पीडित महिलाहरूले न्याय पाएको महशुस गरेका छन्।

यसरी, महिलाको हक,हितको संरक्षण र संवर्द्धन गरी राष्ट्रिय विकासको मूल प्रवाहमा महिलालाई प्रभावकारी रूपमा समाहित गर्न तथा महिलाको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्ने गराउने उद्देश्य अनुरूप स्थापित आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था नेपालको संविधान तथा राष्ट्रिय महिला आयोग ऐन, २०७४ र नियमावली, २०७८ ले गरेको छ। संविधान र ऐनमा उल्लिखित दायित्व निर्वाहका लागि आयोगले पाँच वर्षे रणनीति तथा सोको आधारमा वार्षिक कार्यक्रम तर्जुमा गरी आफ्नो कार्य सम्पादन गर्दै आएको छ। यस सन्दर्भमा आयोगले आफ्नो तेस्रो पांचवर्षे रणनैतिक योजना तर्जुमा गरी लागू गरेको छ।

## १.२. राष्ट्रिय महिला आयोगको गठन तथा काम, कर्तव्य र अधिकार

### १.२.१ आयोगको गठन प्रक्रिया

नेपालको सविधानको धारा २५२ मा नेपालमा एक राष्ट्रिय महिला आयोग रहने व्यवस्था उल्लेख गरिएको छ जसमा अध्यक्ष र चारजना सदस्यहरू रहने संवैधानिक व्यवस्था छ। कम्तीमा दश वर्ष महिलाको हक, हित वा लैङ्गिक न्याय वा महिला विकास वा मानव अधिकार र कानूनका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका, उच्च नैतिक चरित्र भएका, नियुक्ति हुँदाका बखत कुनै राजनीतिक

दलका सदस्य नरहेका, पैँतालीस वर्ष उमेर पूरा भएका महिला, आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुने कुरा संविधानमा उल्लेख भएको छ। राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने र निजहरूको पदावधि ६ वर्षको हुने संवैधानिक व्यवस्था छ।

### १.२.२ **नेपालको संविधान अनुसार आयोगको काम, कर्तव्य र अधिकार**

नेपालको संविधानको धारा २५३ मा राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरिएको छः

(१) राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकारदेहाय बमोजिम हुनेछ :

(क) महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने।

(ख) महिलाको हक हितसँग सम्बन्धित कानून वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यान्वयनको उपाय सहित नेपाल सरकार समक्ष सुझाव दिने।

(ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने।

(घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने।

(ङ) महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने।

(च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने।

(२) आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कुनै कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही

प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(३) आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

### १.२.३ राष्ट्रिय महिला आयोग ऐन, २०७४ को व्यवस्था

राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा ३ मा संविधानको धारा २५३ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने कुरा उल्लेख भएको छः

(क) महिला सशक्तीकरणका लागि महिलासँग सम्बन्धित नीतिगत, कानूनी व्यवस्था तथा नेपाल सरकारका कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र त्यस्ता नीति तथा कार्यक्रमको लैङ्गिक न्यायको दृष्टिकोणबाट प्रभावकारी भए नभएको विश्लेषण गरी सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने।

(ख) संविधान तथा कानून प्रदत्त महिलाका अधिकारसम्बन्धी व्यवस्थाको कार्यान्वयनको बारेमा अध्ययन तथा अनुसन्धान गरी त्यस्ता व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि नेपाल सरकारलाई सुझाव दिने।

(ग) महिला विरुद्धको हिंसा वा विभेदको कारणबाट उत्पन्न कुनै समस्या वा विशेष अवस्थाको बारेमा अध्ययन अनुसन्धान गरी त्यस्तो अवस्था उत्पन्न हुन नदिनको लागि अवलम्बन गर्नुपर्ने रणनीतिहरूको बारेमा नेपाल सरकारलाई सुझाव दिने।

(घ) महिलालाई आत्मनिर्भर बनाउन तथा सशक्तीकरणको लागि पूँजी, स्रोत साधन र प्रविधिमा महिलाको पहुँच बढाउन आवश्यक उपायहरूबारे सम्बन्धित निकायलाई सिफारिस गर्ने।

(ङ) महिलाको हक हितको संरक्षण र संवर्द्धन तथा महिलाको सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।

(च) महिला विरुद्धका सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्न त्यस्तो हिंसा र विभेद सृजना गर्ने कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।

(छ) महिला विरुद्धको हिंसा वा विभेदको कारण सामाजिक रूपमा बहिष्करण वा जोखिम वा विस्थापित वा पीडित महिलालाई सुरक्षा केन्द्र वा पुनःस्थापना केन्द्रमा पठाउने व्यवस्थाको लागि सिफारिस गर्ने।

(ज) आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने वा गराउने।

(झ) सदस्य तथा आयोगका कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने।

(ञ) आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने।

### १.२.४ राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को व्यवस्था

राष्ट्रिय महिला आयोग नियमावली, २०७८ को नियम ३ मा आयोगले संविधान तथा ऐन बमोजिम आफ्नो कार्य सम्पादन गर्दा देहाय बमोजिमका काम गर्नसक्ने कुरा उल्लेख भएको छः

(क) लैङ्गिक समानता, महिला सशक्तीकरण र लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धमा नेपाल सरकारका विभिन्न निकायबाट कार्यान्वयन गरिएका कार्यक्रमको अध्ययन, विश्लेषण तथा अनुगमन गरी सुधारका लागि सम्बन्धित निकायमा लेखी पठाउन ।

(ख) महिला विरुद्धका हिंसा र विभेद अन्त्यका लागि नेपाल सरकार लगायत विभिन्न निकायबाट कार्यान्वयनमा ल्याइएका ऐन, नीति तथा कार्यक्रमको अध्ययन, अनुगमन गरी सुधारका लागि सम्बन्धित निकायमा लेखी पठाउन ।

(ग) समाजमा विद्यमान महिला विरुद्धका कुप्रथा, सामाजिक कुरीति, खराब अभ्यास र अन्धविश्वास हटाउन नेपाल सरकार लगायत विभिन्न निकायबाट सञ्चालित कार्यक्रमको अनुगमन गरी सुधारको लागि आवश्यक विषयमा सुझाव तयार गरी सिफारिस गर्ने ।

(घ) लैङ्गिक हिंसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि मनोसामाजिक परामर्श र कानूनी सहायता उपलब्ध गराउन ।

(ङ) लैङ्गिक हिंसामा परेका महिला तथा आश्रित बालबालिकाका लागि सुरक्षित आश्रयस्थल, अल्पकालीन आवास, पुनः स्थापना केन्द्र वा सेवा केन्द्र आदिमा पठाउन सम्बन्धित निकायसँग आवश्यक सहकार्य र समन्वय गर्ने ।

(च) सुरक्षित आश्रयस्थल, पुनः स्थापना केन्द्र र सेवा केन्द्रमा रहेका हिंसा पीडित महिलालाई जीविकोपार्जनका लागि आवश्यक व्यावसायिक तथा रोजगारीमूलक सीप, प्रशिक्षण आदि प्रदान गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने ।

(छ) महिला हिंसा, विभेद, कुरीति विरुद्ध सचेतनामूलक जागरण कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ज) महिलाको हक, हित सरोकारका विषयमा सञ्चालित सरकारी तथा गैरसरकारी संघसंस्थाको क्रियाकलापको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक सुझाव दिन ।

(झ) हिंसा पीडित तथा बेसहारा महिला तथा आश्रित बालबालिकाका लागि सञ्चालित सुरक्षित आश्रयस्थल, पुनः स्थापना केन्द्र, सेवा केन्द्र र बाल सुधार गृहको स्थलगत अनुगमन निरीक्षण गरी सुधारका लागि आवश्यक सुझाव दिन ।

(ञ) सरकारी तथा गैर सरकारी निकायबाट महिला तथा बालबालिकाको लागि सञ्चालित कल्याणकारी कार्यक्रमहरू प्रभावकारी र लैङ्गिक मैत्री भए नभएको अनुगमन गर्ने र थप प्रभावकारी बनाउन सुझाव र सिफारिस गर्ने ।

(ट) लैङ्गिक समानता, लैङ्गिक सशक्तीकरण, लैङ्गिक मूल प्रवाहीकरण र लैङ्गिक न्यायका विषयमा आवश्यकता पहिचान गरी अध्ययन, अनुसन्धान गरी, गराई नेपाल सरकारलाई नीतिगत सुधारका विषयमा सिफारिस गर्न।

(ठ) लैङ्गिक हिंसा, विभेद, दुर्व्यवहार, सामाजिक कुरीति आदिलाई नियन्त्रण गर्ने सन्दर्भमा विभिन्न योजना तथा कार्यक्रम तयार गरी कार्यान्वयनको लागि नेपाल सरकार लगायत विभिन्न निकायमा सिफारिस गर्न।

# सँगठनात्मक संरचना

## २.१. आयोगमा पदाधिकारीहरूको नियुक्तिः

नेपालको संविधानको भाग-२७ को धारा २५२ बमोजिम यस आयोगको कार्यक्षेत्रभित्रका कार्यहरूलाई प्रभावकारी रूपमा सम्पादन गर्नका लागि पदाधिकारीहरूको नियुक्ति भई पदबहाली भएको अवस्था छ। संवैधानिक परिषद्को सिफारिसमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७७ माघ २१ गते राष्ट्रिय महिला आयोगको अध्यक्ष तथा सदस्यको पदमा देहाय बमोजिमका पदाधिकारीहरू नियुक्त भई निजहरूले कार्यभार सम्हाल्नु भएको छः

१. श्री कमलाकुमारी पराजुली - अध्यक्ष

२. श्री कृष्णकुमारी पौडेल खतिवडा - सदस्य

३. श्री विद्याकुमारी सिन्हा - सदस्य

आयोगको रिक्त रहेको दुई सदस्य पदमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७८ असार १० गते देहाय बमोजिमका  सदस्यहरूको नियुक्ति भएको छः


१. श्री जया घिमिरे - सदस्य

२. श्री सावित्राकुमारी शर्मा - सदस्य

## २.२ आयोगको सँगठन संरचना

नेपाल सरकारबाट स्वीकृत आयोगको कार्यालयको सँगठन संरचनामा आयोगको सचिव (राजपत्रांकित प्रथम श्रेणी) मातहत ५ वटा शाखाहरूमा विभिन्न श्रेणीका ३८ जना कर्मचारी रहने व्यवस्था छ। यसैगरी, "खबरगरौ ११४५ हेल्पलाइन सेवा" सञ्चालनको लागि विभिन्न तहका गरी कुल १७ वटा अस्थायी पदहरू रहेका छन्। आयोगको कार्यालयको सँगठनात्मक संरचना देहायबमोजिम रहेको छ :-

# राष्ट्रिय महिला आयोगको संगठन संरचना



## २.३ आयोगको शाखागत परिचय:

### २.३.१. प्रशासन तथा योजना शाखा

आयोगमा रहेका पांच वटा शाखा मध्येको प्रशासन तथा योजना शाखा मार्फत आयोगका दैनिक प्रशासनिक कार्य सम्पादन गरिनुका साथै आयोगको वार्षिक कार्यक्रम तथा बजेटको तर्जुमा तथा कार्यान्वयनको कार्य हुँदै आएको छ । यस शाखाले समष्टिमा आयोगका सबै भैपरि आउने काम पनि सम्पादन गर्नुपर्ने हुन्छ । नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको राजपत्राङ्कित द्वितीय श्रेणीको उपसचिव शाखा प्रमुख रहने यस शाखाले आयोगको सम्पूर्ण कर्मचारीको व्यवस्थापन तथा कार्यालयको आन्तरिक व्यवस्थापनसम्बन्धी कार्य गर्ने, मेसिनरी औजार, सवारीसाधन र अन्य कार्यालय सामग्री खरिद गर्ने, कर्मचारीको लागि आवश्यक तालिम, क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने तथा हेल्पलाइन सेवाको व्यवस्थापन गर्ने लगायतका कार्यहरू सम्पादन गर्दछ । यस शाखाले सम्पादन गर्ने प्रमुख कार्यहरू निम्न बमोजिम रहेका छन् :

- आयोगको कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापनसम्बन्धी कार्य,
- प्रचलित कानून बमोजिम खरिद, जिन्सी निरीक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यहरू,
- सूचना व्यवस्थापन सम्बन्धी कार्य,
- आयोगको वार्षिक तथा रणनीतिक योजना, बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्य,
- कार्यक्रम अनुगमन सम्बन्धी कार्य र आयोगमा आईपर्ने भैपरि कार्यहरू, आदि ।

### २.३.२ महिला विकास समन्वय शाखा

आयोगमा रहेको अर्को शाखा महिला विकास समन्वय शाखा हो । यस शाखा मार्फत महिलाको विकास र सशक्तीकरणका लागि विभिन्न निकायसँग समन्वय र सहकार्य गर्ने, महिलाको हक अधिकार सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने तथा महिलाविरुद्ध हुने हिंसा, विभेद र दुर्व्यवहारलाई नियन्त्रण गर्न जागरणमूलक कार्यक्रमहरू सञ्चालन गर्ने, महिलाको विकास र सशक्तीकरणका लागि विभिन्न निकायबाट सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता अनुगमन गरी आवश्यक सुझाव दिने लगायतका कार्यहरू सम्पादन हुँदै आएका छन् । नेपाल विविध सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीका प्रमुख महिला विकास अधिकृत शाखा प्रमुख रहने यस शाखाले सम्पादन गर्ने प्रमुख कार्यहरू देहाय बमोजिम रहेका छन् :

- महिला विकास तथा सशक्तीकरण, लैङ्गिक मूलप्रवाहीकरण सम्बन्धी नीति, कार्यक्रमको अनुगमन,
- महिला हिंसा नियन्त्रणको लागि सरोकारवाला निकायसँग समन्वय तथा सहकार्य,
- महिलालाई अपहेलित गर्ने हानिकारक सामाजिक अभ्यास तथा कुरीतिहरू विरुद्ध तथा मानव बेचबिखन तथा ओसार-पसार नियन्त्रण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन,

- महिला तथा किशोरीमाथि हुने हिंसा नियन्त्रणका लागि निरोधात्मक तथा जागरणमूलक कार्यक्रम सञ्चालन,
- महिला विकास सम्बन्धित विषयमा आवश्यक अध्ययन, अनुसन्धान र सिफारिस,
- महिलाहरूको आर्थिक सशक्तीकरणका लागि पूँजी, स्रोत साधन र प्रविधिमा पहुँच विस्तार एवं आत्मनिर्भर रोजगारी तथा उद्यमशीलता प्रवर्द्धनका लागि सरोकारवाला निकायसँग समन्वय,
- महिला हिंसाका घटनाहरूलाई सम्बोधन गर्नका लागि स्थापना गरिएको संयन्त्रहरूको अनुगमन तथा पृष्ठपोषण,
- हिंसा पीडित/प्रभावित महिलाहरूलाई पुनःस्थापना गर्ने सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय,
- विभिन्न तहमा सञ्चालित महिला विकाससम्बन्धी कार्यक्रमको कार्यान्वयनको अनुगमन र यस सम्बन्धी अन्य विविध कार्यहरू ।

### २.३.३ नीति निर्माण, अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र सिफारिस कार्यान्वय शाखा

महिलाको हितसम्बन्धी नीति निर्माण र अन्तराष्ट्रिय प्रतिबद्धताको कार्यान्वयनको समन्वयका लागि आयोगमा रहेको यस शाखाले महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमको निर्माण, महिला अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूको कार्यान्वयन अवस्थाको अनुगमन गरी उक्त कानूनहरूको कार्यान्वयनलाई प्रभावकारी बनाउने सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने तथा महिला हक अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएका सन्धि सम्झौताको कार्यान्वयन अवस्थाका सम्बन्धमा प्रतिवेदन तयार गरी नेपाल सरकारलाई सुझाव दिने लगायतका काममा आयोगलाई सहयोग गर्दछ ।नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिव शाखा प्रमुख रहने यस शाखाले मुख्यतः आयोगसँग सम्बन्धित नीतिगत काममा सहयोग पुऱ्याउँदछ। यस शाखाले सम्पादन गर्ने प्रमुख कामहरू देहाय बमोजिम रहेका छन् :-

- महिलाको हकहितसँग सम्बन्धित कानून वा नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पूर्ण र प्रभावकारी पालनाका साथै अन्तर्गतको दायित्व कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरी समुचित कार्यान्वयनका लागि उपाय सहित नेपाल सरकारका लागि सुझाव तयार गर्ने,
- महिला अधिकारसँग सम्बन्धित नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था अनुसार नेपालले पठाउनुपर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारका लागि सुझाव तयार गर्ने,
- नेपाल पक्षराष्ट्र भएका महिला अधिकार संरक्षणसम्बन्धी सन्धि सम्झौताको नियमित प्रतिवेदन तालिका अद्यावधिक गरी राख्ने, पेश भएका सरकारी र वैकल्पिक प्रतिवेदनहरू सङ्कलन गरी राख्ने तथा प्रतिवेदनमाथि सरकारलाई दिइएका सुझाव तथा निष्कर्षको विवरण अद्यावधिक

गरी भावी कार्यदिशाबारे सुझाव तयार गरी पेश गर्ने,

- महिला सशक्तीकरणको सम्बन्धमा आवश्यक नीति तथा कानून निर्माण तथा कार्यान्वयनका विषयमा अन्य सम्बन्धित निकायसँग सञ्चार, समन्वय र सहकार्य गर्ने,
- आयोगको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा आवश्यक नीति र कानून निर्माण गर्न अध्ययन अनुसन्धान गरी प्रतिवेदन तयार गरी पेश गर्ने,
- स्वीकृत वार्षिक कार्यक्रम अनुसार अध्ययन, अनुसन्धानसम्बन्धी कार्यका लागि कार्यक्रमगत रूपमा कार्यक्षेत्रगत शर्त तयार गरी पेश गर्ने तथा अध्ययनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने ।

### २.३.४ उजुरी तथा मुद्दा व्यवस्थापन शाखा

आयोगमा कानूनसम्बन्धी सम्पूर्ण कार्यहरू उजुरी तथा मुद्दा व्यवस्थापन शाखामार्फत हुने गरेको छ । यस शाखाले महिला हिंसासम्बन्धी दैनिक उजुरी सुन्ने, हेल्पलाइन मार्फत प्राप्त उजुरीका घटनाको अभिलेखीकरण तथा वर्गीकरण गर्ने, हिंसा पीडित/प्रभावितहरूलाई कानूनी परामर्श लगायतका सेवा उपलब्ध गराउने तथा उजुरी सम्बोधनसम्बन्धी सम्पूर्ण कार्य सम्पादन गर्दै आएको छ । आयोगलाई विपक्षी बनाई अदालतमा दायर भएको रिट निवेदनका सम्बन्धमा यस शाखाबाट लिखित जवाफ तयार गर्ने, आयोगले निर्माण गर्ने कानूनको मस्यौदा गर्ने तथा आयोगलाई कानूनी राय दिने काम पनि हुने गर्दछ । नेपाल न्याय सेवा, कानून समूहको राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिव शाखा प्रमुख रहने यस शाखाबाट महिला हिंसाको उजुरी सुन्ने, महिला हक अधिकार हनन भएको विषयमा सम्बन्धित निकायमा लेखी पठाउने तथा हिंसा पीडित/प्रभावितहरूलाई विभिन्न प्रकारको सेवा उपलब्ध गराउन सम्बन्धित निकायमा प्रेषण तथा समन्वय गर्ने कार्य हुने गरेको छ । यस शाखाबाट सम्पादन हुने मुख्य कार्यहरू देहाय बमोजिम रहेका छन् :-

- उजुरी दर्ता तथा सम्बोधन सम्बन्धी कार्य,
- हेल्पलाइन सेवामार्फत प्राप्त हुने उजुरीको व्यवस्थापन सम्बन्धी कार्य,
- कानूनी परामर्श उपलब्ध गराउने सम्बन्धी कार्य,
- सामाजिक मनोविमर्श उपलब्ध गराउने सम्बन्धी कार्य,
- महिला हिंसासँग सम्बन्धित सूचनाहरूको अभिलेखीकरण र अध्ययन गर्ने, गराउने कार्य,
- महिला हिंसा र महिला अधिकार प्रयोग गर्न नदिएको विषयमा कुनै निकायविरुद्ध मुद्दा चलाउनुपर्ने भएमा सम्बन्धित निकायमा सिफारिस गर्ने कार्य,
- हिंसा पीडित/प्रभावितहरूका लागि सुरक्षित आश्रयस्थल वा पुनःस्थापना केन्द्रमा पठाउनका लागि सिफारिस र समन्वय गर्ने कार्य,
- अन्य सरकारी तथा गैरसरकारी निकायसँग समन्वय तथा सहकार्य सम्बन्धी कार्य ।

### २.३.५ आर्थिक प्रशासन शाखा

आयोगको आर्थिक प्रशासनसम्बन्धी सम्पूर्ण कार्यहरू आर्थिक प्रशासन शाखाबाट हुने गरेको छ।

आयोगको वार्षिक बजेट अनुमान गरी पेश गर्ने, विनियोजित बजेट प्रचलित आर्थिक कानूनको अधीनमा रही खर्च गर्ने गराउने, खर्चको हिसाब किताब र स्रेस्ता राख्ने, आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने, पेश्की र बेरुजुको लगत राख्ने, बेरुजु फछ्र्यौट गर्ने गराउने लगायतका कार्य आर्थिक प्रशासन शाखाबाट हुने गरेको छ। नेपाल प्रशासन सेवा, लेखा समूहको रा.प.तृतीय श्रेणीको लेखा अधिकृत शाखा प्रमुख रहने यस शाखाबाट सम्पादन हुने मुख्य कार्यहरू देहायबमोजिम रहेका छनः

- आयोगको वार्षिक बजेट तर्जुमामा सहयोग गर्ने,
- निकासा एवं खर्चको प्रबन्ध मिलाउने,
- निकासा रकमको खर्च हिसाब रीतपूर्वक राख्ने,
- खर्चको फाँटवारी तथा आर्थिक विवरण कार्यालय प्रमुखबाट स्वीकृत गराई सम्बन्धित निकायमा तोकिएको समयभित्र पठाउने र लेखा परीक्षण गराउने,
- आयोगका कार्यक्रमहरूको आर्थिक पक्षको अनुगमन गर्ने,
- पेश्की-बेरूजुको लगत राख्ने, सम्परीक्षण गराउने एवं पेश्की फछ्र्यौट गर्ने र अद्यावधिक गराउने,
- आय-व्ययको आन्तरिक एवं अन्तिम लेखापरीक्षण गर्ने, गराउने,
- आयोगको आर्थिक कारोवारसम्बन्धमा कार्यालय प्रमुख तथा अन्य शाखालाई राय प्रदान गर्ने।

## २.४ पदपूर्तिको अवस्था :

नेपाल सरकारबाट स्वीकृत दरबन्दी अनुसार आयोगमा विभिन्न तहका गरी कुल ३८ जना कर्मचारीको दरबन्दी रहेको छ। जसमा राजपत्रांकिततर्फ १२ जना, राजपत्र अनंकिततर्फ १२ जना र श्रेणीविहीनतर्फ १४ जनाको दरबन्दी रहेको छ। स्वीकृत दरबन्दीमा पदपूर्तिको स्थिति देहाय अनुसार रहेको छ :

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह/ उपसमूह | मौजुदा दरबन्दी | पदपूर्ति | रिक्त | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | - | |
| २ | उपसचिव | रा.प.द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | - | |
| ३ | उपसचिव | रा.प.द्वितीय | नेपाल न्याय | कानून | १ | १ | - | |
| ४ | प्रमुख महिला विकास अधिकृत | रा.प. द्वितीय | नेपाल विविध | - | १ | १ | - | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | १ | १ | |
| ६ | लेखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | लेखा | १ | १ | - | |
| ७ | कानून अधिकृत | रा.प.तृतीय | नेपाल न्याय | कानून | १ | १ | - | |
| ८ | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल न्याय | सरकारी वकिल | १ | १ | - | |
| ९ | महिला विकास अधिकृत | रा.प.तृतीय | नेपाल विविध | - | १ | १ | - | |
| १० | मनोसामाजिक परामर्शदाता | छैटौं/सातौं तह | नेपाल स्वास्थ्य | - | १ | - | १ | |
| ११ | नायब सुब्बा | रा.प.अनं प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | ५ | ५ | - | |
| १२ | लेखापाल | रा.प.अनं प्रथम | नेपाल प्रशासन | लेखा | १ | १ | - | |
| १३ | मनोसामाजिक परामर्शदाता | चौथो/ पाँचौं | नेपाल स्वास्थ्य | - | १ | १ | - | |
| १४ | महिला विकास निरीक्षक | रा.प.अनं प्रथम | नेपाल विविध | - | १ | - | १ | स्थानीय तहमा समायोजन भई कामकाजमा रहनुभएको |
| १५ | कम्प्युटर अपरेटर | रा.प.अनं प्रथम | नेपाल विविध | - | २ | ३ | - | एक जना फाजिल |
| १६ | हेल्पलाइन अपरेटर | रा.प.अनं प्रथम | नेपाल विविध | - | २ | - | २ | |
| १७ | हलुका सवारी चालक | श्रेणीविहीन | - | - | ७ | ७ | - | |
| १८ | कार्यालय सहयोगी/ माली/स्वीपर/गार्ड | श्रेणीविहीन | - | - | ७ | ७ | - | |
| | | | | **जम्मा** | ३८ | ३४ | ५ | |

## २.५ खबर गरौं ११४५ हेल्पलाइन सेवालाई नेपाल सरकारको बजेटबाट सञ्चालन गर्न अस्थायीदरबन्दी सृजना

लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाहरूको उद्धार र राहतको लागि विश्व बैंकको सहयोगमा सञ्चालित "खबर गरौं ११४५ हेल्पलाइन सेवा" लाई आर्थिक वर्ष २०७८/७९ देखि नेपाल सरकारको बजेट र जनशक्तिबाट सञ्चालन गर्नका लागि अस्थायी सँगठन संरचना र दरबन्दी सिर्जना सम्बन्धी विस्तृत प्रतिवेदन तयार गरी नेपाल सरकार समक्ष पेश गरिएकोमा देहाय बमोजिमका अस्थायी पदहरू तत्काललाई एक वर्षका लागि सिर्जना गर्ने गरी स्वीकृति भएको छः

| क्र.सं. | पद | श्रेणी/तह | सेवा/समूह | संख्या |
|---|---|---|---|---|
| १. | कानून अधिकृत | रा.प.तृ. | नेपाल न्याय सेवा, कानून समूह | २ |
| २. | सूचना प्रविधि अधिकृत | ,, | नेपाल विविध सेवा | १ |
| ३. | मनोसामाजिक परामर्शदाता/ मनोविमर्शकर्ता | ,, | नेपाल विविध सेवा | १ |
| ४. | हेल्पलाइन अपरेटर/कम्प्युटर अपरेटर | ,, | नेपाल विविध सेवा | १० |
| ५. | ह.स.चा. | श्रेणी विहीन | - | १ |
| ६. | कार्यालय सहयोगी | ,, | - | २ |
| | | | **कुल** | १७ |

उल्लिखित पदहरूमा तत्काललाई करार सेवामा कर्मचारीहरू पदपूर्ति गरी हेल्पलाइन सेवा सञ्चालनलाई निरन्तरता दिइएको छ।

# नेपालमा महिला सशक्तीकरणको प्रयास र वर्तमान अवस्था

## ३.१ अन्तर्राष्ट्रिय प्रतिबद्धता एवं महिला सशक्तीकरणका लागि भएका प्रयासहरु

पृथ्वीको सर्वाधिक महत्वपूर्ण र शक्तिशाली उत्पत्तिमा पर्ने मान्छेका वीचमा कुनै विभेद नरहेको श्रृष्टिकर्ताको मान्यता छ। तथापी, इतिहासका विभिन्न कालखण्डमा विभिन्न धर्म, शासन र समाजले महिला र पुरुष वीच केहि असमानताका रेखा कोर्ने दुष्प्रयास गरेको पाईन्छ। यसै वास्तविकतालाई आत्मसात् गर्दै सन् १८३० देखि महिला दासता विरुद्ध विश्वव्यापी आन्दोलन शुरु भएको पाईन्छ। विशेषगरी, औद्योगिक क्रान्तिपछि महिलाको आर्थिक अधिकारको खोजी हुन थालेको हो।प्रस्तुत प्रसँगमा संयुक्त राष्ट्र संघले सन् १९७५ लाई महिला अधिकार वर्षको घोषणा गऱ्यो। सन् १९७५ देखि १९८५ लाई महिला अधिकार दशकको रुपमा मनाईयो। विश्वव्यापी मानव अधिकार घोषणापत्र, १९४८ मा महिला अधिकारलाई उच्च महत्व दिईयो। तथापी, केहि अध्ययनले विश्वमा महिलाका ६५ प्रतिशतसम्म अधिकार मात्रै प्रयोगमा आएको देखाएको छ। विश्वका करिब ३ दर्जन मुलुकमा मात्रै श्रीमती प्रसुती हुदा श्रीमान्‌ले पनि विदा पाउने व्यबस्था छ। यसैगरी, करिब विश्वका ४ दर्जन मुलुकले मात्रै महिला हिंसा बिरुद्धको कानून जारी गरेका छन्। महिलालाई पुरुष सरह रोजगारी र ज्याला दिने मुलुकको संख्या पनि कम छ।

महिला अधिकार संरक्षणको विश्व इतिहासलाई हेर्दा महिला स्वतन्त्रताको सवालमा महिलाहरू विरुद्ध हुँदै आएका भेदभावलाई कानूनको माध्यमबाट सम्बोधन गर्ने काम क्रमशः हुँदै आएको देखिन्छ। महिलाहरूले लामो समयसम्म मताधिकारको लागि लडाइँ लड्नु पऱ्यो। बेलायतमा सन् १८८९ मा महिला मताधिकारको लागि सङ्गठनको स्थापना भयो। यसले मताधिकारको लागि चलाएको अभियानको फलस्वरूप सन् १९२८ मा बेलायती महिलाले मताधिकार प्राप्त गरे। खासगरी सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएपछि महिलालाई समान अधिकार प्रदान गरिनुपर्दछ भन्ने मान्यताको विकास भएको पाइन्छ। यसमा गरिएको समान अधिकारको घोषणालाई व्यवहारमा उतार्न महिला अधिकारवादीहरूले निरन्तर प्रयास र संघर्ष गर्नुपरेको छ। महिला अधिकारको संरक्षणको लागि सन् १९४८, १९७५, १९८०, १९८५ र १९९५ मा विश्व महिला सम्मेलनहरू भए। यी सम्मेलनहरूले महिला विरुद्धका भेदभावपूर्ण कानूनी प्रावधानहरूलाई परिमार्जन गर्नुपर्ने कुरामा निरन्तर जोड दिदैं आएका छन्।

संयुक्त राष्ट्रसंघको तत्वावधानमा भएका २४ वटा मानव अधिकारसम्बन्धी महासन्धि, घोषणापत्र र अनुबन्धहरूमा नेपालले हस्ताक्षर गरिसकेको छ।

नेपाल पक्षराष्ट्र बनेका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, प्रतिज्ञापत्र र इच्छाधीन आलेखहरूको विवरण निम्न तालिकामा उल्लेख गरिएको छ :-

**नेपाल पक्ष बनेका अन्तर्राष्ट्रिय महासन्धि, प्रतिज्ञापत्र र इच्छाधीन आलेख सम्बन्धी विवरण**

| क्र. सं. | विवरण | ग्रहण गरिएको मिति | लागू भएको मिति | नेपालले अनुमोदन (Ratification) गरेको वा सम्मिलन (Accession) जनाएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | दासत्व महासन्धि १९२६ | २५ सेप्टेम्बर १९२६ | ९ मार्च १९२७ | ७ जनवरी १९६३ | सम्मिलन |
| २. | दासत्व महासन्धिलाई संशोधन गर्ने आलेख, १९५३ | २५ सेप्टेम्बर१९२६ | ७ डिसेम्बर १९५३ | ७ जनवरी १९६३ | सम्मिलन |
| ३. | दासत्व, दास व्यापार र दासत्व समानका संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पूरक महासन्धि १९५६ | ७ सेप्टेम्बर १९५६ | ३० अप्रिल १९५७ | ७ जनवरी १९६३ | सम्मिलन |
| ४. | जातिहत्या अपराधको रोकथाम र सजायसम्बन्धी महासन्धि १९४८ | ९ डिसेम्बर १९४८ | १२ जनवरी १९५१ | १७ जनवरी १९६९ | सम्मिलन |
| ५. | जीउ मास्ने, बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि १९४९ | २ डिसेम्बर १९४९ | २५ जुलाई १९५१ | २७ डिसेम्बर १९९५ | सम्मिलन |
| ६. | महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धि १९५२ | २० डिसेम्बर १९५२ | ७ जुलाई १९५४ | २६ अप्रिल १९६६ | सम्मिलन |
| ७. | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५ | २१ डिसेम्बर १९६५ | ४ जनवरी १९६९ | ३० जनवरी १९७१ | सम्मिलन |
| ८. | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर र्ष्ट्रिय प्रतिज्ञापत्र १९६६ | १६ डिसेम्बर १९६६ | ३ जनवरी १९७६ | १४ मे १९९१ | सम्मिलन |
| ९. | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ | १६ डिसेम्बर १९६६ | २३ मार्च १९७६ | १४ मे १९९१ | सम्मिलन |
| १०. | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको इच्छाधीन आलेख १९६६ | १६ डिसेम्बर १९६६ | २३ मार्च १९७६ | १४ मे १९९१ | सम्मिलन |
| ११. | रङ्गभेद अपराधको दमन र दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९७३ | ३० नोभेम्बर १९७३ | १८ जुलाई १९७६ | १२ जुलाई १९७७ | सम्मिलन |

| | | | | | |
|---|---|---|---|---|---|
| १२. | महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९ | १८ डिसेम्बर १९७९ | ३ सेप्टेम्बर १९८१ | २२ अप्रिल १९९१ | अनुमोदन |
| १३. | यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि १९८४ | १० डिसेम्बर १९८४ | २६ जुन १९८७ | १४ मे १९९१ | सम्मिलन |
| १४. | खेलकुदमा रङ्गभेदविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि १९८५ | १० डिसेम्बर १९८५ | ३ अप्रिल १९८८ | १ मार्च १९८९ | अनुमोदन |
| १५. | मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको दोस्रो इच्छाधीन आलेख १९८९ | १५ डिसेम्बर १९८९ | ११ जुलाई १९९१ | ९ मार्च १९९८ | सम्मिलन |
| १६. | बालअधिकार सम्बन्धी महासन्धि १९८९ | २० नोभेम्बर १९८९ | २ सेप्टेम्बर १९९० | १४ सेप्टेम्बर १९९० | अनुमोदन |
| १७. | महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको इच्छाधीन आलेख १९९९ | ६ अक्टोबर १९९९ | २२ डिसेम्बर २००० | १५ जुन २००७ | अनुमोदन |
| १८. | सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नताका सम्बन्धमा व्यवस्था भएको बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००० | २५ मे २००० | १२ फेब्रुअरी २००२ | ३१ अक्टोबर २००५ | अनुमोदन |
| १९. | बालबालिकाको बेचविखन, बालवेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००० | २५ मे २००० | १८ जनवरी २००२ | २० जनवरी २००६ | अनुमोदन |
| २०. | दक्षिण एशियामा बालकल्याण प्रवर्धन गर्नका लागि क्षेत्रीय प्रबन्ध गर्ने सम्बन्धी दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि २००२ | ५ जनवरी २००२ | १५ नोभेम्बर २००५ | ३१ अक्टोबर २००५ | अनुमोदन |
| २१. | वेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको जीउ मास्नेबेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि २००२ | ५ जनवरी २००२ | १५ नोभेम्बर २००५ | ३१ अक्टोबर २००५ | अनुमोदन |
| २२. | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि २००६ | १३ डिसेम्बर २००६ | ३ मे २००८ | २७ डिसेम्बर २००९ | अनुमोदन |

| | | | | | |
|---|---|---|---|---|---|
| २३. | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००६ | १३ डिसेम्बर २००६ | ३ मे २००८ | २७ डिसेम्बर २००९ | अनुमोदन |
| २४. | संयुक्त राष्ट्रसंघ अन्तर्गतको बहुराष्ट्रिय सँगठित अपराध विरुद्धको महासन्धिअन्तर्गतको मानव बेचबिखन विशेषगरी महिला र बालबालिकाको बेचबिखन तथा ओसार पसारको रोकथाम, दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था भएको पूरक आलेख (पालेर्मो प्रोटोकल) | १५ नोभेम्बर २००० | १६ जुन २०२० | १२ मार्च २०२० | अनुमोदन |

साथै, नेपाल अन्तर्राष्ट्रिय श्रम सँगठन (ILO) का विभिन्न महासन्धिको पनि पक्षराष्ट्र भएको छ जसको विवरण निम्न तालिकामा उल्लेख गरिएको छः

**नेपाल पक्ष भएका ILO महासन्धिहरू**

| क्र. सं. | विवरण | नेपालले अनुमोदन गरेको मिति |
|---|---|---|
| १. | औद्योगिक प्रतिष्ठानहरूमा साप्ताहिक बिदा लागू गर्ने सम्बन्धी महासन्धि १९५७ (नं. १४) | १० डिसेम्बर १९८६ |
| २. | सङ्गठन गर्ने र सामूहिक सौदाबाजीसम्बन्धी सिद्धान्त प्रयोगसम्बन्धी महासन्धि १९४९ (नं. ९८) | ४ अक्टोबर १९९६ |
| ३. | समान कामका लागि महिला र पुरुष कामदारलाई समान पारिश्रमिक प्रदान गर्ने सम्बन्धी महासन्धि १९५१ (नं. १००) | ६ अक्टोबर १९७६ |
| ४. | रोजगारी तथा व्यवसायमा हुने भेदभावसम्बन्धी महासन्धि १९५८ (नं. १११) | १९ सेप्टेम्बर १९७४ |
| ५. | बलपूर्वकको श्रम उन्मूलनसम्बन्धी महासन्धि १९३० (नं. २९) | १३ सेप्टेम्बर २००१ |
| ६. | विकासोन्मुख देशको सन्दर्भमा न्यूनतम ज्याला निर्धारणसम्बन्धी महासन्धि १९७० (नं. १३१) | १९ सेप्टेम्बर १९७४ |
| ७. | रोजगारी प्राप्तिका लागि न्यूनतम उमेरसम्बन्धी महासन्धि १९७३ (नं. १३८) | ४ अक्टोबर १९९६ |
| ८. | अन्तर्राष्ट्रिय श्रमस्तर कार्यान्वयन अभिवृद्धि गर्न त्रिपक्षीय सहमतिसम्बन्धी महासन्धि १९७६ (नं. १४४) | २१ मार्च १९९५ |
| ९. | बालश्रमका निकृष्ट रूपहरूको उन्मूलनसम्बन्धी महासन्धि १९९९ (नं. १८२) | १३ सेप्टेम्बर २००१ |
| १० | आदिवासी तथा जनजाति सम्बन्धमा व्यवस्था भएको महासन्धि १९८९ (नं. १६९) | २४ अगष्ट २००७ |

## ३.२ नेपालको संविधान र कानूनहरुमा महिला अधिकार

नेपालमा सम्बैधानिक विकासक्रमलाई नियाल्दा २००४ सालबाट आरम्भ गर्नुपर्छ । तत्कालीन नेपालको अन्तरिम शासन विधान, २००४ ले पहिलो पटक महिला र पुरुषबीच समान कामको लागि समान ज्याला सुनिश्चित गरी आर्थिक अधिकारलाई सम्बोधन गरेको थियो । त्यसैगरी, नेपालको संविधान, २०१९ मा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जाति वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन भनी समानताको हक सुनिश्चित गरिएको थियो । नेपालमा योजनाबद्ध विकासको शुरूवात वि.सं. २०१३ देखि भएकोमा विकास कार्यमा महिला सहभागिता प्रवर्द्धन गर्ने छुट्टै नीति पहिलोपल्ट छैटौं पञ्चवर्षीय योजना (वि.सं. २०३७-४२) मा समावेश गरिएको थियो । नेपालमा वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना पश्चात् महिला विकास र सशक्तीकरणका विषयमा व्यापक रूपमा चर्चा परिचर्चा हुँदै आएको छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपालको इतिहासमा पहिलो पटक मौलिक हकको व्यवस्था गरेको थियो । महिला र पुरुषको सम्पत्तिमा समान हकको प्रत्याभूति, विभिन्न कारणले पछाडि परेका महिला वर्गको उत्थानका साथसाथै महिलाहरूको विकासको लागि राज्यले शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षाको विशेष व्यवस्था गरी महिलालाई राष्ट्रिय विकासको मूलधारमा सहभागी गराउने नीति अवलम्वन गरेको थियो ।

वर्तमान नेपालको संविधानको प्रस्तावनामा लैङ्गिक विभेदको अन्त्य गर्दै समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ । वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकता पाउने सबै नागरिक कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने, सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरिने तर महिलाको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने, समान कामका लागि लैंङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने, पैतृक सम्पत्तिमा लैङ्गिक भेदभावविना सबै सन्तानको समान हक हुने जस्ता व्यवस्थाहरू गरिएका छन् ।

यसैगरी, वर्तमान संविधानले महिलाको हकलाई यौटा महत्वपूर्ण मौलिक हक अन्तर्गत व्यवस्था गरी प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुने, महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त हुने एवं सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने जस्ता प्रावधानहरू रहेका छन् ।

यसैगरी, वर्तमान संविधानको धारा ४२ मा सामाजिक न्यायको हक अन्तर्गत नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि सबै जनआन्दोलन, सशस्त्र संघर्षको क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता

पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ। सामाजिक सुरक्षाको हक अन्तर्गत आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय, एकल महिला, अपांगता भएका बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने प्रावधान रहेको छ। यस अतिरिक्त, संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तीमा एक तिहाई सदस्य महिला हुनुपर्ने कानूनी व्यवस्था गरिएको छ।

**नेपालको संविधानका विभिन्न भाग तथा धाराहरूमा महिलाको हक अधिकार सम्बन्धमा भएका व्यवस्थाहरू**

| भाग | धारा | उपधारा | भएका व्यवस्था |
|---|---|---|---|
| प्रस्तावना | - | - | लैङ्गिक विभेद अन्त्य गर्ने समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने |
| २ नागरिकता | १०. नागरिकताबाट वञ्चित नगरिने | (१) | कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन। |
| | ११. नेपालको नागरिक ठहर्ने | (२)(ख) | कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति। |
| | | (३) | यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ। |
| | | (५) | नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ। तर बाबु विदेशी नागरिक भएको ठहरेमा |
| | | | |
| त्यस्तो व्यक्तिको नागरिकता संघीय कानून बमोजिम अंगीकृत नागरिकतामा परिणत हुनेछ। | | | |

| | | | |
|---|---|---|---|
| | | (६) | नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी |
| विदेशी महिलाले चाहेमा संघीय कानून बमोजिम | | | |
| नेपालको अंगीकृत नागरिकता लिन सक्नेछ। | | | |
| | | (७) | विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोबास गरेको र निजले विदेशी मुलुकको नागकिता प्राप्त गरेको रहेनछ भने निजले संघीय कानून बमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्नेछ।<br>तर, नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ। |
| | १२. वंशीय आधार तथा लैङ्गिक पहिचान सहितको नागरिकता | | यो संविधान बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्नेछ। |
| भाग-३ मौलिक हक तर कर्तव्य | १६. सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ। | (१) | प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक |
| | १७. स्वतन्त्रताको हक | (१) | कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन। |
| | १८. समानताको हक | (१) | सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन |
| | | (२) | सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन। |

| | | | |
|---|---|---|---|
| | | (३) | राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग वा अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिनेछ। |
| | | (४) | समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन। |
| | | (५) | पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ। |
| | २१. अपराध पीडितको हक | (१) | अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ। |
| | | (२) | अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ। |
| | २८. गोपनीयताको हक | | कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ। |
| | २९. शोषण विरुद्धको हक | (१) | प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ। |
| | | (२) | धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन। |
| | | (३) | कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन। |
| | | (४) | कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन। |
| | | (५) | उपधारा (३) र (४) विपरीतको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। |
| | ३३. रोजगारीको हक | (१) | प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानून बमोजिम हुनेछ। |
| | | (२) | प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ। |

| | | | |
|---|---|---|---|
| | ३८. महिलाको हक | (१) | प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ। |
| | | (२) | प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ। |
| | | (३) | महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ। |
| | | (४) | राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। |
| | | (५) | महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ। |
| | | (६) | सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ। |
| | ४२. सामाजिक न्यायको हक | (१) | आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ। |
| | ४३. सामाजिक सुरक्षाको हक | | आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला समेतलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ। |
| | ५१. राज्यका नीतिहरू | (ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति | (१) असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने,<br>(२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने,<br>(३) प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने, |

| | | | |
|---|---|---|---|
| | | | (४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिकरूपमा मूल्यांकन गर्ने,<br>(५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने,<br>(६) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,<br>(१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने । |
| भाग-६ राष्ट्रपति र उपराष्ट्रपति | ७०.राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने । | | यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ । |
| भाग-८ संघीय व्यवस्थापिका | ८४. प्रतिनिधि सभाको गठन | (२) र (८) | (२) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसंख्याको आधारमा महिला समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।<br>(८) संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ । |
| | ८६. राष्ट्रिय सभाको गठन र सदस्यहरूको पदावधि | (२) (क) र (ख) | (क) प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला<br>(ख) नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक जना महिला |
| | ९१. प्रतिनिधि सभाको सभामुख र उपसभामुख | (२) | प्रतिनिधि सभाका सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रतिनिधि सभाको सभामुख र उपसभामुखमध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ । |
| | ९२. राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष | (२) | राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्दा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षमध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ । |

| | | | |
|---|---|---|---|
| भाग-१४ प्रदेश व्यवस्थापिका | १७६. प्रदेश सभाको गठन | (६) | समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसंख्याको आधारमा महिला समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था संघीय कानून बमोजिम हुनेछ। त्यसरी उम्मेदवारी दिँदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनुपर्नेछ। |
| | | (९) | प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ। |
| | १८२. प्रदेश सभाको सभामुख र उपसभामुख | (२) | प्रदेश सभाको सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रदेश सभामुख वा प्रदेश उपसभामुख मध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ र प्रदेश सभामुख वा प्रदेश उपसभामुख फरक फरक दलको प्रतिनिधि हुनु पर्नेछ। |
| भाग-१७ स्थानीय कार्यपालिका | २१५. गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष सम्बन्धी व्यवस्था | (४) | गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुने छन्। |
| | २१६. नगर कार्यपालिका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्था | (४) | नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य समेत नगर कोष कार्यपालिकाको लागि सदस्य हुने छन्। |
| | २२०. जिल्ला सभा र जिल्ला समन्वय समिति | (३) | जिल्ला सभाले कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ। |
| | | | |
| भाग-१८ स्थानीय व्यवस्थापिका | २२२. गाउँ सभाको गठन | (३) | गाउँ सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ। |
| | २२३. नगर सभाको गठन | (३) | नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ। |
| भाग-२७ अन्य आयोगहरू | २५२. राष्ट्रिय महिला आयोग | (१) | नेपालमा एक राष्ट्रिय महिला आयोग रहनेछ। जसमा अध्यक्ष र अन्य चारजना सदस्य रहनेछन्। |

| | | | |
|---|---|---|---|
| | २५३. राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकार | (१) | क) महिलाको हक हितसँग सरोकार राख्ने नीति तथा कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>ख) महिलाको हक हितसँग सम्बन्धित कानून वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी त्यसको प्रभावकारी पालन वा कार्यान्वयनको उपाय सहित नेपाल सरकार लाई सुझाव दिने ।<br>ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सवै निकायमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजुदा नीति तथा कार्यक्रमको समीक्षा अनुगमन तथा मूल्यांकन गर्ने । त्यसको प्रभावकारी कार्यान्वयका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,<br>घ) लैङ्गिक समानता, महिला सशक्तीकरण तथा महिलासँग सम्बन्धित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्ने र सोको अनुगमन गर्ने,<br>ङ) महिला अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पVाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने ।<br>च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित भएको वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने । |

| | | | |
|---|---|---|---|
| भाग-२८ राष्ट्रिय सुरक्षासम्बन्धी व्यवस्था | २६७ नेपाली सेना सम्बन्धी व्यवस्था | (३) | नेपाली सेनामा महिला सहितको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा संघीय कानून बमोजिम सुनिश्चित गरिनेछ। |
| भाग-२९ राजनीतिक दल सम्बन्धी व्यवस्था | २६९ राजनीतिक दलको गठन, दर्ता र सञ्चालन | ४ (ग) | दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्छ। |
| भाग-३२विविध | २८२. राजदूत र विशेष प्रतिनिधि | (६) | राष्ट्रपतिले समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्ति गर्न सक्नेछ। |
| | २८३. समावेशी सिद्धान्त बमोजिम नियुक्ति गर्नु पर्ने | (१) | संवैधानिक अंग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम गरिनेछ। |
| | २८५. सरकारी सेवाको गठन | (२) | संघीय निजामती सेवा लगायत सवै संघीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा संघीय कानून बमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुनेछ। |

यसैगरी, महिलाको हक अधिकारको प्रवर्द्धनको लागि नेपालमा विभिन्न कानूनको तर्जुमा गरिएको छ। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले मानव बेचबिखन तथा ओसारपसारमा संलग्न कसूरदारलाई कडा सजायको व्यवस्था गरेको छ। महिलाविरुद्ध हुने हिंसाहरू जस्तैः जबरजस्ती करणी, शरीर बन्धक राख्ने जस्ता अपराधलाई गम्भीर फौजदारी अपराधको रूपमा वर्गीकरण गरी सरकारवादी मुद्दाको सूचीमा समावेश गरिएको छ। मुलुकी अपराध संहिता, २०७४ ले करणी सम्बन्धी कसुरमा नयाँ व्यवस्था गरेको छ, जसअनुसार अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई मञ्जुरी लिएर करणी गरेमा जबरजस्ती करणी मानिने व्यवस्था छ। उक्त संहिताले महिलाको शारीरिक सुरक्षा र मर्यादा, वैयक्तिक स्वायत्तता, यौनजन्य हिंसाबाट सुरक्षा, प्रजनन स्वास्थ्यसम्बन्धी अधिकारको सुरक्षा, गर्भसंरक्षण र गर्भपतनमा महिलाको मञ्जुरी हुनुपर्ने अधिकारवादी अवधारणा अघि सारेको छ। यसका साथै राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०५३, यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३, राष्ट्रिय महिला आयोग ऐन, २०७४, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२, घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा पनि महिला सुरक्षा सम्बन्धी विभिन्न व्यवस्थाहरू गरिएका छन्। निजामती सेवा ऐन, २०४९ मा निजामती सेवा प्रवेशको लागि पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा अधिकतम उमेर ४० वर्ष तोकिएको छ। साथै, बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पुरुषभन्दा एकवर्ष कम अनुभव भए पनि पुग्ने व्यवस्था गरिएको छ।

नेपाल सरकारले अवलम्बन गरेका विभिन्न नीति, रणनीति तथा कार्ययोजनाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा

महिला अधिकार र महिलाविरुद्धको हिंसा सम्बन्धी विषयहरूलाई सम्बोधन गर्ने प्रयास गरेका छन् । लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६६, महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धिको कार्यान्वयन सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६०, लैङ्गिक समानता र महिला सशक्तीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६१, लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९, राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०६८ र सोको कार्यान्वयन योजना, २०७१ र विभिन्न आवधिक योजनाहरू यस सन्दर्भमा उल्लेखनीय छन् ।

यसैगरी, नेपालले मानव अधिकारका विविध पक्षहरूलाई समेट्ने गरी तयार गरिएको विभिन्न महासन्धिहरू लगायत महिला अधिकार विषयमा केन्द्रित महासन्धि र सम्मेलनहरूमा संयुक्त राष्ट्र संघको सदस्यको रूपमा नेपालले सहभागिता जनाएको र प्रतिबद्धता जाहेर गरेको छ । नेपालले विभिन्न मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि अनुमोदन गरिसकेको छ । यी दस्तावेजहरूमा लैङ्गिक विभेदलाई वर्जित गर्नुका साथै महिला र पुरुषलाई समानताको आधारमा व्यवहार गर्ने कुराको सुनिश्चितता गरिएको छ । यसका लागि नेपालले राष्ट्रियस्तरमा विभिन्न कार्ययोजना, नीति र कानूनहरू समेत पारित गरी कार्यान्वयनमा ल्याइसकेको छ । यसै सन्दर्भमा नेपाल सरकारले अख्तियार गरेको लैगिंक उत्तरदायी बजेट प्रणालीले पनि महिलाको आर्थिक र सामाजिक विकासमा टेवा पुऱ्याएको छ ।

## ३.३ पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/७७ - २०८०/८१) मा लैङ्गिक  समानता तथा महिला सशक्तीकरण सम्बन्धी नीति तथा कार्यक्रम

महिला हक अधिकारको सम्बन्धमा छैटौं पंचवर्षिय योजनादेखि नै विशेष व्यवस्था गर्रिँदै आएकोमा पछिल्ला योजनाहरूमा लैङ्गिक समानता, महिला सशक्तीकरण र लैङ्गिक मूलप्रवाहीकरणलाई केन्द्रित गरी विभिन्न नीति, कार्यक्रमहरू अघि बढाइएका छन् । चालू पन्ध्रौं योजनामा लैङ्गिक समानतामूलक राष्ट्र निर्माण गर्ने कुरालाई दीर्घकालीन सोचको रूपमा प्रस्ताव गरी महिलाको समान तथा अर्थपूर्ण सहभागिता सहित सारभूत समानता कायम गर्ने विषयलाई लक्ष्यको रूपमा लिइएको छ। सो लक्ष्य हासिल गर्न लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापन गर्न पाउने वातावरणको सुनिश्चिता गर्ने, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्ने, आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर र लाभमा महिलाको समान पहुँच सुनिश्चित गर्ने जस्ता उद्देश्यहरू लिएको पाइन्छ । यी लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्न राज्यका सबै तह र क्षेत्रले लैङ्गिक समानता सम्बन्धी क्षेत्रगत नीति, कानून तथा कार्यक्रम तर्जुमा गर्ने, लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने, सबै तहमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्ने, लैङ्गिक समानता तथा सशक्तीकरण मापन गर्ने तथ्याङ्क प्रणालीको विकास गर्ने, विभेदकारी कानूनहरूको परिमार्जन गरी प्रभावकारी कार्यान्वयन गर्ने,महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र बहिष्करण विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी तिनको रोकथाम एवं नियन्त्रणका लागि कानूनी उपचार

प्रणालीलाई सहज, छिटो र सबैको लागि पहुँच योग्य बनाउने लगायतका रणनीति तथा कार्यनीति अघि सारेको देखिन्छ ।

यसैगरी, महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक एवं संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गर्ने रणनीति लिइएको छ । असहाय, अशक्त र जोखिममा परेका नागरिकहरूको संरक्षण गर्ने, शिक्षा र स्वास्थ्यलाई राज्यको जिम्मेवारी भित्र ल्याउँदै पहुँच सहितको गुणस्तरीय शिक्षा र स्वास्थ्य, सामाजिक सुरक्षा तथा संरक्षणको माध्यमबाट विकास र समृद्धि हासिल गर्ने, कुनै पनि कारणले वीचैमा पढाइ छोड्नुपर्ने अवस्थाको अन्त्य गर्ने जस्ता नीतिहरू अवलम्बन गरिएका छन् । साथै, योजनाले सबैका लागि मर्यादित रोजगारीका अवसरहरू सृजना गर्ने, सुरक्षित मातृत्व र सुरक्षित गर्भपतन लगायतका सेवालाई अधिकारमुखी कार्यक्रमको रूपमा विकास गर्ने, विद्यमान कानून तथा संस्थागत व्यवस्थाहरूमा सुधार गर्ने र राज्यका सबै संरचनाहरूलाई अपाङ्गमैत्री बनाउने लगायतका रणनीतिहरू समेटेको छ ।

## ३.४ संरचनागत व्यवस्था

महिला हक अधिकारको कार्यान्वयनका निम्ति संवैधानिक तथा कानूनी व्यवस्थाका अतिरिक्त यी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमको संरचनागत व्यवस्था भएको छ :

- राष्ट्रिय महिला आयोग
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- प्रहरी प्रधान कार्यालय मातहतका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय
- नेपाल प्रहरीमा मानव बेचबिखन तथा अनुसन्धान व्यूरो
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरू
- प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालय
- ७५३ स्थानीय तहमा महिला विकास एकाइ शाखा
- हरेक मन्त्रालय/निकायमा लैङ्गिक सम्पर्क बिन्दु
- अर्थ मन्त्रालयमा लैङ्गिक उत्तरदायी बजेट समिति
- मानव बेचबिखनबाट पीडित तथा प्रभावित महिलाहरूका लागि पुनःस्थापना केन्द्र
- घरेलु  हिंसाबाट पीडित तथा प्रभावित महिलाहरूका लागि सेवा केन्द्र
- हिंसा पीडितहरूको सेवाका लागि अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रहरू
- स्थानीय तहमा उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा न्यायिक समिति
- जिल्ला सरकारी वकिलको संयोजकत्वमा निःशुल्क कानूनी सहायता समिति
- हरेक अदालतमा वैतनिक वकिलको व्यबस्था
- बार एसोसियनबाट निःशुल्क कानूनी सहायता

## ३.५ नेपालमा महिलाको वर्तमान अवस्था

नेपालमा महिला अधिकारको क्षेत्रमा छोटो समयमा नै थुप्रै उल्लेखनीय उपलब्धिहरू हासिल भएको भए तापनि अझसम्म महिलाहरू सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, प्रशासनिक लगायतका सबै क्षेत्रमा पुरुषको तुलनामा पछाडि नै रहेका छन् । राज्यका सबै क्षेत्रहरूमा महिलाहरूको पहुँच र उपस्थिति न्यून रहेको छ । महिलाविरुद्धको हिंसा, महिलालाई गरिने असमान व्यवहार, कुप्रथा तथा सामाजिक चलनहरू, छुवाछुत तथा जातपातको भेदभाव, छोरीको चाँडो विवाह, परिवारमा छोराको बढी महत्व, सम्पत्ति अधिकार उपयोगका सम्बन्धमा विभेदपूर्ण व्यवहार, नागरिकताको पहुँचमा रहेको असमानता जस्ता कारणहरूले पनि महिलाहरूमाथि सामाजिक तथा साँस्कृतिक विभेदको विद्यमानता रहेको छ। विद्यमान लैङ्गिक असमानताका कारण महिलाहरूको स्रोत, साधन र अवसरमा पहुँचको कमी, आर्थिक परनिर्भरता, शिक्षा, स्वास्थ्य तथा रोजगारीमा कमी जस्ता कारणहरूले महिलाको स्तर पुरुषको दाँजोमा पछाडि परेको छ।

नेपालको संविधानले नै महिला अधिकारको संरक्षण र कानूनी उपचारको व्यवस्था गरेको छ। हाल महिलाको क्षेत्रमा भएका प्रगति वा महत्वपूर्ण उपलब्धिहरू वा तथ्याङ्कहरू निम्नानुसार रहेका छन् :

| क्र.सं. | विवरण | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | साक्षरता दर (२०६८ को जनगणना अनुसार) | ५७.४ | |
| २. | औसत आयु (२०६८ को जनगणना अनुसार ) | ६७ बर्ष | |
| ३. | मातृ मृत्युदर (प्रति एक लाख जीवित जन्ममा) | २३९ जना | पन्धौं योजनाको आधारपत्र |
| ४. | महिलाको श्रमशक्तिको सहभागिताको दर | २६.३ | |
| ५. | लैङ्गिक असमानता सूचक | ०.४७६ | |
| ६. | संघीय संसदमा महिलाको प्रतिनिधित्व | ३३.५५ | |
| ७. | प्रदेश संसदमा महिलाको प्रतिनिधित्व | ३४.४५ | |
| ८. | स्थानीय निकायमा महिलाको सहभागिता | ४०.८५ | |
| ९. | निजी क्षेत्रमा नीति निर्माण तहमा महिलाको सहभागिता | २९.६१५ | |
| १०. | सार्वजनिक सेवा नीति निर्माण तहमा महिलाको प्रतिनिधित्व | १३.६५ | |
| ११. | सहकारी क्षेत्रमा महिलाको सहभागिता | ५६.८५ | |
| १२ | महिलाको स्वामित्वमा घर जग्गा सम्पत्ति (कुल जनसंख्यामा) | ३३.९३५ | |

| | | | |
|---|---|---|---|
| १३. | रोजगारीमा रहेको महिलाको संख्या<br>● शहरी क्षेत्रमा<br>● ग्रामीण क्षेत्रमा | ७०<br>३० | रोजगारीमा रहेका कुल जनसंख्या ७०,८६,००० मध्ये महिलाको संख्या २६,४०,००० (स्रोतः नेपाल श्रम शक्ति सर्वेक्षण २०७५।७६) |
| १४. | मानव विकास सूचकांक (२०२०) | ०.६०२ | यूएनडिपी |
| १५. | लैङ्गिक विकास सूचकांक (२०२०) | ०.९३३ | यूएनडिपी |
| १६. | लैङ्गिक सशक्तीकरण मापक सूचकांक | ०.६२ | |

**स्रोतः** पन्धौं योजना, दिगो विकास लक्ष्य प्राप्ति समीक्षा प्रतिवेदन (२०१६-२०१९), राष्ट्रिय योजना आयोग र राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७

## ३.६ न्यायपालिकामा महिला सहभागिता

न्यायपालिकाले न्यायिक सुधारका प्रयासहरूलाई योजनाबद्ध रूपमा अगाडि बढाउने स्पष्ट दृष्टिकोणका साथ नेपालको न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना २०६१ सालदेखि लागू गर्दै आएको छ । हालका वर्षहरूमा न्यायपालिकामा विभिन्न तहमा महिला सहभागिता क्रमशः उल्लेख्य संख्यामा वृद्धि भएको देखिन्छ ।

**न्याय परिषद्को पछिल्लो तथ्याक्त बमोजिम न्यायपालिकामा महिला न्यायाधीशको सहभागिता देहाय बमोजिम रहेको छः**

| क्र.सं. | न्यायाधीश | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १. | **सर्वोच्च अदालत** | | | |
| | प्रधान न्यायाधीश | ० | १ | १ |
| | न्यायाधीश | २ | १७ | १९ |
| २. | **उच्च अदालत** | | | |
| | मुख्य न्यायाधीश | १ | १ | २ |
| | न्यायाधीश | १८ | ११० | १२८ |
| ३. | **जिल्ला अदालत** | | | |
| | न्यायाधीश | ११ | २३० | २४१ |

स्रोतः न्याय परिषद् सचिवालय

## ३.७ निजामती सेवामा महिला सहभागिता

नेपाल सरकारले सकारात्मक विभेदको नीति अवलम्बन गरेपश्चात् निजामती सेवामा महिलाको सहभागिता उल्लेख्य रूपमा वृद्धि भएको छ । राष्ट्रिय किताबखानाको वि.सं. २०७९ श्रावण महिनाको तथ्याङ्क अनुसार निजामती सेवामा कुल १,२७,२४०(प्रदेश तथा स्थानीय तह समेत)कर्मचारीमध्ये पुरुष कर्मचारी ८९,६८४ छन् भने महिला कर्मचारी ३७,५५६ (२९.५ प्रतिशत) रहेका छन् ।

**निजामती सेवामा कार्यरत कर्मचारीहरूको तहगत विवरण संख्या**

| सि.नं. | श्रेणी र तह | पुरुष | महिला | जम्मा | पुरुष % | महिला % | जम्मा % |
|---|---|---|---|---|---|---|---|
| १. | **श्रेणी** | ३१४५५ | ६५०३ | ३७९५८ | ८२.८७ | १७.१३ | ४४.२७ |
| | **राजपत्रांकित** | ९६९७ | १९३२ | ११६२९ | ८३.३९ | १६.६१ | १३.५७ |
| | विशिष्ट श्रेणी (मुख्य सचिव) | १ | ० | १ | १०० | ० | ०.००१ |
| | विशिष्ट श्रेणी | ६१ | ५ | ६६ | ९२.४२ | ७.५७ | ०.०८ |
| | रा.प. प्रथम श्रेणी | ६१४ | ५२ | ६६६ | ९२.१९ | ७.८० | ०.७८ |
| | रा.प. द्वितीय श्रेणी | २७१२ | ३२९ | ३०४१ | ८९.१८ | १०.८१ | ३.५४ |
| | रा.प. तृतीय श्रेणी | ६३०९ | १५४६ | ७८५५ | ८०.३१ | २०.३७ | ९.१६ |
| | **राजपत्र अनंकित** | २१७५८ | ४५७१ | २६३२९ | ८२.६४ | १७.३६ | ३०.७१ |
| | रा.प.अनं. प्रथम श्रेणी | ९५९७ | २३६३ | ११९६० | ८०.२५ | १९.७५ | १३.९५ |
| | रा.प.अनं. द्वितीय श्रेणी | ४८९९ | १४२४ | ६३२३ | ७७.४७ | २२.५३ | ७.३७ |
| | रा.प.अनं. तृतीय श्रेणी | १६६ | ९ | १७५ | ९४.८५ | ५.१५ | ०.२० |
| | रा.प.अनं. चतुर्थ श्रेणी | ५२ | २ | ५४ | ९६.२९ | ३.७१ | ०.०६ |
| | रा.प.अनं. पाँचौ श्रेणी | ७७० | ७० | ८४० | ९१.६६ | ८.३४ | ०.९९ |
| | श्रेणी विहीन | ६२७४ | ७०३ | ६९७७ | ८९.९३ | १०.०७ | ८.१३ |
| २. | **तह** | ३०७९४ | १६९७३ | ४७७६७ | ६४.४७ | ३५.५३ | ५५.७३ |
| | **स्वास्थ** | ३३५९ | २८९२ | ६२५१ | ५३.७५ | ४६.२६ | ७.२९ |
| | अधिकृत बाह्रौं | २ | १ | ३ | ६६.६६ | ३३.३४ | ०.००३ |
| | अधिकृत एघारौं | ७२ | २८ | १०० | ७२ | २८ | ०.११ |
| | अधिकृत दशौं | १६४ | ५८ | २२२ | ७३.८८ | २६.१२ | ०.२७ |
| | अधिकृत नवौं | १३६ | ५७ | १९३ | ७०.४६ | २९.५४ | ०.२३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अधिकृत आठौं | ३६८ | १४३ | ५११ | ७२.०२ | २७.९८ | ०.६० |
| | अधिकृत सातौं | १७५ | १४३ | ३१८ | ५५.०४ | ४४.९६ | ०.३७ |
| | अधिकृत छैटौं | ११७६ | ६३० | १८०६ | ६५.१२ | ३४.८८ | २.११ |
| | बरिस्ठ पाँचौं | ४ | ८ | १२ | ३३.३४ | ६६.६६ | ०.०१ |
| | सहायक पाँचौं | ६४१ | ११५८ | १७९९ | ३५.६३ | ६४.३७ | २.०९ |
| | सहायक चौथो | ६०४ | ६४२ | १२४६ | ४८.४८ | ५१.५२ | १.४७ |
| | सहायक तेस्रो | १७ | २३ | ४० | ४२.५ | ५७.५० | ०.०५ |
| | सहायक दोस्रो | ० | १ | १ | ० | १०० | ०.००१ |
| **३.** | **प्रदेश तथा स्थानीय तह** | **२७४३५** | **१४०८१** | **४१५१६** | **६६.०९** | **३३.९१** | **४८.४३** |
| | एघारौं तह | ३५ | ३ | ३८ | ९२.११ | ७.८९ | ०.०४ |
| | दशौं तह | २५३ | ११ | २६४ | ९५.८३ | ४.१७ | ०.३१ |
| | नवौं तह | ३२५ | ३७ | ३६२ | ८९.७८ | १०.२२ | ०.४२ |
| | आठौं तह | १२७६ | १७५ | १४५१ | ८७.९४ | १२.०६ | १.६९ |
| | सातौं तह | १५०८ | ३१८ | १८२६ | ८२.५८ | १७.४२ | २.१३ |
| | छैटौं तह | ६८२८ | १७७३ | ८६०१ | ७९.३९ | २०.६१ | १०.०४ |
| | पाँचौं तह | ८४५२ | ५२२२ | १३६७४ | ६१.८१ | ३८.१९ | १५.९५ |
| | चौथो तह | ६२६४ | ६३७० | १२६३४ | ४९.५८ | ५०.४२ | १४.७४ |
| | श्रेणी विहीन | २४९४ | १७२ | २६६६ | ९३.५५ | ६.४५ | ३.११ |

स्रोत : राष्ट्रिय किताबखाना

## ३.८ लोकसेवा आयोगको विज्ञापनबाट सिफारिस भएका महिलाहरूको संख्या

| विज्ञापनको प्रकार | महिला | | कुल जम्मा | पुरुष | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सहायक स्तर | अधिकृत स्तर | जम्मा | सहायक स्तर | अधिकृत स्तर | जम्मा | |
| आ.प्र. | ० | १६ | १६ | ० | ७४ | ७४ | ९० |
| खुला | ० | ४ | ४ | ० | २४ | २४ | २८ |
| महिला | ० | ९ | ९ | ० | ० | ० | ९ |
| आ.ज. | ० | २ | २ | ० | ४ | ४ | ६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मधेसी | ० | ० | ० | ० | २ | २ | २ |
| दलित | ० | ० | ० | ० | १ | १ | १ |
| अपाङ्ग | ० | ० | ० | ० | २ | २ | २ |
| जम्मा | | | ३१ | | | १०७ | १३८ |

स्रोत : लोकसेवा आयोगको ६२ औं वार्षिक प्रतिवेदनबाट साभार

**आ.व. २०६४/६५ देखि आ.व. २०७७/७८ सम्म विभिन्न ६ समावेशी समूहका विज्ञापनबाट भएको सिफारिस संख्या**

| आ.व. | समावेशी विज्ञापनबाट भएका सिफारिस | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | आ.ज. | मधेसी | दलित | अपाङ्ग | पि.क्षे | जम्मा | खुला सिफारिस |
| २०७७/७८ | ९ | ६ | २ | १ | २ | ० | २० | २८ |
| २०७६/७७ | ३९ | २६ | २४ | ७ | ३ | ४ | १०३ | १३० |
| २०७५/७६ | ६२५ | ५०९ | ४०९ | १६८ | ९५ | ७७ | १८८३ | २३९४ |
| २०७४/७५ | १०८८ | ८५८ | ७११ | २९२ | १६३ | १३२ | ३२४४ | ४००७ |
| २०७३/७४ | १३८३ | १०२६ | ९०१ | ३८५ | १८९ | १४२ | ४०२६ | ५२७३ |
| २०७२/७३ | ७९७ | ६२९ | ५०३ | २१३ | १०१ | ९५ | २३३८ | ३३०० |
| २०७१/७२ | ६३९ | ५४७ | ४५४ | १६८ | ९५ | ७६ | १९७९ | २७८३ |
| २०७०/७१ | ६२६ | ५०९ | ३८४ | १७३ | ९१ | ७१ | १८५४ | २७६७ |
| २०६९/७० | ३७२ | ३१८ | २५४ | १०६ | ५१ | ३५ | ११३६ | १७०७ |
| २०६८/६९ | ३५२ | २८० | २१२ | ९९ | ४० | ३० | १०१३ | १८०५ |
| २०६७/६८ | ४७१ | ३७१ | ३०० | १०५ | ५९ | ४३ | १३४९ | २४८७ |
| २०६६/६७ | ४९५ | ३६८ | ३१९ | १४२ | ६४ | ४३ | १४३१ | २०८० |
| २०६५/६६ | ११७ | ९४ | ९१ | ३६ | १५ | १२ | ३६५ | ८४० |
| २०६४/६५ | ३६६ | २४५ | १८३ | ८४ | ३३ | १७ | ९२८ | २२२८ |
| **कुल जम्मा** | **७३७९** | **५७८६** | **४७४७** | **१९७९** | **१००१** | **७७७** | **२१६६९** | **३१८२९** |

स्रोत : लोकसेवा आयोगको ६२ औं वार्षिक प्रतिवेदन

## ३.९ सुरक्षा निकायमा महिला सहभागिता

सुरक्षा क्षेत्रमा महिलाको सहभागिता क्रमशः वृद्धि हुने क्रममा रहेको छ। विभिन्न सुरक्षा निकायहरूमा हाल महिलाको सहभागिता निम्नानुसार रहेको छ :

### ३.८.१ नेपाल प्रहरीमा महिला सहभागिता

| क्र.स | दर्जा | संख्या |
|---|---|---|
| १ | प्रहरी महानिरीक्षक | ० |
| २ | प्रहरी अतिरिक्त महानिरीक्षक | २ |
| ३ | प्रहरी नायब महानिरीक्षक | ४ |
| ४ | प्रहरी वरिष्ठ उपरीक्षक | ३ |
| ५ | प्रहरी उपरीक्षक | ८ |
| ६ | प्रहरी नायब उपरीक्षक | २८ |
| ७ | प्रहरी निरीक्षक | ११९ |
| ८ | प्रहरी वरिष्ठ नायव निरीक्षक | ११६ |
| ९ | प्रहरी नायव निरीक्षक | १८० |
| १० | प्रहरी सहायक निरीक्षक | ४९८ |
| ११ | प्रहरी वरिष्ठ हवल्दार | १९२ |
| १२ | प्रहरी हवल्दार | ९८० |
| १३ | प्रहरी सहायक हवल्दार | १३८६ |
| १४ | प्रहरी जवान | ४३११ |
| १५ | प्रहरी कार्यालय सहयोगी | ५०८ |
| | **जम्मा** | ८३३५ |

स्रोत : प्रहरी प्रधान कार्यालय

### ३.८.२ सशस्त्र प्रहरी बल, नेपालमा महिला सहभागिता

| क्र.स | दर्जा | संख्या |
|---|---|---|
| १ | सशस्त्र प्रहरी महानिरीक्षक | ० |
| २ | सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक | ० |
| ३ | सशस्त्र प्रहरी नायब महानिरीक्षक | ० |
| ४ | सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक | १ |

| | | |
|---|---|---|
| ५ | सशस्त्र  प्रहरी उपरीक्षक | २ |
| ६ | सशस्त्र प्रहरी नायब उपरीक्षक | २३ |
| ७ | सशस्त्र प्रहरी निरीक्षक | ४२ |
| ८ | सशस्त्र प्रहरी वरिष्ठ नायव निरीक्षक | ० |
| ९ | सशस्त्र प्रहरी नायब निरीक्षक | ७८ |
| १० | सशस्त्र प्रहरी सहायक निरीक्षक | ४८ |
| ११ | सशस्त्र प्रहरी वरिष्ठ हवल्दार | २३ |
| १२ | सशस्त्र प्रहरी हवल्दार | १४० |
| १३ | सशस्त्र प्रहरी सहायक हवल्दार | ३५७ |
| १४ | सशस्त्र प्रहरी जवान | २२८२ |
| १५ | सशस्त्र प्रहरी कार्यालय सहयोगी | २५३ |
| | **जम्मा** | ३२४९ |

स्रोत : सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय

### ३.८.३. नेपाली सेनामा महिला सहभागिता

| क्र.सं. | दर्जा | महिला सैनिकको संख्या | कैफियत |
|---|---|---|---|
| १) | रथीवृन्द/अधिकृत | ४४९ | १०.३३ प्रतिशत |
| २) | पदिक/अन्यदर्जा | ६२११ | ७.५० प्रतिशत |
| **जम्मा** | | **६६६०** | **७.३५ प्रतिशत** |

स्रोत : नेपाली सेना, जङ्गी अड्डा

## ३.१०नेपालमा महिला विकास र सशक्तीकरणका लागि भएका प्रयासहरूको संक्षिप्त विवरण

| क्र.सं. | वर्ष | घटना |
|---|---|---|
| १. | २०१३ (१९५६ ई.) | महिला प्रशिक्षण केन्द्रको स्थापना |
| २. | २०२९ (१९७२ ई.) | महिला शिक्षा परियोजना लागू तथा सञ्चालन गर्न शिक्षा तथा समाज कल्याण मन्त्रालयमा छुट्टै एकाइ खडा |
| ३. | २०३० (१९७३ ई.) | तत्कालीन नेपाल महिला सङ्गठन केन्द्रीय कार्यसमिति अन्तर्गत महिला सीप विकास परियोजना सञ्चालन |
| ४. | २०३२ (१९७५ ई.) | आमा मिलन केन्द्रको स्थापना |

| | | |
|---|---|---|
| ५. | २०३३ (१९७६ ई.) | समान कामका लागि महिला र पुरुष कामदारलाई समान पारिश्रमिक प्रदान गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि १९५१ (नं. १००) लाई नेपाल सरकारबाट अनुमोदन (अनुमोदन मिति : ६ अक्टोवर १९७६) |
| ६. | ६ अक्टोबर १९७६ २०३४ (१९७७ ई.) | तत्कालीन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् अन्तर्गत नारी सेवा समन्वय समिति गठन |
| ७. | २०३६ (१९७९ ई.) | नेपालमा महिलाहरूको मर्यादास्तर (The Status of Women in Nepal) अध्ययन |
| ८. | २०३७ (१९८० ई.) | छैटौं पञ्चवर्षीय योजना (२०३७-४२) मा पहिलोपल्ट विकास कार्यमा महिला सहभागिता प्रवर्द्धन गर्ने छुट्टै नीति समावेश |
| ९. | २०३८ (१९८१ ई.) | तत्कालीन पञ्चायत तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत महिला विकास शाखा स्थापना |
| १०. | २०३८ (१९८१ ई.) | साना किसान विकास कार्यक्रमअन्तर्गत महिला कार्यक्रम सञ्चालन |
| ११. | २०३९/४० (१९८२/८३ ई.) | महिला विकास कार्यक्रम प्रारम्भ |
| १२. | २०४२ (१९८५ ई.) | तत्कालीन नारी सेवा समन्वय समितिको संयोजकत्वमा महिला विकासको निम्ति राष्ट्रिय कार्ययोजना तर्जुमा |
| १३. | २०४४ (१९८७ ई.) | श्रम मन्त्रालयमा महिला महाशाखा स्थापना |
| १४. | २०४७ (१९९० ई.) | महिला विकास शाखाको महाशाखामा स्तरोन्नति |
| १५. | २०४८ (१९९१ ई.) | महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९ लाई नेपाल सरकारबाट अनुमोदन |
| १६. | २२ अप्रिल १९९१ २०४९ (१९९२ ई.) | कृषि मन्त्रालयमा महिला कृषक महाशाखा स्थापना |
| १७. | २२ अप्रिल १९९१ २०४९ (१९९२ ई.) | आठौं पञ्चवर्षीय योजना (२०४९-५४) मा लैङ्गिक मूल प्रवाहीकरणको नीति अवलम्बन |
| १८. | २०५० (१९९३ ई.) | जल तथा शक्ति आयोगको सचिवालयमा महिला एकाइ स्थापना |
| १९. | २०५० (१९९३ ई.) | राष्ट्रिय योजना आयोगमा महिला तथा बालविकास शाखा स्थापना |
| २०. | २०५२ (१९९५ ई.) | महिला तथा समाजकल्याण मन्त्रालयको स्थापना |
| २१. | २०५२ (१९९५ ई.) | महिला सीप विकास समिति गठन तथा २०३० सालदेखि सञ्चालित सीप विकास परियोजनालाई समिति अन्तर्गत सीप विकास केन्द्रको रूपमा स्थापना गरी सञ्चालन गर्ने व्यवस्था |

| | | |
|---|---|---|
| २२. | २०५२/६/६ | नेपाल प्रहरीमा महिला एकाइ स्थापना (प्रहरी प्रधान कार्यालयका साथै ४ वटा जिल्ला कार्यालयहरूबाट प्रारम्भ) |
| २३. | २०५४ (१९९७ ई.) | नेपाल सरकारबाट लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजनाको स्वीकृति |
| २४. | २०५५ (१९९८ ई.) | स्थानीय स्वायत्त शासन ऐन जारी : (क) गाउँ विकास समिति र नगरपालिकाको प्रत्येक वडामा एकजना निर्वाचित महिला वडा सदस्य रहने प्रावधान (ख) गाउँ परिषद्मा एकजना, जिल्ला परिषद्मा एकजना र नगर परिषद्मा कम्तीमा ४० प्रतिशत गरी मनोनीत सदस्यमध्ये पनि महिला प्रतिनिधित्वको सुनिश्चितता (ग) गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिमा एक-एकजना महिला सदस्य मनोनीत हुनुपर्ने शर्त |
| २५. | २०५६ (१९९९ ई.) | महिला जागृति तथा आय आर्जन कार्यक्रम लागू |
| २६. | २०५६ (१९९९ ई.) | महिला विकास महाशाखालाई स्थानीय विकास मन्त्रालयबाट महिला तथा समाजकल्याण मन्त्रालय अन्तर्गत राख्ने व्यवस्था |
| २७. | २०५७ (२००० ई.) | महिला तथा समाजकल्याण मन्त्रालयको महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय नामकरण(निर्णय मिति : २०५७।३।२६) |
| २८. | २०५७ (२००० ई.) | महिला विकास महाशाखा महिला विकास विभागमा परिणत (निर्णय मिति : २०५७।३।२६) |
| २९. | २०५८ (२००१ ई.) | राष्ट्रिय महिला आयोगको गठन |
| ३०. | २०५८ (२००१ ई.) | राष्ट्रिय जनगणनाको लैङ्गिकीकरण |
| ३१. | २०५८ (२००१ ई.) | नेपाल प्रहरीको महिला एकाइलाई महिला तथा बालबालिका सेवा केन्द्र नामकरण ( डिसेम्बर २००८ मा केन्द्रीय महिला तथा बालबालिका सेवा केन्द्रको निर्देशनालयमा स्तरोन्नति, हाल सबै जिल्लामा सेवा केन्द्र विस्तार) |
| ३२. | २०५९ (२००२ ई.) | विभिन्न मन्त्रालय, निकायमा लैङ्गिक सम्पर्क-बिन्दु (Gender Focal Focal Point) तोक्ने व्यवस्था |
| ३३. | २०६० (२००३ ई.) | नेपाल सरकारबाट महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएका राष्ट्रिय कार्ययोजनाको स्वीकृति (निर्णय मिति : २०६०।९।१७) |
| ३४. | २०६० (२००३ ई.) | जिल्लास्थित महिला विकास शाखा महिला विकास कार्यालयमा परिणत (निर्णय मिति : २०६०।१२।२६) |

| | | |
|---|---|---|
| ३५. | २०६० (२००३ ई.) | नेपाल सरकारबाट जिल्लास्थित महिला विकास शाखालाइ महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र गैरसरकारी संस्थाहरूको समन्वयकर्ता, सम्पर्क सूत्र, सहजकर्ताको भूमिका निर्वाह गराउने सम्पर्क निकाय (FocalAgency) तोक्ने निर्णय (निर्णय मिति : २०६०।४।५) |
| ३६. | २०६१ (२००४ ई.) | नेपाल सरकारबाट लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजनाको स्वीकृति |
| ३७. | २०६१ (२००४ ई.) | नेपाल सरकारबाट लैङ्गिक तथा बालअधिकारको मूल प्रवाहीकरण कार्यनिर्देशिका (जिल्लास्तर) को स्वीकृति :स्थानीय स्तरमा पनि लैङ्गिक सम्पर्क-बिन्दुहरू तोक्नुपर्ने व्यवस्था |
| ३८. | २०६१ (२००४ ई.) | सम्पत्तिमा महिलाको स्वामित्व वृद्धिगर्ने दृष्टिकोणले महिलाको नाममा दर्ता हुने जग्गाको दर्ता दस्तुरमा १० प्रतिशत छूट दिने नीति (आ.व. २०६१/६२ को बजेट बक्तव्य) |
| ३९. | २०६२ (२००५ ई.) | लैङ्गिक-उत्तरदायी बजेट (Gender Responsive Budget)को प्रारम्भिक शुरुवात (आ.ब.२०६३ को बजेट) |
| ४०. | २०६२ (२००५ ई.) | वेश्यावृत्तिका लागि महिला र बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन महासन्धि २००२ लाई नेपालको अनुमोदन (अनुमोदन मिति : ३१ अक्टोवर २००६) |
| ४१. | २०६२ (२००५ ई.) | महिला जागृति तथा आयआर्जन कार्यक्रम महिला विकास कार्यक्रममा नै एकीकृत गरी सञ्चालन गर्ने व्यवस्था |
| ४२. | २०६२ (२००६ ई.) | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको इच्छाधीन आलेख १९९९ लाई नेपालको अनुमोदन (अनुमोदन मिति : १८ डिसेम्बर २००६) |
| ४३. | २०६३ (२००६ ई.) | प्रतिनिधि सभाको घोषणा जारी : राज्य संरचनामा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने सङ्कल्प |
| ४४. | २०६३ (२००६ ई.) | नेपालको अन्तरिम संविधान जारी : महिलाका मौलिक हकको प्रत्याभूति |
| ४५. | २०६३ (२००६ ई.) | गाविस अनुदानको न्यूनतम ५ प्रतिशत विपन्न वर्गका महिलालाई प्रत्यक्षतः फाइदा पुग्ने आयोजनाहरूका लागि छुट्याउनु पर्ने व्यवस्था |
| ४६. | २०६३ (२००६ ई.) | नेपाल सरकारबाट छाउपडी प्रथालाई कुरीति घोषणा |
| ४७. | २०६३ (२००६ ई.) | लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन जारी |

| | | |
|---|---|---|
| ४८. | २०६३ (२००७ ई.) | राष्ट्रिय महिला आयोग ऐन जारी (प्रमाणीकरण मिति २०६३/९/३०) |
| ४९. | २०६४ (२००७ ई.) | मानव बेचबिखन तथा ओसार-पसार (नियन्त्रण) ऐन जारी |
| ५०. | २०६४ (२००७ ई.) | निजामती सेवा ऐन, २०४९ मा दोस्रो संशोधन : (क) निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत छुट्ट्याएर छुट्ट्याइएको ४५ प्रतिशतलाई शत प्रतिशत मानी सोको ३३ प्रतिशत पदमा महिला उम्मेदवारबीच मात्रको प्रतियोगिताद्वारा पदपूर्ति गर्ने प्रावधान (ख) महिला विकास कार्यक्रमको स्थायी पदमा कार्यरत कम्तीमा पाँच वर्ष अस्थायी सेवा गरेका महिला उम्मेदवारलाइएकपटकका लागि तोकिएको पदमा लोक सेवा आयोगबाट निर्धारित प्रतिस्पर्धात्मक परीक्षा लिई स्थायी नियुक्ति गर्ने प्रावधान ( प्रमाणीकरण मिति २०६४/४/८, लालमोहर र प्रकाशन मिति : २०६४/४/२३ |
| ५१. | २०६५ (२००८ ई.) | नेपाल सरकारद्वारा स्थानीय शान्ति समितिका कार्यक्षेत्रगत शर्तहरू जारी : स्थानीय स्तरमा गठन हुने शान्ति समितिमा कम्तीमा एक-तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था |
| ५२. | २०६५ (२००८ ई.) | मानव बेचबिखन तथा ओसार-पसार (नियन्त्रण) नियमावली जारी |
| ५३. | २०६५ (२००८ ई.) | राष्ट्रिय महिला आयोग नियमावली जारी |
| ५४. | २०६६ (२००९ ई.) | स्थानीय विकास मन्त्रालय र अन्तर्गतका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको स्वीकृति : गाविस विकास अनुदानको १५ प्रतिशत महिला र बालबालिकाहरूसँग सम्बन्धित निश्चित कार्यक्रमहरूका लागि छुट्ट्याउनुपर्ने व्यवस्था |
| ५५. | २०६६ (२००९ ई.) | घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ (प्रमाणीकरण मिति २०६६/१/१४ |
| ५६. | २०६७ (२०१० ई.) | महिला विकास विभागलाई महिला तथा बालबालिका विभाग र जिल्लास्थित महिला विकास कार्यालयलाई महिला तथा बालबालिका कार्यालय नामकरण (निर्णय मिति : २०६७।६।१२) |
| ५७. | २०६७ (२०१० ई.) | घरेलु हिंसा (कसूर र सजाय) नियमावली जारी |
| ५८. | २०६७ (२०१० ई.) | त्रिवर्षीय योजना (२०६७/६८-२०६९/७०) मा महिला विकास कार्यक्रमलाई देशका सबै गाविसमा विस्तार गर्ने कार्यनीतिका साथै परिमाणात्मक लक्ष्य |

| | | |
|---|---|---|
| ५९. | २०६७/६/१२ २०६७ (२०११ ई.) | नेपाल सरकारबाट संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना (२०६७/६८ - २०७१/७२) को स्वीकृति |
| ६०. | २०६७/६/१२ २०६७ (२०११ ई.) | लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७जारी |
| ६१. | २०६८ | पुनःस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८ जारी |
| ६२. | २०६८ | पुनःस्थापना कोष सञ्चालन निर्देशिका, २०६८ जारी |
| ६३. | २०६८ | मानव बेचविखन विरुद्धको अभियानमा संलग्न सरोकारहरूका लागि मनोसामाजिक मनोविमर्श निर्देशिका, २०६८ जारी |
| ६४. | २०७० | एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० जारी |
| ६५. | २०७१ | एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड, २०७१ जारी |
| ६६. | २०७१ | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ जारी (प्रमाणिकरण मिति : २०७१।८।५) |
| ६७. | २०७१ | मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ र यसको कार्यान्वयन योजना, २०७१ |
| ६८. | २०७२ | लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ जारी |
| ६९. | २०७२ | बोक्सी आरोप (कसूर र सजाय) ऐन, २०७२ जारी ( प्रमाणीकरण मिति २०७२/६/१८) |
| ७०. | २०७२ | बालविवाह अन्त्यको लागि राष्ट्रिय रणनीति, २०७२ |
| ७१. | २०७३ | एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड (संशोधन), २०७३ |
| ७२. | २०७४ | राष्ट्रिय महिला आयोग ऐन, २०७४ |
| ७३. | २०७४ | अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ |
| ७४. | २०७४ | कार्यस्थलमा हुने यौन दुर्व्यवहार आचारसंहिता, २०७४ |
| ७५. | २०७४ | मुलुकी देवानी (संहिता) ऐन, २०७४ |
| ७६. | २०७४ | मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ |
| ७७. | २०७५ | महिला तथा बालिका उपर हुने हिंसा अन्त्यका लागि पुरुष) सहभागिता रणनीति, २०७५ |

| | | |
|---|---|---|
| ७८. | २०७५ | सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी ऐन, २०७५ |
| ७९. | २०७५ | बालबालिका सम्बन्धी ऐन, २०७५ |
| ८०. | २०७७ | राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ |
| ८१. | २०७७ | सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली, २०७७ |
| ८२. | २०७७ | अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ (नेपाल सरकारबाट २०७७/१०/०५ मा स्वीकृत) |
| ८३. | २०७७ | नेपाल लैङ्गिक तथा समावेशी नीति, २०७७ (निर्वाचन आयोग) |
| ८४. | २०७८ | राष्ट्रिय महिला आयोग नियमावली, २०७८ (मिति २०७८/०३/२१ गतेको नेपाल राजपत्रमा प्रकाशित) |

# आयोगका प्रमुख कार्यक्रमहरू

## ४.१ आयोगबाट सञ्चालित प्रमुख कार्यक्रमहरू

राष्ट्रिय महिला आयोगले आफ्नो स्थापनाकालदेखि नै महिला हकहितको संरक्षण र संवर्द्धन तथा महिलाको सशक्तीकरणका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । आयोगका प्रमुख कार्यक्रमहरू निम्नानुसार रहेका छन् :

| क.सं. | उद्देश्य | | सञ्चालित कार्यक्रमहरू |
|---|---|---|---|
| १. | जनचेतना अभिवृद्धि | १. महिला हकहितको संरक्षण र संवर्द्धन तथा महिलाको सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।<br>२. महिला विरुद्धका सबै प्रकारका हिंसा र विभेद अन्त्य गर्न त्यस्तो हिंसा र विभेद सृजना गर्ने कुरीति र अन्धविश्वास हटाउन आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने । | • सार्वजनिक सुनुवाई<br>• विद्यालय तहमा महिला अधिकार प्रवर्द्धन तथा लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी जनचेतना मूलक कार्यक्रम<br>• प्रथा परम्परा तथा सामाजिक कुरीतिका कारण महिलामाथि हुने हिंसा सम्बन्धमा छलफल<br>• विभिन्न सरोकारवाला निकायहरूसँग महिला हिंसा सम्बन्धी छलफल/अन्तरक्रिया |
| २. | अनुगमन तथा अध्ययन अनुसन्धान | १. महिलाको हक हितसँग सम्बन्धित प्रचलित कानूनको पालना भए नभएको अनुगमन गरी नीतिगत सुझाव तयार पार्ने ।<br>२. नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता अन्तर्गतको दायित्व कार्यान्वयन भए नभएको अनुगमन गरी सुझाव दिने । | • आयोगको वार्षिक कार्यक्रममा यस सम्बन्धी विषयहरू समावेश गरी नियमित तवरमा कार्यान्वयन गर्दै आइरहेको । |

| | | | |
|---|---|---|---|
| | | ३. सरकारी गैरसरकारी वा निजीक्षेत्रको अनुगमन गरी सुझाव दिने ।<br>४. महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न लागू गरिएको नीति तथा कार्यक्रमको मूल्याङ्कन गर्ने ।<br>५. महिलाहरूको समुचित विकास तथा लैङ्गिकसमानता कायम गर्न महिलाहरूका लागि सञ्चालित कार्यक्रमहरू, रोजगारीका अवसरमा महिलाको पहुँच स्थापना, राज्यका विभिन्न निकायमा महिला सहभागिता अभिवृद्धि, अन्तर्राष्ट्रिय प्रतिबद्धताको पालना, संविधान प्रदत्त हक अधिकारको प्रचलन लगायतका विषयमा अध्ययन अनुसन्धान गरी भावी कार्यदिशाका लागि नेपाल सरकारलाई सुझाव प्रदान गर्ने । | • आयोगका पदाधिकारी तथा कर्मचारीबाट हिंसाका घटनाका साथै अन्य सेवा प्रदायक संघ-संस्थाको समेत अनुगमन गरी सुझाव दिने कार्य भइरहेको । |
| ३ | उजुरी व्यवस्थापन | हिंसा पीडित महिला तथा बालिकालाई निःशुल्क कानूनी परामर्श तथा सहयोग । | • महिला हिंसा सम्बन्धी उजुरी लिई सोको व्यवस्थापन तथा आवश्यकता अनुसार अन्य निकायमा सिफारिस गर्ने गरिएको । |

| | | | |
|---|---|---|---|
| ४ | दातृ निकायको सहयोगमा सञ्चालित कार्यक्रमहरू (हाल नेपाल सरकारकै स्रोतबाट संचालित) | १. लैङ्गिक हिंसा पीडित/प्रभावितहरूको उद्धार तथा संरक्षण गर्ने ।<br>२. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि समितिले नेपालको छैटौं प्रतिवेदन उपर दिएका निष्कर्ष सुझावको कार्यान्वयन अवस्थाको अध्ययन गर्ने । | १. खबर गरौं ११४५ हेल्पलाइन सेवा सञ्चालनमार्फत लैङ्गिक हिंसा रोकथाम र सम्बोधनका लागि एकीकृत परियोजना (सम्बोधन परियोजना, विश्व बैंक)<br>२. Technical Support to National Machinery on Monitoring the Implementation of CEDAW Concluding Observations परियोजना, UN Women |

## ४.२ दातृ निकायहरूको सहयोगमा सञ्चालित कार्यक्रम

### ४.२.१ **लैगिंक हिंसा रोकथाम र सम्बोधनका लागि एकीकृत परियोजना** (Integrated Platform for Gender based Violence Prevention and Response in Nepal- सम्बोधन परियोजना)

प्रचलित कानूनले आयोगलाई सुम्पिएका जिम्मेवारीहरूमध्ये एउटा जिम्मेवारी घरेलु हिंसा र महिला हिंसाका घटनाहरूको उजुरी सुन्ने पनि रहेको सन्दर्भमा उजुरी सुन्ने प्रक्रियालाई व्यवस्थित गरी एकै ठाउँबाट सम्बोधन गर्न र रोकथामका कार्यक्रमहरू सञ्चालन गर्नका लागि विश्व बैंकको सहयोगमा सन् २०१७ को डिसेम्बरबाट आयोग अन्तर्गत लैङ्गिक हिंसा रोकथाम र सम्बोधनका लागि एकीकृत परियोजना (Integrated Platform for Gender based Violence Prevention and Response in Nepal) सञ्चालन भएको थियो। यस परियोजनाबाट हिंसा, दुर्व्यवहार, शोषण तथा विभेदमा परेका महिला तथा बालबालिकाहरूलाई तत्काल सेवा प्रदान गर्ने उद्देश्यले "खबर गरौं ११४५ हेल्पलाइन सेवा" को थालनी गरिएको थियो। हेल्पलाइन सेवा १० डिसेम्बर, २०१७ (२०७४ मंसिर २४) बाट विधिवत् शुरू भई २०७८ असार मसान्तसम्म निरन्तर सञ्चालन भएको थियो। हेल्पलाइनमा निःशुल्क रूपमा सिधै फोन गरेर, एसएमएस गरेर, स्वयं उपस्थित भएर, इमेल info@nwc.gov.np, info@nwchelpline.gov.np वा वेबसाइट www.nwc.gov.np बाट पनि उजुरी निवेदन दिन सकिने

व्यवस्था छ। यस परियोजना अन्तर्गत हेल्पलाइन सेवा सञ्चालनका साथै लैङ्गिक हिंसा रोकथामका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका थिए। हाल यो कार्यक्रम नेपाल सरकारकै स्रोतबाट संचालित छ।

यस हेल्पलाइनबाट महिला हिंसाविरुद्ध कार्य गरिरहेका विभिन्न सेवा प्रदायक सरकारी तथा अन्य संघसंस्थाहरूको समन्वय र सहकार्यमा पीडितलाई कानूनी सहयोग, मनोसामाजिक मनोविमर्श, संरक्षण, स्वास्थ्य उपचार, बालिकाहरूको लागि विशेष सेवा, सामाजिकीकरण, पुनःस्थापना लगायतका सेवा र सुविधाहरू उपलब्ध गराइदै आएको छ। "**खबर गरौँ ११४५ हेल्पलाइन सेवा**" सञ्चालनबाट आयोगले महिलामाथि हुने हिंसाको सम्बोधन तथा महिला अधिकार संरक्षण सम्बन्धमा विगतदेखि गर्दै आएको काम कारवाहीलाई अझ व्यवस्थित तथा प्रभावकारी बनाउन सहयोग पुगेको छ। हेल्पलाइनको माध्यमबाट हिंसा पीडित/प्रभावित हजारौँ महिला तथा बालबालिकाहरूलाई प्रत्यक्ष लाभ पुगेको हुँदा यो माध्यम प्रभावकारी देखिएको छ।

नेपाल सरकार र विश्व बैंकबीच सन् २०१६ अप्रिलमा ३ वर्षको लागि सम्झौता भएको यस परियोजनाको म्याद थप भई जुलाई १५, २०२१ सम्म कायम भएको थियो। अमेरिकन डलर १.३ मिलियन (ने.रू. करीब १३,००,००,०००) बजेट रहेको यो परियोजनाको खर्च गर्ने प्रक्रिया शोधभर्ना प्रणालीमा आधारित रहेको थियो। हाल यस परियोजनाको समयाबधि समाप्त भैसकेको छ।

#### ४.२.१.१ **परियोजनाको उद्देश्य**

आयोगबाट पहिलो पटक निःशुल्क हेल्पलाइन सेवा सञ्चालनको व्यवस्था गरिएको यो परियोजनाको उद्देश्य देहायबमोजिम रहेको थियो :

(क) हेल्पलाइन मार्फत दक्ष र प्रभावकारी सेवा प्रवाहमा अभिवृद्धि,

(ख) लैङ्गिकतामा आधारित हिंसासम्बन्धी विषयहरूको सम्बोधन र पैरवीका लागि राष्ट्रिय महिला आयोगको क्षमता अभिवृद्धि,

(ग) लैङ्गिकतामा आधारित हिंसा र अधिकारबारे सचेतना अभिवृद्धि,

(घ) सम्बन्धित व्यक्ति र प्रमुख सरोकारवाला निकायहरूको लैङ्गिक न्यायसङ्गत व्यवहारमा अभिवृद्धि।

#### ४.२.१.२ **परियोजनाको कार्यक्षेत्र तथा सेवा प्रवाह व्यवस्था**

यो परियोजनाको कार्यक्षेत्र प्रारम्भमा काठमाडौँ, ललितपुर, भक्तपुर र नुवाकोट गरी ४ जिल्ला रहेकोमा हेल्पलाइन सेवा विस्तारको आवश्यकता महसुस गरी पछिल्लो चरणमा परियोजनाको कार्यक्षेत्र नेपालभरि नै विस्तार गरिएको थियो। खासगरी "**खबर गरौँ ११४५ हेल्पलाइन सेवा**" को विस्तार र प्रभावकारिता अभिवृद्धिमा जोड दिँदै परियोजनाबाट साझेदार संस्था तथा सरोकारवाला निकायसँगको समन्वयमा निम्नानुसार सेवा प्रवाहको व्यवस्था मिलाइँदै आएको थियोः

- घरेलु हिंसा तथा महिला हिंसा पीडित र प्रभावित महिला, बालबालिकाको उद्धार गरी उनीहरूलाई राहत, संरक्षण, अल्पकालीन आवास, कानूनी सहयोग, मध्यस्थता, मेलमिलाप, स्वास्थ्य सेवा र मनोविमर्श सेवा प्रदान गर्ने ।
- सरोकारवाला निकाय तथा संस्थाहरूको सहकार्यमा हिंसा पीडित र प्रभावित महिला तथा बालबालिकाको सामाजिक तथा पारिवारिक पुनःएकीकरण गर्ने ।
- महिला तथा बालबालिकालाई नियोजित रूपमा हिंसापूर्ण व्यवहार गर्ने तथा गराउने व्यक्ति वा समूहका विरुद्ध कानूनी कारवाहीको पहल गर्ने ।
- घरेलु तथा महिला हिंसा विरुद्ध सामाजिक सचेतना अभिवृद्धि गर्ने ।

४.२.१.३ **परियोजनाका साझेदार संस्थाहरू र प्रदान गरिएका सेवा**

| क्र.सं. | साझेदार संस्थाहरू | प्रदान गरिएका सेवाहरू |
|---|---|---|
| १. | कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) | कानूनी परामर्श र निःशुल्क कानूनी सेवा |
| २. | साथी | आश्रयस्थल, मनोसामाजिक परामर्श, विभिन्न किसिमका सीपमूलक तालिम |
| ३. | सिविन | बालबालिकालाई आवास सहयोग, मनोसामाजिक परामर्श, शिक्षामा सहयोग |
| ४. | बहुसाँस्कृतिक मनोसामाजिक संस्था (टि.पि.ओ.) नेपाल | मनोसामाजिक परामर्श, मानसिक स्वास्थ्य सम्बन्धी सहयोग, कानूनी सेवा |
| ५. | नेपाल बार एसोसियसन | निःशुल्क कानूनी सहायता |
| ६. | मानव सेवा आश्रम | मानसिक स्वास्थ्य समस्या भएका पीडितको लागि आश्रयस्थल तथा मनोपरामर्श सेवा |

यस परियोजनाले हिंसा भइसकेपछि हिंसाको सम्बोधनका लागि समन्वय र सहकार्य गर्नुका साथै हिंसा रोकथामका लागि विभिन्न जिल्लाहरूमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरेको थियो । राष्ट्रिय महिला आयोगका पदाधिकारी तथा कर्मचारीको साथै अन्य मन्त्रालय/निकायका प्रतिनिधिहरूलाई हेल्पलाइन तथा महिला सशक्तीकरणका लागि भएका असल अभ्यासहरूको बारेमा अनुभव आदान-प्रदान मार्फत सिकाइको लागि श्रीलंका र संयुक्त राज्य अमेरिकाको भ्रमणको आयोजना गरेको थियो ।

यस परियोजनाले महिला हिंसा विरुद्धका सचेतनामूलक सामग्रीहरूको प्रकाशनका साथै नीतिगत दस्तावेजको निर्माणमा समेत सहयोग गरेको थियो ।

### ४.२.२ Technical Support to National Machinery on Monitoring the Implementation of CEDAW Concluding Observations परियोजना

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, १९७९ (CEDAW) को नेपाल पक्षराष्ट्र बने पश्चात् नेपालले सो समितिमा CEDAW कार्यान्वयन सम्बन्धी ६ वटा प्रतिवेदन पठाई उक्त प्रतिवेदन उपर समितिले निष्कर्ष र सुझाव पनि दिइसकेको छ । उक्त निष्कर्ष र सुझावमा उल्लेख गरिएको विषयको कार्यान्वयन गर्नु नेपाल सरकारको दायित्व रहेको हुन्छ । अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन भए नभएको विषयमा अनुगमन गरी सो सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिन सक्ने राष्ट्रिय महिला आयोगको क्षेत्राधिकार समेत रहेको छ। सोही बमोजिम आयोगले UN Women को सहयोगमा CEDAW महासन्धि अन्तर्गतको नेपालको छैटौं आवधिक प्रतिवेदन उपर प्राप्त निष्कर्ष र सुझावको कार्यान्वयनको अवस्थाबारे अध्ययन विश्लेषण गरी तथा प्रदेशमा अन्तरक्रिया कार्यक्रमका साथै प्रदेश सम्पर्क व्यक्तिहरूमार्फत सूचना संकलन गरी स्थिति प्रतिवेदन (Status Report) तयार गरेको छ।

आयोगले उक्त विषयमा अनुगमन गरी प्रतिवेदन तयार गर्ने उद्देश्य अनुरूप CEDAW समितिबाट प्राप्त निष्कर्ष सुझावको कार्यान्वयन गर्नको लागि अनुगमन संरचना र कार्यहरूको सूची तयार गरेको थियो। उक्त विषयका सम्बन्धमा प्रदेशस्तरीय र एउटा राष्ट्रिय स्तरको छलफल गरी सुझावहरू संकलन गरिएको थियो। यस कार्यलाई थप प्रभावकारी बनाउनका लागि ११ सदस्यीय निर्देशन समितिको गठन गरिएको थियो, जसमा ६ जना महिला, ४ जना पुरुष र १ जना लैङ्गिक तथा यौनिक अल्पसंख्यक प्रतिनिधि रहेका थिए । उक्त कार्यसमितिमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, महिला कानून र विकास मञ्च (FWLD), दलित महिला संघ, अपाङ्ग महासंघ, नीलहिरा समाज, राष्ट्रिय आदिवासी महिला समाज सदस्यका रूपमा रहेका थिए। ८ जुलाई, २०१९ मा सम्झौता भएको यस परियोजनाको जम्मा बजेट रू. ४९,०७,०२०।०० रहेको थियो र यो परियोजना सोझै भुक्तानी खर्च प्रक्रियामा आधारित रहेको थियो।

यस परियोजना अन्तर्गत अध्ययन, विश्लेषण तथा विभिन्न तहमा अन्तरक्रिया/छलफल गरी सिड समितिले नेपालको छैटौं आवधिक प्रतिवेदन उपर दिएको निष्कर्ष टिप्पणीको कार्यान्वयन अवस्थाको अध्ययन प्रतिवेदन नेपाली र अंग्रेजी भाषामा तयार गर्ने कार्य सम्पन्न गरिएको थियो।

परिच्छेद – ५

# आ.व. २०७८।७९ मा आयोगबाट सम्पादित कार्यहरु

## ५.१ कानुनी र नीतिगत सुधार :

महिला अधिकार उपयोगबाट वञ्चित भएका तथा लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकामा सहयोग पुऱ्याउने कार्यलाई व्यवस्थित गर्न लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकामा सहयोग उपलब्ध गराउन सेवा प्रदायक संस्था छनौट तथा सेवाशुल्क/अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को मस्यौदा तर्जुमा गरी २०७८ माघ ६ गतेको आयोगको बैठकबाट स्वीकृत भई सो अनुसार कार्य सञ्चालन भएको छ।

## ५.२ आयोगको पञ्चवर्षीय रणनीतिक योजना :

राष्ट्रिय महिला आयोगले विगतमा दुईवटा पञ्चवर्षीय रणनीतिक योजना - पहिलो (२०६६।६७-२०७०।७१) र दोस्रो (२०७१।७२-२०७५।७६) तर्जुमा गरी कार्यान्वयन गरी सकेको छ। ती रणनीतिक योजनाले अन्य कुराका अतिरिक्त आयोगको भूमिकालाई सबल र सुदृढ बनाउँदै महिला हक, हित र अधिकारको संरक्षण तथा महिला हिंसा सम्बोधनको क्षेत्रमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्ने संस्थाको रुपमा आयोगलाई स्थापित गर्न सहयोग पुऱ्याएका थिए। उक्त रणनीतिक योजनाहरूले अघि सारेका कतिपय विषयहरू भने अद्यापि कार्यान्वयन हुन बाँकी छ। यस सन्दर्भमा आयोगले उक्त रणनीतिक योजनाहरूलाई आधार बनाई तथा त्यसको कार्यान्वयनबाट सिकेका शिक्षाहरूलाई समेत दृष्टिगत गरी तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७८।७९-२०८२।८३) आयोगको बैठकबाट स्वीकृत गरिएको छ। यो रणनीतिक योजनाले आयोगको पाँच वर्षको सोंच, लक्ष्य र उद्देश्यहरू सहितको स्पष्ट रणनीति, कार्यनीति, कार्यदिशा तथा सञ्चालन गरिने मुख्य-मुख्य क्रियाकलापहरू तय गर्नुका साथै यसका लागि आवश्यक पर्ने दक्ष जनशक्ति, विभिन्न निकायसँगको सहकार्य र समन्वयको स्पष्ट खाका, साधन स्रोतको आवश्यकता पहिचान र व्यवस्थापन तथा कार्यान्वयनको समयसीमा निर्धारण गरेको छ। यसका साथै यो रणनीतिले आयोगको प्रदेश र स्थानीय तहमा कार्य बिस्तार गर्ने, स्थानीय तह तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा आयोगका कार्यहरू सञ्चालन गर्ने सम्बन्धमा खाका निर्धारण गरेको छ। यस रणनीतिक योजनाले राज्यले महिला अधिकारको संरक्षणको सम्बन्धमा प्रतिबद्धता व्यक्त गरेका सबै प्रकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी प्रतिबद्धताहरूको कार्यान्वयनको समीक्षा र अनुगमनका लागि आयोगलाई स्पष्ट मार्गदर्शन गरेको छ। आयोगलाई संविधान र अन्य कानूनहरूले निर्दिष्ट गरेका जिम्मेवारीहरू सम्पादनको क्रममा नेपाल सरकारका सम्बन्धित मन्त्रालय तथा निकायहरू, संवैधानिक अंगहरू तथा गैरसरकारी संस्थाहरू सँगको सहकार्य र समन्वयलाई सुदृढ तुल्याउन पनि यसले सहयोग पुऱ्याउने अपेक्षा लिइएको छ।

## ५.३ तनाव व्यवस्थापन र सकारात्मक सोच सम्बन्धमा कर्मचारी र पदाधिकारीको क्षमता विकास :

कर्मचारी तथा पदाधिकारीको क्षमता विकास सम्बन्धी कार्यक्रम पदाधिकारी तथा कर्मचारीहरूलाई आफ्नो जिम्मेवारीमा सकारात्मक भावना र उच्च मनोबलका साथ पुरा गर्न तत्पर बनाउने उद्देश्यले ३(तीन) पटक सम्पन्न भयो। यस कार्यक्रमको कार्यान्वयनबाट कर्मचारीमा सहकार्य र समन्वय गरी मैत्रीपूर्ण ढंगले सुझावहरू आदान-प्रदान र सरसहयोग गरी कार्य सम्पादन गर्ने प्रवृत्तिको सुरुवात भएको छ भने पदाधिकारीहरूमा पनि समन्वय र सहकार्य गर्दै आयोगका महत्वपूर्ण निर्णयहरू गर्न आफ्नो क्षमताको उपयोग गर्ने संस्कारको विकास भएको छ।

**कार्यक्रमको विवरण**

| क्र.सं. | कार्यक्रमको नेतृत्व | कार्यक्रमको स्थान | कार्यक्रमको मिति | सहभागी संख्या |
|---|---|---|---|---|
| १. | माननीय अध्यक्ष कमला कुमारी पराजुली | काठमाडौं | २०७८।०४।२९-३० गते | ३५ जना |
| २. | माननीय अध्यक्ष कमला कुमारी पराजुली | काठमाडौं | २०७८।०९।२८ | ३५ जना |
| ३. | माननीय अध्यक्ष कमला कुमारी पराजुली | भक्तपुर | २०७९।०१।०९-१० गते | ६० जना |

**कार्यक्रमबाट आएका सुझावहरू :**

- यस किसिमको कार्यक्रमहरू नियमित रूपमा आयोजना गरी पदाधिकारी तथा कर्मचारीहरूमा उत्प्रेरणा जगाउनु आयोगको जिम्मेवारी हुने।
- तनाव व्यवस्थापनका लागि पुनर्ताजगी आवश्यक हुने।
- अनौपचारिक भेटघाट र छलफलको माध्यमबाट कर्मचारी र पदाधिकारीहरूमा सहकार्यको संस्कृति विकास हुने।
- पदाधिकारीहरूबाट राम्रा निर्णयहरू हुन र कर्मचारीबाट राम्रो कार्य सम्पादन हुन कार्यालयले पनि नियमित रूपमा तनाव व्यवस्थापन र सकारात्मक सोच विकास सम्बन्धी क्रियाकलापहरू गर्नु पर्ने।
- सहभागीहरूले तनाव व्यवस्थापन र सकारात्मक सोंच विकास गर्नका लागि अध्ययन, ध्यान, योग आदि गरिरहनु पर्ने।

## ५.४ महिला उद्यमशीलता विकासका लागि सरोकारवालासँग अन्तक्रिया कार्यक्रम :

उद्यमशीलता प्रवर्द्धन मार्फत महिलाको आर्थिक तथा सामाजिक सशक्तीकरण हुन सक्ने विषय निःसन्देह छ। संघीय संरचनामा महिला सशक्तीकरणको मुख्य अस्त्र नै उद्यमशीलता विकास रहेको यथार्थलाई मध्यनजर गरी देहाय बमोजिम सम्बन्धित जिल्लाका उद्यमशीलता विकासको क्षेत्रमा क्रियाशील विभिन्न सरोकारवाला निकायहरू एवं व्यक्तिहरूको उपस्थितिमा यस कार्यक्रमलाई प्रभावकारी ढंगले ५(पाँच) पटक सम्पन्न गरिएको छ।

| क्र.सं. | कार्यक्रमको नेतृत्व | कार्यक्रम स्थान | कार्यक्रमको मिति | सहभागी संख्या |
|---|---|---|---|---|
| १. | माननीय सदस्य विद्या कुमारी सिन्हा | जितपुर सिमरा उप महानगरपालिका बारा | २०७८.११.२९ | २५ जना |
| २. | माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा | सोलुखुम्बु, सल्लेरी | २०७९.०१.१५ | ६० जना |
| ३. | माननीय सदस्य सावित्रा कुमारी शर्मा | पुतलीबजार, स्याङ्जा | २०७९.०३.१४ | ४८ जना |
| ४. | माननीय सदस्य जया घिमिरे | महेन्द्रनगर, कञ्चनपुर | २०७९.०३.२० | ५७ जना |
| ५. | माननीय सदस्य विद्या कुमारी सिन्हा | परासी (पश्चिम नवलपरासी) | २०७९.०३.२१ | ११२ जना |

**कार्यक्रमबाट आएका सुझावहरू:**

- महिला उद्यमशीलता विकासका लागि राष्ट्रिय महिला आयोगले यथेष्ट प्रचार प्रसार गर्नु पर्दछ।
- उद्यमशीलता विकासका लागि आवश्यक नीति तथा कार्यक्रम तय गर्न राष्ट्रिय महिला आयोगले सरकारी संयन्त्रहरूलाई सिफारिस गर्नु पर्दछ।
- महिलाले स्थानीय स्तरमा उत्पादन गरेका वस्तुहरूको बजारीकरण गर्ने विषयमा स्थानीय तहको ध्यान केन्द्रित हुनु पर्दछ।
- महिला उद्यमशीलता प्रवर्द्धनमा विशेष गरी स्थानीय सरकार बढी जिम्मेवार हुन पर्दछ।
- स्थानीय स्तरमा बढी संभाव्य क्षेत्र पहिचान गरी महिला उद्यमशीलता प्रवर्द्धनमा लगानी गर्नु पर्दछ।

## ५.५ निर्वाचनको लैङ्गिक अनुगमन तथा प्रतिवेदन :

आ.व. २०७८/७९ मा नै स्थानीय तह सदस्य निर्वाचन, २०७९ सम्पन्न भयो। निर्वाचनको समयमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पक्ष अनुगमन गरी विस्तृत र विश्लेषणात्मक प्रतिवेदन तयार भएको छ। निर्वाचनको अनुगमन ७ वटै प्रदेशमा राष्ट्रिय महिला आयोगको अनुगमन टोली परिचालित भई सम्पन्न भयो। फरक प्रदेशको लागि फरकफरक अनुगमन टोली गठन भई अनुगमन भयो। अनुगमन टोलीहरूबाट आ-आफ्ना प्रतिवेदनहरू राष्ट्रिय महिला आयोगमा पेश भए पश्चात् आयोगले विस्तृत प्रतिवेदन तयार गरेको छ।

यस प्रतिवेदन तयार गर्नुको उद्देश्य देहाय बमोजिम रहेका थिए :

- दलहरूले उम्मेदवार मनोनयन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई ख्याल गरे नगरेको विषयमा आवश्यक तथ्याङ्क प्राप्त गर्न।

- लैङ्गिक तथा सामाजिक समावेशीकरणको पक्षलाई विभिन्न सूचकहरूको आधारमा विश्लेषण गरी आगामी निर्वाचनहरूलाई लैङ्गिक तथा सामाजिक समावेशीकरण मैत्री बनाउन पहल गर्ने ।
- निर्वाचनमा कर्मचारी परिचालनको पक्ष लैङ्गिक मैत्री भए नभएको यकिन गर्न ।
- निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूको संख्यामा स्थानीय तहगत, प्रदेशगत तथा राष्ट्रिय तथ्याङ्कमा लैङ्गिक तथा समावेशीकरणको पक्ष मूल्याङ्कन गर्न ।
- लैङ्गिक प्रतिवेदनलाई आधार मानी महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउन सरकारका आगामी नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयनमा पृष्ठपोषण गर्न ।

## ५.६ हेल्पलाइन सेवा सञ्चालनमा साझेदारीका लागि विभिन्न सेवाप्रदायक संस्थाहरुसँग निरन्तरताको लागि अनुदान कार्यक्रम :

लैङ्गिक हिंसाका पीडितहरूलाई घटनाको जानकारी हुनासाथ तत्काल सहयोग गर्ने उद्देश्यले २४ (चौबिसै) घण्टा सञ्चालन हुने गरी खवर गरौ ११४५ हेल्पलाईन सेवा सञ्चालन गरिएको छ । पीडित महिलाहरूबाट हिंसाका घटनाको उजुरी पर्नासाथ तत्काल कानुनी सहायता, सुरक्षित आश्रयस्थल र मनोपरामर्श समेतका लागि आवश्यक सेवा प्रवाह गर्न सेवा प्रवाहमा विशेषज्ञता हासिल गरेका गैरसरकारी संस्थाहरूसँग सम्झौता गरी अनुदान दिइएको छ । यसरी अनुदान प्राप्त गैरसरकारी संस्थाहरूले राष्ट्रिय महिला आयोगबाट पठाइएका पीडितहरूलाई तोकिए बमोजिमको सेवा प्रवाह गर्ने गरेको छ । यस आर्थिक वर्षमा पनि राष्ट्रिय महिला आयोगबाट पठाईएका सेवाग्राहीहरूलाई देहाय बमोजिमको सेवा प्रवाह गरेको छ ।

| क्र.सं. | सेवा प्रदायकको नाम | सेवाको प्रकार | सेवाग्राहीको संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | साथी संस्था | सुरक्षित आश्रयस्थल | ४६ | |
| २. | कानूनी सहयोग तथा परामर्श केन्द्र (LACC) | कानूनी सहायता | २३५ | |
| ३. | बहुसांस्कृतिक मनोसामाजिक संस्था (TPO) | मनोसामाजिक विमर्श | १२५ | Volunteer Service |
| ४. | नेपाल बार एशोसिएशन | कानूनी सहायता | ७८ | |

**सेवा प्रदायकलाई अनुदान दिनुको उद्देश्य :**

१. हिंसाका घटनाको प्रकृति अनुसार पिडितलाई सेवा गर्नु ।

२. पीडितले पाउनु पर्ने सेवा छिटोछरितो बनाउनु ।

३. राष्ट्रिय महिला आयोगप्रति पीडित महिलाको अपेक्षा पुरा गर्न ।

४. सहकार्यमा पीडितमैत्री सेवाको प्रबन्ध गर्न ।

## ५.७. आयोगका क्रियाकलाप सम्बन्धमा चौमासिक पत्रकार अन्तरक्रिया :

आयोगले सञ्चालन गर्दै आएका सबै किसिमका क्रियाकलापहरू विभिन्न सञ्चार माध्यमहरूबाट प्रवाह भई रहने वातावरण तय गर्न चौमासिक पत्रकार अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको हो । यस किसिमको अन्तक्रियाबाट पत्रकार र राष्ट्रिय महिला आयोगको वीच  सहकार्यात्मक वातावरण सिर्जना भएको छ । आयोगको क्षेत्राधिकार भित्र पर्ने लैङ्गिक समानता तथा महिला सशक्तीकरणको विषय, लैङ्गिक हिंसा नियन्त्रण एवम् महिलासँग प्रत्यक्ष सरोकार राख्ने अन्तरसम्बन्धित विषयहरूमा सञ्चालन भएका गतिविधिहरूको बारेमा राज्यको चौथो अंगको रूपमा रहेको सञ्चार माध्यमलाई जानकारी गराई राष्ट्रिय महिला आयोगले गरेका कामकारवाहीलाई आम नागरिकसम्म पुऱ्याउने सशक्त माध्यमको रूपमा यो कार्यक्रम देखिएको छ । कार्यक्रमलाई देहाय बमोजिम सम्पन्न गरिएको छ :

| क्र.सं. | कार्यक्रमको नेतृत्व | कार्यक्रम स्थान | कार्यक्रम मिति | सहभागी संख्या |
|---|---|---|---|---|
| १. | माननीय अध्यक्ष कमला कुमारी पराजुली | राष्ट्रिय महिला आयोगको सभाहल | २०७८.०४.०५ | ३५ जना |
| २. | माननीय अध्यक्ष कमला कुमारी पराजुली | राष्ट्रिय महिला आयोगको सभाहल | २०७८.०८.०८ | २५ जना |
| ३. | माननीय अध्यक्ष कमला कुमारी पराजुली | राष्ट्रिय महिला आयोगको सभाहल | २०७८.१०.२१ | २५ जना |

## ५.८ हेल्पलाइन स्थापना दिवसः

राष्ट्रिय महिला आयोगबाट लैङ्गिक हिंसाका पिडितहरूलाई तत्काल सेवा प्रवाह गर्ने उद्देश्यले २०७४ मंसिर २४ मा हेल्पलाइन स्थापना भएको ४(चार) वर्ष पुरा भएको अवसरमा एक विशेष कार्यक्रमको आयोजना गरी मनाइयो । लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत संघ संस्था र विभिन्न व्यक्तित्वहरूलाई सम्मान गरी विशेष समारोहका साथ यो दिवस मनाइयो ।

| क्र.सं. | नाम, थर | पद | कार्यालय/संस्था | सम्मान तथा नगद | कैफियत |
|---|---|---|---|---|---|
| १. | डा. देवी गुरुङ | चिकित्सक | एकद्वार संकट व्यवस्थापन केन्द्र, प्रसूति गृह, थापाथली | सम्मान पत्र | |
| २. | श्री निर्मला ओझा | प्र.ना.नि | महिला, बालबालिकातथा ज्येष्ठ नागरिक सेवा केन्द्र, कालिमाटी | सम्मान पत्र | |
| ३. | नाम परिवर्तित ह | पीडित | - | नगद रु. १५०००।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | श्री शारदा शर्मा | हेल्पलाइन अपरेटर | राष्ट्रिय महिला आयोग | कदर पत्र तथा नगद रु. १५०००।- | |
| ५. | श्री सुनिता प्याकुरेल | कार्यालय सहयोगी | राष्ट्रिय महिला आयोग | कदर पत्र तथा नगद रु. १५०००।- | |

यस विशेष समारोहमा वक्ताहरूले हेल्पलाइनको महत्वबारे विस्तृत रूपमा जानकारी गराउनु भयो। हेल्पलाइन सेवाको निरन्तरता सँगै देशभरिका पीडित महिलाहरूको सहाराको रूपमा पनि राष्ट्रिय महिला आयोग साबित भएको ठहर यस विशेष कार्यक्रममा गरियो।

## ५.९ महिला हक, हित र अधिकारका विषयमा मुद्दा पहिचान तथा उठान गर्न विभिन्न सरोकारवाला निकायहरूसँग समन्वय बैठक :

आयोगले गर्दै आएका काम कारवाहीहरूलाई अन्य सरोकारवाला निकायहरूसँग समेत समन्वय र सहकार्य गर्दै अझ प्रभावकारी बनाउने उद्देश्यले सरोकारवाला निकायहरू माझ समन्वय बैठक सम्पन्न भएको छ। यस किसिमका बैठकहरूबाट आएका कामकारवाहीहरू थप व्यवस्थित हुने अपेक्षा गरिएको छ। सम्पन्न भएका बैठकहरूलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ :

| क्र.सं. | बैठक मिति | बैठक स्थान | बैठकको विषयवस्तु |
|---|---|---|---|
| १. | २०७८.०४.१९ | राष्ट्रिय महिला आयोग | सुरक्षित गर्भपतन सेवा कार्यक्रमलाई किशोरी तथा अपाङ्गतामैत्री बनाउने सम्बन्धमा सरोकारवाला निकायहरूवीच समन्वयात्मक बैठक |
| २. | २०७८.०६.०८ | राष्ट्रिय महिला आयोग | लैङ्गिक हिंसा रोकथामका लागि राष्ट्रिय महिला आयोगबाट भईरहेका पहलहरू र आगामी दिनमा चाल्नुपर्ने कदमहरू आयोगहरूवीच समन्वयात्मक बैठक |
| ३. | २०७८.०७.२८ | राष्ट्रिय महिला आयोग | लैङ्गिक हिंसा निवारणका क्षेत्रमा क्रियाशील सरोकारवाला निकायहरूवीच लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान सञ्चालन सम्बन्धी क्रियाकलापहरूको जानकारी तथा पूर्वतयारी समेतको अन्तरक्रियात्मक छलफल |
| ४. | २०७८.०८.१४ | संखुवासभा, खाँदबारी | लैङ्गिक हिंसा विरुद्धको साझा प्रतिबद्धता तथा सचेतनामूलक कार्यक्रमका लागि |
| ५. | २०७८.०८.२२ | राष्ट्रिय महिला आयोग | मर्यादित महिनावारी सम्बन्धी द राधा फाउन्डेसनसँगको समन्वय र सहकार्यमा |
| ६. | २०७९.०१.०४ | राष्ट्रिय महिला आयोग | २०७९ को निर्वाचनलाई महिला मैत्री बनाउने उद्देश्यले आयोगहरूबीच समन्वयात्मक बैठक |

## ५.१० लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान :

लैङ्गिक हिंसाका गतिविधिहरू नियन्त्रण गर्ने कार्यका लागि अभियान स्वरूप विश्वव्यापीरूपमा २५ नोभेम्बरदेखि १० डिसेम्बरसम्मका १६ दिनलाई लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको रूपमा विभिन्न कार्यक्रमहरू सहित विश्वव्यापी रूपमा मनाइने गरिएको छ। अभियानलाई लैङ्गिक हिंसा विरुद्धको अन्तर्राष्ट्रिय दिवसको रूपमा मनाइने २५ नोभेम्बरलाई शुभारम्भ र अन्तर्राष्ट्रिय मानवअधिकार दिवस डिसेम्बर १० लाई समापनको दिन मानी वीचमा पर्ने विभिन्न दिवसीय सन्दर्भहरूमा पनि सरोकारवाला संस्था, निकाय वा व्यक्तिहरूले समेत विभिन्न अभियानहरू चलाउँदै क्रियाकलापहरू संचालन गर्दै यो १६ दिने अवधिलाई विशेष महत्व दिने गरेको पाइन्छ। यस अवसरमा राष्ट्रिय महिला आयोगले देहाय बमोजिमका कार्यक्रमहरू संचालन गरी यस अभियानलाई सफल बनाएको छ ः

१. राष्ट्रिय महिला आयोगको सभाहलमा एक विशेष समारोहको आयोजना गरी संवैधानिक निकायका पदाधिकारी सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधिहरू एवम् पत्रकारहरूको उपस्थितिमा लैङ्गिक हिंसा विरुद्धको साझा प्रतिबद्धतामा हस्ताक्षर गर्ने कार्य सम्पन्न भयो।

२. मंसिर ९ (Nov.25) गते राष्ट्रिय महिला आयोगका माननीय सदस्य जया घिमिरेको नेतृत्वमा महोत्तरी जिल्लामा खटिएको टोलीद्वारा महोत्तरीको सदरमुकाम जलेश्वरमा स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, न्यायिक समितिका सदस्यहरू, नागरिक समाज र अधिकारकर्मीहरूको उपस्थितिमा समाजमा विद्यमान हानिकारक अभ्यासहरू (छाउपडी, बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सीको आरोप लगायतका प्रथाहरू) सम्बन्धी मधेश केन्द्रित अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

३. मंसिर १३ गते राष्ट्रिय महिला आयोगका माननीय सदस्य सावित्रा कुमारी शर्माको नेतृत्वमा बाग्लुङ्ग जिल्लामा खटिएको टोलीद्वारा विद्यालयस्तरमा हुने महिला हिंसा निवारणको लागि शिक्षक, विद्यार्थी र व्यवस्थापन समितिका पदाधिकारीहरूसँगको अन्तरक्रिया कार्यक्रम बाग्लुङ्ग बजारमा सम्पन्न भयो।

४. मंसिर १४ गते राष्ट्रिय महिला आयोगका माननीय सदस्य विद्या कुमारी सिन्हाको नेतृत्वमा कपिलवस्तुमा खटिएको टोलीद्वारा स्थानीय तहका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, न्यायिक समितिका सदस्यहरूको उपस्थितिमा समाजमा विद्यमान हानिकारक अभ्यास (छाउपडी, बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सीको आरोप लगायतका प्रथाहरू) सम्बन्धी मधेश केन्द्रित अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

५. २०७८ मंसीर १५ गते राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्व र माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडाको उपस्थितिमा संखुवासभा र भोजपुरमा खटिएको टोलीद्वारा संखुवासभाको तुम्लिङ्गटारमा एक विशेष कार्यक्रम आयोजना गरी लैङ्गिक हिंसा विरुद्धको साझा प्रतिबद्धताका साथ विशेष र्‍यालीको आयोजना गरी संखुवासभा खाँदबारी बजारको परिक्रमा समेत भएको थियो।

६. २०७८ मंसीर १६ गते राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा खटिएको टोलीद्वारा योगमायाको स्मृतिमा श्रद्धाञ्जली सभाको आयोजना गरियो। उक्त कार्यक्रममा

स्वर्गीय योगमायाको योगदानको स्मरण कार्यक्रममा सरकारी निकाय, योगमाया स्मृति प्रतिष्ठानका पदाधिकारीहरू, स्थानीय महिला, बालबालिका र समाजसेवीहरूको उपस्थिति रहेको थियो ।

७. २०७८ मंसीर २१ गते राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीको संयोजकत्वमा सुर्खेतमा खटिएको टोलीद्वारा न्यायिक समिति र स्थानीय निकायका पदाधिकारीहरूसँग लैङ्गिक हिंसा निवारणका असल अभ्यास र न्यायमा पहुँच सम्बन्धी विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

८. २०७८ मंसिर २२ गते राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा धनगढीमा खटिएको टोलीद्वारा विद्यालयस्तरमा हुने महिला हिंसा निवारणको लागि शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

९. २०७८ मंसीर २५ (Dec.10) गते लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान समापन हुने दिनमा सरकारी तथा गैरसरकारी निकायका प्रमुख एवम् प्रतिनिधिहरूको उपस्थितिमा राष्ट्रिय महिला आयोगको सभाहलमा **खबर गरौं ११४५ हेल्पलाइन सेवाको** वार्षिकोत्सव मनाउने कार्य सम्पन्न भयो । यस अवसरमा आयोजित कार्यक्रममा पनि लैङ्गिक हिंसा विरुद्ध सहकार्य गर्ने प्रतिबद्धता उपस्थित सरोकारवाला निकायहरूबाट व्यक्त भयो ।

## ५.११ राष्ट्रिय महिला आयोगको स्थापना दिवस (उत्कृष्ट सम्मान, उत्कृष्ट कर्मचारी पुरस्कार, सम्मान लगायत) :

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय उमा रेग्मीज्यूको प्रमुख आथित्यमा २०७८ फागुन २३ गते विभिन्न आयोगका पदाधिकारीहरू, मन्त्रालयका प्रतिनिधि एवं साझेदार निकायका प्रतिनिधिको उपस्थितिमा  राष्ट्रिय महिला आयोगको स्थापना दिवस विशेष कार्यक्रमका साथ सम्पन्न भयो । यस कार्यक्रममा महिला अधिकारकर्मी उदयपुरका नजबुल खातुन, जेष्ठ उद्यमी महिला ईन्दिरा सापकोटा, बालिका वक्ता प्रिन्सा रेग्मी,  पत्रकार रञ्जन माली भण्डारी, आयोगमा विगत २० वर्षदेखि कार्यरत सवारी चालक कुमार राउत, सवारी चालक विजय राउत थारु, कार्यालय सहयोगी सानीमैयाँ चौधरी र पालो पहरा कृष्णबहादुर बुढाप्रितीलाई सम्मान गरियो । यस समारोहमा सरोकारवालाहरूको बृहत्त उपस्थिति रहेको थियो ।

## ५.१२ राष्ट्रिय महिला आयोगको वार्षिक प्रतिवेदन तयारी प्रकाशन तथा वितरण :

आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रगति प्रतिवेदन प्रकाशनको कार्य आयोगको स्वीकृत कार्यक्रममा नै रहे बमोजिम आयोगबाट प्रतिवेदन अवधिभर भएका गतिविधिहरू समावेश गरी १४ औं वार्षिक प्रतिवेदन प्रकाशन गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष २०७८ असोज १७ मा पेश गरिएको छ। यो प्रतिवेदन सरोकारवाला निकाय/व्यक्तिहरूमा वितरण गरिएको छ।

## ५.१३ नेपालमा महिलाको अवस्था सम्बन्धी पुस्तक प्रकाशन :

नेपालमा महिलाको आर्थिक, राजनीतिक, सामाजिक अवस्थाको चित्रण सहित नेपालमा महिलाको अवस्था सम्बन्धी विस्तृत र अनुसन्धानमूलक विषयवस्तुहरू समावेश गरी "**नेपालमा महिलाको अवस्था**" सम्बन्धी पुस्तक प्रकाशन भएको छ । उक्त पुस्तक राष्ट्रिय महिला आयोगको स्थापना दिवसको अवसरमा २०७८ फागुन २३ मा प्रमुख अतिथि एवम् माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री उमा रेग्मीज्यूबाट विमोचन भयो । यस पुस्तकलाई महिलाको अधिकार संरक्षण लैङ्गिक समानता सम्बन्धी नीति योजना कार्यक्रम तर्जुमामा संलग्न हुने व्यक्ति एवं महिला सशक्तीकरणका पक्षधरहरूमा पुऱ्याउने प्रयत्न गरिएको छ ।

## ५.१४ नेपाल पक्ष रहेका महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि CEDAW तथा अन्य SDGs लगायत अन्तर्राष्ट्रिय दस्तावेजको कार्यान्वयनसम्बन्धी प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम :

नेपालले सन् १९९१ मा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि CEDAW मा हस्ताक्षर गरी पक्ष राष्ट्र भइसकेको छ । नेपाल CEDAW को पक्ष राष्ट्र भइसकेपछि विभिन्न किसिमका नीतिगत, संस्थागत एवं कार्यगत व्यवस्थाहरू गरी महिला अधिकार प्रबर्द्धन, महिला सशक्तीकरण, लैङ्गिक मूल प्रवाहीकरण तथा महिलाको क्षमता विकासका लागि गरिएका प्रतिबद्धताहरू पुरा गर्ने प्रयासहरू गरिएका छन् । संघीय संरचना शुरु भएसँगै CEDAW मा भएका व्यवस्थाहरू कार्यान्वयनमा लगी परिणाम देखाउन सबै तहका सरकारहरू जिम्मेवार रहन्छन् । नेपालले सरकार र नागरिक समाजको तर्फबाट CEDAW को कार्यान्वयन अवस्था सम्बन्धमा CEDAW Committee मा बुझाएको छैठौं प्रतिवेदनमाथि CEDAW Committee द्वारा निष्कर्ष सुझावहरू (Concluding Recommendation)पनि प्राप्त भइसकेको छ र सोही बमोजिम सबै तहका सरकारहरूबाट CEDAW प्रतिबद्धताको कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ । यसै पृष्ठभूमिमा प्रदेशस्तरीय सरोकारवालाहरूलाई लैङ्गिक समानता महिला सशक्तिकरण र महिला अधिकारका विषयमा वर्तमान अवस्था र अबको जिम्मेवारी बोध गराउने उद्देश्यले CEDAW लगायत अन्य अन्तर्राष्ट्रिय दस्तावेजको सवालमा अन्तरक्रिया देहाय बमोजिम ६ वटा प्रदेशमा सम्पन्न भएको छ ।

| क्र. सं | कार्यक्रमको नेतृत्व | कार्यक्रमको मिति | सहभागी संख्या | कार्यक्रमको स्थान |
|---|---|---|---|---|
| १. | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | २०७९.०३.०२ | ७० जना | बागमती प्रदेश, काठमाडौं |
| २. | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | २०७९.०३.०६ | ९३ जना | मधेश प्रदेश, जनकपुर |
| ३. | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | २०७९.०३.०८ | ८० जना | प्रदेश नं. १, विराटनगर |
| ४. | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | २०७९.०३.१३ | ७० जना | गण्डकी प्रदेश, पोखरा |
| ५. | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | २०७९.०३.१९ | ५० जना | लुम्बिनी प्रदेश, बुटवल |
| ६. | माननीय सदस्य जया घिमिरे | २०७९.०३.१९ | ६७ जना | सुदुरपश्चिम प्रदेश, धनगढी |

**कार्यक्रमबाट प्राप्त सुझावहरू:**

१. CEDAW का व्यवस्थाहरूको पूर्ण कार्यान्वयनमा सवै तहका सरकारको भूमिका रहन्छ।
२. लैङ्गिक उत्तरदायी बजेट प्रणालीको कार्यान्वयन बाट लैङ्गिक सशक्तीकरण पक्ष प्रभावकारी हुन्छ।
३. बनिसकेका लैङ्गिकमैत्री व्यवस्थाको प्रभावकारी कार्यान्यन हुनु पर्दछ।
४. प्रदेश सरकारले लैङ्गिक हिंसा विरुद्धको कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउनु पर्दछ।
५. सीमान्तकृत महिलाको सशक्तीकरण गर्न सके लैङ्गिक हिंसा निवारणमा सकारात्मक संकेत देखिन्छ।
६. राष्ट्रिय महिला आयोगले CEDAW को कार्यान्वयनको लागि सचेतनामूलक, पैरवीमूलक र सिफारिस सम्बन्धी क्रियाकलापहरूलाई कार्यक्रममा व्यवस्था गर्नुपर्दछ।
७. प्रदेश सरकारका विषयगत मन्त्रालयहरूले लैङ्गिक मैत्री विकासको अवधारणा अवलम्बन गरी नीति तथा कार्यक्रमहरू तय गर्नुपर्दछ।
८. स्थानीय सरकार लैङ्गिक तथा सामाजिक समावेशीकरण मैत्री हुनुपर्दछ।

## ५.१५ रेडियो नेपाल वा एफ.एम.बाट महिला अधिकार र महिला हिंसा विरुद्धका सूचनामूलक उत्पादन र प्रशारण :

रेडियो नेपालबाट पाक्षिक रूपमा "**अबका महिला**" नामक रेडियो कार्यक्रम प्रशारण गरिएको छ। लैङ्गिक हिंसा नियन्त्रण, महिला सशक्तीकरण जस्ता विषयहरू प्रसारण गरी समुदायस्तरसम्म सचेतना अभिवृद्धि गर्ने उद्देश्यका साथ यो कार्यक्रम गरिएको हो। राष्ट्रिय महिला आयोगले सञ्चालन गरिरहेका विविध गतिविधिहरूको बारेमा समेत सर्वसाधारणमा जानकारी हुने गरी यो कार्यक्रम सम्पन्न भएको हो। देहाय बमोजिमका उपलब्धिहरू अपेक्षित गरी यो कार्यक्रम कार्यान्वयन गरिएको छ :

१. राष्ट्रिय महिला आयोगको भूमिकाबारे समग्र सरोकारवाला र नागरिकमा जानकारी गराउने।
२. राष्ट्रिय महिला आयोगले सञ्चालन गरेको "**खबर गरौ ११४५ हेल्पलाइन सेवा**" को प्रवर्द्धन गर्ने।
३. लैङ्गिक सशक्तीकरणका लागि भएका मौजुदा व्यवस्थाको समग्र नागरिकमा जानकारी गराउने।
४. राष्ट्रिय महिला आयोगका प्रवर्द्धनात्मक क्रियाकलापहरूको जानकारी आम नागरिकसम्म पुऱ्याउने।

## ५.१६ विद्यालयस्तरमा हुने महिला हिंसा निवारणको सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापनका पदाधिकारीसँगको अभिमुखीकरण कार्यक्रम :

किशोरावस्था मानवको अत्यन्त जटिल र संवेदनशील अवस्था हो। यसै अवस्थामा किशोरीहरू यौनजन्य हिंसाको उच्च जोखिममा रहन्छन्। किशोरीहरूको यो चरण विद्यालयमा पठन-पाठन गर्ने चरण पनि हो। विद्यालयमा शिक्षक-शिक्षिका, बिद्यार्थीहरू, विद्यालय व्यवस्थापन समिति, शिक्षा प्रशासन तथा अभिभावकहरूको प्रत्यक्ष संलग्नता रहने गर्दछ। यति धेरै सरोकारवालाहरू हुँदा पनि विद्यालयमा हुने हिंसा शून्य हुन सकेको छैन।

सबै विद्यालयलाई हिंसामुक्त बनाउने उद्देश्यले विद्यालयमा हुने महिला हिंसा निवारणको सम्बन्धमा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्ने कार्यक्रम देशका विभिन्न जिल्लाहरूमा पुगी देहाय बमोजिम सम्पन्न भएको छ :

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | सहभागी संख्या | कार्यक्रमको स्थान |
|---|---|---|---|---|
| १ | २०७८।५।१५ | माननीय अध्यक्ष कमला कुमारी पराजुली र माननीय सदस्य सावित्रा कुमारी शर्मा | ८० जना | लमजुङ्ग |
| २ | २०७८।५।३० | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | ५७ जना | तारकेश्वरनगरपालिका काठमाडौं |
| ३ | २०७८।५।३० | माननीय सदस्य विद्या कुमारी सिन्हा। | ७० जना | बर्दिया |
| ४ | २०७८।५।३१ | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | ६५ जना | कागेश्वरी मनोहरानगरपालिका काठमाडौं |
| ५ | २०७८।६।१४ | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | ६८ जना | झापा |
| ६ | २०७८।०७।१२ | माननीय सदस्य सावित्रा कुमारी शर्मा | ८३ | धादिङ्ग |
| ७ | २०७८।७।१४ | माननीय सदस्य विद्या कुमारी सिन्हा | ८० | पर्सा |
| ८ | २०७८।७।१७ | माननीय सदस्य जया घिमिरे | ८० | सप्तरी |
| ९ | २०७८।८।१३ | माननीय सदस्य सावित्रा कुमारी शर्मा | १०० | बागलुङ्ग |
| १० | २०७८।०८।२२ | माननीय अध्यक्ष कमला कुमारी पराजुली माननीय सदस्य जया घिमिरे | ६० | धनगढी |

## ५.१७ वैदेशिक रोजगारीमा जाने महिलाको सुरक्षा र सेवाको सुनिश्चितता विषयमा श्रम तथा रोजगार मन्त्रालय, श्रम विभाग सहित अन्य सरोकारवाला निकायसँग अन्तरक्रिया :

२०७८ माघ ३ गते काठमाडौंमा आयोजित यो कार्यक्रम आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीको अध्यक्षतामा सम्पन्न भयो। यस कार्यक्रममा मानव बेचविखन नियन्त्रण तथा वैदेशिक रोजगारीसँग प्रत्यक्ष सरोकार राख्ने निकायका पदाधिकारी एवम् कर्मचारीहरू, सरोकारवाला निकाय, अधिकारकर्मीहरू समेतको उपस्थिति रहेको थियो। कार्यक्रममा प्रतिनिधि सभाको उद्योग, वाणिज्य श्रम तथा उपभोक्ता हित समितिका सभापति श्री विमल श्रीवास्तवको उपस्थित रहेको थियो। ४० जनाको उपस्थितिमा सम्पन्न यस कार्यक्रमको कार्यान्वयनबाट वैदेशिक रोजगारीको रूपमा देखापर्ने मानव बेचविखन तथा ओसारपसार नियन्त्रणका लागि आवश्यक नीति तथा कार्यक्रम तय गर्न आधार बन्ने अपेक्षा गरिएको छ।

**अन्तरक्रियात्मक छलफलबाट प्राप्त सुझावहरू :**

१. वैदेशिक रोजगार सम्बन्धी व्यवसाय गर्ने निजी क्षेत्रको नियमित अनुगमन गर्नुपर्ने ।

२. वैदेशिक रोजगारीमा जान तयार भैसकेका महिलाहरूलाई पर्याप्त अभिमुखीकरण गर्नुपर्ने ।

३ . महिलाको श्रम सुरक्षा सम्बन्धी नीति, रणनीति र कार्यक्रमहरू तय गर्ने सम्बन्धित निकायलाई राष्ट्रिय महिला आयोगले सिफारिस गरी पठाउनु पर्ने ।

४. महिलाको आन्तरिक रोजगारी प्रवर्द्धनमा सीप विकासका कार्यक्रमहरू तर्जुमा गर्नुपर्ने ।

५. श्रम सुरक्षाका लागि पूर्ण सुरक्षित मुलुकहरूमा मात्र वैदेशिक रोजगारीमा जान मिल्ने गरी सिमित रूपमा खुला गर्नुपर्ने ।

६. असुरक्षित महसूस भई जानकारी गराएको अवस्थामा वैदेशिक रोजगारीमा गईसकेको भएतापनि सुरक्षित रूपमा फर्कन सक्ने अवस्थाका लागि सम्बन्धित निकायले सहजीकरण गर्नुपर्ने ।

७. मानव बेचबिखन नियन्त्रणका लागि ३ वटै तहका सरकारले आ-आफ्नो जिम्मेवारी अनुसार सचेतनामुलक कार्यक्रमहरू गर्नुपर्ने ।

## ५.१८ स्थानीय न्यायिक समितिका पदाधिकारीहरुबीच लैङ्गिक हिंसा निवारणका असल अभ्यास र न्यायमा पहुँच सम्बन्धी अन्तरक्रिया कार्यक्रम :

स्थानीय तहलाई नागरिकको घरदैलोसम्म पुग्ने सरकारको रूपमा लिने गरिएको छ । संवैधानिक व्यवस्था गरी स्थानीय तहमा पनि साधारण किसिमका झैझगडा, बेमेल, असमझदारी र द्वन्द्वबाट सिर्जित मुद्दाहरूको न्याय निरूपण गर्न सक्ने गरी स्थानीय न्यायिक समितिको व्यवस्था भएको छ । संघीयता कार्यान्वयनसँगै सुरु भएको र यो पहिलो अभ्यास भएको हुनाले न्यायिक समितिले सम्पादन गर्ने कार्यलाई व्यवस्थित गर्न यो अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । स्थानीय न्यायिक समितिका पदाधिकारीहरूमा न्यायिक कार्य सम्पादन गर्ने क्रममा लैङ्गिक सम्वेदनशील हुनु लैङ्गिक हिंसा तथा घरेलु हिंसाका घटनाहरूमा न्याय प्रदान गर्ने जिम्मेवारी बोध र अपनत्व ग्रहण गर्ने वातावरण सिर्जना गर्न यो कार्यक्रम सम्पन्न भएको हो । न्यायिक समितिका पदाधिकारीसँगको अन्तरक्रिया देहाय बमोजिम १० वटा जिल्लाहरूमा राष्ट्रिय महिला आयोगको टोली पुगेर सम्पन्न भएको छ ।

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | जिल्ला | सहभागी संख्या |
|---|---|---|---|---|
| १. | २०७८.०५.२९ | माननीय सदस्य विद्या कुमारी सिन्हा | बाँके | ७० |
| २. | २०७८.०६.१२ | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | उदयपुर | ४१ |
| ३. | २०७८.०६.१६ | माननीय अध्यक्ष कमला कुमारी पराजुली | तनहुँ | ४३ |
| ४. | २०७८.०७.०५ | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | सिन्धुली | १०० |

| | | | | |
|---|---|---|---|---|
| ५. | २०७८.०७.११ | माननीय सदस्य सावित्रा कुमारी शर्मा | नुवाकोट | ७० |
| ६. | २०७८.०७.१२ | माननीय सदस्य जया घिमिरे | सिराहा | ५३ |
| ७. | २०७८.०७.१२ | माननीय सदस्य विद्या कुमारी सिन्हा | बारा | ५२ |
| ८. | २०७८.०८.०७ | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | पाँचथर | ४१ |
| ९. | २०७८.०८.२१ | माननीय अध्यक्ष कमला कुमारी पराजुली | सुर्खेत | ४९ |
| १०. | २०७८.१२.१६ | माननीय अध्यक्ष कमला कुमारी पराजुली | दैलेख | ४६ |

**कार्यक्रमबाट आएका मुख्य सुझावहरू:**

१. न्यायिक समितिको कार्य सम्पादनमा एकरूपताका लागि संघ र प्रदेशबाट समन्वय हुनु पर्ने ।

२. स्थानीय तहहरूले न्यायिक समितिको क्षमता विकासमा लगानी गर्नुपर्ने ।

३. न्यायिक समितिमा भौतिक स्रोत, जनशक्ति लगायतको व्यवस्थापन राम्रो मिलाउनु पर्ने ।

४. लैङ्गिक हिंसाका घटनामा न्याय निरूपण गर्दा दलीय स्वार्थ हावी हुन दिन नहुने ।

५. न्यायिक समितिको कार्यसम्पादन स्तर उच्च बनाउन सबै कर्मचारी र पदाधिकारीको समेत तत्परता आवश्यक पर्ने ।

६. स्थानीय तहरूमा लैङ्गिक हिंसाका पीडितहरूलाई अल्पकालीन रूपमा संरक्षण गर्न आश्रयस्थलहरूको व्यवस्था गर्नुपर्ने ।

७. न्यायिक समितिसँग सम्बन्धित यस किसिमका अन्तरक्रिया कार्यक्रम आयोजना गरिरहनु पर्ने ।

## ५.१९अपाङ्गता भएका महिलाहरूको हक अधिकार संरक्षणका विषयमा सरोकारवाला निकायबीच अन्तरक्रिया:

लैङ्गिक हिंसाको दृष्टिकोणबाट हेर्दा अपाङ्गता भएका महिलाहरू अन्य महिलाको तुलनामा हिंसाको जोखिममा रहने गर्दछन् । यसैकारण अपाङ्ग महिलाका अधिकार संरक्षण र प्रवर्द्धन पनि अन्य महिलाको भन्दा जटिल हुने गर्दछ । सरोकारवाला निकायहरूले पनि यसै किसिमले आफ्ना कार्यक्रमहरू तय गर्नु पर्दछ । राष्ट्रिय महिला आयोगद्वारा २०७९ बैशाख ७ गते अपाङ्गता भएका महिलाको अधिकार संरक्षणका लागि सरोकारवाला निकायहरूलाई जिम्मेवार बनाउन यो कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा अपाङ्गता सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गर्न महत्वपूर्ण सुझावहरू प्राप्त भएको थियो । कार्यक्रम राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमलाकुमारी पराजुलीको अध्यक्षता एवम् राष्ट्रिय समावेशी आयोगका माननीय अध्यक्ष डा.रामकृष्ण तिमल्सेनाको प्रमुख आतिथ्यतामा सम्पन्न भयो ।

कार्यक्रमबाट प्राप्त भएका सुझावहरू देहायबमोजिम रहेका छन् ः

१. अपाङ्गताका सवालहरूलाई राज्यले पर्याप्त संबोधन गर्नु पर्दछ ।
२. अपाङ्ग महिलाहरूलाई हिंसाको जोखिमबाट जोगाउन आत्मरक्षा, क्षमता विकास तथा सचेतनाको लागि कार्यक्रम तय गर्नुपर्दछ ।
३. अपाङ्गमैत्री संरचनाहरू निर्माण गरी अवरोध हटाउनुमा सबै सम्बद्ध निकायको ध्यान जानु पर्दछ ।
४. अपाङ्गता भएका व्यक्तिको मर्यादित जीवनयापनका लागि सरकार जिम्मेवार हुनु पर्दछ ।
५. अपाङ्गताको सवाललाई सम्बोधन गर्न पर्याप्त समय साधन स्रोत , सूचना र तत्परता आवश्यक हुन्छ ।
६. अपाङ्गता लक्षित कार्यक्रमहरू सबै तहका सरकारले पूर्ण रूपमा कार्यान्वयन गर्नु पर्दछ ।
७. सार्वजनिक निकायको सोंच र कार्यशैली अपाङ्गमैत्री हुनु पर्दछ ।
८. अपाङ्ग महिलाका सवालहरू सबै क्षेत्रमा पहिलो प्राथमिकतामा राख्नु पर्दछ ।
९. राष्ट्रिय महिला आयोगको विशेष महत्व र प्राथमिकताको क्षेत्रको रूपमा अपाङ्ग महिलाका सवालहरू सम्बोधन हुन पर्दछ ।

## ५.२० लैङ्गिक तथा यौनिक अल्पसंख्यकका सवालमा अन्तरक्रिया :

राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीको अध्यक्षता तथा राष्ट्रिय समावेशी आयोगका अध्यक्ष डा. रामकृष्ण तिमल्सेनाको प्रमुख आतिथ्यतामा लैङ्गिक तथा यौनिक अल्पसंख्यकका सवालमा अन्तरक्रिया सम्पन्न भयो । कार्यक्रम २०७९ जेठ २७ गते ललितपुरमा आयोजना गरिएको थियो । कार्यक्रममा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको क्षेत्रमा कार्यरत संघसंस्था, निकाय, अधिकारकर्मी पत्रकार लगायतका सरोकारवालाहरूको उपस्थिति रहेको थियो । लैङ्गिक तथा यौनिक अल्पसंख्यकका सवालहरू सोही समुदायकै प्रतिनिधिहरू र सरकारी निकायहरूका जिम्मेवार पदाधिकारीहरूको दोहोरो सञ्चारको वातावरण तय गर्ने उद्देश्यका साथ यो कार्यक्रम आयोजना गरिएको थियो । यस कार्यक्रमबाट लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिसँग सम्बन्धित संघसंस्था र अधिकारकर्मीहरूमा सकारात्मक सोंच र लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरूका लगि आफ्नो गतिविधिहरू सशक्त रूपमा अगाडि बढाउने अठोटको विकास भएको पाइयो ।

यस कार्यक्रमबाट देहाय बमोजिमका सुझावहरू प्राप्त भएका छन् ः

- लैङ्गिक तथा यौनिक अल्पसंख्यकका अधिकारहरू संरक्षणका लागि कानूनमा व्यवस्था हुनु पर्दछ ।
- लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिको अधिकार सम्बन्धमा सर्वोच्च अदालतको निर्देशनात्मक आदेशको पालना गर्नु पर्ने ।
- लैङ्गिक तथा यौनिक अल्पसंख्यककका अधिकार प्रवर्द्धन गर्न कार्यक्रमगत व्यवस्था हुनु पर्ने । लैङ्गिक पहिचान सहितको नागरिकता प्रदान गर्ने व्यवस्था गर्नु पर्ने ।

- आम नागरिकको धारणा परिवर्तन गरी लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरूलाई समेत अन्य नागरिक सरह सम्मानजनक जीवनयापन गर्न पाउने अधिकार सुनिश्चित गर्नु पर्ने ।
- जीवनसाथी छनौट गर्ने र जीवन जीउन पाउने व्यक्तिको प्राकृतिक अधिकार संरक्षण गर्न आवश्यक नीतिगत तथा कार्यगत व्यवस्था हुनु पर्ने ।
- यस किसिमका कार्यक्रम पटक-पटक आयोजना गरी LGBTIQ लाई आपसमा छलफल र विचार विमर्श गर्ने वातावरण तय गर्नु पर्ने ।

## ५.२१ज्येष्ठ नागरिकमाथि हुने अवहेलना, दुर्व्यवहार र हिंसा विरुद्ध ज्येष्ठ महिलाको सुरक्षाको सवालमा अन्तरक्रिया कार्यक्रम :

राष्ट्रिय महिला आयोगका माननीय सदस्य सावित्रा कुमारी शर्माको अध्यक्षतामा ०७८ चैत १६ गते राष्ट्रिय महिला आयोगको सभाहलमा ज्येष्ठ नागरिक माथि हुने अवहेलना, दुर्व्यवहार र हिंसा विरुद्ध ज्येष्ठ महिलाको सुरक्षाको सवालमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा मुख्य कार्यपत्र प्रस्तोताको रूपमा नेपाल सरकार का पूर्व सचिव एवं राष्ट्रिय सूचना आयोगका पूर्व प्रमुख सूचना आयुक्त, कृष्णहरी बास्कोटाज्यू उपस्थित भई ज्येष्ठ नागरिक अधिकारकर्मी सहभागीहरूलाई उत्प्रेरित गर्नु भएको थियो । कार्यक्रममा ज्येष्ठ नागरिकको क्षेत्रमा कार्यरत सरकारी एवं गैरसरकारी निकाय, अधिकारकर्मीहरू एवं ज्येष्ठ नागरिकहरूको सहभागिता थियो । अन्तरक्रिया कार्यक्रममा ५० जना सहभागीहरू उपस्थित हुनुभएको थियो ।

यस कार्यक्रममा देहाय बमोजिमका सुझावहरू प्राप्त भएका छन् :

- ज्येष्ठ नागरिकका सवालहरूलाई सम्बोधन गर्न प्रशस्त कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्नु पर्दछ ।
- ज्येष्ठ महिलाको सुरक्षाको सवालहरूलाई सम्बोधन गर्न विद्यमान सामाजिक सुरक्षा व्यवस्थाको अतिरिक्त थप सामाजिक सुरक्षाका कार्यक्रमहरू अवलम्बन गर्नु पर्दछ ।
- ज्येष्ठ नागरिकका लागि विशेष अवस्थामा निशुल्क उपचारको व्यवस्था गर्नु पर्दछ ।
- अन्तरपुस्ता सीप हस्तान्तरण, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन, ज्येष्ठ नागरिक सम्मान, विश्रामस्थलहरूको निर्माण जस्ता क्रियाकलापहरू गर्नु पर्दछ ।
- ज्येष्ठ महिलामाथि भइरहेका हिंसाको तत्काल संबोधन गर्न प्रतिकार्य संयन्त्र बनाउन स्थानीय तह जिम्मेवार हुनु पर्दछ ।
- सरकारी अस्पतालहरूको सेवा प्रवाहमा ज्येष्ठ नागरिकहरूका लागि गरिएका विशेष व्यवस्थामा पुनरावलोकन गर्नु पर्दछ ।
- समुदायस्तरमा ज्येष्ठ महिला/ज्येष्ठ नागरिक समूह गठन र परिचालन गर्न आवश्यक कार्यविधिगत व्यवस्था गर्नुपर्दछ ।

- युवा पुस्ताको ज्येष्ठ नागरिक प्रतिको जिम्मेवारीमा थप प्रभावकारिता ल्याउन सचेतनामुलक कार्यक्रमहरू सरकारी तवरबाट गरी ज्येष्ठ नागरिक मैत्री समुदाय निर्माणमा लगानी गर्नु पर्दछ।
- ज्येष्ठ नागरिकका सवालहरूलाई सम्बोधन गर्न गराउन राष्ट्रिय महिला आयोगले सिफारिसकर्ताको भूमिका निर्वाह गर्नु पर्दछ।

## ५.२२ नीतिगत जागरणका लागि विभिन्न मन्त्रालय र विभागका लैङ्गिक सम्पर्क बिन्दु/शाखासँग सहकार्य बैठक :

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने संयुक्त राष्ट्रसंघीय महासन्धिको नेपाल पक्ष राष्ट्र भए पश्चात नेपालमा विभिन्न नीतिगत, संस्थागत, कार्यगत एवं व्यवस्थापकीय प्रयासद्धारा लैङ्गिक समानता प्रवर्द्धन, लैङ्गिक हिंसा नियन्त्रण एवं महिला अधिकार संरक्षणका प्रयासहरू हुँदै आएका छन् । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई लैङ्गिक सम्पर्क निकायको रूपमा स्थापना गरिएको छ। यसै गरी विभिन्न केन्द्रीय स्तरका मन्त्रालय, विभाग तथा आयोगहरूमा लैङ्गिक सम्पर्क शाखा /लैङ्गिक सम्पर्क बिन्दु/ लैङ्गिक सम्पर्क व्यक्तिको रूपमा जिम्मेवारी दिइएको छ। कुनै निकायले कार्य विवरण सहित लैङ्गिक सम्पर्क बिन्दुको व्यवस्था गरेको छ भने कुनैमा सामान्य रूपमा लैङ्गिक सवालहरू सम्बोधन गर्ने गरी लैङ्गिक सम्पर्क व्यक्ति तोकिएको अवस्था छ।

हरेक संघीय ईकाइहरूमा, लैङ्गिक सम्पर्क विन्दुको प्रभावकारिताको लागि सहकार्य बैठक आयोजना गरी तत् तत् निकायका लैङ्गिक सवालहरूलाई प्रभावकारी बनाउने उद्देश्यले यस वर्ष २ पटक लैङ्गिक सम्पर्क बिन्दुहरूसँग सहकार्य बैठक सम्पन्न गरिएको छ। यस किसिमको बैठक देहाय बमोजिम २(दुई) पटक सम्पन्न गरिएको छ :

| क्र. सं. | बैठक मिति | बैठकको अध्यक्षता | बैठक स्थान | छलफलको विषय | सहभागी संख्या |
|---|---|---|---|---|---|
| १. | २०७८।०९।३० | माननीय अध्यक्ष कमला कुमारी पराजुली | राष्ट्रिय महिला आयोग | नीतिगत जागरणका लागि समन्वय र सहकार्यका क्षेत्रहरू | २० जना |
| २. | २०७९।०२।३१ | माननीय अध्यक्ष कमला कुमारी पराजुली | राष्ट्रिय महिला आयोग | लैङ्गिक सम्पर्क बिन्दुको TOR लैङ्गिक सम्पर्क बिन्दुको वर्तमान अवस्था राष्ट्रिय महिला आयोगको भूमिका | २५ जना |

**बैठकबाट प्राप्त सुझावहरू:**

- लैङ्गिक सम्पर्क बिन्दुको भूमिका प्रभावकारी बनाउन कार्य विवरण सहित जिम्मेवारी तोकिनु पर्दछ।
- मन्त्रालयहरूले लैङ्गिक सवालहरूलाई विशेष कार्यक्षेत्रको रूपमा लिई अत्यावश्यक जिम्मेवारीको रूपमा बोध गर्नुपर्दछ।
- लैङ्गिक सम्पर्क बिन्दुहरूको क्षमता विकासमा लगानी गर्नुपर्दछ।
- लैङ्गिक संवेदनशीलता देखाउन सक्ने व्यक्ति वा शाखालाई लैङ्गिक सम्पर्क शाखाको जिम्मेवारी तोक्नु पर्दछ।

**बैठकमा भएका निर्णयहरू:**

**निर्णय नं.** १

मन्त्रालयहरूमा लैङ्गिक सम्पर्क विन्दुहरू तोकिएको भए तापनि स्पष्ट कार्य विवरण नदिइएको देखिएकोले राष्ट्रिय महिला आयोगबाट लैङ्गिक सम्पर्क व्यक्ति तोकी कार्य विवरण सहित कार्य जिम्मेवारी तोक्नु पर्ने विषयमा विषयगत मन्त्रालय तथा आयोगहरूमा सुझाव सहितको पत्राचार गर्ने निर्णय गरियो।

**निर्णय नं.** २

विभिन्न मन्त्रालयमा आगामी वर्षको लागि स्वीकृत प्रत्यक्ष रूपमा महिला लक्षित कार्यक्रमहरू पहिलो प्राथमिकतामा राखी कार्यान्वयन गर्नका लागि पहल गर्न राष्ट्रिय महिला आयोगको तर्फबाट सबै लैङ्गिक सम्पर्क व्यक्तिहरूलाई अनुरोध /निर्देशन गरियो।

**निर्णय नं.** ३

लैङ्गिक सम्पर्क व्यक्तिबाट भए गरेका प्रयासको समीक्षा तथा समस्या समाधानको लागि गहन रूपमा छलफल भई राष्ट्रिय महिला आयोगको तर्फबाट हुनसक्ने प्रयास आगामी दिनमा जारी राख्ने विषयमा सैद्धान्तिक सहमति भयो।

**निर्णय नं.** ४

ToR को नमूना मस्यौदा तयार गरी आवश्यकता अनुसार परिमार्जन गरी जारी गर्न सबै विषयगत मन्त्रालय, आयोगलाई अनुरोध गर्ने निर्णय गरियो।

## ५.२३लैङ्गिक हिंसा विरुद्धको अभियानलाई प्रभावकारी बनाउन सामाजिक, राजनैतिक क्षेत्रका युवाहरुसँग अन्तरक्रिया :

राष्ट्रिय महिला आयोगका माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडाको अध्यक्षतामा २०७९ असार १३ का दिन यो अन्तरक्रिया कार्यक्रम गोकर्णेश्वर नगरपालिकामा सम्पन्न भयो । कार्यक्रममा नेपाल सरकारका पूर्व सचिव एवं राष्ट्रिय सूचना आयोगका पूर्व प्रमुख सूचना आयुक्त श्री कृष्णहरी बास्कोटाज्यूले "**लैङ्गिक हिंसा निवारणमा यूवाहरूको भूमिका**" विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा राजनीतिक दलका युवाहरूको सहभागिता रहेको थियो । सहभागीको रूपमा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूको पनि सहभागिता रहेको थियो । उपस्थित हुनु भएका महिला अधिकारकर्मी, मानव अधिकारकर्मी एवम् सञ्चारकर्मीहरूबाट पनि महत्वपूर्ण सुझावहरू प्राप्त भएको थियो ।

**कार्यक्रमबाट आएका सुझावहरू :**

- लैङ्गिक हिंसा निवारणमा मुख्य भूमिका युवाहरूको नै हुन्छ ।
- युवाहरूको भूमिकालाई बोध गराउन सरकारी तहबाट प्रचारप्रसार हुनु पर्दछ ।
- लैङ्गिक हिंसा तिवारणको विषय विद्यालय र विश्वविद्यालयको पाठ्यक्रममा नै समावेश गर्नु पर्दछ ।
- युवाहरूलाई लैङ्गिक हिंसा निवारणका लागि परिचालित गर्न उनीहरूमा स्वयंसेवी भावना जागृत गराउनु पर्दछ ।
- अबको नेपाल आजका युवाकै हातमा रहेको हुनाले लैङ्गिक हिंसा निवारणमा यूवाहरू नै पूर्ण रूपमा जिम्मेवार हुनु पर्ने गरी राष्ट्रिय महिला आयोगले प्रचार प्रसार गर्नु पर्दछ ।
- लैङ्गिक हिंसा निवारणका लागि युवाहरूको राष्ट्रिय सञ्जाल विकास गरी परिचालन गर्नु पर्दछ ।

## ५.२४ नीतिगत तहमा महिलाको पहुँच स्थापित गराउन संघीय महिला सांसद र विभिन्न संसदीय समितिका सभापतिसँग अन्तरक्रिया :

महिलाको नीतिगत तहमा पहुँच स्थापना गराउने विषयवस्तुको सेरोफेरोमा रहेर गहन छलफल र सैद्धान्तिक सहमति सहितको यो अन्तरक्रिया कार्यक्रम २०७९ असार १ गते ललितपुरमा सम्पन्न भयो । कार्यक्रमको अध्यक्षता राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला पराजुलीले गर्नु भएको थियो । कार्यक्रममा सर्वोच्च अदालतका न्यायाधीश सपना मल्ल प्रधान र नेपाल सरकारका पूर्व सचिव एवं राष्ट्रिय सूचना आयोगका पूर्व प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटाले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा कार्यपत्र प्रस्तुति र खुला छलफलपछि कार्यपत्र प्रस्तोता महानुभावहरू र आयोगका अध्यक्षद्वारा उठेका जिज्ञासा सम्बोधन भयो । कार्यक्रमबाट महत्वपूर्ण सुझावहरू प्राप्त भएका थिए ।

**कार्यक्रमबाट आएका सुझावहरू :**

- महिलाको अर्थपूर्ण सहभागिताको लागि मौजुदा व्यवस्थामा सुधार गर्नु पर्दछ ।
- सारभूत समानताका लागि महिलाको राजनीतिक सशक्तीकरण पूर्वशर्त हो ।

- महिला जनप्रतिनिधिले उठान गरेका लैङ्गिक सवालहरू तीनवटै तहका सरकारले सम्बोधन गर्नु पर्दछ।
- महिला विरुद्ध हुने सबै प्रकारका हिंसा र विभेदको अन्त्य गर्न मौजुदा कानूनलाई समय सापेक्ष संशोधन गर्नु पर्दछ।
- राष्ट्रिय महिला आयोगले कार्यकारी निकायहरूलाई नियमित रूपमा नीतिगत सिफारिस गरिरहनु पर्दछ।
- लैङ्गिक हिंसा नियन्त्रणका लागि सचेतना र पैरवी गर्न तीनवटै तहलाई राष्ट्रिय महिला आयोगले पृष्ठपोषण गर्नु पर्दछ।
- हिंसा पिडितलाई न्यायको पहुँचमा पुयाउन राष्ट्रिय महिला आयोगको पुनः संरचना गरी बृहत सेवा गर्न सक्ने अवस्थामा पुऱ्याउनु पर्दछ।
- सबै तहका सरकारले सारभूत समानता प्रवर्द्धन गर्ने गरी नीति तथा कार्यक्रम तय गर्नु पर्दछ।

## ५.२५ महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउन महिलाको राजनीतिक सहभागिता र सशक्तीकरणको लागि राजनीतिक पार्टीका प्रमुख र प्रतिनिधिसँग प्रदेशस्तरीय अन्तरक्रिया :

महिलाको अर्थपूर्ण सहभागिताको लागि राजनीति दलहरूको अग्रणी भूमिका रहन्छ। यस विषयलाई दृष्टिगत गरी महिलाको नीतिगत तहमा पहुँचका लागि राजनीतिक दलहरूसँगको अन्तरक्रिया कार्यक्रम ७ वटै प्रदेशमा सम्पन्न भयो। स्थानीय तह सदस्य निर्वाचन, २०७९ वैशाख ३० गतेको मिति तोकिएको र स्थानीय तहमा महिलाको अर्थपूर्ण सहभागिता प्रवर्द्धन गर्न राजनीतिक दलहरूबाट प्रतिनिधि मनोनयन गर्दा महिला सहभागितालाई केन्द्र विन्दुमा राख्ने विषयमा राजनीतिक दलहरूको ध्यानाकर्षण गर्न यो अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो। प्रत्येक प्रदेशमा राष्ट्रिय महिला आयोगको टोली पुगी राजनीतिक दलका प्रदेश स्तरीय समितिका पदाधिकारीहरूको उपस्थितिमा जानकारी र ध्यानाकर्षण गर्ने उद्देश्यले ७ वटै प्रदेशमा देहाय बमोजिम अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो।

| क्र.सं. | कार्यक्रमको मिति | कार्यक्रमको स्थान | कार्यक्रमको नेतृत्व |
|---|---|---|---|
| १. | २०७८.१२.१४ | सुनसरी प्रदेश नं.१ | माननीय सदस्य कृष्णकुमारी पौडेल खतिवडा |
| २. | २०७८.१२.१५ | सुर्खेत, कर्णाली प्रदेश | माननीय अध्यक्ष कमलाकुमारी पराजुली |
| ३. | २०७८.१२.१९ | बुटबल, लुम्बिनी प्रदेश | माननीय सदस्य विद्या कुमारी सिन्हा |
| ४. | २०७८.१२.२० | धनगढी, सुदुरपश्चिम प्रदेश | माननीय सदस्य जया घिमिरे |
| ५. | २०७८.१२.२१ | पोखरा, गण्डकी प्रदेश | माननीय सदस्य सावित्रा कुमारी शर्मा<br>सचिव श्री कविराज पौडेल |
| ६. | २०७८.१२.२३ | काठमाडौं, बागमती प्रदेश | माननीय अध्यक्ष कमलाकुमारी पराजुली |
| ७. | २०७८.१२.२५ | सर्लाही, मधेश प्रदेश | माननीय अध्यक्ष कमलाकुमारी पराजुली |

**कार्यक्रमबाट आएका मुख्य सुझावहरू :**

- महिलाको अर्थपूर्ण सहभागिताका लागि मुख्य जिम्मेवार पक्ष नै राजनीतिक दलहरू हुन् ।
- स्थानीय तहका निर्णय गर्ने पदहरूमा महिलाको उम्मेदवारी दिने कार्यमा दलहरू पछि पर्नु हुँदैन ।
- दलिय गठबन्धनको अभ्यास गर्दा स्थानीय तहको प्रमुख वा उपप्रमुख पदमा महिलाको सुनिश्चितका विषयलाई राजनीतिक दलहरूले विशेष प्राथमिकता दिनु पर्दछ ।
- नीतिगत तहमा पहुँच पुग्नका लागि महिलाको बहुआयमिक भूमिका व्यवस्थापन गर्ने किसिमका नीति र कार्यक्रमहरू अवलम्बन गर्नु पर्दछ ।
- महिलाको वहुआयामिक व्यक्तित्व विकासको लागि आवश्यक स्रोतको व्यवस्था गरी सो को परिचालन गर्नु पर्दछ ।
- महिला सशक्तिकरणमा पुरुष सहभागिता अभिवृद्धि गर्नु पर्दछ ।
- नीतिगत तहमा महिलाको पहुँच स्थापित गर्ने कार्यमा संघसंस्था, अधिकारकर्मी तथा नागरिक समाजको प्रवर्द्धनात्मक भूमिका रहने गर्दछ । यस्तो भूमिका प्रवर्द्धन गर्नु पर्दछ ।
- राज्यका हरेक निकायमा ५०% महिला सहभागिता हुने गरी नीतिगत तथा कार्यगत व्यवस्था गर्नु पर्दछ ।
- इमानदारीतामा महिलाले आफूलाई अब्बल स्थापित गरेका कैयन उदाहरण हाम्रा सामु देखिएकाले महिलालाई निर्णय गर्ने किसिमका पदहरू जस्तै स्थानीय तह प्रमुख, वडाअध्यक्ष जस्ता पदहरूमा दलहरूले उम्मेदवार चयन गर्नु पर्दछ ।
- विभेदकारी अभ्यासहरूमा शुन्य सहनशीलताको नीति अवलम्वन गर्नु पर्दछ ।
- महिला नेतृत्व विकासका लागि दलहरूले अग्रता लिनु पर्दछ ।
- आमाको नामबाट नागरिकता प्रदान गर्न प्रक्रियागत सरलीकरण गर्नु पर्दछ ।
- सरकारी तहबाट नै महिला अधिकार हनन् हुने किसिमका हानिकारक अभ्यासहरू अन्त्य गर्न कार्यक्रम तथा अभियानहरू सञ्चालन गर्नु पर्दछ ।

## ५.२६राजनीतिक पार्टीका भगिनी सँगठनहरूसँग नीतिगत छलफल :

महिलाको बहुआयमिक सशक्तीकरणका लागि राजनीतिक दलका भगिनी सँगठनहरूको महत्वपूर्ण भूमिका रहँदै आएको छ । यसै विषयलाई आधार मानी २०७८ कार्तिक २६ गते राष्ट्रिय महिला आयोगको सभाहलमा आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीको नेतृत्वमा यो छलफल कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा विभिन्न राजनीतिक दलका भगिनी सँगठनहरूका प्रमुख एवं प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा ६७ जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा लैङ्गिक समानता, महिला सशक्तीकरण एवं लैङ्गिक हिंसा नियन्त्रणका लागि आधार तय गर्न महत्वपूर्ण सुझावहरू प्राप्त भएका छन् ।

कार्यक्रमबाट प्राप्त सुझावहरू :

- महिलाहरूलाई शिक्षाको अवसर र आयमूलक कार्यमा सहभागिता अभिवृद्धि गर्न सके हिंसा न्यूनीकरण हुन सक्छ।
- आयोगले सचेतनामूलक कार्यक्रम दुर्गममा पनि सञ्चालन गर्नुपर्ने विषयमा सरकारलाई सुझाव दिनु पर्दछ।
- यस किसिमको कार्यक्रम स्थानीय तहका भगिनी सँगठनको समेत सहभागिता हुने गरी सञ्चालन गर्नुपर्दछ।
- राष्ट्रिय महिला आयोगले महिला आन्दोलनका अग्रणीहरूको जीवनगाथा समेटी पुस्तक प्रकाशन गर्नु पर्दछ, जसले महिला नेतृत्वको लहर स्थापित हुन सक्छ।
- पितृसत्तात्मक संरचना र सोंचबाट सिर्जित समस्या केन्द्रित गरी प्रवर्द्धनात्मक कार्यक्रमहरू गर्नु पर्दछ।
- राज्यका सबै निकायका क्रियाकलापहरू लैङ्गिकमैत्री बनाउन राष्ट्रिय महिला आयोगले निगरानीकर्ताको भूमिका निर्वाह गर्नु पर्दछ।
- महिला सुरक्षाको राष्ट्रिय रूपमा प्रत्याभूति दिलाउन सर्वप्रथम प्रत्येक घर परिवारमा पूर्णतया महिला सुरक्षाको प्रत्याभूति गर्नु पर्दछ।
- शैक्षिक पाठ्यक्रममा लैङ्गिकता सम्बन्धी विषयहरू समावेश गर्नु पर्दछ।
- लैङ्गिकमैत्री शौचालयहरू सबै सार्वजनिक क्षेत्रमा निर्माण गर्नु पर्दछ।

## ५.२७ योगमाया स्मृति दिवस विशेष समारोह :

नेपाली महिला आन्दोलनका विराङ्गना योगमायाको ८२ औँ स्मृति दिवस (२०७९ असार २२ गते) को अवसरमा सोहि दिन एक विशेष समारोहको आयोजना गरियो । समारोहको अध्यक्षता राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीले गर्नु भएको थियो। काठमाडौंमा सम्पन्न गरिएको यस कार्यक्रममा प्रमुख अतिथिको रूपमा माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री उमा रेग्मीज्यूको उपस्थिति रहेको थियो। कार्यक्रममा प्रमुख अतिथिबाट योगमायाको तस्वीरमा माल्यार्पण तथा कार्यक्रमका अध्यक्षबाट रुद्राक्ष र पुष्पगुच्छा अर्पण गरिएको थियो। कार्यक्रममा विशेष अतिथिको रूपमा योगमाया स्मृति प्रतिष्ठानका अध्यक्ष भोजपुर निवासी मोहन बस्नेतज्यू उपस्थित हुनु भएको थियो। उहाँले योगमायाको जीवनी सम्बन्धमा प्रवचन गर्नु भयो । '**सति**' पुस्तकका लेखक सुजित मैनाली र महिला अधिकारकर्मी शर्मिला कार्की समेत प्रवचकको रूपमा उपस्थित भई योगमाया, सति प्रथा र महिला अधिकारका विषयमा प्रवचन गर्नु भयो। कार्यक्रममा सरकारी निकायका लैङ्गिक सम्पर्क व्यक्तिहरू, विभिन्न संवैधानिक निकायका महिला सदस्यज्यूहरू, महिला अधिकारको क्षेत्रमा कार्यरत संघसंस्था, महिला अधिकारकर्मी मानव अधिकारकर्मी एवं पत्रकारहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा उपास्थित महानुभावहरूमा प्रवचन र वक्तव्य सुन्दा सुन्दै लैङ्गिक समानता, महिला सशक्तीकरण, सभ्य समाज निर्माण, सुशासन, सामाजिक न्याय, मानव अधिकार जस्ता विषयमा एक किसिमको भावनात्मक तरंग उत्पन्न भएको परिदृष्य कार्यक्रममा देखिएको थियो।

## ५.२८ राष्ट्रिय महिला अधिकार दिवस विशेष कार्यक्रम :

वि.सं. २०६३ जेठ १६ गतेका दिन पुर्नस्थापित प्रतिनिधि सभाबाट तत्कालीन सांसद वर्तमान सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारी प्रस्तावक एवं नेपाली काँग्रेसका सांसदद्वय कमला पन्त र एन पि साउद समर्थक रहेर पेश भएको महिलाका महत्वपूर्ण ४ वटा अधिकारहरू समेटिएको "सार्वजनिक महत्वका विशेष प्रस्ताव" पारित भएको दिनको स्मरण गर्दै २०७६ सालदेखि यस दिनलाई राष्ट्रिय महिला अधिकार दिवसको रूपमा मनाउने गरी मन्त्रिपरिषद्बाट निर्णय भए बमोजिय यस वर्ष चौथो राष्ट्रिय महिला अधिकार दिवसको रूपमा मनाइयो ।

यस अवसरमा एक बृहत्त अन्तरक्रिया कार्यक्रम आयोजना भयो । काठमाडौंमा सम्पन्न यस कार्यक्रमको अध्यक्षता आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीले गर्नु भएको थियो । कार्यक्रममा प्रमुख आतिथ्यता ग्रहणसँगै माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री उमा रेग्मीज्यूले महिला अधिकारका विषयमा महत्वपूर्ण भनाईहरू सहितको मन्तव्य व्यक्त गर्नु भयो ।

महिला अधिकार दिवसको इतिहाससँग जोडिएको सार्वजनिक महत्वको विशेष संकल्प प्रस्तावका समर्थक एवं राष्ट्रिय सभा माननीय सदस्य कमला पन्त र उच्च प्रशासनिक पदबाट सेवा निवृत्त हुनु भएका विज्ञ व्यक्ति अम्बिका के.सी. कार्यपत्र प्रस्तोताको रूपमा उपस्थित हुनु भएको थियो । कार्यक्रममा सरकारी निकायका प्रतिनिधि, संवैधानिक निकायका महिला सदस्यज्यूहरू, लैङ्गिक सम्पर्क व्यक्तिहरू, महिला अधिकारको क्षेत्रमा कार्यरत संघसंस्था महिला अधिकारकर्मी, मानव अधिकारकर्मीहरू एवं पत्रकारहरूको उल्लेख्य उपस्थिति सहित १५० जनाको सहभागिता रहेको थियो । कार्यक्रम महिला अधिकार दिवसका सन्दर्भमा २०७९ जेठ १३ गते सम्पन्न भएको थियो । यसपटकको यस दिवसको नारा "**महिलाको सम्मान, सभ्य समाजको पहिचान**" रहेको थियो । कार्यक्रम अन्तरक्रियात्मक रहेकोले यस कार्यक्रममा महत्वपूर्ण सुझावहरू पनि प्राप्त भएका छन् ।

कार्यक्रमबाट प्राप्त सुझावहरू :

- राष्ट्रिय महिला आयोगले महिला अधिकार प्रवर्द्धनमा पृष्ठपोषणकारी र सिफारिसकर्ताको भूमिका निर्वाह गर्नु पर्दछ ।
- लैङ्गिक हिंसाको घटना व्यवस्थापनका सबै चरणमा राष्ट्रिय महिला आयोगले अग्रणी भूमिका निर्वाह गर्दै न्याय दिलाउनु पर्दछ ।
- लैङ्गिक हिंसा न्यूनीकरणमा राज्यले अझै प्रशस्तै प्रयास गर्न बाँकी देखिन्छ ।
- लैङ्गिक हिंसा न्यूनीकरणमा सबै सरोकारवालाको सैद्धान्तिक सहमति र सहकार्य आवश्यक हुन्छ ।
- महिला अधिकार प्रवर्धन गर्न राष्ट्रिय महिला आयोगले दिवसीय कार्यक्रमहरूलाई अभियानको रूपमा सञ्चालन गर्नु पर्दछ ।

## ५.२९ समाजमा विद्यमान हानिकारक अभ्यासहरु (बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सीको आरोप लगायतका प्रथाहरु सम्बन्धी मधेश केन्द्रित अन्तरक्रिया कार्यक्रम :

समाजमा प्रथा र परम्पराका नाममा चलिआएका हानिकारक अभ्यासहरू निर्मूल नभएसम्म अधिकारको प्रत्याभूति मानव जातिमा गर्न सकिँदैन । हानिकारक अभ्यासको अन्त्यका लागि सरोकारवालाको सहकार्य जुटाउने उद्देश्यले लक्षित समुदायमा नै पुगी मधेशका निभिन्न जिल्लाहरूमा यो अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । हानिकारक अभ्यासहरू मान्दै आएका समुदायमा पुगी विज्ञ स्रोत व्यक्तिहरूबाट समेत कार्यपत्र प्रस्तुत गरी सहभागीबाट गहन छलफल र सुझाव लिई यो कार्यक्रम भव्यताका साथ सम्पन्न भयो । विभिन्न स्थानमा यो प्रदेश केन्द्रित कार्यक्रम देहाय बमोजिम सम्पन्न भयो ।

| क्र.सं. | कार्यक्रम मिति | कार्यक्रमको नेतृत्व | कार्यक्रम स्थान | सहभागी संख्या |
|---|---|---|---|---|
| १. | २०७८.०८.१२ | माननीय सदस्य जया घिमिरे | महोत्तरी | ७५ जना |
| २. | २०७८.१०.२६ | माननीय सदस्य विद्या कुमारी सिन्हा | रुपन्देही | ७२ जना |
| ३. | २०७८.१०.२७ | माननीय सदस्य विद्या कुमारी सिन्हा | कपिलवस्तु | ६८ जना |
| ४. | २०७८.११.१५ | माननीय सदस्य सावित्रा कुमारी शर्मा | नवलपुर | ७० जना |
| ५. | २०७८.११.१६ | माननीय सदस्य सावित्रा कुमारी शर्मा | चितवन | ८० जना |

कार्यक्रमबाट आएका मुख्य सुझावहरू :

- सचेतनाको कमीका कारण हानिकारक अभ्यास विद्यमान छन् त्यसैले सचेतनामूलक कार्यक्रममा राज्यको लगानी बढाउनु पर्दछ ।
- लैङ्गिक हिंसाको मुख्य कारण हानिकारक अभ्यास नै हो ।
- मधेसी समुदायमा रहेका हानिकारक अभ्यास निर्मुल पार्नका लागि स्थानीय तहको भूमिका बढी हुन्छ ।
- लैङ्गिक हिंसा सम्बन्धमा भएका कानुनी व्यवस्थाको ज्ञानको अभावमा मधेशमा यस किसिमका हिंसा बढी हुने हुँदा कानुनी सचेतना समुदायस्तरसम्म पुऱ्याउनु पर्दछ ।
- स्थानीय तहबाट सामाजिक क्षेत्रमा प्रशस्तै लगानी गर्नु पर्दछ ।
- सूचकमा आधारित प्रगति हासिल गर्ने गरी हानिकारक अभ्यासको अन्त्यको अभियान चलाउनु पर्दछ ।

## ५.३० बाल विवाह, प्रजनन् स्वास्थ्य, गर्भपतनको विषयमा सचेतनामुलक कार्यक्रम :

महिलाको बहुआयामिक भूमिका मध्ये प्रजनन भूमिका एक महत्वपूर्ण भूमिका हो जसबाट मानव समाजको निरन्तरता सम्भव भएको छ । यसै भूमिकालाई व्यवस्थित गर्न नसक्दा विभिन्न किसिमका यौनजन्य हिंसा तथा घरेलु हिंसाको शिकार समस्त महिलाहरू भईरहेका छन् । बालविवाहको तथ्याङ्क पनि भयावह देखिन्छ । यस्ता

सवालहरूलाई सम्बोधन गर्न राज्यका निकायहरूले के कस्ता नीति र कार्यक्रमहरू अवलम्बन गर्नु पर्छ भन्ने विषयमा नीतिगत सिफारिसका लागि आधार तय गर्न बालविवाह तथा प्रजनन् स्वास्थ्यसम्बन्धी सचेतनामूलक कार्यक्रम देहाय बमोजिम सम्पन्न गरिएको छ :

| क्र.सं. | कार्यक्रम मिति | कार्यक्रमको नेतृत्व | कार्यक्रम स्थान | सहभागी संख्या |
|---|---|---|---|---|
| १. | २०७८.११.३० | माननीय सदस्य विद्या कुमारी सिन्हा | रौतहट | ५० जना |
| २. | २०७९.०१.१५ | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | खोटाङ | ८० जना |

**कार्यक्रमबाट आएका मुख्य सुझावहरू :**

- बाल विवाह विरुद्धको रणनीति, २०७२ कार्यान्वयन गर्न सबै सरोकारवाला निकायहरूले कार्यगत व्यवस्था गर्नु पर्दछ ।
- प्रजनन स्वस्थता प्रवर्द्धन गर्न परिवार नियोजन सेवा प्रत्येक प्रजनन् उमेरका दम्पत्तिमा पुऱ्याउनु पर्दछ ।
- लैङ्गिक हिंसा न्यूनीकरणमा महिलाको प्रजनन स्वास्थ्य सुधारमा लगानी गर्नु पर्दछ ।
- बालविवाह अन्त्य गर्न समुदायका सरोकारवालाको भूमिका प्रभावकारी बनाउनु पर्दछ । यसका लागि अभिभावक, विद्यालय, सुरक्षा निकाय, धर्मगुरुहरू सँगको सहकार्य बढाउनु पर्दछ ।
- बालविवाह अन्त्य गर्न सूचकगत प्रगतिमा आधारित अभियानहरू सञ्चालन गर्नु पर्दछ ।
- प्रजनन स्वास्थ्य, बालविवाह, छाउपडी प्रथा, बोक्सीको आरोप, दाइजो प्रथा जस्ता परम्परागत र हानिकारक अभ्यासहरू अन्त्य गर्नमा स्थानीय सरकारको अग्रसरता नै सबभन्दा महत्वपूर्ण अस्त्र हो ।

## ५.३१ महिला हिंसा निवारणका लागि नीतिगत प्रभाव पार्ने पाठ्यक्रम विकास केन्द्र लगायत शैक्षिक प्रतिष्ठानसँग अन्तरक्रिया कार्यक्रम:

लैङ्गिक सवाल सबै जातजाति, भाषाभाषी, वर्ग र समुदायको मानव समाजको अन्तरसम्बन्धित विषय हो । लैङ्गिक हिंसा समाजमा पितृसत्ता हावी भएका कारण सिर्जित एक नकारात्मक परिणति हो । यसको न्यूनीकरण गर्नका लागि पाठ्यक्रममा नै लैङ्गिक संवेदनशीलता झल्कने विषयहरू समावेश गर्नुपर्ने देखिएको हुँदा यस सम्बन्धमा आवश्यक छलफल गर्ने उद्देश्यले यो अन्तरक्रिया २(दुई) पटक आयोजना भई सम्पन्न भयो । दुवै पटकको कार्यक्रममा शिक्षा क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने सरकारी निकायहरू, संघसंस्था विज्ञहरू अभिभावक, विद्यार्थी एवं पत्रकारहरूको समेत उपस्थिति रहेको थियो । विषयवस्तुमा विज्ञहरूबाट कार्यपत्र प्रस्तुत भई सरोकारवालाहरूबाट महत्वपूर्ण सुझावहरू प्राप्त भएको थियो । कार्यक्रम देहाय बमोजिम सम्पन्न भयो :

| क्र. सं. | कार्यक्रम मिति | कार्यक्रमको नाम | कार्यक्रमको नेतृत्व | कार्यक्रम स्थान | सहभागी संख्या |
|---|---|---|---|---|---|
| १. | २०७९.०२.२० | लैङ्गिक हिंसा निवारणमा पाठ्यक्रममा समावेश गर्नुपर्ने विषयका सम्बन्धमा सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | काठमाडौं | ६९ जना |
| २. | २०७९.०२.३१ | महिला हिंसा निवारणमा पाठ्यक्रम र पाठ्यपुस्तकको भूमिकाको सम्बन्धमा अन्तरक्रिया कार्यक्रम | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | राष्ट्रिय महिला आयोगको सभाहल,काठमाडौं | ८४ जना |

सुझावहरू :

- सुरक्षित वातावरणमा शिक्षा कसरी प्रदान गर्ने भन्ने विषय छलफल गरी शैक्षिक प्रणालीमा नै सुधार ल्याउनुपर्ने,
- राम्रो छुवाई र नराम्रो छुवाई भन्ने विषयमा जानकारी गराउनुपर्ने,
- पाठ्यक्रम परिष्कृत हुनुपर्ने र पाठ्यपुस्तक समयमा उपलब्ध हुनुपर्ने,
- स्थानीय तहले स्थानीय भाषा र संस्कृति अनुरुप पाठ्यक्रम बनाउनुपर्ने,
- हटलाइन सेवा तथा हिंसा विरुद्ध उजुर गर्ने निकायको जानकारी पुस्तकको कभरमा नै उपलब्ध हुने हिसाबले गर्नुपर्ने,
- पितृसत्तात्मक लवज पाठ्यक्रम तथा पाठ्यपुस्तकबाट हटाइ लैङ्गिक संवेदनशीलताको अनुरुप लैङ्गिकमैत्रीका साथै बालमैत्री तथा अपाङ्गमैत्री उल्लेख गर्नुपर्ने,
- साइबर अपराध, बुलिइङ्ग, स्टकिङ्ग लगायतका विषयमा समेत पाठ्यक्रममा समावेश हुनुपर्ने बाल क्लब भएको विद्यालयमा हिंसाको दर कम पाइएकोले सो कुरालाई प्रोत्साहन गर्नुपर्ने,
- शिक्षकको इन्डिकेटरमा GESI समेत समावेश हुनुपर्ने र पाठ्यक्रमबाट पुरुष शिक्षकलाई समेत संवेदनशील बनाउन आवश्यक रहेकोले तालिम दिनुपर्ने,
- पाठ्यक्रममा संलग्न विषय पाठ्यपुस्तकबाट मात्र नभई सामाजिक सञ्जाल लगायत अन्य माध्यमबाट समेत सम्प्रेषण गर्न सकिने हुनाले सोको अभिवृद्धि गर्नुपर्ने,
- कार्यदल बनाएर पाठ्यक्रमको विषय निर्धारणको जिम्मेवारी दिनुपर्ने,
- घरका सदस्य तथा अभिभावकलाई समेत समावेश गर्ने गरी अतिरिक्त क्रियाकलापहरू आयोजना गर्नुपर्ने,
- लैङ्गिक हिंसामा पनि गरिब वर्गका बालबालिका बढी हिंसामा परेकाले अभिभावकलाई समेत सचेत

गराउनुपर्ने,

- नयाँ पाठ्यक्रममा मानव मूल्य समावेश हुनुपर्ने,
- आत्मरक्षा सम्बन्धमा पाठ्यक्रममा समावेश गरिनुपर्ने,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यकको विषयमा समेत पाठ्यक्रमले सम्बोधन गर्नुपर्ने,
- विद्यालय तथा कलेजमा गुनासो सुनुवाई संयन्त्रको विकास गरी कार्यान्वयन हुनुपर्ने,
- सैद्धान्तिक रुपमा सबै विषय समेटिएका भएता पनि व्यवहारिक पक्ष कमजोर रहेकोले व्यवहारिक तवरले निर्धारण गर्नुको साथै कार्यान्वयनमा ल्याउने विषयलाई जोड दिनुपर्ने,
- लैङ्गिक शिक्षा समेटिएका विषयलाई ऐच्छिक भन्दा पनि अनिवार्य बनाउनुपर्ने,
- उमेर समूह बमोजिमको विषयवस्तु पाठ्यक्रममा समावेश गरिनुपर्ने,
- विद्यालयमा गरिने विभिन्न परियोजनामा सबैलाई समान अवसर दिने गरी समूह बनाउनुपर्ने,
- लैङ्गिक सवालका क्षेत्रमा काम गर्ने निकायहरूको पहुँच बिस्तार गर्नुका साथै राष्ट्रिय महिला आयोगको पहुँच पनि बढाउनुपर्ने ।

## ५.३२अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस :

२०७८ फागुन २३ गते अर्थात् मार्च ७, २०२२ का दिन राष्ट्रिय महिला आयोगको स्थापना दिवस पर्दछ । यसै परिप्रेक्ष्यमा मार्च ८ सँग सम्बन्धित विषयवस्तुहरू झल्कने गरी राष्ट्रिय महिला आयोगको स्थापना दिवस विशेष कार्यक्रम आयोजना भयो । अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस (मार्च ८) को अवसरमा आयोजित मूल समारोहमा राष्ट्रिय महिला आयोगका सबै पदाधिकारीहरू सहभागी हुनु भयो । मूल समारोहको आयोजना महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले गरेको थियो । समान कामका लागि समान ज्यालाको विषयसँग जोडिएको यस अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसलाई राष्ट्रिय महिला आयोगले विगतका वर्षहरूमा पनि विशेष कार्यक्रमहरूका साथ महत्व दिँदै आएको देखिन्छ ।

## ५.३३अध्ययन अनुसन्धान गर्ने विद्यार्थीहरूलाई ईन्टर्नसीप/छात्रवृत्ति कार्यक्रम :

सामाजिक क्षेत्रमा योगदान पुऱ्याउने क्षमतायुक्त बनाउने उद्देश्यले विद्यार्थीहरूलाई ईन्टर्नसीप छात्रवृत्ति कार्यक्रम पनि यस आ.व. मा सञ्चालन भयो । यस कार्यक्रममा १४ जना विद्यार्थीहरू सहभागी हुने अवसर पाएका छन् । विभिन्न शैक्षिक संस्थाहरूबाट सिफारिस भै आएका र कानून, समाजशास्त्र तथा सामाजिक क्षेत्रको विषयमा स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरू यस कार्यक्रमबाट लाभान्वित भएका छन् । विद्यार्थीले शैक्षिक संस्थामा हासिल गरेको सैद्धान्तिक ज्ञानलाई व्यावहारिक पक्षसँग अन्तरघुलन गरी शैक्षिक उपाधी हासिल गरेपछि देशको सेवामा समर्पित हुन सक्ने दक्षता विद्यार्थीमा विकास गर्ने मुख्य उद्देश्य सहित यो कार्यक्रम गरिएको हो । कार्यक्रमबाट लाभान्वित विद्यार्थीहरूले आयोगबाट भईरहेको सेवा प्रवाहमा पनि

सहयोग गरी सेवाग्राहीहरूलाई तत्परताका साथ सेवा दिएको देखिएको छ। यसरी ईन्टर्नसिप गरेका विद्यार्थीहरू रोजगार बजारमा प्रवेश गरेपछि सहजै आफ्नो सीप र अनुभवको आधारमा काम पाउने हुनाले ईन्टर्नसिप कार्यक्रम गरिएको हो ।

## ५.३४ हानिकारक अभ्यासहरु (छाउपडी तथा बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सीको आरोप) लगायतका प्रथाहरुसम्बन्धी कर्णाली र सुदुरपश्चिम प्रदेश केन्द्रित अन्तरक्रिया कार्यक्रम :

सुदूरपश्चिम प्रदेशमा विद्यमान छाउपडी प्रथा, बालविवाह, बहुविवाह, दाइजो प्रथा बोक्सीको आरोप लगायतका कुप्रथा न्यूनीकरण गर्ने उद्देश्यले हानिकारक अभ्यासहरू न्यूनीकरण सम्बन्धी अन्तरक्रिया सुदूरपश्चिम प्रदेशमा सम्पन्न भयो । लैङ्गिकताको क्षेत्रमा कार्यरत विज्ञ स्रोतव्यक्तिहरूबाट कार्यपत्र प्रस्तुति र खुला छलफल पछि अतिथिहरूको मन्तव्य सहितका क्रियाकलापहरू समेटी अन्तरक्रिया कार्यक्रम सुदुरपश्चिम प्रदेशका विभिन्न स्थानमा सम्पन्न गरियो। अन्तरक्रिया कार्यक्रममा हानिकारक अभ्यासका प्रकार, कारण र निवारणका उपायहरूको बारेमा गहन छलफल भएको थियो। हानिकारक अभ्यास न्यूनीकरणसम्बन्धी सुदुरपश्चिम प्रदेश केन्द्रित अन्तरक्रिया कार्यक्रम देहाय बमोजिम सम्पन्न भयो ।

| क्र.सं. | मिति | कार्यक्रमको नेतृत्व | कार्यक्रमको स्थान | सहभागी संख्या |
|---|---|---|---|---|
| १. | २०७८।११।१० | माननीय सदस्य जया घिमिरे | धनगढी | १०० जना |
| २. | २०७८।११।११ | माननीय सदस्य जया घिमिरे | कञ्चनपुर | ७० जना |
| ३. | २०७९.०३.१७ | माननीय सदस्य जया घिमिरे | डडेल्धुरा | ६० जना |

कार्यक्रमबाट आएका मुख्य सुझावहरू :

- हानिकारक अभ्यासहरू सुदुरपश्चिम प्रदेशमा बढी हुने हुँदा सबै तहका सरकारले हानिकारक अभ्यास न्यूनिकरणका लागि सघन रूपमा कार्यक्रमहरू गर्नु पर्दछ।
- हानिकारक अभ्यासहरू न्यूनिकरण गर्न घरदैलो अभियान सञ्चालन गर्नु पर्दछ।
- विगतमा हानिकारक अभ्यास लक्षित कार्यक्रमहरू सञ्चालन भएकोमा प्रभावकारिता हेरी निरन्तरता र परिमार्जन गर्नु पर्दछ।
- दलित समुदायको उत्थानमा विशेष कार्यक्रमहरू लागू गर्नु पर्दछ।
- स्थानीय तहको सामाजिक विकास शाखालाई यस अभियान केन्द्रित गरी परिचालन गर्नु पर्दछ।
- राष्ट्रिय महिला आयोगले सबै तहका सरकारलाई हानिकारक अभ्यास केन्द्रित भई अभियानहरू सञ्चालन गर्नु पर्दछ।
- नागरिक समाज, महिला समूह, आमा समूह परिचालन गर्न सके हानिकारक अभ्यास अन्त्य हुन सक्दछ।

## ५.३५ सुरक्षा निकायसँग महिला हिंसा निवारणका लागि रणनीतिक योजना, बैठक र अन्तर्क्रिया :

महिला हिंसा निवारणको लागि सुरक्षा निकायको महत्वपूर्ण भूमिका रहन्छ। हिंसाका घटना घटिसके पश्चात् पिडितलाई न्यायको अनुभति गराउन अझै प्रभावकारी भूमिका रहेको सुरक्षा क्षेत्रसँग राष्ट्रिय महिला आयोगको समन्वय र सहकार्यको आवश्यकता महसुस भई यस किसिमको अन्तरक्रियात्मक बैठकको आयोजना भएको हो। सुरक्षा संयन्त्र प्रत्येक समुदाय र घरधुरीसम्म यथाशीघ्र सेवा दिन सक्ने गरी तयारी अवस्थामा रहनु र राष्ट्रिय महिला आयोगले ११४५ हेल्पलाइन सेवालाई अहोरात्र सञ्चालन गर्नुले पनि सुरक्षा निकाय र राष्ट्रिय महिला आयोगको रणनीतिक बैठकले विशेष महत्व राखेको देखिन्छ।

सुरक्षा निकायसँग महिला हिंसा निवारणका लागि रणनीतिक योजना बैठक र अन्तरक्रिया कार्यक्रम देहाय बमोजिम सम्पन्न भएको छ।

| क्र.सं. | कार्यक्रम मिति | कार्यक्रमको नेतृत्व | कार्यक्रम स्थान | सहभागी संख्या |
|---|---|---|---|---|
| १ | २०७८.०६.१३ | माननीय सदस्य कृष्ण कुमारी पौडेल खतिवडा | विराटनगर | ६० जना |
| २ | २०७८.०७.१० | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | धनुषा | ५५ जना |
| ३ | २०७८.१२.०९ | माननीय अध्यक्ष कमलाकुमारी पराजुली | काठमाडौं | ६० जना |

अन्तरक्रियात्मक बैठकमा देहाय बमोजिमका विषयहरू छलफलमा आएका छन् :

- लैङ्गिक हिंसा निवारणमा सहकार्यको अबको कार्ययोजना।
- लैङ्गिक हिंसा निवारणमा सुरक्षा निकायको भूमिकामा गर्नु पर्ने सुधार।
- महिला हिंसा न्यूनिकरणमा राष्ट्रिय महिला आयोगको संस्थागत सुदृढीकरणको विषय।
- महिला हिंसा निवारणमा सरकारी सरोकारवाला निकायको अनुभव र सिकाई तथा सुधार योजना
- सुरक्षा निकाय, मानव अधिकारको क्षेत्रमा कार्यरत निकाय एवं सामाजिक क्षेत्रमा कार्यरत निकायबीच सहकार्यको मार्गीचित्र
- बागमती प्रदेश, मधेश प्रदेश र प्रदेश नं. १ मा लैङ्गिक हिंसा निवारणका लागि नीतिगत पृष्ठपोषणको विषय

# अध्ययन, अनुसन्धान तथा प्रकाशनहरू

## ६.१ निर्वाचनको लैंगिक अनुगमन तथा प्रतिवेदन

राष्ट्रिय महिला आयोग लगायत अन्य संवैधानिक आयोगका माननीय अध्यक्ष तथा माननीय सदस्यहरूको संयुक्त बैठक बसी स्थानीय तह निर्वाचन, २०७९ को लैंगिक अनुगमन गर्ने र राष्ट्रिय मान्यता प्राप्त विभिन्न राजनैतिक दललाई Gender equality and social inclusionका सन्दर्भमा ध्यानाकर्षण गराउने तथा निर्वाचन अनुगमन गरियो ।

राष्ट्रिय महिला आयोगका तर्फबाट सातै प्रदेशको प्रतिनिधित्व हुने गरी देहायका पदाधिकारीको नेतृत्वमा स्थानीय तह निर्वाचन अनुगमन गरियो ।

| सि.नं | स्थान | नेतृत्वकर्ता |
|---|---|---|
| १ | डोटी, अछाम, डडेल्धुरा, कैलाली, कञ्चनपुर, काठमाडौं, भक्तपुर, ललितपुर | मा.अध्यक्ष कमला कुमारी पराजुली |
| २ | झापा, इलाम, काठमाडौं | मा.सदस्य कृष्ण कुमारी पौडेल खतिवडा |
| ३ | सर्लाही, रौतहट, मकवानपुर | मा.सदस्य विद्या कुमारी सिन्हा |
| ४ | सिराहा, सप्तरी, उदयपुर, सुर्खेत, दैलेख | मा.सदस्य जया घिमिरे |
| ५ | तनहुँ, स्याङ्जा, कास्की, पाल्पा | मा.सदस्य सावित्रा कुमारी शर्मा |
| ६ | सिन्धुपाल्चोक, दोलखा, रामेछाप | सचिव श्री कविराज पौडेल |

उपरोक्त तालिका अनुसार अनुगमन गरियो । साथै, स्थानीय तह निर्वाचन, २०७९ को विभिन्न तहको अध्ययन, अनुसन्धान गरी प्रतिवेदन तयार गरिएको छ ।

### अनुगमन तथा अध्ययनले औंल्याएका विषय

- प्रायः निर्वाचन अधिकृतको कार्यालय नगरपालिका भवनमा रहेको, तर त्यस्ता भवन अपाङ्गतामैत्री नरहेको ।
- मतदाता सङ्ख्या बढी रहेका स्थानमा समेत प्रमुख पदहरूमा महिला उम्मेदवारी ज्यादै न्यून परेको ।
- अपाङ्गता भएका, ज्येष्ठ नागरिक र एकल महिलाको उम्मेदवारी नै एकदमै कम परेको ।
- निर्वाचन कार्यालयहरूले लैससासम्बन्धी तथ्याङ्क नै राखेको नपाइएको ।
- महिलाका लागि मतदाता शिक्षा प्रभावकारी हुन नसकेको ।
- कानुनले नै बाध्यकारी बनाएको पद बाहेक अन्य पदमा महिला उम्मेदवारी दिन राजनीतिक दलहरूले आनाकानी गरेको ।

- निर्वाचनका लागि खटिएका महिला कर्मचारी तथा सुरक्षाकर्मीबारे जानकारी नदिएको ।
- केही पहाडी जिल्लाका खासगरी महिला र ज्येष्ठ नागरिक गाईवस्तु चराउने कार्यमा खटिनुपर्ने र छाड्न नमिल्ने भएकाले मतदानबाट वञ्चित भएका देखियो ।
- मतदान केन्द्र टाढा भएका ठाउँमा घरमा गाईवस्तु, ज्येष्ठ नागरिक, अशक्त भएका र बालबालिकालाई छाड्न नमिलेका कारण पनि केही मतदानबाट वञ्चित देखिए ।
- निर्वाचन आयोगले निर्वाचनका हरेक चरण लैङ्गिकमैत्री हुनुपर्छ भन्ने मान्यता राख्दै नीतिगत व्यवस्थासमेत गरिसकेको अवस्थामा जिल्लास्थित कार्यालयहरू तथा मतदान केन्द्र र मतदानस्थल व्यवस्थापनमा भने सो विषयले कम प्राथमिकता पाएको देखियो ।

## ६.२ स्थानीय तह सदस्य निर्वाचन, २०७४ र स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा निर्वाचित मुख्य पदहरूमा महिला सहभागिता:

- स्थानीय तह सदस्य निर्वाचन, २०७४ र स्थानीय तह सदस्य निर्वाचन, २०७९को निर्वाचित जनप्रतिनिधिको तथ्याङ्क हेर्दा महिलाको राजनीतिक सहभागिता र सशक्तिकरणको पक्ष सुधारोन्मुख देखिएको छ । यसलाई महिला सशक्तिकरण संघीयताको उपलब्धी नै मान्नु पर्दछ । नेपालको संविधानको धारा २२२ (३) र धारा २२३(३) मा स्थानीय तहको प्रत्येक वडाबाट दुई जना महिला सदस्य (१ जना महिला र १ जना दलित महिला) अनिवार्य गरिएबाट स्थानीय तहमा महिला जनप्रतिनिधिको हिस्सा ४१% पुग्न सकेको देखिन्छ । उपप्रमुख/उपाध्यक्ष पदमा २०७४ को निर्वाचनमा उत्साहजनक सहभागीता ९३% देखिएकोमा यो हिस्सा २०७९ मा आएर घटेको देखिन्छ । दलहरूको गठबन्धनको अभ्यास गर्दा उम्मेदवार मनोनयनमा लैंगिक सवाललाई पर्याप्त सम्वोधन गर्न नसक्दा उपप्रमुख र उपाध्यक्षको संख्यामा गिरावट आउनु महिलाको राजनीतिक सशक्तिकरणका लागि प्रतिकूल हुने भएकोले आगामी निर्वाचनहरूमा गठबन्धनका अभ्यास गर्दा उम्मेदवार चयनमा लैंगिक तथा सामाजिक समावेशीकरणलाई पालना गर्नु प्रत्येक दल वा गठबन्धनको कर्तव्य हुन आउँछ ।
- वि.सं.२०७४ तथा २०७९ मा निर्वाचित महिला पदाधिकारीको निम्न अवस्था रहेको छ ।

| | स्थानीय निर्वाचन, २०७४ | | स्थानीय निर्वाचन, २०७९ | |
|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष |
| जिल्ला समन्वय समितिको प्रमुख | २ | ७५ | ४ | ७३ |
| जिल्ला समन्वय समितिको उपप्रमुख | ४६ | ३१ | ३२ | ४५ |
| स्थानीय तहको नगर प्रमुख/अध्यक्ष | १८ | ७३५ | २५ | ७२८ |
| स्थानीय तहको उपप्रमुख/उपाध्यक्ष | ७०० | ५३ | ५६८ | १८५ |
| वडा अध्यक्ष | ६१ | ६६८२ | ६७ | ६६७६ |

- उपर्युक्त तथ्याङ्कबाट यो स्पष्ट हुन्छ कि निर्णायक तहमा महिलाको राजनीतिक सहभागिता अभिवृद्धि गर्नका लागि निर्वाचनमा संलग्न हुने सबै पक्षहरूको प्रयासहरू थप परिणाममुखी बनाउन पर्ने देखिन्छ। यसका लागि दलहरूबाट उम्मेदवार मनोनयन गर्दा नेपालको संविधान, २०७२, निर्वाचन सम्बन्धी ऐन तथा नियमावलीहरू एवं आचार संहिताहरूको पालना गर्नु पर्ने हुन्छ। दलहरूले महिलाको दल भित्रको योगदान प्रति सहि मूल्याङ्कन गर्नु पर्ने हुँदा लैंगिकमैत्री कार्यशैली र मनोवृत्तिको पनि अवलम्बन गर्न उचित देखिन्छ। दलहरू भित्र पनि सकारात्मक विभेदको अभ्यास राज्यका अन्य निकायकै सरह अवलम्बन हुन सके महिलाको राजनीतिक सशक्तिकरण अर्थपूर्ण हुन्छ।

## ६.३ सुझाव तथा सिफारिस

- **बुथहरू लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) मैत्री बनाउनुपर्ने**

  मतदानस्थलहरू लैससासमैत्री बनाइनैपर्छ। जस्तो- बच्चालाई दूध खुवाउने ठाउँ, शौचालय र पिउने पानीको उपयुक्त व्यवस्था हुनुपर्छ। ज्येष्ठ नागरिक तथा अशक्तहरूका लागि आरामस्थल आवश्यक हुन्छ भने अपाङ्गता भएका र अशक्तहरूले सहजतवरले मतदान गर्ने व्यवस्था मिलाइनुपर्छ।

- **निर्वाचन अधिकारीहरूमा महिला वृद्धि गरिनुपर्ने**

  महिला मतदाताले महिला कर्मचारी (सुरक्षाकर्मीसमेत) हुँदा मतदान गर्न जति सहजता अनुभव गर्छन् पुरुष कर्मचारी सामुन्ने त्यति सहज मान्दैनन्। त्यसैले मतदानस्थलहरूमा क्रमशः महिला कर्मचारीको सङ्ख्या वृद्धि गरिनुपर्छ। अझ महिलाको लाइनमा त सुरक्षाकर्मी र प्रहरी दुवै अनिवार्यरूपमा महिला राख्नैपर्छ। यसले मतदाताको मनोबल बढ्छ भने मत बदर हुने सम्भावनासमेत कम हुन्छ।

- **मनोनयनपत्रको ढाँचा संशोधन गर्नुपर्ने**

  निर्वाचन आयोगले स्थानीय तहका उम्मेदवारले मनोनयन दर्ता गर्न फारम भर्नुपर्ने व्यवस्था गरेको छ। त्यस्तो फारममा महिला र पुरुष मात्र नभई अन्य लैङ्गिक पहिचान खुल्ने, अपाङ्गता भएको भए त्यो पनि खुल्ने, दलित, जात, एकल, लोपोन्मुख आदि के हो भनेर पनि उल्लेख गर्नुपर्ने व्यवस्था मिलाउनुपर्छ। यसो भयो भने स्थानीय सरकारका लागि भएको निर्वाचनमा सीमान्तकृतको सहभागिता, अभिरुचि र विजयी सङ्ख्या पत्ता लगाउन सहज हुन्छ। जसबाट नीति निर्माण तथा योजना र कार्यक्रम निर्माणमा समेत सहयोग पुग्छ।

- **आयोग स्पष्टीकरणबाट अघि बढ्नुपर्ने**

  निर्वाचन आचारसंहिता नैतिक बन्धन मात्र हो। यो बाध्यकारी हुँदैन। त्यसैले निर्वाचनका क्रममा खासगरी लैङ्गिक समानता र सामाजिक समावेशीकरणको मूल मर्ममा प्रहार गर्ने, यसलाई खल्बल्याउने तथा होच्याउने र अझै पछाडि पार्ने कामविरुद्ध निर्वाचन सशक्त ढङ्गले अघि बढ्नपर्छ। यस्ता घटनामा आयोगले स्पष्टिकरण त सोध्ने गरेको छ तर यसले मात्र पुग्दैन। अन्य कारवाहीको प्रक्रिया पनि अघि बढाउन पर्छ। यसो भए मात्र पीडकले गल्ति महसुस गर्छ भने आगामी दिनमा यस्ता कुकर्म न्यून हुने सम्भावना रहन्छ।

## ६.४ अध्ययन अनुसन्धान

राष्ट्रिय महिला आयोगको वार्षिक स्वीकृत कार्यक्रममा बालबालिका विवाह, प्रजनन्, अध्ययन अनुसन्धान र सिफारीस विषय रहेको थियो। उक्त कार्यक्रम संचालन गर्न सेवा परामर्श लिने गरी कार्य विवरण तथा बजेटको विभाजन समेत भैसकेको र उक्त कार्यक्रम सरकारी निकाय अर्थात् त्रिभुवन विश्वविद्यालय मार्फत गराउने गरी कार्य अगाडि बढेकोमा त्रिभुवन विश्व विद्यालयको तर्फबाट श्रम अध्ययन स्नातकोत्तर कार्यक्रमबाट प्राप्त आर्थिक तथा प्राविधिक प्रस्ताव प्राप्त हुँदा आयोगको लागत अनुमान भन्दा बढी प्रस्ताव गरेको र अनुसन्धान गर्दा लिनु पर्ने सातै प्रदेशको हिमाल, तराइ र पहाड गरी १८ ठाउँको नमुना लिनु पर्ने कार्यविवरण आयोगले बनाएकोमा त्रिभुवन विश्व विद्यालयको प्रस्तावमा जम्मा ३ वटा नमुनामा अनुसन्धान गर्ने गरी प्रस्ताव प्राप्त भएकोले उक्त निकायसँग अनुसन्धान गराउन सकिएन। यो प्रक्रिया समाप्त भै नयाँ प्रक्रियाबाट अनुसन्धान गराउन आर्थिक वर्षको अन्त्य नजिक आइ सकेकोले अनुसन्धान गर्ने कार्य हुन सकेन।

परिच्छेद – ७

# लैङ्गिक समानता प्रवर्द्धन तथा लैङ्गिक न्याय सुनिश्चित गर्ने सन्दर्भमा नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग तथा निकायहरूबाट आवश्यक पहलकदमी लिनुपर्ने विषयमा राष्ट्रिय महिला आयोगबाट प्रस्तुत सुझाव

| क्र. सं. | सम्बन्धित मन्त्रालय/ निकाय | सुझाव गरिएको विषय | कार्यान्वयनको विवरण |
|---|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | • सबै प्रदेशमा राष्ट्रिय महिला आयोगको कार्यालय स्थापना गरी सञ्चालन गर्न सिफारिस गरिएको । | • सुझाव तथा सिफारिस कार्यान्वयन नभएको । |
| २. | अर्थ मन्त्रालय | • लैङ्गिक सशक्तीकरण सूचकाङ्क समेतलाई आधार लिई प्रदेश तथा स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्ने व्यवस्था अवलम्बन गर्ने ।<br>• हिंसा पीडित तथा अन्य सीमान्तीकृत महिलाहरूलाई आत्मनिर्भर बन्न सघाउने आयमूलक व्यवसाय सञ्चालन गर्न सहुलियतपूर्ण ऋण तथा वित्तीय पहुँचको व्यवस्था मिलाउने । | • *सिफारिस गरिएको विषयको कार्यार्थ पठाइएको ।* |
| ३. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | • मौजुदा ऐन, कानूनमा रहेका महिलाको हक, अधिकारसम्बन्धी व्यवस्था तथा महिलाका लागि गरिएका विशेष कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गरी लैङ्गिक न्याय सुनिश्चित गर्ने । | • महिला अधिकार सम्बन्धी कानूनको कार्यान्वयन र लैङ्गिक न्याय सुनिश्चित गर्ने सन्दर्भमा मन्त्रालय सदैव प्रतिबद्ध रहेको ।<br>• कानून निर्माण प्रक्रियामा सरोकारवाला निकायको सहभागिता, छलफल र परामर्शलाई मन्त्रालयले प्राथमिकता दिएको । |

| | | | |
|---|---|---|---|
| | | • लैङ्गिक समानता, लैङ्गिक सशक्तीकरण तथा महिलाको हक हितसँग सरोकार राख्ने कानून तथा नीतिको निर्माण गर्दा राष्ट्रिय महिला आयोगलाई अनिवार्य रूपमा संलग्न गराउने व्यवस्था गर्ने ।<br>• महिला विरूद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद रोकथाम एवं नियन्त्रणका लागि कानूनी उपचार प्रणालीलाई सहज, छिटो र पहुँचयोग्य बनाउने ।<br>• नाबालकमाथि हुने यौन हिंसाको उजुरी गर्ने म्याद १ वर्ष रहेकोमा १८ वर्षपछि हदम्याद शुरू हुने कानूनी व्यवस्था गर्ने अर्थात् बालबालिकाको हकमा १८ वर्ष पूरा भएको मितिले ५ वर्षभित्र उजुरी दिन सक्ने व्यवस्था राख्न उपयुक्त हुने ।<br>• जर्बजस्ती करणी मुद्दामा कुनै प्रकारको कैद छुट हटाउने ।<br>• महिला ईजलासको व्यवस्था गर्न पहल गर्ने ।<br>• साईबर अपराध सुनुवाईको लागि प्रत्येक प्रदेशमा कम्तिमा एउटा अदालत तोक्ने ।<br>• क्षतिपूर्ती कोषको कार्यान्यवन र साक्षी संरक्षणसम्बन्धी कानून निर्माण गर्ने ।<br>• विभिन्न राष्ट्रहरूसँग पारस्परिक कानूनी सहायता र सपुर्दगी सन्धीहरू गर्ने ।<br>• लिभिङ टुगेदर र सेक्स वर्कर सम्बन्धी छुट्टै कानूनी व्यवस्था गर्न उपयुक्त हुने । | • एकीकृत कानूनी सहायता नीति, २०७६ मा लैङ्गिक हिंसा, घरेलु हिंसा, जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव सम्बन्धी कसुरबाट पीडितलाई निशुल्क कानूनी सहायता उपलब्ध गराउने नीति रहेको र कानूनी सहायता सम्बन्धी ऐन, २०५४ बमोजिम कानूनी उपचार प्रणालीलाई पहुँचयोग्य बनाउने उद्देश्यले न्याय सम्बन्धी हकलाई कार्यान्वयन गर्नको लागि निःशुल्क कानूनी सहायता प्रदान गरिँदै आएको ।<br>• बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७४ को उपदफा (१) मा दफा ६६ अन्तर्गतको कसूरको सम्बन्धमा प्रचलित कानूनमा कुनै हदम्याद तोकिएकोमा त्यस्तो हदम्यादभित्र र हदम्याद नतोकिएकोमा सो कसूर भए, गरेको मितिले एक वर्षभित्र मुद्दा दायर गरिसक्नु पर्ने तथा सोही दफाको उपदफा (२) मा उपदफा (१) बमोजिम मुद्दा दायर नगरिएको अवस्थामा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिका विरुद्धको कसुरको सम्बन्धमा मुद्दा दायर गर्ने हदम्याद त्यस्तो बालबालिका अठार वर्ष पूरा भएको मितिले एक वर्षसम्म कायम रहनेछ भन्ने व्यवस्था रहेको छ । त्यसैगरी, यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने ऐन, २०७९ को दफा ३ को उपदफा (४) मा मुलुकी अपराध संहिता २०७४ को करणी सम्बन्धी कसूर (परिच्छेद-१८) अन्तर्गत दफा २२९ को उपदफा (२) मा रहेको उजुरी गर्ने हदम्यादलाई गरिएको संशोधनमा दफा २१९, २२१, २२२, २२३, २२४, २२५, २२६ को उपदफा (३) र दफा २२७ क. को उपदफा (१) अन्तर्गतको कसूर बालबालिका विरुद्ध भएकोमा त्यस्तो बालबालिका अठार वर्ष पूरा भएको मितिले तीन वर्ष भित्र उजुर लाग्ने व्यवस्था रहेको छ । |

| | | | |
|---|---|---|---|
| | | • पूर्ण अपाङ्ग र ज्येष्ठ नागरिकमाथि भएको जबर जस्ती करणीको हकमा असीमित हदम्याद रहने गरी व्यवस्था गर्न उपयुक्त हुने ।<br>• पीडितको सुरक्षा, संरक्षण एवं क्षतिपूर्तिको व्यवस्था समेतका लागि अनुसन्धान प्रक्रियादेखि नै सुधार गर्ने ।<br>• १६ वर्षभन्दा माथिका किशोर किशोरीबीच सहमतिमा भएको यौन सम्पर्कलाई जबरजस्ती करणी नहुने व्यवस्था गर्न उपयुक्त हुने ।<br>• ९० वर्षभन्दा कम उमेरका यौन हिंसाका दोषीलाई सजायबाट उन्मुक्ति नहुने व्यवस्था गर्ने । | • मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ को उपदफा (४) मा जबरजस्ती करणी लगायत सो उपदफामा उल्लेख भएका कसूरका कसूरदारलाई भएको सजाय माफी गर्ने, मुल्तबी राख्ने, परिवर्तन गर्ने वा कम गर्ने कारवाही गर्न सकिने छैन भन्ने व्यवस्था रहेको छ । त्यसैगरी, यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने ऐन, २०७९ को दफा २ मा ज्येष्ठ नागरिक ऐन, २०६३ मा गरिएको संशोधनमा जबरजस्ती करणी लगायतका कसूरमा छुट नदिने व्यवस्था रहेको ।<br>• महिला इजलासको व्यवस्था र साइबर अपराध सुनुवाईको लागि अदालत तोक्ने विषय मुद्दाको चाप, जनशक्ति, राज्यको स्रोत तथा क्षमता र न्यायमा पहुँच लगायतका विषयहरूको आधारमा निर्धारित भएकोले सो विषयको आवश्यकता र औचित्यता हेरी यस मन्त्रालयले निर्वाह गर्नुपर्ने भूमिका पूरा गर्न कटिबद्ध रहेको ।<br>• महिला फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११३ मा साक्षीलाई दैनिक तथा भ्रमण भत्ता तथा सुरक्षा दिनुपर्ने, दफा ११४ मा साक्षी वा पीडितको संरक्षण गर्ने र दफा १८३ मा पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने सम्बन्धी कानूनी व्यवस्था रहेको छ । अपराध पीडितलाई पर्न गएको प्रतिकूल असर न्यून गर्न तथा कसूरको परिमाण स्वरुप व्यहोर्नु परेको क्षति बापत पीडितलाई क्षतिपूर्ति समेतको व्यवस्था गरी पीडितको हक, हितको संरक्षण गर्ने उद्देश्यले अपराध पीडित संरक्षण ऐन, २०७५ प्रचलनमा रहेको छ । साथै, कसैबाट पीडितलाई राहत उपलब्ध गराउनको लागि फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७ समेत प्रचलनमा रहेको छ । विभिन्न विषयगत प्रचलित नेपाल ऐनमा त्यस्तो ऐनको उद्देश्य र प्रकृति अनुसार क्षतिपूर्ति सम्बन्धी व्यवस्था समेत कानूनमा रहेका छन् । |

| | | | |
|---|---|---|---|
| | | | • पारस्परिक कानूनी सहायता ऐन, २०७० बमोजिम यस मन्त्रालयले केन्द्रीय अधिकारीको भूमिका निर्वाह गरी आएको छ भने सुपर्दगीको विषय गृह मन्त्रालयको अधिकारक्षेत्रभित्र पर्दछ। नेपालले पारस्परिक कानूनी सहायता सम्बन्धमा अक्टोबर, २०१९ मा नेपाल र जनवादी गणतन्त्र चीनबीच फौजदारी विषयमा पारस्परिक कानूनी सहायता सम्बन्धी सन्धी गरेको छ। त्यसैगरी, सुपर्दगी सन्धी सन् १९५३ मा भारत सरकार र नेपाल सरकारबीच भएको छ। नेपालको आफ्नो एकल चाहना र आवश्यकतामा सन्धी निर्माण नभई अर्को राज्यको चाहना र इच्छाको आधारमा सन्धी निर्माण हुने भएकोले दुई पक्षीय सहमतिको आधारमा बन्ने यस्ता सन्धी निश्चय पनि राज्यको आवश्यकता र नेपालको संविधानको सिमाभित्र रही बनाउने कुरामा यस मन्त्रालय सदैव प्रतिवद्ध रहेको।<br>• हदम्याद संशोधन सम्बन्धी विषय संघीय संसदबाट पारित भइसकेको। |
| ४. | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | • कृषि क्षेत्रमा निर्भर रहेका महिलाहरूलाई विना धितो विना ब्याज ऋण दिई प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गर्ने। | • विभिन्न प्रदेशका कृषि क्षेत्र हेर्ने मन्त्रालयहरूद्वारा विभिन्न बैंकहरू मार्फत बिना धितो न्यूनतम ब्याजदरमा कृषि क्षेत्रमा संलग्न महिलाहरूलाई कर्जा प्रवाहको स्कीम सञ्चालनमा रहेको छ। त्यस्तै कर्णाली प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले सहकारी मार्फत सहकारीमा आबद्ध सदस्यहरूलाई यो सुविधा प्रदान गरेको छ। |

| | | | |
|---|---|---|---|
| | | | • कृषि तथा पशुपन्छीजन्य क्षेत्रको व्यवसाय प्रवर्द्धन गरी उत्पादन एवं रोजगारी अभिवृद्धि गर्न, शिक्षित बेरोजगार युवाहरूलाई मुलुकभित्र रोजगारीका अवसरहरू सिर्जना गर्न, महिला उद्यमशील क्षमताको विकास गर्न, आर्थिक रुपमा विपन्न सीमान्तकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीहरूलाई उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनका शैक्षिक ऋण उपलब्ध गराउन, लघु वीमा प्रिमियममा अनुदान दिन साथै सहुलियतपूर्ण कर्जा उपलब्धताको लागि ब्याज अनुदान दिन साथै सहुलियतपूर्ण कर्जा उपलब्धताको लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई लागू भएको छ । साथै, सो कार्यविधिको कार्यान्वयन मान्यता प्राप्त बैंक तथा वित्तीय संस्था, वीमा कम्पनी, निक्षेप तथा कर्जा सुरक्षण कोष, वीमा समिति, नेपाल राष्ट्र बैंक आदि मार्फत हुने व्यबस्था छ ।<br>• आठौं योजनादेखि निरन्तर रुपमा कृषि कार्यक्रममा लैङ्गिक मूलप्रवाहीकरणका लागि प्रत्येक जिल्लास्तरका कार्यक्रमहरू समूह पद्वति (Group Approach ) अनुसार सञ्चालित छन् ।<br>• राष्ट्रिय कृषि नीति, २०६१ मा लैङ्गिक मूलप्रवाहीकरणका लागि कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने तथा लैङ्गिक समानता हासिल गर्न कृषि कार्यक्रमको सञ्चालनमा सम्भव हुने सबै क्षेत्रमा महिला संलग्नता एवं सहभागितालाई ५० प्रतिशत पुऱ्याउने महिला कृषक तालिममा सकभर घुम्ती तालिमको प्रबन्ध मिलाई घर गाउँ नजिक पुऱ्याउने व्यवस्था मिलाउने, कृषि विकासका कार्यक्रममा महिला संलग्नता सम्बद्ध सूचना तथा तथ्याङ्कहरूको प्रवाहलाई सुनिश्चित गर्ने । |

| | | | |
|---|---|---|---|
| | | | • अनुसन्धानमा महिलाहरूको सक्रिय सहभागिता र भूमिका बढाउनको लागि कृषि विकास रणनीति, २०७२ मा समेत महिलाको अवसरहरूको सुनिश्चितता एवं सहभागिता समेटी भौगोलिक क्षेत्रहरूमा लैङ्गिक र सामाजिक समावेशीकरण मैत्री कृषि अनुसन्धान, प्रविधि र विकासका कार्यक्रमहरू प्रवर्द्धन गर्ने ।<br>• कृषि विकास रणनीति, २०७२ को समावेशी पक्षको कार्यान्वयन प्रक्रिया प्रारम्भ गर्न संयुक्त राष्ट्रसंघको लैङ्गिक समानता तथा महिला सशक्तिकरण सम्बन्धी कार्य गर्ने संस्था (United Nations Entity for Gender Equality and the Empowerment of Women/UN Women) बाट तयार गरिएको रणनीतिलाई नेपाल सरकारले २०७४ आषाढ ६ (जुन २०,२०१७) गतेको निर्णयबाट अनुमोदन गरेको छ ।<br>• नेपाल कृषि अनुसन्धानको समग्र उपलब्धिमा प्रत्यक्ष वा अप्रत्यक्ष लाभान्वितहरूमा १४४० जना महिला तथा ९६० पुरुष गरी जम्मा २४०० जना रहेका छन् ।<br>• कृषि क्षेत्र विकास कार्यक्रम (ASDP) मा ३५ हजार घरपरिवारहरू (दुई तिहाई महिला र एक चौथाई सिमान्तकृत वर्ग- दलित, जनजाति, मुसलमान, युवा तथा सुकुम्बासी र अन्य) लाभान्वित भएका छन् ।<br>• कृषि विभाग, पशुसेवा विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग मार्फत सञ्चालन हुने सबै कार्यक्रमहरूमा भौगोलिक, लैङ्गिक, सामाजिक र आर्थिक समावेशीकरणलाई मूल प्रवाहीकरण गरिएको छ । |

| | | | |
|---|---|---|---|
| | | | • कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत सञ्चालनमा रहेका आयोजनाहरूले आफ्नो कार्यक्रम भित्र संस्थागत गरी रोजगार र जीविकोपार्जनका लागि प्रशस्त अवसरहरू उपलब्ध गराई महिला, सिमान्त, विपन्न र पिछडिएका कृषकहरूको कृषि प्रविधि, कृषि सामाग्री र तालिमको पहुँचलाई अभिवृद्धि गर्ने वातावरण सिर्जना गरेको छ। |
| ५. | गृह मन्त्रालय | • पितृत्वको पहिचान नभएको कारण जन्मदर्ता र नागरिकता पाउन नसकेका बालबालिका तथा नागरिकले अनागरिक हुनु पर्ने अवस्थालाई अन्त्य गर्न नागरिकता ऐन संशोधन गर्न सुझाव पेश गर्ने।<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूमा महिला प्रहरी प्रमुखको व्यवस्था गर्ने।<br>• प्रत्येक जिल्लामा कम्तिमा १ जना महिला प्रहरी निरीक्षकको व्यवस्था गर्नु पर्ने।<br>• तराईका जिल्लाहरूमा महिला प्रहरीको संख्या कम रहेकोले पर्याप्त संख्यामा महिला प्रहरीको व्यवस्थापन गर्ने।<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूको क्षमता अभिवृद्धिगर्ने। | • उक्त अवस्थाका बालबालिका तथा नागरिकहरूको जन्मदर्ता तथा नागरिकता प्रमाणपत्रहरू प्रचलित कानून बमोजिम जारी भईरहेको।<br>• हहाल ६७ वटा महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रहरुमा महिला अधिकृत (सि.प्र.अ/ जु.प्र.अ.) रहेको र बाँकी सेवा केन्द्रहरुमा अपराध नियन्त्रण तथाअनुसन्धान कार्ययोजना (Crime Action Plan (CAP) iii), २०७९ अन्तर्गत थप व्यवस्थापनको लागि समन्वय तथा पहल भइरहेको।<br>• नेपाल प्रहरीको लैङ्गिक नीति, २०६९ बमोजिम महिला प्रहरीको आवश्यक व्यवस्थापनको लागि कार्य भइरहेको।<br>• ४१ वटा जिल्लाहरुमा महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र छुट्टै भवन रहेको र बाँकी जिल्लाहरुमा भवन निर्माणको पहल भइरहेको।<br>• महिला मैत्री तथा बाल मैत्री कक्ष रहेको र नभएका स्थानमा निर्माण गर्न पहल भइरहेको। |
| | | • सन्तानलाई आमाको नामबाट नागरिकता प्राप्त हुने व्यवस्था मिलाउने। | • सो विषयलाई ऐनमा समेट्ने सन्दर्भमा नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरणको क्रममा रहेको। |

| | | | |
|---|---|---|---|
| | | • राज्यले प्रदान गर्ने नागरिकता प्रमाणपत्र, राष्ट्रिय परिचय पत्र लगायतका महत्वपूर्ण वैयक्तिक कागजातहरूमा आमाको नाम समेत अनिवार्य रूपमा उल्लेख गर्ने व्यवस्था मिलाउने । | • प्रचलित कानून बमोजिम कार्यान्वयन भइरहेको । |
| ६. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | • महिलाको आर्थिक सशक्तीकरणका लागि महिलाहरूबाट सञ्चालित हुने सामुहिक खेती प्रणाली वा कृषि फर्म सञ्चालन गर्दा अनुदान तथा अन्य प्रोत्साहन गर्ने। | • सहकारी संस्थाहरूलाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि २०७८ अनुसार महिलाको आर्थिक सशक्तिकरणको लागि अनुदान सुविधा ७५% सम्म उपलब्ध गराउन सकिने उल्लेख भएको ।<br>• प्रदेश आर्थिक ऐनमा महिलाको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुटको व्यवस्था र गाउँपालिकामा पैँतीस प्रतिशत छुटको व्यवस्था भएको ।<br>• सम्पत्तिमा महिला र पुरुष तथा छोरा छोरी वीच समान अधिकार रहेको संवैधानिक तथा कानूनी व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न गराउने सम्बन्धमा सबै मालपोत कार्यालयहरूलाई पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव नगरी प्रचलित कानून बमोजिम सबै अंशियारले अंश पाउने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गराउन यस मन्त्रालयको मिति २०७८-०८-०९ को मन्त्रीस्तर निर्णयानुसार कार्यान्वयनको लागि तत्काल देश भरका सम्पूर्ण मालपोत कार्यालयहरूलाई परिपत्र गर्ने प्रयोजनको लागि प.सं २.१/ज.प्र./०७८/०७९ ज.टी. ३३०४/१३९ च.नं. ५९६ मिति २०७८-०८-०९ को पत्रबाट भूमि वयवस्थापन तथा अभिलेख विभागलाई लेखी पठाइएको । |

| | | | |
|---|---|---|---|
| ७. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | ● साविकमा जिल्लाहरूमा महिला तथा बालबालिका कार्यालय रही महिला, बालबालिका तथा ज्येष्ठ नागरिकका विषयमा कार्यरत थियो । संघीयताका कार्यान्वयनसँगै यो कार्यालय खारेज भई यसका जिम्मेवारी स्थानीय तहमा सरेका छन् । स्थानीय तहमा जनशक्ति अभावका कारण महिला तथा बालबालिकका विषयहरू ओझेलमा पर्नुका साथै लैगिंक हिंसाका विषयमा राम्रोसँग सम्बोधन हुन सकेको छैन । तसर्थ, स्थानीय तह सक्षम नहुँदासम्ममा महिला, बाालबालिका तथा ज्येष्ठ नागरिकका विषयहरू सम्बोधन गर्न सबै जिल्लामा महिला, बालबालिका कार्यालयको स्थापनाका लागि सिफारिस गर्ने । | ● आ.ब. २०७९-८० को नीति तथा कार्यक्रममा सम्बोधन भएको । |
| | | ● राष्ट्रिय महिला आयोगले अनुगमनको दौरानमा लैङ्गिक हिंसा पीडित महिला तथा बालिकाहरूका लागि सञ्चालनमा रहेका आश्रयस्थलहरूको भवनको अभाव, सुरक्षित आश्रयस्थल नरहेको र क्षेत्रगत रूपमा आश्रयस्थलको आवश्यकता रहेको महसुस गरेकोले न्यूनतम मापदण्डसहितका आश्रयस्थल सबै जिल्लाहरूमा सञ्चालन गर्न सिफरिस गर्ने । | ● विगतमा सञ्चालनमा रहेको २१ वटा अल्पकालीन सेवा केन्द्र स्थानीय तहको समन्वयमा सञ्चालनमा रहेको र प्रदेश नं. १ मा सामाजिक विकास मन्त्रालयबाट दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालनमा रहेका साथै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट मंगला साहना दीर्घकालीन पुनर्स्थापना सञ्चालन हुँदै आएको ।<br>● संघ संस्थाले मन्त्रालयको समन्वयमा सुरक्षित आश्रय स्थलको सञ्चालन गरिरहेको । |

| | | | |
|---|---|---|---|
| | | • हरेक मन्त्रालय /विभाग/ निकायमा अनिवार्य रूपमा लैङ्गिक शाखा/ लैङ्गिक सम्पर्क बिन्दुहरूको स्थापना गरी लैङ्गिक सरोकारका विषयहरूमा निरन्तर सक्रिय गराउने र लैङ्गिक मैत्री कार्य वातावरणमा सेवा प्रवाह गर्ने । | • सबै संघीय मन्त्रालय/केन्द्रीय निकायहरूमा लैङ्गिक सम्पर्क विन्दु/व्यक्ति तोकिएको,<br>• लैङ्गिक सम्पर्क व्यक्तिहरूको लागि कार्य क्षेत्रगत शर्त(TOR) स्वीकृत भएको,<br>• लैङ्गिक सम्पर्क व्यक्तिहरूको क्षमता विकास तथा सकारात्मक सोच सम्बन्धी तालिम तथा अन्तरक्रिया कार्यक्रम निरन्तर रुपमा सञ्चालन हुँदै आएको,<br>• यस मन्त्रालय तथा अन्य केही निकायमा सेनिटरी प्याड भेन्डिङ मेसिन जडान गरिएको तथा केही निकायमा यस आ.व. मा जडान गर्ने कार्यक्रम रहेको । |
| | | • सबै मन्त्रालय/विभाग/ निकायका सबै कर्मचारीहरूलाई वर्षमा एक पटक कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार तथा हिंसा विरूद्ध अभिमुखीकरण कार्यक्रम सञ्चालन गने | • कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ संसंशोधनको अन्तिम मस्यौदा तयार भएको,<br>• कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारको निवारणका लागि रेडियो वबाट सन्देशमूलक कार्यक्रम प्रशारण गरिएको,<br>• यस आ.व. मा सरकारी गैरसरकारी तथा निजी क्षेत्रमा कार्यरत महिला तथा सो संस्थाका संचालक/ व्यवस्थापकहरूको लागि कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार ऐन तथा आचरण लगायतका कानुनी विषयमा अभिमुखीकरण कार्यक्रम रहेको । |
| | | • यौनिक तथा लैङ्गिक अल्पसंख्यकप्रति सामाजिक विभेद हटाउन नीतिगत व्यवस्था, सचेतनामूलक तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने । | • यौनिक तथा लैङ्गिक अल्पसंख्यकप्रति समाजमा रहेको भ्रम हटाउन राष्ट्रिय तथा स्थानीय स्तरमा अन्तक्रिया, गोष्ठीहरू सञ्चालन गरिएको ।<br>• सम्बन्धित सरोकारवाला संस्थाहरूलाई अनुदान प्रदान गरी आयमूलक तालिम कार्यक्रमहरू सञ्चालन गरिएको ।<br>• सामाजिक कुरीति, हिंसा र मानव बेचबिखन विरुद्धको प्रदेशस्तरको अभियान कार्यक्रम गरिएको । |

| | | | |
|---|---|---|---|
| | | | • सामाजिक कुरीति, हिंसा र मानव बेचबिखन विरुद्धको प्रदेशस्तरको अभियान कार्यक्रम गरिएको ।<br>• महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, लैङ्गिक हिंसा तथा मानव बेचबिखन तथा ओसारपसार लगायतका सवालमा नेपाल टेलिभिजनबाट विभिन्न कार्यक्रम मार्फत सामाजिक सचेतनामूलक सन्देश उत्पादन तथा प्रशारण गरिएको । सो कार्यक्रमलाई यस आ.व. मा पनि निरन्तरता दिएको,<br>• उद्यमशीलता विकास कार्यक्रम सञ्चालनमा रहेको,<br>• यस आ.व. मा महिला पहिला र महिला सुरक्षा कार्यक्रम संचालनमा रहेको छ । |
| | | • महिलाभित्र पनि नाबालक, महिला, ज्येष्ठ नागरिक, यौनिक तथा लैगिंक अल्पसंख्यक र सिमान्तकृत समुदायका महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद, सामाजिक कुरीति विरूद्ध शून्य सहनशीलताको नीतिलाई राज्यको सबै तह र निकायमा प्रभावकारी तवरमा लागू गर्ने । | • सामाजिक कुरीति, हिंसा र मानव बेचबिखन विरुद्धको प्रदेशस्तरको अभियान कार्यक्रम गरिएको ।<br>• महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, लैङ्गिक हिंसा तथा मानव बेचबिखन तथा ओसारपसार लगायतका सवालमा नेपाल टेलिभिजनबाट विभिन्न कार्यक्रम मार्फत सामाजिक सचेतनामूलक सन्देश उत्पादन तथा प्रशारण गरिएको सो कार्यक्रमलाई यस आ.व. मा पनि निरन्तरता दिएको ।<br>• ७५३ वटा स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोषको व्यवस्था र प्रदेश तथा स्थानीय तत्काल उद्धार तथा राहत समितिको व्यवस्था भएको । |

| | | | |
|---|---|---|---|
| | | • लैङ्गिक लेखा परीक्षण पद्धतिलाई राज्यका सबै तहमा लागू गर्ने र विभिन्न निकायहरूको लैङ्गिक बजेटको पैरवी, अनुगमन र परीक्षण गरी सोको आवधिक प्रतिवेदन प्रकाशन गर्ने । | • लैङ्गिक सम्पर्क व्यक्तिको बैठक अन्तरक्रिया तालिम कार्यक्रममा यस्ता विषयलाई प्राथमिकतामा राखी संचालन गर्ने गरिएको ।<br>• यस आ.व. मा लैङ्गिक परीक्षण मापदण्ड निर्माण गर्ने तथा लैङ्गिक परीक्षण गर्ने कार्यक्रम रहेको । |
| | | • लैङ्गिक हिंसा निवारण कोषको बारेमा व्यापक प्रचार प्रसार गरी कोषको प्रभावकारी प्रयोगमा जोड दिने । | • स्थानीय लैङ्गिक हिंसा निवारण कोष स्थापनाको विषयमा रेडियो तथा टेलिभिजनबाट सन्देश प्रशारण गरिएको,<br>• लैङ्गिक हिंसामा परेका पीडित तथा प्रभावितको लागि प्रदेश र स्थानीय तहमा तत्काल उद्धार तथा राहत समितिको प्रभावकारी रुपमा परिचालन भएको । |
| | | • हिंसा पीडित तथा अन्य सीमान्तीकृत महिलाहरूलाई आत्मनिर्भर बन्न सघाउने आयमूलक व्यवसाय सञ्चालन गर्न सहुलियतपूर्ण ऋण तथा वित्तीय पहुँचको व्यवस्था मिलाउने । | • राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत हिंसा पीडित तथा सीमान्तकृत महिलाका लागि स्थानीय तहमा रोजगारीमूलक तालिम तथा वित्तीय पहुँचको कार्यक्रम भएको,<br>• सरोकारवाला निकायको समन्वयमा सीमान्तकृत महिलाको लागि रोजगारीमूलक तालिम कार्यक्रम रहेको । |
| | | • विभिन्न संघ संस्थालााई प्रदान गरेको अनुदानको उचित प्रयोग भए नभएको अनुगमन गर्ने । | • मन्त्रालयको स्वीकृत कार्यक्रम अनुसार विभिन्न संघसंस्थाको नियमित अनुगमन गरी अनुदानको उचित प्रयोगमा जोड दिएको । |
| ८. | युवा तथा खेलकुद मन्त्रालय | • खेलकुदमा महिलाहरूको आकर्षण अभिवृद्धि गर्न विद्यालय तहबाट नै विशेष कार्यक्रमहरू सञ्चालन गर्ने । | • राष्ट्रिय खेलकुद परिषद् मार्फत सातवटा प्रदेशका जिल्लाहरू समेटिने गरी २१ जिल्लामा कक्षा ८ देखि १२ सम्म अध्ययनरत करिब ४,००० जना छात्राहरूलाई आत्मरक्षा तथा विभिन्न खेलका प्रशिक्षण दिने कार्यक्रम सम्पन्न भएको । राष्ट्रिय खेलकुद परिषद् मार्फत सम्पन्न भएको राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा गत आ.व.मा ५ वटा प्रदेश अन्तर्गतका जिल्लाहरू र मातहतका स्थानीय निकायहरूमा सम्पन्न भएको जसमा करिब २५ हजार छात्रा सहभागी रहेको । |

| | | | |
|---|---|---|---|
| | | • महिला र पुरूष खेलाडीहरूबीच समान खेल र समान प्रतिस्पर्धाका लागि विद्यमान असमान पारिश्रमिक दर अन्त्य गरी समान पारिश्रमिक दर कायम गर्ने । | • महिला र पुरुष खेलाडीहरूलाई समान खेल र समान प्रतिस्पर्धाका लागि समान पुरस्कारको व्यवस्था हुने गरी नीति तथा कार्यक्रमहरू रहेको । |
| | | • खेलकूद क्षेत्रमा हुनसक्ने लैङ्गिक हिंसाका घटनालाई रोकथाम र नियन्त्रण गर्न आचार संहिता तयार गरी लागू गर्ने । | • खेलकुद क्षेत्रमा हुन सक्ने लैङ्गिक हिंसाका घटनालाई रोकथाम र नियन्त्रण गर्न आचारसंहिताको मस्यौदा तयार भएको । |
| | | • खेलकुद क्षेत्रमा लैङ्गिक-मैत्री व्यवस्था र वातावरण निर्माण गर्ने । | • खेलकुद क्षेत्रमा लैङ्गिक-मैत्री व्यवस्था र वातावरण निर्माण गर्ने उद्देश्यले खेलकुदमा लैङ्गिक सचेतना कार्यक्रमहरू मन्त्रालय मार्फत सञ्चालन भइरहेको । |
| ९. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | • सञ्चार माध्यमबाट प्रकाशन र प्रसारण हुने सामग्रीहरू लैङ्गिक मैत्री बनाउन सम्बन्धित संस्था/निकायलाई अनुगमन गरी नियमन गर्ने व्यवस्था मिलाउने । | • कार्यान्वयन गरिने । |
| | | • महिलाको छवि (image) बिगार्ने, विज्ञापनहरूमा महिलालाई नकारात्मक रूपमा प्रस्तुत गर्ने सामग्रीहरूको प्रकाशन र प्रसारणमा सेन्सर गर्ने र रोक लगाउने । | • "विज्ञापन उत्पादन, प्रकाशन, प्रशारण र वितरण सम्बन्धी आचारसंहिता, २०७९" जारी भई कार्यान्वयनमा रहेको । |
| | | • विभिन्न प्रकृतिको लैङ्गिक हिंसामा परेका हिंसा पीडित महिला तथा बालिकाहरूको अडियो भिडियो बनाई सामाजिक सञ्चालमार्फत दुष्प्रचार गर्ने व्यक्ति/संस्थालाई कानून निर्माण गरी कारवाही गर्ने । | • सामाजिक सञ्जाललाई व्यवस्थित, नियमन गर्न प्रेस काउन्सिल नेपालबाट कार्यविधि निर्माण भैरहेको । |

| | | | |
|---|---|---|---|
| | | • सामाजिक सञ्जाल मार्फत लैङ्गिक हिंसा र दुर्व्यवहार प्रदर्शन गर्ने व्यक्ति/संस्थालाई नियन्त्रणमा लिई कानूनी कारवाही गर्ने । | • लैङ्गिक हिंसा र दुर्व्यवहारका दोषीलाई कानून बमोजिमको कारबाहीको लागि सुरक्षा निकायसँग आवश्यक समन्वय गरिने । |
| | | • साईबर मुद्दा हेर्न सबै प्रदेशमा साईबर सेलको स्थापना गर्ने | • कार्यान्वयन गर्दै लगिने । |
| | | • IT Billलाई छिटो भन्दा छिटो पारित गर्न पहल गर्ने । | • पहल भइरहेको । |
| १०. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | • हिंसा पीडित तथा प्रभावित महिला एवं बालबालिकाका लागि तत्काल उद्धार, राहत, निःशुल्क कानूनी सहायता, मनोसामाजिक परामर्श र सीपमूलक कार्यक्रम सञ्चालन गर्नको लागि प्रत्येक स्थानीय तहमा "हिंसा पीडित महिला उद्धार तथा सहायता कोष" स्थापना गरी कानून व्यवसायी तथा मनोपरामर्शकर्ता व्यवस्था गरी सञ्चालनमा ल्याउन आवश्यक समन्वय गर्ने ।<br>• हिंसा पीडित महिला तथा बालिकाहरूलाई न्यायमा सहज पहुँच पुऱ्याउन स्थानीय तहका सबै न्यायिक समितिमा निःशुल्क कानून व्यवसायीको व्यवस्था गर्ने ।<br>• सबै स्थानीय तहमा न्यायिक समितिको क्षमता अभिवृद्धि र सशक्तीकरणका लागि विशेष योजना र कार्यक्रम बनाउने । | • आयोगबाट सिफारिस भएका विषयवस्तुहरूको कार्यान्वयनको अवस्थाको सम्बन्धमा सूचना संकलन गर्ने प्रयोजनार्थ मन्त्रालयबाट स्थानीय तहमा पत्राचार गरिएको । |

| | | | |
|---|---|---|---|
| | | • सबै स्थानीय तहका न्यायिक समितिका लागि मनोसामाजिक-मनोविमर्शकर्ताको व्यवस्था गर्ने ।<br>• निजामती सेवामा सफल भएका महिला उम्मेदवारहरूको विशेष क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने ।<br>• समानुपातिक समावेशीताको आधारमा महिला उम्मेदवारहरूलाई निजामती सेवाको प्राविधिक क्षेत्रहरूमा आर्कषण गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने । | |
| ११. | संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय | • होम स्टे तथा साना पर्यटन व्यवसायमा महिलाहरूको सहभागिता वृद्धिका लागि प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गर्ने । | • उक्त प्रकृतिका कार्यक्रमहरू तारागाउँ विकास समिति तथा पर्यटन विभाग मार्फत सञ्चालन गरिने । |
| १२. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | • यस आयोगबाट अनुगमन गर्दा मापदण्डमा तोकिए बमोजिमा भौतिक पूर्वाधार, जनशक्ति तथा पीडितको पहुँच समेत कमजोर रहेकोले एकद्वार संकट व्यवस्थापन केन्द्रहरू (OCMC) मा अनिवार्य रूपमा एकजना तालिमप्राप्त मनोविमर्शकर्ता (Psychologist), लैङ्गिक मैत्री दक्ष जनशक्तिको साथै भौतिक पूर्वाधारको व्यवस्था गर्ने । | • आर्थिक वर्ष २०७८/७९ मा केन्द्रका सम्पर्क व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा प्रभावकारी बनाउने उद्देश्यले ५० वटा एकद्वार संकट व्यवस्थापन केन्द्रका सम्पर्क व्यक्ति स्टाफ नर्सलाई ६ महिने तालिम राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको पाठ्यक्रम बमोजिम उपलब्ध गराइनुका साथै राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले १९ वटा एकद्वार संकट व्यवस्थापन केन्द्रका सम्पर्क व्यक्तिलाई ६ महिनाको मनोसामाजिक परामर्श तालिम सञ्चालन गरिरहेको छ। त्यस्तै, यही साउन महिनाको अन्तिमबाट अन्य बाँकी रहेका एकद्वार संकट व्यवस्थापन केन्द्रका सम्पर्क व्यक्तिहरूलाई ६ महिने मनोसामाजिक परामर्श तालिम उपलब्ध गराउने क्रममा रहेको छ । यसै आर्थिक वर्षमा ३ वटा सरकारी अस्पतालमा एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना विस्तार गरी ९१ वटा पुऱ्याइएको छ । |

| | | | |
|---|---|---|---|
| | | • निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरूमा कार्यरत महिला स्वास्थ्यकर्मीहरूको कार्यक्षेत्रमा हुने हिंसा सम्बोधनका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने । | • स्वास्थ्यकर्मीमाथि हुने हिंसा र दुर्व्यवहार सम्बन्धमा भर्खरै जारी भएको कानुन बमोजिम प्रचार प्रसार गर्ने, नर्सिङ एशोसिएसन लगायतका छाता सँगठनसँग समन्वय र सहकार्य गरी स्वास्थ्यकर्मीमाथि सम्मानीत र मर्यादित व्यवहार गर्ने र अन्य निजी स्वास्थ्य संस्थासम्म यो विषयलाई जानकारी गराउन आन्तरिक रुपमै अन्तक्रिया छलफल गर्ने/गराउने योजना रहेको ।<br>• कार्यस्थललाई स्वच्छ, स्वस्थ्य र मर्यादित बनाउन कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ र आचार संहिता, २०७४ लाई कार्यान्वयन गराउन सम्बन्धित सबै स्वास्थ्य सेवासँग सम्बन्धित निकायहरूले आगामी दिनमा कार्यक्रम गर्न पत्राचार गरिने ।<br>• लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा मन्त्रालयबाट निर्णय भएको "**म हिंसा गर्दिन**, **हिंसा सहन्न**" भन्ने प्रतिबद्धता हुने सबै स्वास्थ्य सेवाभित्रका प्रत्येक कर्मचारी, नयाँ नियुक्ति लिएर आउने सबैलाई प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्ने र गर्न लगाउने कार्यलाई निरन्तरता दिने ।<br>• सम्मानीत र मर्यादित वातावरणमा  काम गर्न पाउने प्रत्येक व्यक्तिको हक र अधिकार हो भन्ने खालको सन्देशमूलक सामाग्री प्रशारणका लागि मन्त्रालयमा डिजिटल बोर्ड राख्ने योजना रहेको । |

| | | | |
|---|---|---|---|
| | | • सबै स्थानीय तहका न्यायिक समितिका लागि मनोसामाजिक-मनोविमर्शकर्ताको व्यवस्था गर्ने। | • मनोसामाजिक परामर्श तालिम लिएका एकद्वार संकट व्यवस्थापन केन्द्रका सम्पर्क व्यक्तिहरूले र स्वास्थ्य तालिम केन्द्रले ६ महिना मनोसामाजिक परामर्शकर्ताहरूको नाम नामेसी तथा कार्यस्थान सहितको नामावली वेभसाइट राख्ने र सबै मनोसामजिक परामर्शकर्ताले आ-आफ्नो कार्यालयको वेभसाइटमा फोटो सहित राख्न अनुरोध गरिएको। स्थानीय तहमा आवश्यक परेको खण्डमा सोही व्यक्तिबाट मनोसामाजिक परामर्श सेवा लिन सकिने छ। |
| | | • महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गर्न यस सम्बन्धी सेवालाई नेपाल राज्यभर निःशुल्क र सहज बनाउने। | • हिमाल, पहाड र तराई स्थान विशेष गर्भवती तथा सुत्केरीहरूलाई निः शुल्क स्वास्थ्य परीक्षण, यातायात शुल्क, अस्पतालमा सुत्केरी गराउदा भत्ता सहितको व्यवस्था गरिएको छ।<br>• आमा र बच्चाको स्वास्थ्य अवस्थामा समस्या भएमा वा स्वास्थ्य कमजोर भएको आमा बच्चालाई पोषण, पोषण पुर्नस्थापना गृहमा राखी उचित व्यवस्थापनको व्यवस्था रहेको छ।<br>• कामकाजी महिलाहरूलाई सुत्केरी तथा गर्भवतीको समयमा बेतलबी बिदा ३ महिना र थप आवश्यक भएमा पेश्की सहितका बिदा दिने व्यवस्था सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐनले दिएको अधिकार कार्यान्वयनका लागि सम्बन्धित सबैलाई अनुरोध गरिएको। |

| | | | |
|---|---|---|---|
| | | • सुरक्षित गर्भपतन सेवालाई प्रभावकारी बनाउनको लागि विशेषज्ञ चिकित्सकबाट मात्र सुरक्षित र सहज सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने र गर्भपतन सेवा प्रदायकको नियमित अनुगमनको व्यवस्था गर्ने । | • सुरक्षित गर्भपतन सम्बन्धमा भएका कानुनहरूका बारेमा सन्देशमूलककार्यक्रम, व्यापक रुपमा जनस्वास्थ्य बहसमा छलफल चलाउने, र सन्देशमूलक सूचना उत्पादन तथा प्रशारणका लागि स्वास्थ्य सूचना तथा संचार केन्द्रबाट संचालन हुँदै आएको ।<br>• विभेदपूर्ण लिङ्ग छनौट अन्त्यको लागि राष्ट्रिय रणनीति, २०७७-०८८ कार्यान्वयनमा ल्याइएको छ । उक्त रणनीतिलाई प्रदेशमा प्रदेशस्तरीय सहजीकरण समितिको गठन गर्ने प्रयोजनले प्रदेशस्तरीय अन्तक्रिया सम्पन्न गरिएको र सोही कार्यक्रममा सुरक्षित गर्भपतन र लिङ्ग पहिचान विरुद्धका अर्थात् गर्भसंरक्षण सम्बन्धी कानुनका बारेमा जानकरी गराइएको ।<br>• समय समयमा स्वास्थ्य सेवा प्रभावकारी भए नभएको मन्त्रालयको सम्बन्धित महाशाखाको नेतृत्वमा अन्य सम्बन्धित निकायको प्रतिनिधित्व सहित अनुगमन तथा निरीक्षण गर्ने गरिएको । |
| | | • एकद्वार संकट व्यवस्थापन केन्द्रहरूका लागि छुट्याइएको रकम समयमा नै विनियोजन गर्ने । | • आर्थिक वर्षको सुरुमै पहिलो प्राथमिकतामा राखी सम्बन्धित केन्द्रमा पठाउने गरिएको । अर्थ मन्त्रालयले सबै एकद्वार संकट व्यवस्थापन केन्द्रको बजेट LMBIS मार्फत पठाउने गरेको र मन्त्रालयले सोही कार्यक्रममा खर्च व्यवस्थापनका लागि वार्षिक मार्गदर्शन सहित पठाउने गरेको । |
| | | • एकद्वार संकट व्यवस्थापन केन्द्रहरूमा राखिएका पीडितहरूको गोपनीयता र सुरक्षा र पुनःस्थापनाका लागि सम्बन्धित निकायमा समन्वय र सहकार्य गर्ने/गराउने । | • लैङ्गिक हिंसा पीडित प्रभावितहरूको गोपनीयता सम्बन्धमा सबैभन्दा राम्रोसँग गोपनीयता राख्ने स्थान भनेको अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्र नै हो । केन्द्रका सम्पर्क व्यक्तिलाई विभिन्न कार्यक्रममा/ अन्तक्रियामा पीडितहरूको गोपनीयता कायम गर्ने गराउने विषयमा विशेष सावधानी, सतर्कता अपनाउनुपर्छ भनी सम्झाउने गरिएको । |

| | | | |
|---|---|---|---|
| | | • एकद्वार संकट व्यवस्थापन केन्द्रहरूका लागि आवश्यक जनशक्तिको व्यवस्थापनका साथै आवश्यक तालिमको व्यवस्थापनमा जोड दिने । | • एकद्वार संकट व्यवस्थापन केन्द्रका लागि आवश्यक कर्मचारी व्यवस्थापन भैरहेको साथै Case Managementसम्बन्धमा विभिन्न ८ वटा जिल्लाका एकद्वार संकट व्यवस्थापन केन्द्रमा केस व्यवस्थापकको समेत व्यवस्थापन गरिएको । |
| | | • यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको अधिकारका बारेमा स्वास्थ्यकर्मी र मनोचिकित्सकलाई समेत तालिम दिने । | • लैङ्गिक हिंसामा परेका पीडित तथा प्रभावित लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूलाई उद्वार, राहत, कानुनी उपचार, क्षमता विकास, पुर्नस्थापना सहित एकीकृत सेवा निःशुल्क तथा सरल र सहज उपलब्ध गराउने उद्देश्यले अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्रको लक्षित वर्गमा राखिएको छ ।<br>• लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूलाई मर्यादित स्वास्थ्य सेवा प्रदान गर्ने अर्थात् लैङ्गिक तथा यौनिक अलपसंख्यक मैत्री सेवाका लागि शहिद शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुको एकद्वार संकट व्यवस्थापन केन्द्रबाट सेवा उपलब्ध हुँदै आएको छ ।<br>• प्रत्येक एकद्वार संकट व्यवस्थापन केन्द्रले आफ्नो कार्यक्रमबाट लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको सम्मानीत र मर्यादित जीवनका लागि आन्तरिक तहमा सचेतनामूलक कार्यक्रम हुने गरेको ।<br>• लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान लगायत अन्य दिवसमूलक समयमा लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको मर्यादित जीवनको लागि सचेतनात्मक र सन्देशात्मक कार्यक्रम संचालन गर्न पत्राचार गरिएको छ, तर यस प्रकारको सेवाको लागि तालिम संचालन नभएको । |

| | | | |
|---|---|---|---|
| १३. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | • बालिका, किशोरी, महिलामाथि हुने हिंसा निवारणका लागि आधारभूततहदेखि उच्च शिक्षासम्मको पाठ्यक्रमलाई लैङ्गिक मैत्री बनाउँदै परिष्कृत र परिमार्जन गर्ने । | • कक्षा ४ देखि कक्षा १२ सम्मको पाठ्यक्रमलाई लैङ्गिकमैत्री बनाइएको । |
| | | • पाठ्यक्रममा लैङ्गिक हिंसा र यौनिक हिंसा सम्बन्धी पाठ्यसामग्री राख्ने । | • सामाजिक र स्वास्थ्य शिक्षासँग सम्बन्धित ठाउँमा पाठ्यसामाग्री रहेको । |
| | | • लैङ्गिक हिंसा विरूद्धको घटना नियन्त्रणको लागि विद्यालयहरूमा अभिमुखीकरण गर्ने र उजुरी पेटिका राख्ने ।<br>• सबै शिक्षण संस्थानहरूका बालिका तथा किशोरीमाथि हुने यौनजन्य दुर्व्यवहार तथा हिंसा विरूद्ध उजुरी सुन्ने र प्रभावकारी अनुगमन गर्ने संयन्त्रको स्थापना गर्ने ।<br>• सबै विद्यालयहरूमा कम्तिमा महिनाको १ पटक विद्यार्थीहरू, शिक्षक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूका लागि यौनजन्य दुर्व्यवहार तथा हिंसा विरूद्ध अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने । | • विद्यालयहरूमा उजुरी पेटिका राख्ने र उजुरी सुन्ने र अनुगमन गर्ने व्यवस्था भएको । |
| | | • विभिन्न शैक्षिक संस्थाहरूबाट जारी हुने प्रमाणपत्रमा आमाको नाम समेत अनिवार्य उल्लेख हुने व्यवस्था मिलाउने । | • शैक्षिक संस्थाहरूबाट जारी हुने प्रमाणपत्रमा आमाको नाम उल्लेख हुने विषय छलफलमा रहेको । |
| | | • सिमा क्षेत्रका विद्यालयहरूमा कम्पाउन्ड नहुँदा बालिकाहरू असुरक्षित रहेकोले कम्पाउन्डको व्यवस्थापन गर्ने । | • सिमा क्षेत्रका विद्यालयहरूमा कम्पाउण्ड घेराबार केहीमा भएको र केहीमा क्रमशः हुने । |

| | | | |
|---|---|---|---|
| | | • मुलुकका विभिन्न क्षेत्रमा सञ्चालित गुम्बा, मदरसा र गुरूकुलमा बालिका शिक्षालाई प्राथमिकता दिदैं लैङ्गिक मैत्री शिक्षा प्रदान गर्ने र सोको अनुगमन स्थानीय तहबाट गर्ने व्यवस्था मिलाउने । | • स्थानीय तहको एकल अधिकार सूचीमा रहेको । |
| | | • छात्राहरूको लागि प्रदान गरिने गुणस्तरीय स्यानीटरी प्याडहरूको समयमा नै वितरणमा जोड दिने । | • छात्राहरूको लागि निःशुल्क स्यानिटरी प्याडको व्यवस्था रहेको । |
| | | • शिक्षामा समानता र समावेशिता प्रवर्द्धन गर्ने क्रियाकलाप सुदृढ पार्ने । | • शिक्षामा समता रणनीति तयार भई कार्यान्वयनमा रहेको । |
| | | • यस आयोगबाट अनुगमन गर्दा समुदायबाट मनासिब दूरीमा रहने गरी बालिका तथा अपाङ्ग मैत्री विद्यालयहहरू रहेको सुनिश्चित गर्ने र स्वच्छ खानेपानी र बालिकाहरूको छुट्टै शौचालयको व्यवस्था गर्ने । | • अपाङ्गमैत्री विद्यालय भवन क्रमश निर्माण हुने र छात्राहरूका लागि छुट्टै शौचालयको व्यवस्था भएको । |
| | | • शिक्षक शिक्षिका प्रशिक्षण केन्द्र र कलेजहरूमा महिलाको प्रवेश वृद्धि लगायतका कार्य गरेर प्राथमिक र माध्यमिक तहमा शिक्षिकाको अनुपात अभिवृद्धि गर्ने । | • शिक्षण संस्थाहरूमा महिला शिक्षकहरूको संख्या वृद्धि भइरहेकोः आधारभूत तहमा ४६.५%, माध्यामिक तहमा २०.४% । |
| | | • शिक्षाको सबै तहमा यौन तथा प्रजनन स्वास्थ्य अधिकार र उमेर सुहाँउदो लैङ्गिक रूपमा संवेदनशील, वृहत् यौन शिक्षा सम्बन्धी पाठ्यक्रम तयार गरी अध्यापन गराउने र शिक्षक शिक्षिका र व्यवस्थापन समितिका पदाधिकरीहरूलाई प्रशिक्षण दिने । | • स्वास्थ्य तथा जनसंख्या विषयका पाठ्यक्रम पाठ्यपुस्तक र शिक्षक निर्देशिका समेटिएको र समायानुकूल परिमार्जन समेत गर्ने गरिएको । |

| | | | |
|---|---|---|---|
| १४. | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | • वैदेशिक रोजगारीमा जाने महिलाहरूलाई हुनसक्ने महिला हिंसाको सम्भावित घटनाबाट सुरक्षित रहन उपयोगी उपाय तथा विषयमा नियमित तवरमा केन्द्र तथा प्रदेशस्तरमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने । | • वैदेशिक रोजगार ऐन, २०६४ को दफा २७ मा वैदेशिक रोजगारीमा जाने कामदारले वैदेशिक रोजगारमा जानु भन्दा अघि अभिमुखीकरण तालिम लिनुपर्ने व्यवस्था गरेको छ । उक्त ऐन तथा वैदेशिक रोजगार नियमावली, २०६४ मा भएको व्यवस्था बमोजिम वैदेशिक रोजगार बोर्डले अभिमुखीकरण तालिमको पाठ्यक्रम तयार गरी वैदेशिक रोजगारीमा जाने व्यक्तिका लागि वैदेशिक रोजगार विभागमा सूचीकृत भएका तालिम प्रदायक संस्थाहरू मार्फत पूर्वप्रस्थान अभिमुखीकरण तालिमहरू सञ्चालन भैरहेको । |
| | | • विदेशमा रोजगारीको क्रममा हिंसामा परेका नेपाली महिलाहरूको अवस्थाको अध्ययन, निरीक्षण, अनुगमन एवं भए गरेका घटनाहरूको सत्यतथ्यको छानबीन लगायतका कार्यमा राष्ट्रिय महिला आयोगको प्रतिनिधिलाई समेत समावेश गर्ने व्यवस्था गर्ने । | • वैदेशिक रोजगारीका सन्दर्भमा हिंसामा परेका नेपाली महिलाको अवस्था बारे अध्ययन, निरीक्षण र अनुगमन गर्दा राष्ट्रिय महिला आयोगका प्रतिनिधिलाई समावेश गरिने । |
| | | • वैदेशिक रोजगारीमा जाने पुरूष तथा महिला दुबैलाई सुरक्षाको जोखिमको दृष्टिले अवलम्बन गर्नुपर्ने कुराहरू अनिवार्य पालना गर्ने व्यवस्था मिलाई महिला र पुरूष दुवैलाई समान मापदण्डको आधारमा विना कुनै भेदभाव श्रम गन्तव्य मुलुकमा जानसक्ने व्यवस्था गर्ने र स्थानीय तहमा अभिलेख राख्ने व्यवस्था मिलाउने । | • वैदेशिक रोजगार ऐन, २०६४ को दफा ८ मा वैदेशिक रोजगारमा कामदार पठाउँदा लैङ्गिक विभेद नगरिने कुरा उल्लेख भएको तथा दफा ९ वैदेशिक रोजगारीमा जाने महिला, दलित, आदिवासी-जनजाति, उत्पीडित, दैवीप्रकोप पीडित तथा दुर्गम क्षेत्रका व्यक्तिलाई नेपाल सरकारले विशेष सुविधा प्रदान गर्न सक्नेछ भन्ने व्यवस्था गरी सकारात्मक विभेदको नीति अवलम्बन गरेको छ ।<br>• प्रचलित ऐन नियमानुसार श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने/गएका नेपाली नागरिकहरूको विवरण वैदेशिक रोजगारी विभाग अन्तर्गतको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (EIMS) मा अभिलेख रहेको । |

| | | | |
|---|---|---|---|
| | | • स्थलमार्गबाट तेस्रो मुलुकमा वैदेशिक रोजगारीमा जाने महिलालाई सम्भावित जोखिमबाट रोक्ने उपाय अवलम्बन गर्ने । | • वैदेशिक रोजगार ऐन, २०६४ को दफा २२ ले इजाजतपत्रवालाले वैदेशिक रोजगारको लागि कामदार पठाउँदा स्वदेशी विमानस्थलको प्रयोग गर्नु पर्ने व्यवस्था गरेको ।<br>• वैदेशिक रोजगारमा विधिवत श्रम स्वीकृति लिई जाने विषयमा मन्त्रालय र मातहत कार्यालयबाट अनलाइन श्रम स्वीकृति दिने प्रबन्ध मिलाइएको ।<br>• भिजिट भिसामा वैदेशिक रोजगारीमा जाने प्रचलनलाई दुरुत्साहन गर्न व्यक्तिगत श्रम स्वीकृतिको निवेदनसँगै स्वघोषणा फाराम भर्न लगाउने व्यवस्था गरिएको ।<br>• गृह मन्त्रालयको च.नं. १९८४, मिति २०७९-०१-०५ को पत्रसाथ राय माग गरिएको पर्यटक भिसामा विदेश प्रस्थान अनुमति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ मा यस मन्त्रालयको तर्फबाट नेपाली नागरिकले वैदेशिक रोजगारीमा जाने प्रक्रिया अवरुद्ध नहुने गरी भन्ने आशयसहितको राय च.नं. ३९१, मिति २०७९-०२-१२ को पत्रसाथ पठाइएको ।<br>• भिजिट भिसाको सम्बन्धमा गृह मन्त्रालयका सहसचिव श्री फणिन्द्रममणी पोखरेलको संयोजकत्वमा गठित कार्यदलले दिएको प्रतिवेदन अनुरुप आवश्यक सुधारका प्रयत्नहरू कार्यक्षेत्रगत रुपमा सम्बद्ध निकायबाट भइरहेको । |
| | | • निजी स्वास्थ्य संस्थाहरूमा कार्यरत महिला स्वास्थ्यकर्मीहरूको पारिश्रमिक न्यून रहेको र श्रम शोषण भएको गुनासो प्राप्त भएकोले सो सम्बन्धमा आवश्य सीप र दक्षता अनुसारको न्यूनतम पारिश्रमिक निर्धारण गर्ने । | • नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी न्यूनतम पारिश्रमिक निर्धारण गरेको र निजी स्वास्थ्य संस्थामा कार्यरत महिला स्वास्थ्यकर्मीहरूको न्यूनतम पारिश्रमिक सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट निर्णय हुनुपर्ने । |

| | | | |
|---|---|---|---|
| | | • वैदेशिक रोजगारका प्रमुख गन्तव्य देशहरूमा श्रम सहचारीको व्यवस्था गर्नुको साथै हिंसा पीडित महिलाहरूको उद्धार र सहयोगमा जोड दिने । | • वैदेशिक रोजगारीका प्रमुख गन्तव्य मुलुकहरू मध्ये दक्षिण कोरिया, संयुक्त अरब इमिरेट्स, कतार, साउदी अरेबिया, मलेसिया, कुवेत, ओमान र बहराइन गरी आठ वटा मुलुकमा काउन्सेलर (श्रम) तथा श्रम सहचारीहरू कार्यरत रहेको र उहाँहरूले वैदेशिक रोजगारीका क्रममा सम्बन्धित मुलुकमा समस्यामा परेका व्यक्तिहरूको हितलाई सर्वोपरी ठानी कार्यसम्पादन गर्दै आउनुभएको । |
| १५. | केन्द्रिय तथ्याङ्क विभाग | • नेपालमा हुने सबै किसिमका सर्वेक्षण तथा तथ्याङ्क सङ्कलन गर्दा लैङ्गिक खण्डिकृत विषय अनिवार्य समावेश गरी तथ्याङ्क सङ्कलन, प्रशोधन र प्रकाशन गर्ने । | • केन्द्रीय तथ्याङ्क विभागबाट हुने सबै किसिमका गणना तथा सर्वेक्षणमा तथ्याङ्क संकलन गर्दा लैङ्गिक खण्डीकृत विषय अनिवार्य समावेश गरी तथ्याङ्क संकलन, प्रशोधन र प्रकाशन गर्ने गरिएको छ। राष्ट्रिय जनगणनामा महिला परिवारमूली, महिलाको विवाहको उमेर, महिला साक्षरता, महिलाको बसाईसराईको अवस्था र कारण, प्रजननको स्थिति, अपाङ्गता, महिलाको आर्थिक काम गरेको अवधि, पेशा र औद्योगिक क्षेत्र, काम गर्दाको हैसियत, काम नगर्नाको कारण र कामको लागि उपलब्धता जस्ता विषयमा महिलाको स्थिति देखिने गरी खण्डीकृत तथ्याङ्क उपलब्ध हुन्छ। साथै राष्ट्रिय कृषि गणना, राष्ट्रिय आर्थिक गणना, राष्ट्रिय औद्योगिक सर्वेक्षण, नेपाल जीवनस्तर सर्वेक्षण, नेपाल श्रमशक्ति सर्वेक्षण, नेपाल बहुसूचक सर्वेक्षण जस्ता विभागबाट हुने सबै किसिमका गणना तथा सर्वेक्षणहरूमा लैङ्गिक खण्डीकृत समावेश गरी तथ्याङ्क संकलन, प्रशोधन र प्रकाशन गरिएको छ। |

| | | | |
|---|---|---|---|
| | | • महिलाको घरेलु श्रम तथा पारिवारिक हेरचाहसम्बन्धी क्रियाकलापको आर्थिक मूल्य कायम गरी राष्ट्रिय आयमा महिलाको योगदानको गणना गर्ने । | • कुल ग्राहस्थ उत्पादन र राष्ट्रिय आयको अनुमान तयार गर्दा संयुक्त राष्ट्रसंघ लगायतका अन्तर्राष्ट्रिय संघ संस्थाले तयार गरेको राष्ट्रिय लेखा प्रणाली अनुसार तयार गरिने र उक्त प्रणालीमा महिला वा पुरुषले गर्ने घरेलु श्रम तथा पारिवारिक हेरचाह सम्बन्धी क्रियाकलापलाई आर्थिक काममा समावेश नगरी उत्पादनको दायरा बाहिर राखेको हुँदा राष्ट्रिय आयमा समावेश गरिदैन । यद्यपि समय उपयोग सर्वेक्षण गरी त्यस्ता महिला वा पुरुषले गर्ने घरायसी कामको मूल्याङ्कन गरी छुट्टै लेखा तयार गर्न सकिन्छ । विभागले यस किसिमका सर्वेक्षणहरू साधन स्रोतको उपलब्धता र सरकारको प्राथमिकता अनुसार क्रमशः गर्दै आइरहेको छ । घरेलु श्रम तथा पारिवारिक हेरचाह सम्बन्धी विवरण राष्ट्रिय जनगणना, २०७८ मा समावेश गरिएको छ । |
| १६. | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | • प्रतिष्ठान तथा केन्द्रहरूबाट सञ्चालन हुने तालिम प्रशिक्षणमा लैङ्गिक समानता र महिला सशक्तीकरणका विषयहरूलाई समावेश गर्ने । साथै, त्यस्ता तालिम, प्रशिक्षण कार्यक्रममा लैङ्गिक विभेद र हिंसा नियन्त्रण सम्बन्धी विषयलाई पनि समेट्ने । | • लैङ्गिक समानता र सामाजिक समावेशीकरणको क्षेत्रमा क्षमता विकास पहलको लागि देहाय बमोजिमका विभिन्न कार्यक्रम हुने गरेकोः<br>• Advanced Course on Management and Development (ACMD)<br>• Professional Course on Management and Development (PCMD)<br>• Basic Administration Training (BAT)<br>• Leadership Excellence for Women Managers<br>• Assertiveness skills for Women Managers<br>• संघीय नेपालमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सबलीकरणका लागि लैङ्गिक सम्पर्क व्यक्तिलाई तालिम प्रदान, नेपालमा लैङ्गिक उत्तरदायी सार्वजनिक वित्तीय व्यवस्थापनको प्रतिवेदन, माग बडापत्र तयार, उप-राष्ट्रिय स्तर- मधेस प्रदेश र सुदूर-पश्चिम प्रदेशमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण दृष्टिकोणबाट प्रादेशिक बजेट विश्लेषण सम्बन्धी अन्तरक्रिया कार्यक्रम, 'स्थानीय शासन, लैङ्गिक उत्तरदायी र सामाजिक समावेशी सार्वजनिक वित्त व्यवस्थापनःज्ञान, दृष्टिकोण र अभ्यासहरू' सम्बन्धी सर्वेक्षण गरिएको । |

| | | | |
|---|---|---|---|
| १७. | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | • महिलाको आर्थिक सशक्तीकरणका लागि महिलाहरूबाट सञ्चालित हुने सामुहिक खेती प्रणाली वा कृषि फर्म सञ्चालन गर्दा अनुदान तथा अन्य प्रोत्साहन गर्ने । | • महिला मैत्री वातावरण निर्माणमा केन्द्र सचेत रहेको र सिनियर नापी तालिमको पाठ्यक्रममा लैङ्गिक समानता विषय समावेश गरिएको । |
| १८. | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | • प्रतिष्ठान तथा केन्द्रहरूबाट सञ्चालन हुने तालिम प्रशिक्षणमा लैङ्गिक समानता र महिला सशक्तीकरणका विषयहरूलाई समावेश गर्ने । साथै, त्यस्ता तालिम, प्रशिक्षण कार्यक्रममा लैङ्गिक विभेद र हिंसा नियन्त्रण सम्बन्धी विषयलाई पनि समेट्ने । | • यस तालिम केन्द्रबाट सञ्चालन हुने अधिकृतस्तरीय र सहायकस्तरीय तालिमको पाठ्यक्रममा Gender Based Budgeting सम्बन्धी विषय समावेश भएको । |
| १९. | नेपाल राष्ट्र बैंक | • सबै बैंक तथा वित्तीय संस्थाका कर्मचारीहरूलाई कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार तथा हिंसा विरूद्ध अभिमुखीकरण कार्यक्रम सबै शाखा समेतमा कम्तिमा वर्षमा १ पटक सञ्चालन गर्ने । | • बैंक तथा वित्तीय संस्थासँग समन्वय गरिएको । |
| | | • लैङ्गिक तथा घरेलु हिंसा पीडित महिलाहरूका लागि अति सहुलियत व्याजमा निश्चित प्रतिशत ऋण लगानी गर्ने अनिवार्य व्यवस्था गर्ने । | • महिला उद्यमीद्वारा लघु उद्यम तथा स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न परियोजनाको धितोमा प्रवाह हुने रु. २० लाखसम्मको कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्न सकिने व्यवस्था गरिएको ।<br>• इजाजतपत्र प्राप्त संस्थाले विपन्न वर्गमा प्रवाह गर्नुपर्ने कर्जा सम्बन्धी व्यवस्था बमोजिम ज्येष्ठ नागरिक, दलित, मुक्त कमैया, वादी, हलिया, द्वन्द्व पीडित, एकल महिला तथा फरक ढंगले सक्षम व्यक्तिलाई प्रवाह गर्ने विपन्न वर्ग कर्जाको व्याज दरमा कम्तिमा एक प्रतिशत विन्दुले सहुलियत दिने व्यवस्था मिलाउनु पर्नेछ । |

| | | | |
|---|---|---|---|
| | | • बैंक तथा वित्तीय संस्थामा हुनसक्ने दुर्व्यवहार तथा हिंसा विरूद्ध प्रभावकारी उजुरी र अनुगमन संयन्त्रको स्थापना गर्ने । | • बैंक वा वित्तीय संस्थाले आफ्नो कर्मचारी सेवा विनियमावलीमा देहायको व्यवस्था गर्नुपर्ने प्रावधान रहेको ।<br>(क) शारीरिक रुपमा बाहेक यौन दुर्व्यवहारजन्य कुनै संकेतले दुर्व्यबहार गरेको पाइएमा अनुशासनको कारवाही गर्ने ।<br>(ख) कसैले कार्यस्थलमा वा कामको सिलसिलामा अनुचित प्रभावमा पारी कसै उपर यौन दुर्व्यवहार मानिने कुनै कार्य गरेमा वा शारीरिक स्पर्श गरेमा वा अन्य तवरले यौन प्रताडना मानिने कार्य गरेमा बैंक/वित्तीय संस्थाको सेवाबाट बर्खास्ती गर्नुपर्ने । |
| | | • लैङ्गिक हिंसा नियन्त्रण सम्बन्धी आचारसंहिता निर्माण गरी हरेक बैंक तथा वित्तीय संस्थामा परिपत्र गर्ने । | • कार्यान्वयन गर्न बाँकी रहेको । |
| | | • प्रचलित कानूनमा व्यवस्था भएबमोजिम बैङ्क तथा वित्तीय संस्थाहरूमा कार्यरत महिलाहरूका लागि प्रजनन स्वास्थ्यसम्बन्धी अधिकारको निर्बाध उपभोग गर्ने सक्ने व्यवस्था सुनिश्चित गर्दै प्रचलित श्रम ऐन अनुसार कार्य गर्न-गराउन परिपत्र गर्ने । | • बैंक वा वित्तीय संस्थाले आफ्नो कर्मचारी सेवा विनियमावलीमा प्रजनन स्वास्थ्य सम्बन्धी अधिकारको निर्वाध उपभोग गर्न सक्ने व्यवस्था सुनिश्चित गर्ने देहायको व्यवस्था हुनुपर्ने प्रावधान रहेको:<br>(क) मातृत्व संरक्षण बिदा र प्रसुति स्याहार बिदा दिनुपर्ने ।<br>(ख) गर्भवती महिलालाई रातको समयमा वा लगातार उभिनु पर्ने काममा वा चिकित्सकले निजको स्वास्थ्यमा प्रतिकुल असर पर्ने भनी उल्लेख गरिदिएको काममा लगाउन नपाउने । |

| | | | |
|---|---|---|---|
| २०. | सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र | • प्रतिष्ठान तथा केन्द्रहरूबाट सञ्चालन हुने तालिम प्रशिक्षणमा लैङ्गिक समानता र महिला सशक्तीकरणका विषयहरूलाई समावेश गर्ने । साथै, त्यस्ता तालिम, प्रशिक्षण कार्यक्रममा लैङ्गिक विभेद र हिंसा नियन्त्रण सम्बन्धी विषयलाई पनि समेट्ने । | • छुट्टै महिला सहकारी संस्था खोल्न पाउने व्यवस्था गरेको ।<br>• सहकारी संघ संस्था एकीकरण गर्न आवश्यकपरेमा महिला सहकारी संस्थालाई महिला सहकारी संस्थासँगै गाभ्ने, इच्छा विपरित मिश्रित सदस्य हुने सहकारी संस्थासँग गाभ्न नपाइने प्रावधान रहेको विषय प्रशिक्षण मार्फतजानकारी गराउने गरिएको ।<br>• केन्द्रबाट संचालन भएको व्यवस्थापन परामर्शको लागि धुलिखेल स्थित महिला सहकारी संस्था छनौट गरी परामर्शको कार्य अगाडि बढाइएको ।<br>• केन्द्रबाट संचालन हुने तालिममा महिलाहरूको सहभागिता उल्लेख्य मात्रामा हुने गरेको साथै तालिममा सहभागिताको लागि महिलालाई प्राथमिकता दिने गरिएको ।<br>• लैङ्गिक विभेद नहुने तथा लैङ्गिक समानता कायम गर्ने गरी सबै कार्यक्रमहरू संचालन गर्ने गरिएको । |

परिच्छेद ८

# स्थलगत अनुगमनसम्बन्धी विवरण

**राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष र माननीय सदस्यहरूबाट भएको अनुगमन सम्बन्धी विवरण यस परिच्छेदमा सँग्रह गरिएको छ। जो निम्नानुसार छ :**

## ८.१ माननीय अध्यक्ष श्री कमला कुमारी पराजुलीको नेतृत्वमा २०७८/७९मा सम्पन्न भएका अनुगमनहरू

| क्र.सं. | मिति | अनुगमन गरिएको जिल्ला | अनुगमन विषय | आयोगबाट दिएको मुख्य सुझाब/उपलब्धि |
|---|---|---|---|---|
| १ | २०७८/०४/२३ | गोदावरी, ललितपुर | आशा नेपालको अनुगमन | • पुनः स्थापना केन्द्रमा सीपमूलक तालिमको व्यवस्था गरिनु पर्ने। |
| २ | २०७८/०५/१४ | लमजुङ्ग | जिल्ला प्रशासन कार्यालयको अनुगमनमा आयोगका मा.सदस्य सावित्रा कुमारी शर्माको समेत सहभागिता रहेको। | • एकद्वार संकट व्यवस्थापन केन्द्र OCMC को सेवा बारेमा सेवाग्राहीलाई सुसूचित गराउनु पर्ने। |
| ३ | | | मानव सेवा आश्रमको अनुगमनमा यस आयोगका माननीय सदस्य सावित्रा कुमारी शर्माको समेत सहभागिता रहेको। | • महिला/लैङ्गिक मैत्री कार्यकक्षको व्यवस्था हुनु पर्ने। |
| ४ | | | एकद्वार संकट व्यवस्थापन केन्द्र OCMC को अनुगमनमा यस आयोगका माननीय सदस्य सावित्रा कुमारी शर्माको समेत सहभागिता रहेको। | • एकद्वार संकट व्यवस्थापन केन्द्र OCMC को सेवा बारेमा सेवाग्राहीलाई सुसूचित गराउनु पर्ने। |

| | | | | |
|---|---|---|---|---|
| ५ | २०७८/०५/१७ | तनहूँ | एकद्वार संकट व्यवस्थापन केन्द्र OCMC को अनुगमनमा माननीय सदस्य सावित्रा कुमारी शर्माको समेत सहभागिता रहेको। | • एकद्वार संकट व्यवस्थापन केन्द्र OCMC को सेवा बारेमा सेवाग्राहीलाई सुसूचित गराउनु पर्ने। |
| ६ | | | जिल्ला प्रशासन कार्यालयको अनुगमनमा आयोगका मा.सदस्य सावित्रा कुमारी शर्माको समेत सहभागिता रहेको। | • एकद्वार संकट व्यवस्थापन केन्द्र OCMC को सेवा बारेमा सेवाग्राहीलाई सुसूचित गराउनु पर्ने। |
| ७ | २०७८/०७/११ | पर्सा, विरगंज | जिल्ला प्रहरी कार्यालयको अनुगमनमा आयोगका मा.सदस्य विद्या कुमारी सिन्हाको समेत सहभागिता रहेको। | • जिल्ला प्रहरी कार्यालयले पीडितहरूको सहयोगको लागि कोष स्थापना गरी सहयोग गरिरहेको तर नजिकै रहेको OCMC को बारेमा जानकारी नभएको |
| ८ | २०७८/०७/११ | | प्राथमिक स्वास्थ्य केन्द्रको अनुगमनमा माननीय सदस्य विद्या कुमारी सिन्हाको समेत सहभागिता रहेको। | • आगामी दिनमा OCMC सँग समन्वय गरी पीडितहरूलाई सहयोग गर्ने।<br>• दक्ष परामर्शदाता र फरेन्सिक एक्सपर्टको नियुक्तिको लागि पहल गर्ने। |
| ९ | २०७८/०७/१२ | | नारायणी उपक्षेत्रीय अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्र OCMC को कार्यान्वयनको अवस्थाबारे अनुगमनमा माननीय सदस्य विद्या कुमारी सिन्हाको समेत सहभागिता रहेको। | • एकद्धार संकट व्यवस्थापन केन्द्रको बारेमा जानकारी प्रदान गर्ने।<br>• परिवारमा पुनःस्थापना गर्दा जोखिम हुने अवस्थामा सेफ हाउसको व्यवस्था गर्नुपर्ने।<br>• समाजमा सचेतना जगाउने किसिमका क्रियाकलापहरू गर्ने। |
| १० | २०७८/०७/२२ -२०७८/०७/२५ | रोल्पा | प्रजनन् स्वास्थ्य, महिला अधिकार र महिलाको अवस्था बुझ्न पालिका, स्वास्थ्य चौकी, न्यायिक समितिको अनुगमन | |
| ११ | २०७८/०८/१३ | धनकुटा | जिल्ला अस्पताल धनकुटामा रहेको एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) को अवस्थाबारे अनुगमन | • बजेट तथा अख्तियारी समयमा प्राप्त हुनुपर्ने। |

| | | | | |
|---|---|---|---|---|
| १२ | २०७८/०८/२० | बाँके | जिल्ला प्रशासन कार्यालयको अनुगमन | • प्रमुख जिल्ला अधिकारी लगायत सुरक्षा निकायका प्रमुख, प्रमुख न्यायाधिवक्ता, मुस्लिम अधिकारकर्मी तथा सञ्चारकर्मीसँग रुबी खानले उठाएका माग सहितको आन्दोलन बारे छलफल गरी आवश्यक समन्वय र सहकार्य गर्ने । |
| १३ | २०७८/०९/२५ | काठमाडौं | थापाथली प्रसूति गृहमा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) को अनुगमन | • जनशक्तिको अभाव रहेको, अफै पनि विभिन्न पालिकाबाट हिंसा प्रभावित महिलाहरूलाई सिफारिस गरी पठाएको अवस्था नरहेको, OCMC को सेवा प्रवाहबारे प्रचार प्रसार नभएको । |
| १४ | २०७८/०९/२५ | ललितपुर म.न.पा. २५ | कोशिश नेपालको अनुगमन | • मानसिक रोगका विरामीहरूको उपचार तथा मनोसामाजिक परामर्शका सेवाको साथसाथै अतिरिक्त सीपमूलक क्रियाकलापहरू पनि सञ्चालन गर्नु पर्ने । |
| १५ | २०७८/०९/२६ | चितवन, देवघाट | देवघाट वृद्धाआश्रमको अनुगमन | • उमेरसँगै शारीरिक अशक्तता समेत भएको ज्येष्ठ नागरिकहरू रहेको हुँदा ज्येष्ठ नागरिक मैत्री सहज र सुरक्षित ट्वाइलेट र बाथरुम, सभाहल, मनोरञ्जनस्थल भान्छाघरको व्यवस्था गर्नुपर्ने अवस्था छ ।<br>• डेडिकेटेड स्वास्थ्यकर्मी र मनोसामाजिक विमर्शकर्ताको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ ।<br>• ज्येष्ठ नागरिकको अवस्था र स्वास्थ्यलाई ध्यानमा राखी सहज, सुपाच्य र पोषणयुक्त खानेकुराको विशेष व्यवस्था गराउनु पर्ने आवश्यकता देखिन्छ ।<br>• सरकारबाट थप रकम विनियोजन गरी निश्चित मापदण्ड निर्देशिका तयार गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| | | | | ● आश्रममा आश्रित ज्येष्ठ नागरिकको ज्ञान, सीप, अनुभव र भोगाइहरू सुनेर, अभिलेखन गर्दा ज्येष्ठ नागरिकको बारेमा नीति व्यवस्था गर्न सहयोग पुग्ने हुँदा समय समयमा त्यस्तो वातावरण सृजना गरी अभिलेखन गर्न आवश्यक देखिन्छ। |
| १६ | २०७८/०९/२७ | चितवन | श्री रामजानकी गार्गी कन्या गुरुकुलको अनुगमन | ● दुर्गम, विपन्न र सीमान्तकृत समुदायका छात्राहरूका लागि यो अत्यन्त सह्राननीय अवसर भएको हुँदा सरकारको तर्फबाट यस गुरुकुलको स्तरोन्नत्ति र गुणस्तर विकासका लागि श्रोत र जनशक्तिको व्यवस्था गर्न आवश्यक देखिन्छ। |
| १७ | २०७८/०९/२८ | चितवन | श्री रामजानकी गार्गी बालिका आश्रमको अनुगमन | ● यस किसिमका अनाथ आश्रमको निश्चित मापदण्ड सहित नियमित अनुगमनको आवश्यकता देखिन्छ।<br>● बालिका तथा किशोरीको शिक्षा, स्वास्थ्य र सुरक्षा समेतलाई ख्याल गर्दै हेरचाहकर्ता, शिक्षिका, मनोविमर्शकर्ता, सुरक्षाकर्मी समेतको व्यवस्था गर्न आवश्यक देखिन्छ।<br>● यस आश्रममा आएका (आश्रित) बालिका १८ वर्ष पूरा भएपछि कहाँ पठाइन्छ, र उनीहरूको के व्यवस्था हुन्छ भन्ने स्पष्ट योजना र अभिलेखन हुनुपर्छ।<br>● आश्रममा आश्रित बालिका कुनै पनि जोखिममा नपर्ने निश्चितताको व्यवस्था हुनुपर्छ। |
| १८ | २०७८/०९/२८ | | श्री आदर्श गृह नेपालको अनुगमन | ● विद्यालय जाने उमेरका बालिका तथा किशोरीका लागि महानगरपालिका मार्फत समन्वय गरी निशुल्क शिक्षाको व्यवस्था गराउनु पर्ने।<br>● जिल्ला अस्पताल, सरकारी वकील कार्यालय र नगरपालिकासँग समन्वय गरी निशुल्क मनोसामाजिक सेवा, औषधी उपचार, कानूनी परामर्श र सेवा उपलब्ध गराउनु पर्ने।<br>● गृहको व्यवस्थापकीय सुधारका लागि महानगरपालिका, प्रदेश सरकार लगायत सम्बन्धित क्षेत्रबाट अनुगमन सहित आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने। |

| | | | | |
|---|---|---|---|---|
| | | | | • गृहको भौतिक पूर्वाधारको लागि सहयोग गर्नुपर्ने ।<br>• गृहले प्रदान गरिरहेको बहुआयामिक सेवाको लागि सबै सम्बन्धित सरोकारवाला संस्था र निकायहरू माझ समन्वय हुनुपर्ने । |
| १९ | २०७८/१०/२४ | बोदे बर्साईन न.पा. १, सप्तरी | बोदे बर्साईन न.पा. १, सप्तरीमा पेट्रोल खन्याएर महिलालाई जलाएको घटनाको अनुगमनमा आयोगका मा.सदस्य जया घिमिरेको समेत सहभागिता रहेको । | • पीडकलाई यथाशीघ्र पक्राउ गरी कार्वाहीको लागि प्रहरी प्रशासनलाई निर्देशन ।<br>• मृतकका छोराछोरीको उचित रेखदेख सहित शिक्षा तथा उज्वल भविष्यको लागि स्थानीय तह/सरकारसँग समन्वय/पहल गर्ने ।<br>• पीडितको परिवारलाई राहत सहयोगको लागि आव्रश्यक समन्वय ।<br>• टोल समाजका व्यक्तिहरूलाई यस्ता जघन्य अपराधकार्यमा संलग्न दोषीलाई कार्वाहीको दायरामा ल्याउन खुलेर लाग्न र फेरी यस्ता अपराध हुन नदिन सचेतना जगाउन अनुरोध तथा निर्देशन । |
| २० | २०७८/१०/२५ | सप्तरी | जिल्ला प्रहरी कार्यालयको अनुगमन | • पेट्रोल खन्याई आगोले जलाएर हत्या गरेको घटनाबारे सुक्ष्म अनुसन्धान गरी सत्यतथ्य पत्ता लगाउन साथै पीडकलाई पक्राउ गर्न निर्देशन ।<br>• महिला प्रहरीको संख्या बढाउनको लागि महाशाखाबाट माग गर्न सिफारिस ।<br>• महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा पीडितलाई राख्ने गरेको कोठा थुनुवा कोठाजस्तै देखिएको हुँदा पुनर्विचार गर्न आवश्यक रहेको ।<br>• अपाङ्गता भएकी महिला, किशोरी वा बालिका वा बोल्न, सुन्न नसकी साङ्केतिक भाषा मात्र बुझ्ने कर्मचारी/व्यक्ति राख्ने व्यवस्था गर्न सुझाव र सिफारिस गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| २१ | २०७८/१०/२६ | धरान, सुनसरी | वि.पी. कोइराला मेमोरियल स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रहेको एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) को अनुगमन | • प्रदेश नं. १ को साधन, स्रोत र जनशक्तिको दृष्टिले ठूलो अस्पताल रहेपनि OCMC वार्ड नरहेकोले त्यसको व्यवस्था गर्नुपर्ने ।<br>• महिलाको प्रजनन् स्वास्थ्य अधिकारलाई ख्याल गर्दै सरकारले निर्देशित गरेको आमा सुरक्षा कार्यक्रम लागू गर्नुपर्ने ।<br>• सरकारले व्यवस्था गरे अनुसार प्रजनन् तथा गर्भपतन लगायतका सेवा निशुल्क प्रदान गर्नुपर्ने ।<br>• बीमा वोर्डबाट सिफारिस गरिएको कुनै पनि औषधी दिने नगरेको पाइएको हुँदा त्यस्ता औषधीको व्यवस्था गर्नुपर्ने ।<br>• स्त्रीरोग सम्बन्धी वार्डको भौतिक पूर्वाधार पुरानो, असहज र अव्यवस्थित भएको हुँदा महिलाहरूलाई भोग्नुपरेको असहजता, समस्याको समाधान गर्न अस्पताल प्रशासनलाई निर्देशन ।<br>• हिंसा पीडितको विवरण र पहिचान गोप्य राख्न तथा प्रभावकारी सेवा प्रदान गर्न छुटै वार्ड र काउन्सेलिङ्ग रुमको व्यवस्था गर्न निर्देशन ।<br>• दक्ष काउन्सेलर र फोरेन्सिकको व्यवस्था गर्न सिफारिस ।<br>• लैङ्गिक हिंसा पीडितलाई OCMC सेवाबारे सूचना र जानकारीको लागि अस्पताल परिसरमा होडिङ्ग बोर्डको व्यवस्था गर्न निर्देशन ।<br>• परिवारमा पुनर्स्थापना गर्दा जोखिम हुने अवस्था रहेको खण्डमा सुरक्षित आवास गृहको लागि नगरपालिका तथा प्रमुख जिल्ला अधिकारीसँग समन्वय/सहकार्य गर्न सिफारिस । |

| | | | | |
|---|---|---|---|---|
| २२ | २०७८/१०/२७ | उर्लाबारी, मोरङ्ग | उर्लाबारी नगरपालिकाको अनुगमन | • हिंसामा परेका महिलाहरूको लागि छुट्टै Counseling Center को व्यवस्था तथा शिशु पीडितहरूको लागि सेफ हाउसको व्यवस्था गर्नुपर्ने ।<br>• साङ्केतिक भाषा सम्बन्धी विज्ञको व्यवस्था गर्नुपर्ने ।<br>• छुट्याइएको बजेट कुल बजेटको एक प्रतिशत पनि नरहेकोले महिला सशक्तीकरण र विकास सम्बन्धी कार्य तर्फ बजेटको आकार बढाउनुपर्ने ।<br>• जन्मदर्ता, नागरिकता सम्बन्धी समस्याको लागि प्रमुख जिल्ला अधिकारी तथा सम्बन्धित निकायसँग समन्वय /सहकार्य गर्नुपर्ने ।<br>• कुनै राजनीतिक दल विशेषको जनप्रतिनिधि पदाधिकारी नभई समग्र जनताको प्रतिनिधित्व गर्ने गरी कार्य गर्नुपर्ने ।<br>• महिला हिंसा विरुद्ध शुन्य सहनशीलता अपनाई हिंसा विरुद्धको अभियानमा सुरक्षा निकाय, अधिकारकर्मी सबैसँग समन्वय गर्दै कार्य गर्नुपर्ने ।<br>• नगरपालिका बाट प्रदान गरिने गरिएको सीप तालिमको सदुपयोगको लागि सम्बन्धित विभिन्न कलकारखाना, गार्मेन्ट, व्यावसायीहरू, उद्योगहरूसँग समन्वय/सहकार्य गरी रोजगारीको व्यवस्था गर्नुपर्ने ।<br>• वार्डहरूमा महिला हिंसा सम्बन्धी देखिएको समस्याहरूबारे सामाजिक अभियन्ता, अधिकारकर्मी, सञ्चारकर्मीबाट समाधानको लागि समन्वय र पहल गर्नुपर्ने ।<br>• विभिन्न कार्यालय, विद्यालय, क्याम्पस लगायतका ठाउँहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा हुने गरेको दुर्व्यवहार, महिला हिंसा, यौन उत्पीडनका घटनाहरूलाई मध्यनजर गरी त्यस्ता कार्यमा संलग्न दोषीलाई कारवाहीको दायरामा ल्याउन तथा त्यस्ता कार्यलाई निरुत्साहित गर्न विभिन्न प्रकारको सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।<br>• कुसंस्कार, अन्धविश्वास, सामाजिक सञ्जालको दुरुपयोग र अशिक्षाले गर्दा हुने गरेका विभिन्न हानिकारक अभ्यासहरू , कुप्रथा, बोक्सीको आरोपका साथै बलात्कार हिंसा, हत्या, लिभिङ्ग टुगेदर जस्ता समस्याहरूको निर्मूलीकरणका लागि सचेतनामूलक कार्यक्रम गर्न तथा एकजुट भई अगाडि बढ्नुपर्ने भनी निर्देशन तथा सुझाव प्रदान । |

| | | | | |
|---|---|---|---|---|
| २३ | २०७८/१०/२८ | दमक, झापा | कमल गाउँपालिकाको अनुगमन | • यस गाउँपालिकामा महिला जनसंख्या बढी रहेतापनि महिला विकास केन्द्रित कार्यक्रमहरूको कमी रहेको देखिएको हुँदा बजेट विनियोजनमा महिला सशक्तीकरण र विकास कार्यका लागि प्राथमिकता दिनुपर्ने ।<br>• हिंसामा परेका महिलाहरूको पुनःस्थापना र तिनीहरूलाई रोजगारमूलक तालिमको व्यवस्था गर्नुपर्ने ।<br>• वर्तमान समयमा सामाजिक सञ्जालले गर्दा किशोरीहरूमा देखिएका विकृतिहरू तथा उमेर नपुगी विवाह गर्ने र हिंसामा पर्ने गरेको अवस्थालाई मध्यनजर गर्दै यस्ता कार्यको न्यूनीकरणका लागि सामाजिक सचेतनामूलक कार्यक्रम सञ्चालन, किशोरीहरूलाई स्वरोजगार तथा सीपमूलक तालिम प्रदान गर्नुपर्ने ।<br>• विभिन्न कार्यालय, विद्यालय, क्याम्पस लगायतका ठाउँहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा हुने गरेको दुर्व्यवहार, महिला हिंसा, यौन उत्पीडनका घटनाहरूलाई मध्यनजर गरी त्यस्ता कार्यमा संलग्न दोषीलाइ कार्वाहीको दायरामा ल्याउन तथा त्यस्ता कार्यलाई निरुत्साहित गर्न विभिन्न प्रकारको सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने गरी पीडितलाई न्यायमा पहुँच दिलाउन पहल गर्नुपर्ने ।<br>• अशिक्षाले गर्दा हुने गरेको विभिन्न हानिकारक अभ्यासहरू, कुप्रथा, बोक्सीको आरोपका साथै बलात्कार हिंसा, हत्या, लिभिङ्ग टुगेदर जस्ता समस्याहरूको निर्मूलीकरणका लागि सचेतनामूलक कार्यक्रम गर्न तथा एकजुट भई अगाािड बढ्नुपर्ने भनी निर्देशन तथा सुझाव प्रदान । |

| | | | | |
|---|---|---|---|---|
| २४ | २०७८/१०/२९ | चतराधाम, सुनसरी | श्री राम शान्ति कुञ्ज महिला सेवा आश्रमको अनुगमन | • एक जना डेडिकेटेड स्वास्थ्यकर्मी तथा मनोसामाजिक विमर्शकर्ताको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ।<br>• सरकारबाट अवश्यक रकम विनियोजन गरी निश्चित मापदण्ड निर्देशिका समेत दिनुपर्ने र अनुगमन सहित समन्वय र सहकार्यको आवश्यकता देखिन्छ।<br>• आश्रममा आश्रित ज्येष्ठ नागरिकको ज्ञान, सीप, अनुभव र भोगाइहरू सुनेर अभिलेखीकरण गर्नु आवश्यक देखिन्छ।<br>• आश्रमको उत्तराधिकारीको व्यवस्था गर्नुपर्ने देखिन्छ।<br>• भवनको प्रत्येक कोठामा कार्पेटिङ्ग तथा बेडहरूको व्यवस्थाको लागि पहल तथा नगरप्रमुखलाई निर्देशन।<br>• आश्रमको लागि सोलारको व्यवस्थाको लागि पहल तथा नगरप्रमुखलाई निर्देशन। |
| २५ | २०७८/१२/२६ | राम गोपालपुर ०३, महोत्तरी | रामगोपालपुर ०३, महोत्तरीमा अवस्थित ईटा भट्टामा बलात्कृत ६ वर्षिया नाबालिका सम्बन्धी घटना | • स्थलगत अनुगमन गर्दा घटनाबारे प्राप्त जानकारी सम्बन्धमा जिल्ला प्रहरी नायव उपरीक्षक कृष्णप्रसाद पंगेनीसँग छलफल गरी पीडकलाई कडा कार्वाहीको लागि निर्देशन।<br>• मुद्दा दर्ता गर्दा कानून बमोजिम तत्काल क्षतिपूर्तिको माग गरी मुद्दा दायर गर्न भनी निर्देशन।<br>• पीडित नाबालिकाको उचित रेखदेख स्वास्थ्योपचार सहित शिक्षा तथा उज्जवल भविष्यको लागि स्थानीय तह, सरकारसँग समन्वय साथै आवश्यक पहल गर्ने।<br>• पीडितको परिवारलाई राहत सहयोगको लागि आवश्यक समन्वय गर्ने।<br>• सम्बन्धित अन्य व्यक्तिहरूलाई यस्ता जघन्य अपराध कार्यमा संलग्न दोषीलाई कार्वाहीको दायरामा ल्याउन खुलेर लाग्न र फेरी यस्ता अपराध हुन नदिन सचेतना जगाउन अनुरोध तथा निर्देशन। |

| | | | | |
|---|---|---|---|---|
| २६ | २०७९/०१/१२ | जिल्ला प्रशासन कार्यालय, ओखलढुंगा | प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय, जिल्ला न्यायाधिवक्ता तथा पत्रकारको उपस्थितिमा बाल विवाह,प्रजनन स्वास्थ्य, यौन हिंसा विषयमा छलफल गरि सुझावनात्मक निर्देशन दिइएको | ● प्रत्येक विद्यालयमा लैङ्गिक हिंसा सम्बन्धी सचेतनात्मक कार्यक्रम समय समयमा हुनुपर्ने ।<br>● जिल्लाको (OCMC) एक द्वार संकट व्यवस्थापन केन्द्र तथा सेफ हाउसलाई प्रभावकारी बनाई त्यहाँबाट दिइन सेवा सम्बन्धी जनमानसमा जानकारी गराउनु पर्ने ।<br>● प्रेम सम्बन्धमा परी बाल बिवाह गर्ने संख्या बढ्दो र थाह भए पछि किशोरीको घरपरिवारले ज.क. को मुद्दा चलाउने गरेको अवस्थामा विवाहको उमेर घटाउनुको साटो ज.क. सम्बन्धी नीतिमा हेरफेर गर्न सिफारिस गर्न सकिने ।<br>● सामाजिक तथा सांस्कृतिक रुपमा मदिरा सेवनलाई स्वीकृति पाएको अवस्थामा यसको बेचबिखन तथा सेवनमा एकै पटक रोक लगाउन नसकिएता पनि यसको बेचबिखन तथा सेवनमा समयको हदम्याद लगाई कतिपय हिंसा रोक्न सकिने।<br>● प्रत्येक विद्यालयमा उजुरी पेटिका राखी त्यसको साँचो जिल्ला प्रहरी, जिल्ला प्रशासन र जिल्ला शिक्षा कार्यालय मिलि बनाइएको समितिले लिएर संचालन गर्नु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| २७ | २०७९/०१/१३ | जिल्ला प्रहरी कार्यालय, सोलुखुम्बु | जिल्ला प्रहरी कार्यालय प्रमुखको कार्यकक्षमा बाल विवाह,प्रजनन स्वास्थ्य, यौन हिंसा विषयमा छलफल गरी सुझावनात्मक निर्देशन दिइएको | • सेफ हाउसलाई संस्थागत गराई यस मार्फत नै मनोसामाजिक परामर्श दिन सकिने। साथै प्रभावितलाई पुनःस्थापना गर्न केही आयआर्जन गर्ने बाटोसंग जोड्नुपर्ने ।<br>• सामुदायिक प्रहरी कार्यक्रमलाई अनुगमन संयन्त्रका रुपमा प्रयोग गर्न सकिने ।<br>• ज्येष्ठ महिला नागरिकलाई लक्षित गरी कुनै नीति निर्माण नभएकोले यो विषयमा प्रहरी निकायबाट ध्यान दिन आवश्यक रहेको ।<br>• जिल्ला प्रहरी, जिल्ला प्रशासन र जिल्ला शिक्षा कार्यालय मिलेर समिति गठन गरी हरेक विद्यालयमा उजुरी पेटिका राखी त्यसको साँचो समितिले नै लिई समय समयमा परेका उजुरीको सुनुवाई गर्नु पर्ने ।<br>• प्रत्येक विद्यालयमा लैङ्गिक हिंसा सम्बन्धी सचेतनात्मक कार्यक्रम समय समयमा संचालन हुनु पर्ने र त्यस्ता कार्यक्रममा विद्यार्थी, शिक्षक शिक्षिका तथा अभिभावकलाई सहभागी गराउनुपर्ने ।<br>• ८ वटै पालिकामा उजुरी पेटिका राखी त्यसको चाँवी जिल्ला समन्वय समितिलाई दिनुपर्ने ।<br>• सामाजिक तथा सांस्कृतिक रुपमा मदिरा सेवनले स्वीकृति पाएको अवस्थामा यसको बेचबिखन तथा सेवनमा एकै पटक रोक लगाउन नसकिएता पनि यसको बेचबिखन तथा सेवनमा समयको हदम्याद लगाई कतिपय हिंसा रोक्न सकिने ।<br>• कारागारमा रहेका बन्दीलाई थुनामुक्त भएपछि पुनः अपराधमा संलग्न नहोस् भन्ने उद्देश्यले केही सीपमूलक तालिम दिनुपर्ने ।<br>• न्यायिक समितिलाई समर्थन गर्ने सर्वदलीय सञ्जालको निर्माण गर्न आवश्यक रहेको ताकि राजनैतिक दवावमा न्यायिक समितिले काम गर्ने वातावरण सिर्जना नहोस् । |

| | | | | |
|---|---|---|---|---|
| २८ | २०७९/०१/१३ | जिल्ला अस्पताल, ओखलढुंगा, रुम्जाटार | जिल्ला अस्पताल, ओखलढुंगा अन्तरगत रहेको एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) का प्रतिनिधिहरूसंगको छलफल | ● जिल्ला अस्पताल ओखलढुङ्गा अन्तर्गत रहेको OCMC रुम्जाटारमा मात्रै सिमित नराखी जिल्लाभरीका जनमानस माझ OCMC सेवाको बिस्तार तथा पहूँच बढाउन आवश्यक रहेको ।<br>● प्रत्येक स्वास्थ्य चौकी तथा प्रहरी चौकीमा OCMC बारे पर्याप्त जानकारी दिइनु पर्छ । |
| २९ | २०७९/०१/१४ | जिल्ला अस्पताल, खोटाङ्ग | जिल्ला अस्पताल, खोटाङ्ग अन्तरगत रहेको एक द्वार संकट व्यवस्थापन केन्द्र (OCMC) का प्रतिनिधिहरूसंगको छलफल | ● सर्वसाधारणमा OCMC मार्फत दिँदै आएको सेवाहरूबारे र प्रत्येक स्वास्थ्य चौकी तथा प्रहरी चौकीमा OCMC बारे पर्याप्त जानकारी दिइनु पर्छ ।<br>● तालिम प्राप्त मनोविमर्शकर्ता मार्फत मनोसामाजिक परामर्श उपलब्ध गराइनुपर्छ ।<br>● कर्मचारीको सरुवा भैराख्ने हुँदा नयाँ कर्मचारीलाई OCMC बारे जानकारीमूलक तालिम दिन आवश्यक रहेको । |
| ३० | २०७९/०१/१५ | जिल्ला प्रहरी कार्यालय, खोटाङ्ग | जिल्ला प्रहरी कार्यालय प्रमुखको कार्यकक्षमा बाल विवाह, प्रजनन स्वास्थ्य, यौन हिंसा विषयमा छलफल गरि सुझावनात्मक निर्देशन दिइएको । | ● सामुदायिक प्रहरी मार्फत जिल्लाको (OCMC ) एकद्वार संकट व्यवस्थापन केन्द्रको सेवा सम्बन्धी र समुदायका महिला पुरुष सबैलाई लक्षित गरी लैङ्गिक हिंसा सम्बन्धी सचेतनात्मक कार्यक्रम संचालन गरिनुपर्ने ।<br>● प्रत्येक विद्यालयमा उजुरी पेटिका राखी त्यसको साँचो जिल्ला प्रहरी, जिल्ला प्रशासन र जिल्ला शिक्षा कार्यालय मिली बनाइएको समितिले लिएर संचालन गर्नु पर्ने ।<br>● प्रत्येक विद्यालयमा लैङ्गिक हिंसा सम्बन्धी सचेतनात्मक कार्यक्रम समयसमयमा संचालन हुनु पर्ने र त्यस्ता कार्यक्रममा विद्यार्थी, शिक्षक शिक्षिका तथा अभिभावकलाई सहभागी गराउँनुपर्ने ।<br>● कैदीलाई कारागारमै पनि ध्यान गराउने, योग गराउँने, लाइब्रेरी व्यवस्थापन गराई उनीहरूलाई सिर्जनशील बन्न मदत पुग्ने वातावरण बनाउँनु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ३१ | २०७९/०१/१५ | जिल्ला अदालत, खोटाङ्ग | खोटाङ्ग जिल्ला अदालतमा मुख्य निर्वाचन अधिकृतको उपस्थितिमा स्थानीय निर्वाचनमा महिला नेतृत्वको उपस्थिति, महिलाको सहभागिता सम्बन्धी छलफल | ● प्रत्येक न्यायिक समितिमा कानूनी सल्लाहकारको आवश्यकता ।<br>● प्रत्येक पालिकामा Legal Advisor नभई डेडिकेटेड Legal Officer हुन आवश्यक रहेको ।<br>● वार्षिक रुपमा प्रत्येक न्यायिक समितिमा जिल्ला अदालतबाट अनुगमन हुँने गरेको । |
| ३२ | २०७९/०२/०६ | काठमाडौं | सुन्दरी प्रतियोगिता सम्बन्धी जबरजस्ती करणी घटनाको अनुगमन | ● पीडित तथा निजको परिवारसँग भेटी घटनाबारे जानकारी लिई पीडितको स्वास्थोपचार तथा घटनाबारे सम्बन्धित निकायको ध्यानाकर्षण |
| ३३ | २०७९/०३/०६ | जनकपुर, धनुषा | हातखुट्टा बाँधी करेन्ट लगाई, जनकपुर प्रादेशिक अस्पतालको OCMC मा उपचारार्थ रहेकी पीडित महिला राधिका कार्कीसंग आयोगका मा.सदस्य जया घिमिरे समेतको उपस्थितिमा भेट र सहयोग | ● पीडित महिलाको आवश्यक औषधी उपचारको लागि आर्थिक सहयोग स्वरुप राष्ट्रिय महिला आयोगको तर्फबाट रु. ५०००/- (पाँच हजार) नगद दिइएको । |
| ३४ | | | हातखुट्टा बाँधी करेन्ट लगाई, जनकपुर प्रादेशिक अस्पतालको OCMC मा उपचारार्थ रहेकी पीडित महिला राधिका कार्कीको औषधी उपचार र न्यायको लागि प्रमुख जिल्ला अधिकारी, अस्पताल प्रमुख र प्रहरी प्रमुख संग छलफल | ● पीडित महिला राधिका कार्कीको औषधी उपचार र न्यायको लागि प्रमुख जिल्ला अधिकारी, अस्पताल प्रमुख र प्रहरी प्रमुख संग छलफल गरी दोषीलाई कार्वाही गर्न निर्देशन ।<br>● पीडित महिलाको अवस्थालाई मध्यनजर गरी आवश्यक औषधी उपचारको लागि काठमाडौमा रहेको अस्पतलामा रेफर गर्न निर्देशन । |

## ८.२ माननीय सदस्य श्री कृष्ण कुमारी पौडेल खतिवडाको नेतृत्वमा २०७८/७९ मा सम्पन्न भएका अनुगमनहरुः

| क्र. स. | मिति | अनुगमन गरिएको जिल्ला | अनुगमन विषय | आयोगबाट दिएको मुख्य सुझाब/उपलब्धि |
|---|---|---|---|---|
| १ | २०७८/४/१८ | श्रम विभाग, काठमाडौं | बैदेशिक रोजगारको बिषयमा महिलाको अवस्थाबारे बुझ्न अनुगमन | • महिलाहरूले इट्टाभट्टा लगायत विभिन्न कलकारखानामा जोखिमपूर्ण काम गरेको सम्वन्धमा जानकारी गरिएको । |
| २ | २०७८/४/१८ | सानिमा बैक नागपोखरी | बैकका कर्मचारीहरूलाई कार्यालय समयभन्दा बढि काम लगाई श्रम शोषण गरेकोमा अनुगमन । | • सम्बन्धित शाखा प्रमुखलाई जानकारी गराइएको । |
| ३ | २०७८/४/१८ | झापा | झापाको चारआलिबाट हराएकी १४ बर्षकी बालिकाको खोजिका लागि प्रहरी प्रशासनलाई पत्राचार गरी खोजि कार्यलाई तिव्रता दिन अनुगमन | • दबाब दिए पश्चात उदयपुरको गोल बजारमा बालिका फेला परेको । |
| ४ | २०७८/४/१९ | | कानुन तथा संसदीय मामिला मन्त्रालय अनुगमन | • स्थानिय तहका न्यायिक निकायमा न्याय सम्पादनमा सहजताको लागि सरकारी वकिल पठाउने व्यवस्था गर्न छलफल भएको । |
| ५ | २०७८/४/२२ | राष्ट्र बैक | राष्ट्र बैक अनुगमन | • सरकारी बैक सरह महिला कर्मचारीलाई सुत्केरी विदा दिनुपर्ने साथै निजीक्षेत्रका बैकहरूले समयभन्दा बढि महिला कर्मचारीलाई काम लगाएकोमा घरसम्म जानको लागि सुरक्षित यातायात साधनको व्यवस्थाको लागि पत्राचार भएको । |
| ६ | २०७८/४/२४ | स्वास्थ्य मन्त्रालय, काठमाण्डौ | OCMC को विषयमा जानकारी लिन अनुगमन | • देशकै राजधानिका टिचिङ्ग/ विर हस्पिटलमा समेत OCMC व्यवस्थित नभएकाले मन्त्रालयलाई व्यवस्थित गराउन जानकारी गराईएको । |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०७८/५/१२ | झापा | झापामा बृद्ध आश्रम बनाउन महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट रकम लिएकोमा भवन नबनाई अलपत्र पारेको बिषयमा अनुगमन | • उक्त रकम दुरुपयोग हुन नदिन प्रमुख जिल्ला अधिकारी मार्फत रकम फिर्ता पठाउन निर्देशन भएको । |
| ८ | २०७८/५/१५ | काठमाण्डौ | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको शाखागत अनुगमन | • मन्त्रालयबाट पीडितका लागि रकम उपलब्ध गराइएतापनि त्यसको अनुगमन प्रभावकारी नहुदा रकम दुरुपयोग भएकाले प्रभाबकारी अनुगमन गराउन जानकारी गराईएको । |
| ९ | २०७८/५/१५ | मोरङ्ग | महिला विरुद्धको हिंसा र सिमा नाकावाट मानव वेचविखनका लागि हुन सक्ने ओसारपसार रोक्न गरिएका प्रयासहरू र समस्याहरूबारे जानकारी लिएको | • बैदेशिक रोजगारलाई शोषण र जोखिमरहित बनाउन राष्ट्रिय महिला आयोगले भुमिका खेल्नुपर्ने साथै चरम गरिवि, हिंसा, वेरोजगार, चेतनाको अभावले बेचविखनको जोखिम बढाउने हुदाँ यसलाई सम्बोधन गर्नुपर्ने । |
| १० | २०७८/५/१६ | झापा | मानव वेचविखन विरुद्ध सिमा क्षेत्रमा चालिएका सुरक्षा प्रयासहरू, त्यहा कार्यरत संघ सस्था र कार्यलयहरू र सामना गर्न परिरहेका चुनौति बारे स्थलगत अनुगमन गरेको | • मानब बेचविखन एक सँगठित अपराध भएकोले यसको रोकथामका लागि सँगठित रुपमा कार्य गर्नु जरुरी रहेको र यसमा राष्ट्रिय महिला आयोगले समन्वयकारी भुमिका खेल्नुपर्ने । |
| ११ | २०७८/५/१७ | झापा | न्यायिक समिति, विर्तामोड न.पा झापा | • महिला विरुद्ध हुने हिंसा र मानव वेचविखन रोक्न स्थानीय तवरमा भएका प्रयासहरू पर्याप्त भए नभएको सम्वन्धमा नियमित अनुगमन हुन जरुरी रहेको ।<br>• आमाको नामबाट नागरिकता प्राप्तिलाई सहज बनाउन पर्ने सुझाब आएको । |

| | | | | |
|---|---|---|---|---|
| १२ | २०७८/५/१८ | झापा | कोटिहोम यज्ञस्थल आश्रम कन्काईधामको अनुगमन | ● आश्रयस्थलको क्षमता विकासमा सरकारी ध्यान नजानाले आश्रय लिएर बसेका बालिका र किशोरीहरूको अवस्था जटिल भएकाले सरकारको ध्यानकार्षण गराई पीडितहरूको उचित व्यवस्थापन गर्नुपर्ने । |
| १३ | २०७८/५/३१ | किर्तिपुर | बोक्सीको आरोपमा यातना मलमुत्र खुवाएको युवतीको अवस्था बुझ्न अनुगमन । | ● घटनामा संलग्न पीडितको सानिआमा लगायतलाई कारवाहिको दायरामा ल्याउन तथा पीडितको परिवारको शान्ति सुरक्षाको लागि सम्वन्धित प्रहरी कार्यालयमा समन्वय गरिदिने ।<br>● महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कोषबाट पीडितलाई रु ५ लाख उपलब्ध गराईएको । |
| १४ | २०७८/५/३१ | किर्तिपुर | काठमाण्डौको स्यम्भूमा बोक्सीको आरोपमा निर्धात कुटिएकी युवतीको स्वास्थ्य अवस्थावारे जानकारी लिन अनुगमन | ● नेपालको राजधानी काठमाण्डौ जस्तो शहरी क्षेत्रमा यस्तो घटना हुनुले धामी झाक्री र बोक्सी प्रतिको अन्धविश्वास हटाउन व्यापक जनचेतना अभिवृद्धि गर्न जरुरी देखिन्छ ।<br>● पीडितको आवश्यक उपचार, न्याय प्राप्ति र पुर्नस्थापनाकाको कार्यमा आयोगको तर्फवाट सम्भव हुन सक्ने सम्मको सहयोग, क्षतिपुर्ति उपलब्ध गराउने । |
| १५ | २०७८/६/११ | उदयपुर | ओरेक र OCMCको विषयमा जानकारी लिन अनुगमन | ● ओरेक र OCMCको विषयमा सुझावहरू लिने काम भएको र प्रर्याप्त तालिम जनशक्तिको व्यवस्था, महिलामैत्री भवन/कक्षको व्यवस्था गर्नुपर्ने । |
| १६ | २०७८/६/१४ | झापा | मेची नगरपालिका वडा नं. ९ मा अनाथ असाहय आश्रित बाल आश्रम बोध साधना केन्द्रमा अनुगमन | ● विभिन्न कोषहरूबाट उपलब्ध हुने राहत रकम यस्ता पीडित बालबालिकाहरूलाई उपलब्ध गराउनेपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| १७ | २०७८/६/२० | इटहरी उप महानगरपालिका | नगरपालिका प्रमुखले महिला सेवाग्राहिहरूलाई पटक पटक प्रयोग गरेको अपशब्दको विषयमा अनुगमन | ● नगरप्रमुख जस्तो गरिमामय पदमा रहि कार्यस्थल/सार्वजनिकस्थलमा पटक पटक महिला सेवाग्राहिप्रति गरेको व्यवहार विरुद्ध कारबाहि हुन माग भएको । <br>● उजुरीलाई प्रमाणित गर्ने भिडियो क्लिप हेरी थप प्रष्ट हुने प्रमाण भेटिएको । |
| १८ | २०७८/७/६ | सिन्धुली | ३ जना बालिका माथि ९ जना युबकले गरेको सामुहिक बलत्कारको घटनाबारे गरिएको स्थलगत अनुगमन | ● पीडितको अवस्था बुझी उनीहरूको माग अनुसार सुरक्षित आवासको व्यवस्थाको लागि पहल गर्ने । <br>● तत्काल १३ बर्षकी एक बालिकालाई सेफ हाउसमा ल्याई राखेको । |
| १९ | २०७८/७/९ | काभ्रेपलाञ्चोक | जिल्लामा बढदै गएको घरेलु हिंसा तथा महिला हिंसाको बारेमा जिल्ला प्रहरी कार्यालय रOCMCअनुगमन | ● स्थानीय जनप्रतिनिधिहरूले महिला तथा घरेलु हिंसाका घटनामा त्यति प्रभावकारी भुमिका निर्वाह गर्न नसकेकाले जनप्रतिनिधिहरूलाई लक्षित गरी कार्यक्रमहरू संञ्चालन गर्नुपर्ने । |
| २० | २०७८/७/१२ | किर्तिपुर | मट्टितेल खन्याई जलाईएकी महिलाको अनुगमन | ● पीडितको आर्थिक अबस्था ज्यादै नाजुक भएकोले लैङ्गिक हिंसा निवारण कोषबाट पीडितलाई ५ लाख रकम उपलब्ध गराईएको । <br>● पिडितको उपचारको लागिBurn voilence survivors nepalसस्थाले रु चालिस हजार सहयोगको प्रतिबद्धता जनाएको । |
| २१ | २०७८/७/१४ | काठमाण्डौ | स्वयम्भुमा आफन्तबाट बलत्कार भएकी महिलाको अनुगमन | ● प्रहरीलाई सत्यतथ्य छानबिन गरी पीडितलाई न्याय दिन निर्देशन भएको । |
| २२ | २०७८/७/१४ | झापा, धुलाबारी | धुलाबारीको विद्यालय आश्रम अनुगमन | ● आश्रममा बसेका बालबालिकाहरूको अवस्थाबारे जानकारी लिने काम भएको । |

| | | | | |
|---|---|---|---|---|
| २३ | २०७८/१०/१२ | | मानसिक समस्या भई उपचार नपाई खोरमा थुनिएकी फागुनन्द गाउपालिका ४ चिलिङ्गकी ३५ बर्षिया नन्द कुमारी नेम्वाङ्गको अनुगमन | • पीडितको उद्धार भई काठमाण्डौमा उपचार भएको । |
| २४ | २०७८/१०/२७ | विर अस्पताल/ पाटन अस्पताल | OCMCकार्यक्रमको प्रभावकारिता, सञ्चालनका क्रममा भोगिएका समस्या, राष्ट्रिय महिला आयोग एवं सरकारप्रति सम्वन्धित अस्पतालको अपेक्षा तथा सुझाब बारे बुझ्न | • अस्पतालमा अग्रिम रुपमा गर्भवती महिला सम्वन्धी सम्पूर्ण काम गर्ने चिकित्सक रहेकाले तिनलाई गर्भपतनको थप तालिम दिन नपर्ने हुदाँ निजहरूलाई स्वत रुपमा हिंसामा परेका महिलाहरूको गर्भपतनको अनुमति दिनुपर्ने । OCMCर सामाजिक सुरक्षाको लागि छुट्टाछुट्टै बजेट व्यवस्थापन हुनुपर्ने । |
| २५ | २०७८/११/११ | महिला सुधार गृह गजन्नाथ देवल, काठमाण्डौ | केन्द्रिय कारागारमा रहेका महिलाहरूको अवस्था बारे जानकारी लिन अनुगमन | • कारागारमा कुल ४०० महिला कैदीबन्दी राख्ने क्षमता भएकोमा ३७१ जना महिला कैदीबन्दी रहेका ।<br>• कारागारलाई सुधारगृहको रुपमा सुधार गरी कैदीबन्दीका लागि स्वाथ्य, उपचार लगायत स्वच्छ वातावरणको सृजना गर्नुपर्ने ।<br>• भवन पनि भुकम्पका कारण जोखिम भएकोले पुनर्निर्माण हुनुपर्ने । |
| २६ | २०७८/१२/२९ | देवघाट चितवन | वृद्धाआश्रममा रहेका वृद्धवृद्धाहरूको अवस्था बारे जानकारी लिएको | • सरकारी तवरवाट नै आवश्यक्ता अनुसार वृद्ध आश्रमहरूको व्यवस्था गरी संचालन गर्न आवश्यक देखिएको साथै आवश्यक सुझाब दिने काम भएको । |
| २७ | २०७९/२/९ | ओखलढुङ्गा | १७ बर्षिय किशोरीमाथि बलत्कार र हत्या प्रयास गरी जंगलमा भेटिएको विषयमा अनुगमन | • अस्पतालमा उपचार गर्न निर्देशन दिई उपचार भएको र मन्त्रालयलको कोषबाट पछि १ लाख ४७ हजार उपचार खर्च दिएको । |

| | | | | |
|---|---|---|---|---|
| २८ | २०७८/१२/१२ | बराहक्षेत्र | शान्तिकुञ्ज महिला सेवा आश्रम अनुगमन | ● आश्रममममा बसेका महिलाहरूको अवस्थाको बारेमा जानकारी लिने काम भएको । |
| २९ | २०७८/१२/१३ | मोरङ्ग | सुन्दरहरैचाँ नगरपालिका -७, गणेशपुरमा घटित १८ महिनाको नाबालिकाको बलत्कार पछि हत्या भएको वारेमा अनुगमन | ● सरकारले सामाजिक रुपमा यौन दुर्व्यवहार गर्नेहरूलाई कार्बाहिको दायरामा ल्याउनका लागि कडा कानुन तयार गर्नुपर्ने ।<br>● पिडितलाई १० कट्टा जग्गा र ५० हजार क्षतिपुर्ति दिन पहल भएको । |
| ३० | २०७८/११/ | | बर्दियाकी ३ बर्षकी बालिकाको बलत्कार भएको सम्बन्धमा अनुगमन । | ● बर्दियामा उपचार हुन नसकि तत्काल उपचारको लागि नेपालगञ्ज ल्याइएको । |
| ३१ | २०७९/१/१५ | सोलखुम्बु | जिल्ला प्रशासन कार्यालय, कारागार, सेफ हाउस, सोलुदुधकुण्ड नगरपालिका, घरेलु तथा साना उद्योग कार्यालय, जिल्ला समन्वय कार्यालय, OCMC को अवस्थाबारे अनुगमन | ● पुरुषतर्फ क्षमताभन्दा ४ गुणा बढि कैदीबन्दी भएको, आवश्यक स्वाथ्य उपचारको व्यवस्था नभएको, भौतिक संरचनाको अभावले आगामि दिनमा थप सुरक्षा चुनौति देखा पर्न सक्ने ।<br>● सेफ हाउसमा पनि बजेटको अभाबले गर्दा पीडितहरूको उपचारको लागि समस्या भएको । |

| | | | | |
|---|---|---|---|---|
| ३२ | २०७९/१/२४ देखि ३० सम्म स्थानिय तह निर्वाचन २०७९ को अनुगमन | मोरङ्ग, सुनसरी, झापा, इलाम, पाचँथर | महिला मतदातामा स्थानिय तह निर्वाचन सम्बन्धी ज्ञान बारे बुझ्न,गठबन्धनमा महिला उम्मेदवारको प्रभाव र सहभागिता बारे बुझ्न,चुनाब प्रचार प्रसारको अवस्था तथा स्रोत व्यवस्थापन, चुनाब प्रचार प्रसारमा महिलामाथि हुने हिंसाको बारेमा बुझ्न,कानुन बमोजिम व्यवस्था गरिएको महिला उम्मेदावार हुनै पर्ने पदमा उम्मेदवार रिक्त रहेको वा नरहेको बारे बुझ्ने । प्रमुख पार्टिहरूमा महिला उम्मेदवारीको बारेमा बुझ्ने, मतदान केन्द्रको संख्या र स्थलको बारेमा बुझ्ने,प्रमुख तथा उप प्रमुख पदमा महिला उम्मेदवारीको अवस्था बुझ्ने,उम्मेदवारीमा जातजातीको बाहुल्यता बारेमा बुझ्न ,अपाङ्गता, जेष्ठ नागरीक, एकल महिलाको उम्मेदवारी परे नपरेको बारे बुझ्न अनुगमन | • निर्वाचन अधिकृतको कार्यालय राख्दा अपाङ्गता भएका उम्मेदावारलाई समेत ख्याल राख्नु राख्नुपर्ने ।<br>• महिलालाई प्रमुख पदमा उम्मेदवारी बनाउन नीतिगत तहमा नै व्यवस्था हुनुपर्ने ।<br>• अपाङ्गता, जेष्ठ नागरीक, एकल महिलाको उम्मेदवारीबारे नीतिगत तहमा नै व्यवस्था हुनुपर्ने ।<br>• निर्वाचन कार्यालयले समेत कर्मचारीहरू खटाउँदा महिला कर्मचारीलाई प्राथमिकता दिनुपर्ने ।<br>• गठबन्धनमा महिला उम्मेदवारको संख्या न्युन रहेकोले गठबन्धन गर्दा कानुनमा व्यवस्था भएअनुसारको सहभागिता हुनुपर्ने ।<br>• मतदाता शिक्षाका लागि प्रयाप्त मात्रामा जनचेतनामुलक कार्यक्रम गर्नुपर्ने ।<br>• संविधानमा भएका अधिकार व्यवहारमा नै लागु हुनुपर्ने ।<br>• राजनीतिक दलहरूबाट महिला नेतृत्व स्वीकार गर्नुपर्ने ।<br>• महिलालाई आर्थिक, राजनैतिक, सामाजिक रुपमा समान व्यबहार हुनुपर्ने ।<br>• समाज रुपान्तरणका लागि राज्यका हरेक निकायमा महिला र पुरुषको समान सहभागिता हुनुपर्ने ।<br>• दलहरूले आलटाल नगरी जिम्मेवारपुर्वक इमान्दार महिला उम्मेदवारलाई टिकट दिने व्यवस्था हुनुपर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ३३ | २०७९/१/३० | काठमाण्डौ | स्थानीय तह निर्वाचन, २०७९ को अनुगमनको क्रममा काठमाण्डौ का.म.न.पा वडा नं. ६ अरुणिमा बुथ र गोकर्णेश्वर नगरपालिका वडा नं. ६ पिपुल स्कुल मतदान केन्द्रमा अनुगमन | • शान्तपूर्ण वातावरणमा मतदान भएको । |

## ८.३ माननीय सदस्य श्री विद्या कुमारी सिन्हाको नेतृत्वमा २०७८/७९ मा सम्पन्न भएका अनुगमनहरू :

| क्र. स. | मिति | अनुगमन गरीएको जिल्ला | अनुगमन विषय | आयोगबाट दिएको मुख्य सुझाब |
|---|---|---|---|---|
| १. | २०७८/०४/०५ | बारा | नागरिकता सम्बन्धी निर्देशन | • लक्ष्मी उप्रेतीका दुई छोरीहरुको नागरिकता सम्बन्धमा सम्मानित अदालतबाट आदेश भएकोमा समेत कार्यान्वयन नभएकोमा सो आदेशको तुरुन्त कार्यान्वयन गर्न जिल्ला प्रशासन कार्यालय, बारामा निर्देशन भएकोमा प्रशासन कार्यालयबाट कार्यान्वयन भई पीडितको पहिचानको हक सुनिश्चित भएको |
| २. | २०७८/०५/०१ | रौतहट | महिला हिंसा सम्बन्धित घटनाको अनुगमन | • न्यायिक समितिका पदाधिकारीहरूलाइ अभिवृद्दी हुने कार्यक्रम गर्ने<br>• चेतनामुलक कार्यक्रम सन्चालन गर्ने |
| ३. | २०७८/०५/०२ | सर्लाही | सर्लाहीको बलरा नगरपालिकाको अनुगमन | • महिलाको विवाहदर्ता र बच्चाको जन्मदर्ता गर्न त्यहाँको वडा कार्यालयलाई निर्देशन |
| ४. | २०७८/०५/०३ | रौतहट | रौतहट जिल्लाको यमुनामाई गा.पा -२७ निबासी अनतीय देवी शाहको मृत्युको सम्बन्धमा खोज अनुसन्धान | • आयोगले प्रहरी प्रशासनलाई पिडक महिला हो की होईन पत्ता लगाउन निर्देशन दिएको |
| | | | मौलापुर नगरपालिकामा विवाहदर्ता सम्बन्धी अनुगमन | • रौतहट जिल्ला प्रशासन कार्यालयलाई महिलाको विवाहदर्ता बनाउनको लागि निर्देशन गराउने । |

| | | | | |
|---|---|---|---|---|
| ५. | २०७८/०५/०४ | लालबन्दी | सर्लाही जिल्लाको लालबन्दी न.पा -१७ निवासी प्रियंका भुजेलको हत्या भएको घटनाको स्थलगत अनुगमन | • पीडकलाई यथाशीघ्र पक्राउ गरी कारवाहीको लागि प्रहरी प्रशासनलाई निर्देशन ।<br>• पिडितको परिवारलाई राहत सहयोगको लागि आवश्यक समन्वय गर्ने<br>• टोल समाजमा व्यक्तिहरूलाई यस्ता जघन्य अपराध कार्यमा सग्लन्न कार्यमा दोषिलाई कार्वाहिको दायरामा ल्याउन खुलेर लाग्न र फेरी त्यस्ता अपराध हुन नदिन सचेतना जगाउन अनुरोध तथा निर्देशन गर्ने |
| ६. | २०७८/०५/०५ | बारा | दलित महिला सदस्य तारामुनी पाशवान माथि भएको कुटपिट र दुर्व्यवहार सम्बन्धमा अनुगमन | • सत्य तथ्य छानबीन गरी दोषीलाई कडा कार्वाहीको लागि प्रहरी प्रशासनलाई निर्देशन<br>• आयोगले प्रहरी प्रशासन एवम् पालिकाहरूसँग समन्वय गरी सचेतना मुलक कार्यक्रमहरू गर्ने<br>• दलित महिलाको उचित परिचालन र पिडितलाई तत्काल उद्दार राहत प्रदान गर्ने । |
| ७. | २०७८/०५/०७ | सर्लाही | लैङ्गिक हिंसा न्युनिकरण सम्वन्धी स्थलगत अनुगमन | • पालिकाहरूमा सचेतना मुलक कार्यक्रमहरू गर्ने |
| ८. | २०७८/०५/२८ | नेपालगञ्ज | भेरी अस्पतालमा रहेको OCMC को अनुगमन | • OCMC मा रहेका कर्मचारीले २४ सै घन्टा सेवा प्रवाह गराउने ।<br>• लैङ्गिक हिंसामा परेका पिडितलाई सुरक्षा बासको व्यवस्था गराउने<br>• दक्ष जनशक्तिको व्यवस्था गराउने । |
| | | | जानकी गाउँपालिका २ नेवाजी गाउँकी नकुन्नी धोबीको मृत्यु र नेपालगञ्ज परस्पुरकी निर्मला कुर्मीको अज्ञात अवस्थामा भएको मृत्युको अनुगमन | • नकुन्नी धोबीको हत्या भएको घटना सम्बन्धी अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालयलाई निर्देशन भएको<br>• निर्मला कुर्मीलाई खोजतलास हुन र निजको सम्पत्तिको उचित संरक्षण गर्न जिल्ला प्रशासनलाई निर्देशन गर्ने |

| | | | | |
|---|---|---|---|---|
| ९. | २०७८/०५/३० | बर्दिया | प्रहरी कार्यालय बर्दियाको अनुगमन | • महिला प्रहरीको संख्या बढाउन प्रहरी प्रधान कार्यालयबाट माग गर्न पहल गर्ने<br>• महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र शाखामा पीडितलाई राख्ने गरेको कोठा थुनुवा कोठाजस्तै देखिएको हुँदा पुनर्विचार गर्न आवश्यक रहेको<br>• अपांगता भएको महिला, किशोरी वा बालबालिका वा बोल्न सुन्न नसक्नेको लागि सांकेतिक भाषा बुझ्ने कर्मचारी/व्यक्ति राख्ने व्यवस्था गर्न सुझाव र सिफारिस गर्ने |
| १०. | २०७८/०५/३० | | जिल्ला अस्पतालमा रहेका ओ.सि.एम.सी को बारेमा अनुगमन | • एकद्वार संकट व्यवस्थापन केन्द्र OCMC को बारेमा सेवाग्राही समक्ष सूसुचित गराउनुपर्ने |
| ११. | २०७८/०९/१९ | सर्लाही | १ (एक) जना बालिकामाथि छ जना युवकले गरेको बलात्कारको घटनाको बारेमा स्थलगत अनुगमन | • पीडितको अवस्था बुझी उनीहरूको माग अनुसार सुरक्षित आवासको व्यवस्थाको लागि पहल गर्ने ।<br>• अदालतमा मुद्दा दर्ताको लागी प्रहरी मार्फत पहल गराउने |
| १२. | २०७८/०९/१९ | रौतहट | रौतहट क्षेत्रीय प्रहरी कार्यालयको अनुगमन | • महिला प्रहरीको संख्या बढाउन प्रहरी प्रधान कार्यालयबाट माग गर्न पहल गर्ने<br>• महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र शाखामा पीडितलाई राख्ने गरेको कोठा थुनुवा कोठाजस्तै देखिएको हुँदा पुनर्विचार गर्न आवश्यक रहेको<br>• अपांगता भएको महिला, किशोरी वा बालबालिका वा बोल्न सुन्न नसक्नेको लागि सांकेतिक भाषा बुझ्ने कर्मचारी/व्यक्ति राख्ने व्यवस्था गर्न सुझाव र सिफारिस गर्ने |
| १३. | २०७८/१०/१४ | धनुषा | मुख्यमन्त्रीको कार्यालय, मधेश प्रदेश अनुगमन | • प्रदेश कार्यालय खोल्ने सम्बन्धमा राष्ट्रिय महिला आयोगको ध्यानाकर्षण |
| १४. | २०७८/१०/१६ | रौतहट | गौर नगरपालिका वडा नं. २ स्थित मानव सेवा केन्द्र अनुगमन | • मानसिक सन्तुलन बिग्रेको दलित महिला (जबरजस्ती करणी)बाट जन्मिएको बच्चा र आमालाई सुरक्षाको व्यवस्था गर्ने |
| १५. | २०७८/१०/२७ | रुपन्देही /कपिलवस्तु | लुम्बीनी प्रदेशको मुख्य मन्त्री सँग महिला आयोगको प्रदेश कार्यालय खोल्ने प्रतिवद्धता | • महिला आयोगको प्रदेश कार्यालय खोल्ने राष्ट्रिय महिला आयोगको प्रतिवद्धता |

| | | | | |
|---|---|---|---|---|
| १६. | २०७८/११/२५ | कीर्तिपुर | एसिड आक्रमण प्रभावित महिलाको अवस्थाको बारेमा अनुगमन | ● पीडकलाई यथाशीघ्र पक्राउ गरी कार्वाहीको लागि प्रहरी प्रशासनलाई निर्देशन गर्ने ।<br>● पीडितको परिवारलाई राहत सहयोगको लागि आवश्यक समन्वय गर्ने ।<br>● टोल समाजका व्यक्तिहरूलाई यस्ता जघन्य अपराधकार्यमा संलग्न दोषीलाई कार्वाहीको दायरामा ल्याउन खुलेर लाग्न र फेरी यस्ता अपराध हुन नदिन सचेतना जगाउन अनुरोध तथा निर्देशन। |
| १७. | २०७९/०१/२४ गते देखि ३० गते सम्म | रौतहट,बारा,पर्सा र सर्लाही | स्थानीय तह सदस्य निर्वाचन, २०७९ को लैंगिक अनुगमन | ● निर्वाचन अधिकृतको कार्यालय राख्दा अपांगता भएका उम्मेदवार समेत ख्याल गर्नुपर्ने ।<br>● अपांगता,जेष्ठ नागरिक, एकल महिलाको उम्मेदवारबारे नितिगत तहमानै व्यवस्था हुनुपर्ने ।<br>● मतपत्र ठुलो भएको हुनाले गोप्य हुन नसकेको मतदाताहरूको भनाई<br>● निर्वाचन कार्यालयले समेत कर्मचारीहरू पठाउदा महिला कर्मचारिलाई प्रथमिकता दिनुपर्ने ।<br>● मतदाता शिक्षाको लागि प्रयाप्त मात्रामा जनचेतनामुलक कार्यक्रक गर्नुपर्ने ।<br>● संविधानमा भएका अधिकार व्यवहारमानै लागु गर्नुपर्ने ।<br>● राजनितिक दलहरूबाट महिला नेत्तृत्व स्वीकार गर्नुपर्ने ।<br>● महिलालाई आर्थिक सामाजिक रुपमा समान व्यवहार हुनुपर्ने ।<br>● महिला मैत्री मतदाता केन्द्र बनाईनु पर्ने |
| १८. | २०७९/०१/२६ | रौतहट | रौतहट जिल्ला प्रशासन कार्यालयको अनुगमन | ● OCMC को बारेमा पालिकाहरुमा होडिङ बोर्डको व्यवस्था गरी रेडियो एफएमबाट प्रचार प्रसार गराउने |
| १९. | २०७९/०३/०६ | सर्लाही,धनुषा | प्रादेशिक अस्पताल मलंगवा सर्लाही वाल गृह, बाल संगठन, जिल्ला प्रशासन कार्यालय अनुगमन | ● OCMC मा अविवाहित आमाबाट बच्चा जन्मेको घटनाबारे प्रमुख जिल्ला अधिकारीसँग छलफल गरी बच्चाको पहिचानको हक सुनिश्चित गर्न व्यवस्था मिलाउन निर्देशन दिएको । |

| | | | | |
|---|---|---|---|---|
| २०. | २०७९/०३/०८ | सर्लाही,धनुषा | सीमान्तकृत समुदाय कविलासी नगरपालिका सर्लाही वाड नं ७ अनुगमन | • लगभग ५०० जना भएको बसोबास गरेको बस्तीको टोलको व्यवस्थापन गराउने<br>• जिल्ला प्रशासन कार्यालयले पालिका सँग समन्वय गरी सीमान्तकृत समुदायको बालबालिकालाई उचित शिक्षाको लागि निर्देशन गराउने |
| २१. | २०७९/०३/२० | नवलपरासी | OCMC (एकद्वार संकट व्यवस्थापन केन्द्र)को अनुगमन | • एकद्वार सङकट व्यवस्थापन केन्द्र OCMC को बारेमा जानकारी प्रदान गर्ने<br>• एकद्वार सङकट व्यवस्थापन केन्द्रको बारेमा प्रचार प्रसार गरी चेतना मुलक कार्यक्रम सन्चालन गर्ने<br>• महिलाको प्रजनन स्वास्थ्य अधिकारलाई ख्याल गर्दै सरकारले निर्देशित गरेको आमा सुरक्षा कार्यक्रम लागू गर्नुपर्ने<br>• सरकारले व्यवस्था गरे अनुसार प्रजनन तथा गर्भपतन लगायतका सेवा निशुल्क प्रदान गर्नुपर्ने<br>• बीमा बोर्डबाट सिफारिस गरिएको कुनै पनि औषधी दिने नगरेको पाइएको हुँदा त्यस्ता औषधीको व्यवस्था गर्नुपर्ने ।<br>• स्त्रीरोग सम्बन्धी वार्डको भौतिक पूर्वाधार पुरानो, असहज र अव्यवस्थित भएको हुँदा महिलाहरुलाई भोग्नुपरेको असहजता, समस्याको समाधान गर्न अस्पताल प्रशासनलाई निर्देशन<br>• हिंसा पीडितको विवरण र पहिचान गोप्य राख्न तथा प्रभावकारी सेवा प्रदान गर्न छुट्टै वार्ड र काउन्सेलिङ रुमको व्यवस्था गर्न निर्देशन<br>• दक्ष काउन्सेलर र फोरेन्सिकको व्यवस्था गर्न सिफारिस ।<br>• लैङ्गिक हिंसा पीडितलाई OCMC सेवाबारे सूचना र जानकारीको लागि अस्पताल परिसरमा होडिङ्ग बोर्डको व्यवस्था गर्न निर्देशन ।<br>• परिवारमा पुनरस्थापना गर्दा जोखिम हुने अवस्था रहेको खण्डमा सुरक्षित आवास गृहको लागि नगरपालिका तथा प्रमुख जिल्ला अधिकारीसँग समन्वय/सहकार्य गर्न सिफारिस । |
| २२. | २०७९/०३/२० | नवलपरासी | OCMC (एकद्वार संकट व्यवसथापन केन्द्र) बाट प्रभावितहरूलाई बस्ने सुरक्षित होम (अल्पकालीन आश्रयस्थल) को अनुगमन | • परिवारमा पुनः स्थापना गर्दा जोखिम हुने अवस्थामा सेफ हाउसको व्यवस्था गर्ने ।<br>• समाजमा सचेतना जगाउने सडक नाटक प्रदर्शन गर्ने । |

## ८.४ माननीय सदस्य श्री जया घिमिरेको नेतृत्वमा २०७८/७९ मा सम्पन्न भएका अनुगमनहरू :

| क्र. स. | मिति | अनुगमन गरीएको जिल्ला | अनुगमन विषय | आयोगबाट दिएको मुख्य सुझाव |
|---|---|---|---|---|
| १ | २०७८।४।२० | सिरहा | पीडित ममता विश्वकर्माको घटना | महिला हिंसा प्रभावितहरूका लागि राष्ट्रिय महिला आयोगद्वारा प्रदान गर्दै आएको सेवाहरू निशुल्क कानुनी परामर्श तथा मनोसामाजिक परामर्श बारे जानकारी गराइएको साथै रा म आ द्वारा संचालित हेल्पलाइन सेवा खवर गरौं ११४५ मा आफूलाइ आवश्यक परेको बेला २४ सै घण्टा फोन गरी आफ्नो समस्या राख्न सक्ने जानकारी दिइएको ।<br>सिरहाको गोलबजार स्थित सेफ हाउसमा हिंसा पीडित महिलाहरूलाई सुरक्षित आवासको व्यवस्था रहेको जानकारी दिइएको |
| २ | २०७८।४।२० | सिरहा | पीडित ममता विश्वकर्माको घटना | जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय बीच समन्वय गरि सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने |
| ३ | २०७८।०४।२२ | जिल्ला प्रहरी कार्यालय सप्तरी | महिला हिंसा सम्बन्धित घटनाको सन्दर्भमा चुनौती | |
| ४ | २०७८।०४।२२ | जिल्ला प्रशासन कार्यालय सप्तरी | महिला हिंसा सम्बन्धीत घटनाको सन्दर्भमा चुनौती | |
| ५ | २०७८।०४।२२ | सिरहा | मृत ज्ञान कुमारी महतोको बारेमा घटना अनुगमन | निष्पक्ष छानविन गरी दोषीलाई उचित कारबाही |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०७८।४।२२ | सप्तरी | महिला हिंसा सम्बन्धीत घटनाको सरोकारवालाहरूसँग छलफल | सामुदायिक प्रहरी मार्फत जिल्लाको एक द्वार संकट व्यवस्थापन केन्द्रको सेवा सम्बन्धी र समुदायका महिला पुरुष सबैलाई लक्षित गरि लौङ्गिक हिंसा सम्बन्धी सचेतनात्मक कार्यक्रम संचालन गरि नुपर्ने।<br>प्रत्येक विद्यालयमा लौङ्गिक हिंसा सम्बन्धी सचेतनात्मक कार्यक्रम समयसमयमा संचालन हुनुपर्ने र त्यस्ता कार्यक्रममा विद्यार्थी, शिक्षक शिक्षिका तथा अभिभावकलाई सहभागी गराउँनुपर्ने।<br>पर्ने। |
| ७ | २०७८/०४/२४ | जिल्ला अस्पताल धनुषा OCMC | महिला हिंसा सम्बन्धी घटनाको अनुगमन | एकद्वार संकट व्यवस्थापन केन्द्र OCMC को सेवा बारेमा सेवाग्राही समक्ष सुसूचित गराउनुपर्ने |
| ८ | २०७८/०४/२४ | जिल्ला प्रहरी कार्यालय धनुषा | महिला हिंसा सम्बन्धी घटनाको अनुगमन | जिल्ला प्रहरी कार्यालय र पालिका बीच समन्वय गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गराउने |
| ९ | २०७८/०४/२४ | जिल्ला प्रहरी कार्यालय सिरहा | महिला हिंसा सम्बन्धी घटनाको अनुगमन | |
| १० | २०७८/०४/२४ | धनुषा जिल्लामा रहेको महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र धनुषा | महिला हिसामा परेका महिलाहारुले प्रहरी सहायताको लागि निवेदन दिन आउने यस निकायका चुनौती तथा सुझाव संकलन | महिला हिंसा पिडितका लागि सेफ हाउसमा दीर्घकालिन आश्रयको व्यवस्थामा जोड दिनुपर्ने । कम्तिमा ६ महिनाको अवधीको लागि मात्र भएपनि आश्रय दिने व्यवस्था गरिनुपर्ने । |
| ११ | २०७८/०४/२४ | धनुषा जिल्ला प्रशासन कार्यालय | महिला हिंसा सम्बन्धित घटनाको अनुगमन | राष्ट्रिय महिला आयोगको शाखा विस्तार सम्बन्धमा छलफल |
| १२ | २०७८/०४।२५ | जिल्ला प्रशासन कार्यालय सिरहा | महिला हिंसा सम्बन्धी घटनाको अनुगमन | |

| | | | | |
|---|---|---|---|---|
| १३ | २०७८/०४।२५ | जिल्ला अस्पताल सिरहा | | |
| १४ | २०७८/०४।२५ | जिल्ला प्रहरी कार्यालय सिरहा | महिला हिंसा सम्बन्धी घटनाको अनुगमन | जिल्ला प्रहरी कार्यालय र पालिका बीच समन्वय गरी हिंसा निवारण कोष स्थापना गर्ने |
| १५ | २०७८।०४।२५ | सप्तरी | कंचनपुर न पा ३ बर्बीजिया किरणदेवी दास घटना अनुगमन | पीडित पक्षलाई न्याय दिलाइ दोषीलाई कारबाही |
| १६ | २०७८/०५/१७ | महोत्तरी जिल्लाका जिल्ला प्रशासन कार्यालय जिल्ला प्रहरी कार्यालय OCMC एवं सरोकारवालाहरू सँग | महिला हिंसा सम्बन्धीत घटनाको सरोकारवालाहरूसँग छलफल | जिल्लामै सेफ हाउस नभएकोले तुरून्तै सेफ हाउसको व्यवस्था गरिनुपर्ने न्यायिक समितिमा कानुनी परामर्शकर्ताको आवश्यकता |
| १७ | २०७८/०५/१८ | सिरहा | अरनवा ३ सिरहास्थित दुर्गा मन्दिर मा हिंसाजन्य घटना घटेको भन्ने उजुरीको सम्बन्धमा अनुगमन | उपचारको निम्ति भनी महिलाहरूलाइ कम्तिमा १ हप्तासम्म राख्ने गरेकोले उक्त उजुरीकोसम्बन्धमा आवश्यक छानविन गरी कारबाही गर्ने |
| १८ | २०७८।८।२८ ०७८।९।२ | धनगढी डोटी | SAS को संयुक्त अनुगमन भ्रमण | |
| १९ | २०७८/१२/१५ | रामेछाप | पीडितको स्वास्थ्य स्थिति अनुगमन गर्ने घटनाको यथार्थ जानकारी लिने | आवश्यक छानवीन गरी कारवाही गर्ने |

## ८.५ माननीय सदस्य श्री सावित्रा कुमारी शर्माको नेतृत्वमा २०७८/७९ मा सम्पन्न भएका अनुगमनहरू:

| क्र.स. | मिति | अनुगमन गरीएको जिल्ला | अनुगमन विषय | आयोगबाट दिएको मुख्य सुझाव |
|---|---|---|---|---|
| १ | २०७८/०४/२२ देखि २०७८/०४/२७ सम्म | जिल्ला सरकारी वकिल कार्यालय चितवन जिल्ला प्रशासन कार्यालय चितवन / भरतपुर अस्पतालको OCMC / आदर्शगृह नेपाल/ भरतपुर महानगरपालिका न्यायिक समिति / जिल्ला प्रशासन कार्यालय नवलपुर/ जिल्ला प्रहरी कार्यालय नवलपुर/ देवचुली नगरपालिका न्यायिक समिति | महिला हिंसा सम्बन्धी घटनाहरूको स्थलगत अनुगमन र जिल्ला कार्यालय स्थानीय निकाय र प्रदेश सरकार सँग समन्वय लगायतका काम | • कानूनी साक्षरताको कमी देखिएकोले महिला आयोगले प्रहरी न्यायिक निकायसँगको सहकार्यमा कानूनी साक्षरता जगाउने कार्यक्रमहरू गर्न आवश्यक देखिएको छ।<br>• न्यायिक निकाय माथि विश्वास नरहेकोले न्यायिक निकायसँग समन्वय गरी विश्वास जगाउने कार्यक्रम गर्नु आवश्यक देखिएको।<br>• महिला सशक्तीकरण तथा महिला हिंसा न्यूनिकरणका लागि grass root lelvel सम्म पहुँच पुग्ने गरी राष्ट्रिय महिला आयोगको कार्यालय विस्तार हुनु पर्ने देखियो। |
| २ | २०७८/०५/१३ गते देखि २०७८/०५/१९ सम्म | **लमजुङ जिल्ला अस्पताल** / **दमौली अस्पताल** / **बर्दिया जिल्ला अस्पताल** / **उदयपुर जिल्ला अस्पताल** | OCMCअनुगमन | • महिला / लैङ्गिक मैत्री कार्य कक्षको व्यवस्था हुनुपर्ने OCMC को सेवाको बारेमा सेवाग्राही सुसूचित गराउनु पर्ने |
| ३ | २०७८/०८/२८ देखि २०७८/०९/०२ सम्म | केआइसिङ गाउपालिका वयल डोटी/ दुर्गामाण्डौ श्वास्थ चौकी / डौड स्वास्थ्य चौकी शायल गाउपालिका / जिल्ला प्रशासन कार्यालय डोटी/ जिल्ला प्रहरी कार्यालय डोटी | एसएएस को संयुक्त अनुगमन भ्रमण | |

| | | | | |
|---|---|---|---|---|
| ४ | २०७८/१०/०४ देखि २०७८/१०/०७ सम्म | सुनवल नगरपालिका पवित्र वृद्धाश्रम/ जेष्ठ नागरिक दिवा सेवा कार्यक्रम | अनुगमन भ्रमण | • महिलाहरूलाई कानूनी जनचेतना अभिवृद्धि गरी उनीहरूलाई शिक्षा दिइ रोजगार दिन सके मात्र महिला हिंसा नियन्त्रण गर्न सकिने । |
| ५ | २०७८/०१/२४ देखि २०७९/०१/३० सम्म | पाल्पा तनहु कास्की  स्याङ्जा | स्थानीय निर्वाचन सम्बन्धी लैङ्गिक अनुगमन भ्रमण | • निर्णायक तहमा महिला सहभागिता सुनिश्चित हुने कानूनी प्रावधानको व्यवस्था गर्ने ।<br>• राजनीतिक दलको विधानमा परिवर्तन गरेर निर्णायक तहमा निश्चित प्रतिशत सहभागिताको सुनिश्चित गर्नुपर्ने ।<br>• गठबन्धन भए पनि महिला सहभागिता सुनिश्चित हुने कानूनी प्रावधान राख्ने ।<br>• निर्वाचन आयोगले मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन अधिकृतको कार्यालयमा कर्मचारी खटाउँदा समक्ष र दक्ष कर्मचारीहरू खटाउने र निर्वाचनमा कर्मचारी खटनपटन लगायतको कामलाई व्यवस्थित र मर्यादित तुल्याउने ।<br>• निर्वाचन आचार संहिता पालना भए नभएको अनुगमन गरी उलंघन गर्नेलाई कारवाहि गर्ने । |

परिच्छेद ९

# उजुरी, निवेदन तथा जाँचबुझ

## ९.१. उजुरी सम्बन्धी व्यवस्था


घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को दफा ४(१) ले घरेलु हिंसासम्बन्धी उजुरी सुन्ने विभिन्न निकायहरूमध्ये राष्ट्रिय महिला आयोग पनि एउटा महत्वपूर्ण निकाय हो। यसर्थ, आयोगमा महिला विरुद्धका हिंसा र महिलामाथि हुने घरेलु हिंसासम्बन्धी विषयमा उजुरी लिने व्यवस्था रहेको छ।

महिला हिंसाका घटनाका बारेमा पीडित स्वयंले वा पीडित महिलाको तर्फबाट जोसुकैले आयोग समक्ष उजुरी दिनसक्ने व्यवस्था छ। आयोगको निःशुल्क हेल्पलाइन सेवा "**खबर गरौँ ११४५ हेल्पलाईन सेवा**" मा फोन गरेर वा वेबसाइट (www.nwc.gov.np) बाट पनि घटनाको उजुरी गर्न सक्ने व्यवस्था रहेको छ। हेल्पलाइन सेवा २४ सै घण्टा हप्ताको सातै दिन उपलब्ध छ। यसरी आयोगमा दिइने उजुरी दर्ता गरेबापत कुनै पनि शुल्क लाग्दैन।

आयोगमा परेको उजुरीको छानबिन गर्दा प्रथम दृष्टिमा नै महिला हिंसा भएको देखिएमा त्यस्तो कार्य तत्काल रोक्नको लागि सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीलाई आदेश दिने, उजुरी छानबिनको सम्बन्धमा विपक्षीलाई उपस्थित गराई जानकारी लिने, पक्षहरूलाई लिखत वा कागज प्रमाण पेश गर्न आदेश दिने, आवश्यक भएमा स्थलगत निरीक्षण गर्ने, कुनै सरकारी वा सार्वजनिक निकायबाट सम्बन्धित विषयको नक्कल झिकाउने, छानबिन गरिसकेपछि मुद्दा दायर गर्न सिफारिस गर्ने, मेलमिलाप गराउने आदि कार्य गरिन्छ। त्यसैगरी, आयोगले प्रदान गर्ने सेवाहरूमा कानूनी परामर्श, कुनै पनि अदालतमा मुद्दा वा रिट निवेदन दर्ता गर्नुपर्ने भएमा वा मुद्दा मामिलामा पीडितको तर्फबाट बहस पैरवी गर्नु परेको अवस्थामा निःशुल्क कानूनी सहायता, मनोसामाजिक परामर्श, तत्काल उद्धार गर्नुपर्ने देखिएमा उद्धार गरी आश्रयस्थलमा राख्ने लगायत आवश्यकता अनुसार अन्य विभिन्न सरकारी तथा गैर सरकारी निकायहरूसँग समन्वय गरी पीडितलाई अधिकार दिलाउनको लागि पहल गर्ने गरेको छ।

आयोगमा पदाधिकारीहरूको पदबहाली पश्चात् गम्भीर प्रकृतिका उजुरीहरू तथा आयोगमा आउने पीडितहरूको संख्यामा वृद्धि भएको छ। आयोगले कोभिड-१९ को दोस्रो लहरका कारण सृजित निषेधाज्ञाको अवधिमा समेत पीडितहरूलाई "**खबर गरौँ ११४५ हेल्पलाइन सेवा**" मार्फत विभिन्न सेवाहरू उपलब्ध गराउन सहजीकरण गरेको थियो। यस्ले निरन्तरता पाईरहेको छ।

**हिंसाको प्रकार**




## ९.२ आयोगमा प्राप्त उजुरी निवेदन तथा आयोगद्वारा प्रदान गरिएका सेवाहरु

### ९.२.१ आयोगमा आ.व. २०७८/ ०७९ मा दर्ता भएका उजुरीहरू:

| महिना | घरेलु हिंसा | महिला हिंसा | जम्मा |
|---|---|---|---|
| श्रावण | १४५ | १३ | १५८ |
| भाद्र | १०१ | ११ | ११२ |
| असोज | ७३ | १५ | ८८ |
| कार्तिक | ९१ | १४ | १०५ |
| मंसिर | ११२ | ११ | १२३ |
| पौष | ११२ | १५ | १२७ |
| माघ | १०७ | ११ | ११८ |
| फागुन | १२५ | १२ | १३७ |
| चैत्र | ११५ | १० | १२५ |
| वैशाख | ९७ | ९ | १०६ |
| ज्येष्ठ | १३१ | १३ | १४४ |
| असार | १०९ | १२ | १२१ |
| **जम्मा** | १३१८ | १४६ | १४६४ |

यस आर्थिक वर्षमा आयोगमा कुल १४६४ वटा उजुरीहरू दर्ता भएको देखिन्छ जसमध्ये १३१८ (९०%) उजुरीहरू घरेलु हिंसासँग सम्बन्धित छन् भने १४६ (१० %) उजुरीहरू महिला हिंसासँग सम्बन्धित छन्। घरेलु हिंसामा दर्ता भएका उजुरीहरूमा श्रीमान् विदेश गई सम्पर्क विहीन हुने र श्रीमती तथा बालबालिकालाई खान लाउनमा समस्या उत्पन्न हुने गरेका घटनाहरूमा वृद्धि भएको देखिन्छ।

### प्रदेश आनुसार घरेलु हिंसा र महिला हिंसाको आवस्था


९.२.२ आ.व. २०७८/ ०७९ मा दर्ता भएका प्रदेशगत उजुरीको संख्या

| प्रदेश | घरेलु हिंसा | महिला हिंसा | जम्मा |
|---|---|---|---|
| प्रदेश १ | ३४ | २ | ३६ |
| म्धेश प्रदेश | ४५ | १९ | ६४ |
| वागमती | ११७३ | १०३ | १२७६ |
| गण्डकी | ३१ | ४ | ३५ |
| लुम्विनी | १४ | ९ | २३ |
| कर्णाली | ९ | १ | १० |
| सुदुर पश्चिम | ५ | ४ | ९ |
| प्रदेश उल्लेख नभएको | ७ | ४ | ११ |
| **जम्मा** | **१३१८** | **१४६** | **१४६४** |

## हिंसाको प्रकृति


### पीडितको उमेर समूह

आयोगमा दर्ता भएका उजुरीमध्ये सबैभन्दा बढी ५८ प्रतिशत उजुरीहरू २६ देखि ४० वर्ष उमेर समूहको रहेको थियो । साथै, सबैभन्दा कम उजुरी १६ वर्षभन्दा कम र ६० वर्षभन्दा माथि उमेर समूहका पीडितहरूको रहेको थियो ।




### पीडितको शैक्षिकस्तर

आ.व. २०७८/ ०७९ मा आयोगमा दर्ता भएका उजुरीमध्ये सबैभन्दा बढी २८ प्रतिशत उजुरीहरू साधारण लेखपढ मात्र गर्न सक्ने पीडितहरूको रहेको थियो । साथै, सबैभन्दा कम ३ प्रतिशत उजुरी स्नातकोत्तर गरेका पीडितहरूको रहेको थियो ।





### पीडितको वैवाहिक स्थिति

आ.व. २०७८/ ०७९ मा आयोगमा दर्ता भएका उजुरीमध्ये सबैभन्दा बढी ८७ प्रतिशत उजुरीहरू विवाहित महिलाको रहेको थियो । साथै, सबैभन्दा कम उजुरी सम्बन्ध विच्छेद भएका र विवाह नगरी जोडीको रूपमा बसेका महिलाहरूको रहेको थियो ।



### जातीयताका आधारमा वर्गीकरण

आ.व. २०७८/ ०७९ मा आयोगमा दर्ता भएका उजुरीमध्ये सबैभन्दा बढी ३५ प्रतिशत उजुरीहरू ब्राह्मण तथा क्षेत्रीका समुदायका पीडितहरूको रहेको थियो । साथै, सबैभन्दा कम उजुरी दलित, धार्मिक अल्पसंख्यक तथा पिछडिएका वर्गहरूको रहेको थियो ।




**हिंसाको प्रकार अनुसार आयोगमा दर्ता भएका उजुरीहरूको विवरण**

| हिंसाको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| मानसिक हिंसा | १३७४ | ४२% |
| आर्थिक हिंसा | १०१२ | ३१% |
| शरीरिक हिंसा | ७६९ | २४% |
| यौनजन्य हिंसा | ९३ | ३% |

**राष्ट्रिय महिला आयोग र साझेदार संस्थाहरूद्वारा प्रदान गरिएका सहयोग तथा सेवाको विवरण**

| सेवाको प्रकार | संख्या |
|---|---|
| मनोसामाजिक मनोविमर्श | ४१८ |
| कानुनी परामर्श | ९६४ |
| उद्धार तथा सुरक्षित आश्रयस्थल | ३९ |
| मेलमिलाप | १५० |
| अदालतमा प्रतिनिधित्व (Coutr Representation) | १५२ |

**अधिकतम रुपमा उजुरी भएका हिंसाका घटनाहरूको विवरण**

| हिंसाको प्रकार | संख्या |
|---|---|
| मानासिक यातना | १३२४ |
| कुटपिट | ७४० |
| चरित्र हत्या | १८६ |
| आर्थिक यातना | ८७२ |
| विवाह दर्ता बनाउन चाहिने आवश्यक कागजातसम्बन्धी समस्या | १०१ |
| सुरक्षा मुद्दा | ७३ |
| सम्पत्ती हस्तान्तरण गर्दा चाहिने आवश्यक कागजातसम्बन्धी समस्या | ६१ |
| यौन दुर्ब्यबहार | ५८ |
| बलत्कार | २२ |
| जन्म दर्ता बनाउन चाहिने आवश्यक कागजातसम्बन्धी समस्या | ५८ |
| नागरिकता बनाउन चाहिने आवश्यक कागजातसमबन्धी समस्या | ४० |
| बाल सुरक्षाको मुद्दा | ५० |
| बहुविवाह | २९ |
| साइबर क्राइम | ११ |
| बलत्कारको प्रयास उद्योग | ४ |
| मानाचामल | ३३ |
| वैबाहिक बलत्त्कार | ९ |
| दाइजो प्रथाले हुने हिंसा | १४ |
| जबर्जस्ती गर्भपत्तन | १० |
| डिवोर्स | ३६ |
| हत्या | ९ |
| जग्गा विवाद | ३ |
| ज्यान मार्ने उद्योग | १० |
| कार्यस्थलमा हुने यौनजन्य दुर्ब्यबहार | ० |
| बालविवाह | २ |

**सिफारिस गरिएका संस्थाहरूको विवरण**

| सेवाको प्रकार | संख्या |
|---|---|
| साथी (सुरक्षित आश्रयस्थलको लागि) | ४६ |
| ल्याक (कानूनी सहायताको लागि) | २३५ |
| टि.पि.ओ नेपाल (मनोसामाजिक परामर्श सेवाको लागि) | १२५ |
| नेपाल बार | ७८ |

**नोट : एउटै निवेदक एक भन्दा धेरै प्रकारको हिंसाबाट पीडित हुने हुदा निवेदन संख्या र हिंसाका प्रकारमा उल्लिखित संख्या फरक देखिन्छ।**

## ९.३ आयोगमा प्राप्त भएका सूचनाका आधारमा अन्य सेवा प्रदायक निकायहरूमा पत्राचार एवं सिफारिस गरिएको विवरण:

| | | | | | |
|---|---|---|---|---|---|
| १ | जानकी नेपाली | बझाङ | पतिले कान काटिदिएको। | २०७८।०४।०३ मा जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयलाई पत्र। | |
| २ | सङ्खुवासभा ६ बर्षिय बालिका | सङ्खुवासभा | सौतानेबुबाबाट ज.क. | मिति २०७८।०४।०४मा जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयलाई पत्र। | |
| ३ | बिना सापकोटा | चितवन/ नवलपुर | बेपत्ता भएको | मिति २०७८।०४।१९ मा जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयलाई पत्र। | |
| ४ | नाम परिवर्तन सुनसरी | सुनसरी | एसिड प्रहार | मिति २०७८।०४।२० मा जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयलाई पत्र। | |
| ५ | ३५० महिला | विभिन्न जिल्ला | भारत गएका ३५० जना महिला बेपत्ता भएको | जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयलाई पत्र तथा अनुगमन। | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | नाम परिवर्तन सुर्खेत | सुर्खेत | नराम्रो आत्मा पसेको भनेर कुटपिट | जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयलाई पत्र । | जिल्ला प्रशासन कार्यालयबाट मुद्दा दर्ता भएको विवरण प्राप्त भएको |
| ७ | उप महानगर-पालिकामा कार्यरत तथा सेवाग्राही महिलाहरु | सुनसरी | इटहरी उप-महानगरपालिकाको कार्यालयमा कार्यस्थल तथा सार्वजनिकस्थलमा उप-महानगरपालिका प्रमुखले महिलाहरु माथि विभिन्न अपमानजनक शब्द प्रयोग गरी महिला हिंसा गरेको | जिल्ला प्रशासन कार्यालय, सुनसरी र जिल्ला प्रहरी कार्यालय, सुनसरीमा पत्राचार | |
| ८ | सञ्जू कुमारी दास | रौतहट | घर परिवारबाट दाईजो नल्याएको नीहुँमा घाँटी दावी हत्या गरेको र निजको शव परिक्षण पश्चात शदगद समेत भईसकेको र प्रहरी कार्यालयबाट जाहेरी दरखास्त दर्ता नगरेको | श्री जिल्ला प्रशासन कार्यालय, रौतहट र श्री जिल्ला प्रहरी कार्यालय, रौतहटलाई पत्र । | |
| ९ | १४ बर्षिया बालिका | गुल्मी | बाबूद्वारा १४ बर्षिया बालिका बलात्कृत भई गर्भधारण गरेको | जिल्ला प्रशासन कार्यालय, गुल्मी । जिल्ला प्रहरी कार्यालय, गुल्मी । | |
| १० | अमृता खत्री टण्डन | रुपन्देही | अमृता खत्री टण्डनको संकास्पद मृत्यु भएको | जिल्ला प्रशासन कार्यालय, रुपन्देही । जिल्ला प्रहरी कार्यालय, रुपन्देही । | |

# विविध गतिविधि

## १०.१ राष्ट्रिय महिला आयोगको बैठक

राष्ट्रिय महिला आयोगको बैठक यस आ.व. मा विभिन्न मितिमा जम्मा १७ पटक सम्पन्न भयो । सम्पन्न भएको बैठक सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

| क्र.सं. | बैठक स्थल | बैठक मिति | कैफियत |
|---|---|---|---|
| | | आ.ब. २०७८।७९ | |
| १. | राष्ट्रिय महिला आयोग | २०७८.०६.०६ | |
| २. | राष्ट्रिय महिला आयोग | २०७८.०६.१७ | |
| ३. | राष्ट्रिय महिला आयोग | २०७८.०७.१६ | |
| ४. | राष्ट्रिय महिला आयोग | २०७८.०९.१५ | |
| ५. | राष्ट्रिय महिला आयोग | २०७८.१०.०६ | |
| ६. | राष्ट्रिय महिला आयोग | २०७८.११.१० | |
| ७. | राष्ट्रिय महिला आयोग | २०७८.११.१८ | |
| ८. | राष्ट्रिय महिला आयोग | २०७८.१२.०४ | |
| ९. | राष्ट्रिय महिला आयोग | २०७८.१२.०८ | |
| १०. | राष्ट्रिय महिला आयोग | २०७८.१२.१० | |
| ११. | राष्ट्रिय महिला आयोग | २०७९.०२.०८ | |
| १२. | राष्ट्रिय महिला आयोग | २०७९.०२.१० | |
| १३. | राष्ट्रिय महिला आयोग | २०७९.०२.१७ | |
| १४. | राष्ट्रिय महिला आयोग | २०७९.०२.२४ | |
| १५. | राष्ट्रिय महिला आयोग | २०७९.०३.०२ | |
| १६. | राष्ट्रिय महिला आयोग | २०७९.०३.१० | |
| १७. | राष्ट्रिय महिला आयोग | २०७९.०३.३० | |

## १०.२संवैधानिक निकायका प्रमुख एवं सदस्यहरूसँग स्थानीय तह सदस्य निर्वाचन, २०७९ लाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री तुल्याउने विषयमा बैठक तथा दलहरूलाई ध्यानाकर्षण :

२०७९ बैशाख ३० गतेका लागि तय भएको स्थानीय तह सदस्य निर्वाचन, २०७९ लाई लैङ्गिक तथा सामाजिक समावेशीकरणमैत्री तुल्याउने उद्देश्यले निर्वाचन आयोग, राजनीतिक दलहरू र निर्वाचनका सरोकालवाला निकायलाई आवश्यक पृष्ठपोषण, ध्यानाकर्षण एवं सिफारिस गर्ने उद्देश्यले राष्ट्रिय महिला आयोगको संयोजकत्वमा विभिन्न संवैधानिक निकायका प्रमुख एवं पदाधिकारीहरूसँगको बैठक सम्पन्न भयो । निर्वाचनलाई लैङ्गिक तथा सामाजिक समावेशी बनाउने सन्दर्भमा सरोकारका विषयहरूमा छलफल गर्नका लागि आयोजना भएको यो बैठकबाट निर्णय गरी लैङ्गिक तथा सामाजिक समावेशी उम्मेदवार तय गर्न राजनीतिक दलहरूलाई विशेष ध्यानाकर्षण पत्र पठाइयो । ध्यानाकर्षण पत्रमा राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारुआयोग, मुस्लिम आयोगका पदाधिकारीहरू सहित राष्ट्रिय महिला आयोगका सम्पूर्ण सदस्यहरूको हस्ताक्षर भएको थियो ।

ध्यानाकर्षण पत्रमा लैङ्गिक तथा सामाजिक समावेशीतालाई केन्द्रबिन्दुमा राख्दै उम्मेदवार छनौटदेखि नै योग्यता, दक्षता, लैङ्गिकता, वर्गीयता, भौगोलिकता लगायतको समावेशी प्रतिनिधित्व हुने गरी उम्मेदवारी चयन गर्न, स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा संविधानको मर्म र भावना जीवन्त रहने गरी निर्वाचन सम्पन्न गर्ने तथा ज्येष्ठ नागारिक, अपाङ्ता भएका व्यक्ति, गर्भवती तथा शारीरिक रूपमा कमजोर मतदाताको मतदानमा सहभागिता, सुरक्षा, स्वतन्त्रता र गोप्यताको रक्षा हुने गरी मतदान सम्पन्न गर्न र मतदान प्रक्रियामा सहयोग गर्न विशेष ध्यानकर्षण पत्र पठाइएको भनी उल्लेख भएको थियो । ध्यानाकर्षण पत्र निर्वाचन आयोग र विभिन्न राजनीतिक दलहरूलाई पठाइएको थियो ।

स्थानीय तह सदस्य निर्वाचन, २०७४ मार्फत महिलाको राजनीतिक सहभागिता र सशक्तिकरणको लागि सात वटै प्रदेशमा राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरूसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । यस पटकको स्थानीय निर्वाचनमा दलिय गठबन्धनको अभ्यास गर्ने पूर्वतयारी राजनीतिक दलहरूले गरे सँगै गठबन्धनको अभ्यासमा महिला सहभागिताको पक्षलाई समेत पालना गर्दै विगतमा भएको महिला सहभागितालाई न्युनतम् पनि यथावत राख्दै वडा अध्यक्ष, पालिका प्रमुख एवं जिल्ला समन्वय समितिका प्रमुख जस्ता उच्च पदहरूमा महिला सहभागिताको लागि दलहरूको ध्यानाकर्षण गर्न सात वटै प्रदेशमा पुगी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएबाट सबै दलका महिला प्रतिनिधिहरूको सकारात्मक प्रतिक्रियाहरू प्राप्त भएको छ। आगामी निर्वाचनहरू लैंगिक समावेशी बनाउन राष्ट्रिय महिला आयोगले निर्वाह गर्न पर्ने थप भूमिकाको विषयमा समेत राजनीतिक दलहरूबाट महत्वपूर्ण सुझावहरू प्राप्त भएका छन् ।

स्थानीय तह सदस्य निर्वाचन लैंगिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट कस्तो हुँदैछ भन्ने विषयमा विभिन्न अनुगमन सूचकहरू निर्धारण गरी सात वटै प्रदेशमा विभिन्न स्थानीय तहहरूमा आयोगको टोली पुगेर अनुगमन गर्ने कार्य सम्पन्न भयो । अनुगमनमा विशेषगरी राजनीतिक दलहरूबाट मनोनयनमा समावेशीताको अभ्यास भए नभएको, निर्वाचन स्थलहरू लैंगिक मैत्री भए नभएको, निर्वाचन

सम्पन्न गर्न खटाइएका कर्मचारीहरूमा समावेशीताको अभ्यास भए नभएको, निर्वाचन अघि, निर्वाचनको दिनमा र निर्वाचन सम्पन्न भए पश्चात कुनै किसिमका लैंगिक हिंसाका घटनाहरू भए नभएको जस्ता महत्वपूर्ण सवालहरूमा स्थलगत विवरण संकलन गर्ने कार्य भयो । यसरी ७ वटै प्रदेशका विभिन्न स्थानीय तहहरूमा पुगी, मुख्य निर्वाचन अधिकृतको कार्यालय, स्थानीय तह, सरोकारवाला सरकारी कार्यालयहरूमा र मतदान स्थलहरूमा गरिएको अनुगमनको क्रममा देखिएका विषयहरू एवं मतपरिणाम प्राप्त भइसकेपछि उम्मेदवार व्यक्तिहरू तथा विजयी पदहरूमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको पक्षको तथ्याङ्क संकलन, तथा विश्लेषण सहितको विस्तृत प्रतिवेदन समेत तयार भएको छ । यो विस्तृत प्रतिवेदन विभिन्न तहका सरकारका लागि जनप्रतिनिधि चयन गर्न सम्पन्न हुने, आगामी निर्वाचनहरूका लागि निर्वाचन आयोग, राजनीतिक दलहरू एवं समग्र सरोकारवालाहरूका लागि मार्गदर्शक हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

## १०.३ रेडियो जिङ्गल उत्पादन र प्रशारण :

स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने उद्देश्यले महिलाहरूलाई लक्षित गरी रेडियो जिङ्गल उत्पादन र प्रशारण गरियो । सामुदायिक सूचना नेटवर्क (CIN) अन्तर्गत रहेका स्थानीय रेडियोहरूबाट प्रशारण हुने गरी नेपाली, भोजपुरी, थारु, मैथली, डोटेली, तामाङ, नेवारी र लिम्बु भाषामा रेडियो जिङ्गल तयार भएको थियो । रेडियो जिङ्गल २०७९।०१।११ देखि मौन अवधिबाहेकका समयमा २०७९।०१।३० सम्म प्रशारण भयो। रेडियो जिङ्गलमा महिलालाई उम्मेदवारी दिने, महिलालाई भोट दिने र महिला मतदाताहरू कोही पनि नछुटी आफ्ना मत निश्पक्ष रूपमा खसाल्ने सम्बन्धी सन्देशहरू राखिएको थियो । महिलाको राजनीतिक सहभागिता र महिलाको मताधिकारको प्रयोग यस जिङ्गल उत्पादन र प्रशारणका मुख्य महत्वका विषयवस्तुहरू रहेका थिए। यस जिङ्गल प्रशारणमा सामुदायिक सूचना नेटवर्कसँग आयोगको महत्वपूर्ण सहकार्य रह्यो ।

## १०.४ लैङ्गिक हिंसा निवारण सञ्जाल (Gender Based Violence Elimination Network) को नेतृत्वः

लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत् विभिन्न सरकारी निकायहरू, गैरसरकारी निकायहरू एवं नागरिक समाज र अधिकारकर्मीहरूको समेत सहभागिता रहेको लैङ्गिक हिंसा निवारण सञ्जालको नेतृत्व यस आयोगले गर्दै आएको छ । प्रतिवेदन अवधिमा यस सञ्जालको तीन पटक बैठक बसेको छ । लैङ्गिक हिंसाका पीडितहरूलाई सेवा प्रवाह गरिरहेका सरकारी एवं गैरसरकारी निकायहरूको सेवा प्रवाहको गुणस्तरमा गर्नुपर्ने सुधार, कानूनी सहायता प्रदान गर्ने निकायहरूको सन्दर्भ र राष्ट्रिय नीति एवं कानूनमा गर्नुपर्ने सुधारका विषयमा छलफल तथा निर्णयहरू भएको हुनाले लैङ्गिक हिंसा निवारण सञ्जाल, लैङ्गिक हिंसा निवारण तथा पीडितहरूलाई प्रवाह गर्ने सेवाको सुधारमा प्रभावकारी सञ्जालको रुपमा स्थापित भएको छ । लैङ्गिक हिंसा निवारणको क्षेत्रमा महत्वपूर्ण छलफल र निर्णय हुने गरी हालसम्म १४ वटा बैठकहरू सम्पन्न भएकोमा यस बैठकको अध्यक्षता राष्ट्रिय महिला आयोगबाट हुँदै आएको छ । यस सञ्जाल स्थापनाको सुरुदेखि हालसम्म हिंसा पीडितलाई प्रहरीबाट प्रवाह भईरहेको सेवाको गुणस्तरमा गर्नुपर्ने सुधार, लैङ्गिक हिंसा निवारण कोष, यौन दुर्व्यवहारको वर्तमान अवस्था र न्यूनीकरणका उपायहरू, राष्ट्रपति महिला उत्थान कार्यक्रमको प्रभाव, महिलाको आर्थिक सशक्तीकरणका कारण लैङ्गिक हिंसा न्यूनीकरणमा पर्ने प्रभाव, लैङ्गिक हिंसा निवारण

सञ्जालको कार्ययोजना जस्ता लैङ्गिक हिंसासम्बन्धी सवालहरूमा छलफल, निर्णय तथा सरोकारवालाहरूलाई पृष्ठपोषण जस्ता कार्यहरू गरेको छ । हिंसाका सवालहरू सम्बोधन गर्नेमा केन्द्रीयस्तरको यस सञ्जालको महत्वपूर्ण भूमिका देखिएको छ। आगामी दिनमा प्रदेश र स्थानीय तहमा समेत लैङ्गिक हिंसा निवारण सञ्जाल गठन र परिचालन गर्नुपर्ने देखिन्छ।

## १०.५ प्रजनन स्वास्थ्य अधिकार कार्य समूह (Reproductive Health Right Working Group, RHRWG) को बैठक :

प्रजनन स्वस्थता महिला अधिकारको अभिन्न पाटो हो। यसै सन्दर्भमा राष्ट्रिय महिला आयोगको संयोजकत्वमा प्रजनन स्वास्थ्य अधिकार कार्य समूह (RHRWG) गठन भएको छ । यस वर्ष पनि यस कार्य समूहको बैठक त्रैमासिक रूपमा नियमितढंगले सम्पन्न भयो। बैठकको अध्यक्षता राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष कमला कुमारी पराजुलीले गर्नु भएको थियो । कार्य समूहमा छलफलको क्रममा प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्व सम्बन्धी कानुनी व्यवस्था र कार्यान्वयनको अवस्था, सुरक्षित गर्भपतन, प्रजनन स्वास्थ्य र लैङ्गिक हिंसाको सम्बन्ध, यसको निराकरणका लागि कार्य समूहको भूमिका र जिम्मेवारी, राष्ट्रिय महिला आयोगको संयोजनकारी भूमिकामा गर्नु पर्ने सहकार्य जस्ता विषयमा छलफल र निर्णयहरू भएको छ। लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत् विभिन्न संघ संस्था/ निकायहरूलाई संलग्न गराइएको यस कार्य समूहको क्रियाशीलताबाट महिलाको प्रजनन स्वास्थ्य अधिकारका लागि सचेतना, पैरवी, स्वास्थ्य सेवा प्रवाहमा बढोत्तरी भई महिला अधिकारको प्रवर्द्धन हुने अपेक्षा गरिएको छ।

## १०.६ सरकारी तथा गैरसरकारी सेवा प्रदायकसँग सहकार्य :

राष्ट्रिय महिला आयोगको कार्यक्षेत्रको रूपमा रहेको लैङ्गिक समानता, महिला अधिकार, लैङ्गिक हिंसा न्यूनीकरण जस्ता विषयसँग मेलखाने कार्यक्षेत्र भएका गैरसरकारी संस्थाहरूसँग आयोगको सहकार्य यस वर्ष पनि भएको छ । बहुसांस्कृतिक मनोसामाजिक संस्था (Transcultural Psycho social Organization; TPO) सँग लैङ्गिक हिंसाका पिडितहरूलाई मनोसामाजिक विमर्श सेवा प्रवाह गर्ने कार्यमा, नेपाल बार एशोसिएसन र कानूनी सहयोग तथा परामर्श केन्द्र (Legal Aid and Councelling Center, LACC) सँग लैङ्गिक हिंसाका पीडितहरूलाई मनोसामाजिक विमर्श/परामर्श गर्ने कार्यमा, साथी संस्थासँग लैङ्गिक हिंसाका पिडितहरूलाई अन्तरिम संरक्षणका लागि आश्रयस्थल प्रदान गर्ने कार्यमा सहकार्य भएको छ । UNFPA र IPASS को तर्फबाट प्राविधिक सल्लाहकारको सेवा सुविधा व्यवस्थापन गर्ने कार्यमा सहकार्य भएको छ । VS0 द्वारा एक जना कानूनी परामर्शदाता खटाएको र TPO द्वारा एकजना मनोविमर्शकर्ता राष्ट्रिय महिला आयोगको परिसर भित्रबाट सेवा गर्ने गरी खटाइएको छ । यस आ.व.मा प्रत्यक्ष सहकार्य भएका साझेदार निकायहरूबाट राष्ट्रिय महिला आयोगबाट सेवा लिनु पर्ने सेवाग्राहीहरूलाई प्रत्यक्ष लाभ भएको देखिएको छ । यसको साथै मिति २०७८।१२।१ र २ गते काठमाण्डौमा राष्ट्रिय मानव अधिकार

आयोग, राष्ट्रिय महिला आयोग, Women NGO Federation को सहकार्यमा South Asian Regional Conference Resonating from South Asia to the World Global Norms to Address Violence against Women कार्यक्रम सम्पन्न भयो। राष्ट्रिय महिला आयोगका अध्यक्ष माननीय कमला पराजुलीले नेपालमा महिलाको सवाल बारे स्पष्ट पार्दै आफ्नो धारण ब्यक्त गर्नु भयो।

## १०.७ आयोगका पदाधिकारीहरुको अन्य विविध कार्यक्रममा सहभागिता :

(क) **माननीय अध्यक्ष श्री कमला कुमारी पराजुलीको सहभागिता** :

- आठ वर्ष अघि सौन्दर्य प्रतियोगितामा यौन शोषणमा परेकी सुस्मिता रेग्मीको आयोगको पहलमा उपचार गरिएको।
- अन्तराष्ट्रिय युवा दिवसको अवसरमा राष्ट्रिय युवा परिषदले बालिका तथा किशोरीको स्वास्थ्य र संरक्षणमा युवाको भुमिका विषयक अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिको रुपमा उपस्थित भई मन्तव्य व्यक्त गरिएको।
- मुस्लिम आयोगले संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवा, शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ र अन्य आयोगहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी विषयहरुमा आयोजना गरेको कार्यक्रममा अतिथिको रुपमा उपस्थित भई मन्तव्य व्यक्त गरिएको।
- नेशनल ल कलेजले आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथिको रुपमा उपस्थित भई मन्तव्य व्यक्त गरिएको।
- महिला तथा सामाजिक समितिमा राष्ट्रिय महिला आयोगको वार्षिक प्रतिवेदन माथिको छलफलमा आयोगका सबै पदाधिकारीहरु सहित सहभागी भएको।
- माइतीघर मण्डलामा आन्दोलनरत नेपालगञ्जका महिला अधिकारकर्मीहरुलाई भेटेपछि माननीय गृह मन्त्री बालकृष्ण खाडसँग भेट गरी आन्दोलनरत महिला अधिकारकर्मीहरुको माग सम्बोधन गरी समस्या समाधानका लागि स्थलगत अध्ययन र छानविन गराउने विषयमा छलफल गरेको ।
- चेतनशील महिला बचत तथा सहकारी संस्थाले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिको रुपमा उपस्थित भई मन्तव्य व्यक्त गरेको।
- मुक्त कमैया महिला विकास मञ्चले आयोजना गरेको मुक्त कमैया र कमलरीहरुको पुनःस्थापनाका लागि सरोकारवाला निकायहरुबीचको अन्तरक्रिया कार्यक्रममा विशेष अतिथिको रुपमा उपस्थित भई मन्तव्य व्यक्त गरेको।
- अपाङ्गता भएका महिलाहरुको महासंघले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिको रुपमा उपस्थित भई मन्तव्य व्यक्त गरेको।
- राजनीतिमा महिला सहभागीता : चुनौती तथा समाधान विषयक अन्तरसम्बाद कार्यक्रममा प्रमुख अतिथिको रुपमा उपस्थित भई मन्तव्य व्यक्त गरेको।
- राष्ट्रिय मानव अधिकार आयोगबाट आयोजित कार्यक्रममा मन्तव्य व्यक्त गरेको।

- विश्व अपाङ्गता दिवसको आवसरमा, वरिष्ठ साहित्यकार झमक घिमिरेसँग उहाँकै निवास धनकुटाको कचिडेमा भेटी अपाङ्गताभएका व्यक्तिहरुलाई हेर्ने समाजको दृष्टिकोणको साथै महिला अधिकारको विषयमा छलफल गरेको।
- प्रेस काउन्सिलले आयोजना गरेको कार्यक्रममा प्रमुख वक्ताको रुपमा उपस्थित भई मन्तव्य व्यक्त गरेको।
- राष्ट्रिय सूचना आयोगले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा विशेष अतिथिको रुपमा उपस्थित भई मन्तव्य व्यक्त गरेको।
- आदिवासी जनजाति आयोगको स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा विशिष्ट अतिथिको रुपमा उपस्थित भई मन्तव्य व्यक्त गरेको।
- राष्ट्रिय न्यायिक प्रतिष्ठान द्वारा आयोजित संवैधानिक निकायका पदाधिकारीहरुलाई लक्षित गरी कानूनी राज्य, सुशासन, पारर्शिता र जवाफदेहिता विषयक अन्तरक्रिया कार्यक्रममा सहभागी भएको।
- Gender Equality Today for Sustainable Tomorrow with Climate Change Perspectiveविषयमा नीति संवाद कार्यक्रममा विशिष्ट अतिथिको रुपमा उपस्थित भई मन्तव्य व्यक्त गरेको।
- ११२ औं अन्तराष्ट्रिय महिला दिवसको अवसरमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयद्वारा आयोजित कार्यक्रममा विशिष्ट अतिथिको रुपमा उपस्थित भई मन्तव्य व्यक्त गरेको।
- ११२ औं अन्तराष्ट्रिय महिला दिवसको अवसरमा Political Participation of Women, Challenges and Way Forward विषयक भारत नेपाल सम्पर्कद्वारा आयोजित कार्यक्रममा विशिष्ट अतिथि रहेको।
- राष्ट्रिय मानव अधिकार आयोगद्वारा आयोजित महिला अधिकार विषयक अन्तर्क्रिया कार्यक्रममा विशिष्ट अतिथि रहेको।
- मानव बेचबिखन नियन्त्रणको लागि ५ औं राष्ट्रिय भेला तथा उद्घाटन कार्यक्रममा विशिष्ट अतिथि रहेको।
- बालबिवाह अन्त्यका लागि विद्यमान चुनौति तथा संवोधन विषय कार्यक्रममा विशिष्ट अतिथि रहेको।
- महिला तथा बालबालिका बेचबिखन विषयक समस्या र समाधान सम्बन्धी अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि रहेको।
- जातिय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवसको अवसरमा राष्ट्रिय दलित आयोगद्वारा आयोजित कार्यक्रममा विशिष्ट अतिथि रहेको।
- प्रजनन् स्वास्थ्य तथा सुरक्षित गर्भपतन सम्बन्धी अन्तरक्रिया कार्यक्रममा विशिष्ट अतिथि रहेको।
- सिमान्तकृत महिलाको कानूनी व्यवस्थाहरुः विश्लेषण र भावी दिशा सम्बन्धी छलफल कार्यक्रमका विशिष्ट अतिथि रहेको।

- मनोरञ्जन तथा सत्कार सेवामा कार्यरत श्रमिकहरुको दोस्रो राष्ट्रिय सम्मेलनमा प्रमुख अतिथि रहेको ।

(ख) **माननीय सदस्य श्री कृष्ण कुमारी पौडेल खतिवडाको सहभागिता :**

- सुन्दरहरैचाँ नगरपालिका -७, गणेशपुरमा घटित १८ महिनाको नाबालिकाको बलत्कार पछि हत्या भएकोमा क्षतिपूर्ति दिलाउन पहल गरेको ।
- पाँच बुदे माग राखी ७ दिन आमरण अनसनमा बसेकी महोत्तरी जलेश्वर ९ की सोनालीकुमारी सिंह निहारीकाको अनसन तोडाउने कार्यमा सहभागी भएको ।
- कोभिडको महामारीमा आफ्नो स्वास्थ्यको समेत प्रवाह नगरी मयुरको प्वाँख बेचेर जीवन चलाउदै आएका ७५ र ७६ वर्षका दुइ बृद्धको उद्धार गरिएको ।
- ३ जना बालिका माथि ९ जना युबकले गरेको सामुहिक बलत्कारको घटनाबारे स्थलगत अनुगमन गरेको ।

(ग) **माननीय सदस्य श्री विद्या कुमारी सिन्हाको सहभागिता :**

- सर्लाही जिल्लामा भएको ममता शाहको श्रीमानविदेश गएको बेलामा श्रीमतीलाई वास्ता नगर्ने र वच्चालाई समेत खर्च नगर्ने विदेश जान लागेको श्रीमानलाइ विदेश जान रोकी अध्यागमन विभागमा कुरा गरी मेलमिलाप गराएको ।
- **ADVANCE–2** (नेपालमा गर्भावस्तामा हुने घरेलु हिंसा र हिंसाबाट प्रभावित गर्भवती महिलाको पूर्व पहिचान र सोको रोकथामका बारेमा) आफ्नो मन्तव्य सार्वजनिक गरेको ।
- रोजगारमा जाने महिलाहरुको सुरक्षा र सेवाको सुनिश्चितताका विषयमा श्रम तथा रोजगार मन्त्रालय, विभागसहित अन्य सरोकारवाला सरकारी तथा गैह्रसरकारी निकायसंग भएको कार्यक्रममा आफ्नो मन्तव्य सार्वजनिक गरेको ।
- सर्लाही हरीपुर्वामा बस्ने अमृता कुमारी महत्तोलाई श्रीमान लगायत घरका सवै मिली कुटपिट गरेकोमा न्यायका लागि पहल गरेको ।
- सर्लाही रामनगर गा.पा मा बस्ने संजय मुना देवी लाई सामुहिक बलत्कार भएकोमा मुद्दा दर्ता गर्न नमानेकोमा प्रहरी प्रशासनलाई दर्ता गर्न लगाएको ।

(घ) **माननीय सदस्य श्री जया घिमिरेको सहभागिता :**

- प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धी नीति संवादमा कार्यपत्र प्रस्तुती गरेको ।
- प्रजनन् स्वास्थ्य तथा सुरक्षीत गर्भपतन अधिकार सम्बन्धी कार्यशालामा सहभागी भएको ।
- बैदेशिक रोजगारमा जाने महिलाहरुको सुरक्षा र सेवाको सुनिश्चितता विषयक अन्तरक्रियामा सहभागी भएको ।

(ङ.) **माननीय सदस्य श्री सावित्रा कुमारी शर्माको सहभागिता :**

- प्रजनन स्वास्थ्य सेवाका सम्वन्धमा सम्पन्न छलफल कार्यक्रममा अतिथि रहेको ।
- राजनीतिक वित्तिय प्रशासनिक संरचनागत लगायत संघीयता कार्यान्वयनको अवस्था समस्या चुनौती र समाधानका उपायका सम्वन्धमा छललफलमा सहभागी भएको ।

# निष्कर्ष, चुनौती, उपलव्धी, सुझाव तथा भावी कार्यदिशा

संवैधानिक परिषद्को सिफारिसमा सम्माननीय राष्ट्रपतिबाट मिति २०७७ माघ २१ गते राष्ट्रिय महिला आयोगको अध्यक्ष तथा दुई जना सदस्य र मिति २०७८ असार १० गते थप दुई जना सदस्यको नियुक्ति भै वर्तमान आयोगका पदाधिकारीहरूले पूर्णता पाएपछि आ.ब. २०७७।७८ मा पहिलो वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष पेश भएको थियो। यो आ.ब. २०७८।७९ का लागि तयार गरिएको दोस्रो प्रतिवेदन हो। यर्थाथमा, महिला अधिकार, महिलाका विषय, महिला सशक्तिकरण, महिला विकास, महिला हिंसाको निवारण लगायतका मुद्धाहरू वर्षेनी फरक हुने नभई लामो समयदेखि धैरै विषयहरूमा उचित संबोधन हुन नसकिरहेको यर्थाथ कसैको पनि नजरबाट छिपेको छैन। यसर्थ, यस प्रतिवेदमा अघिल्लो वर्ष प्रस्तुत गरिएका निष्कर्ष, उपलव्धी, चुनौति र सुझावहरूलाई यस प्रतिवेदनमा पनि सारांशमा प्रस्तुत गर्नु सान्दर्भिक देखिएकाले सोहि प्रस्तुत गरी आ.ब. २०७८।७९ मा अनुभूत गरिएका निष्कर्ष, उपलव्धी, चुनौति र सुझावहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## ११.१ निष्कर्ष:

**विगत आ.ब. २०७७।७८ को प्रतिवेदनको निष्कर्षको सारांश :**

(क) आयोगले आफूलाई संविधान प्रदत्त कार्यक्षेत्रमा क्रियाशीलता अभिबृद्धि गरेको छ। लामो समयसम्म आयोगमा पदाधिकारीहरूको पूर्ति नहुदा महिला हक अधिकारको संरक्षण र संवर्द्धनका क्षेत्रमा महशुस गरिएको कठिनाई कम गर्न आयोग दत्तचित्त छ।

(ख) आयोगले महिलाको हक हितसम्बन्धी नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अनुसारका प्रतिबद्धताहरूको कार्यान्वयनको अनुगमन गरिरहेको छ। साथै, आयोगले नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरूलाई दिएको सुझावहरूको कार्यान्वयनको अनुगमन पनि गरिहेको छ। यसैगरी, आयोगले लैङ्गिक हिंसामा परेका महिलाको संरक्षणका लागि "खबर गरौं ११४५ हेल्पलाइन सेवा"सञ्चालनमा ल्याएको छ।

(ग) महिला हक अधिकारको संरक्षण का लागि आयोगले संघ, प्रदेश तथा स्थानीय सरकारसँगको सहकार्यमा सचेतना अभिवृद्धिको कार्यक्रम संचालन गरिरहेको छ।

(घ) आयोगका पदाधिकारीहरूबाट महिला हिंसासम्बन्धी घटनाहरूको स्थलगत अनुगमन, निरीक्षण गरी पीडितलाई तत्काल न्याय दिलाउन र दोषीलाई कानूनी कारवाहीको दायरामा ल्याउन पहल भैरहेको छ।

(ङ.) आयोगले महिला हिंसाका विषयमा परेका उजुरीको छानविन गरी आवश्यकतानुसार कारवाहीका

लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने तथा पीडित र पीडक दुवै पक्षलाई आयोगमा झिकाई दुवै पक्षको राय सुनी हिंसा पीडितहरूलाई न्याय दिलाउने कार्य गरिआएको छ।

(च) लैङ्गिक समानता र महिला सशक्तीकरणसम्बन्धी कार्यक्रमहरूलाई क्रमशः कल्याणकारी अवधारणाबाट महिलाको अधिकारमा आधारित अवधारणामा रुपान्तरित गर्न आयोग सफल हुदै गएको छ।

(छ) महिला हक अधिकारको संरक्षण र संवर्द्धनसम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आयोगले तीनै तहका सरकारहरूसँग समन्वय गरिरहेको छ।

(ज) संघ, प्रदेश र स्थानीय तहका सरकारहरूलाई महिला सशक्तीकरणका क्षेत्रमा पर्याप्त बजेट तथा जनशक्तिको व्यबस्था गर्न आयोगबाट पहल गरिएको छ।

(झ) महिला हिंसाका घटना नियन्त्रण हुनुको सट्टा बृद्धि हुदै गएकाले यस्को नियन्त्रणका लागि आयोगबाट निदानात्मक उपांयहरूको पहल भैरहेको छ।

(ञ) अझै पनि कतिपय कानूनहरू लैङ्गिक दृष्टिले सुधार गर्न बाँकी रहेकाले आयोग यस्मा प्राथमिक्ताका साथ लागिपरेको छ।

(ट) लैङ्गिक उत्तरदायी बजेटलाई तीनै तहका सरकारहरूबाट प्रभावकारीरुपमा कार्यान्वयन गराउन आयोग क्रियाशील छ।

(ठ) महिला, किशोरी, लैङ्गिक तथा अल्पसंख्यक र अपाङ्गता भएका महिलाहरूले अर्थतन्त्रमा पुऱ्याएको योगदान खुल्ने गरी खण्डीकृत तथ्याङ्कहरू तयार गर्न आयोगले पहल गरिरहेको छ।

(ड) नीतिगत निर्णय गर्ने तहमा महिलाको पहुँच पुऱ्याई राज्य संचालनमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न आयोग क्रियाशील छ।

**यस आ.ब २०७८।७९ को प्रतिवेदनको निष्कर्ष** :

(**क**) लैङ्गिकता र विकासको क्षेत्रमा विभिन्न अन्तर्राष्ट्रिय प्रयासहरू भएसँगै नेपालमा पनि लैङ्गिक समानता प्रवर्द्धनका लागि विभिन्न नीतिगत, संस्थागत र कार्यगत प्रयासहरू हुने क्रममा वि.सं. २०५८ फागुन २३ गते राष्ट्रिय महिला आयोगको स्थापना भयो। नेपालको संविधान, २०७२ जारी भएसँगै यस आयोगले संवैधानिक निकायको मान्यता प्राप्त गऱ्यो। लैङ्गिक समानता प्रवर्द्धन, महिला अधिकार संरक्षण र प्रवर्द्धन, लैङ्गिक मूलप्रवाहीकरण एवं लैङ्गिक हिंसा नियन्त्रणमा पैरवीकर्ता र सिफारिसकर्ताको रुपमा राष्ट्रिय महिला आयोगको भूमिका वर्तमान संविधानको मर्म अनुरूप नै स्थापित भएको देखिन्छ भने लैङ्गिक हिंसाका घटनामा पीडितलाई न्याय प्रदान गर्ने जिम्मेवारीमा आयोगको भूमिका नागरिकले अपेक्षा गरे अनुरूप देखिएको छ।

(**ख**) अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूमा नेपालले हस्ताक्षर गरे अनुरूप लैङ्गिक मैत्री व्यवस्थाहरू स्थापित गर्न, महिलाको कानूनी अधिकार पूर्णतः लागू गर्न र गराउन, महिलालाई अधिकार प्रति सचेत गराउन, सार्वजनिक सेवा प्रवाहमा लैङ्गिक मैत्री पद्धति, व्यवहार र शैलीको अवलम्बन गर्न र गराउन राष्ट्रिय

महिला आयोगको भूमिका प्रभावकारी सिद्ध भइसकेको छ।

(**ग**) महिलाको हक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धता र राष्ट्रिय कानूनहरू बमोजिम महिला अधिकारसँग प्रत्यक्ष अप्रत्यक्ष सरोकार राख्ने सार्वजनिक निकायका नीति, कार्यक्रम एवं क्रियाकलापहरू र सेवा प्रवाहको कार्यशैली व्यवस्था अनुरूप भए नभएको र लैङ्गिक मैत्री भए नभएको सन्दर्भमा आयोगले गरेको अनुगमन तथा पृष्ठपोषणको कार्य प्रभावकारी सिद्ध भएको छ। आयोगबाट विभिन्न निकायहरूमा लेखी पठाईएको नीतिगत पृष्ठपोषणका आधारमा नै सम्बन्धित निकायहरूले लैङ्गिकता र विकास सम्बन्धी नीति तथा कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने गरेको देखिएको छ।

(**घ**) आयोगले "**खबर गरौ ११४५ हेल्पलाईन सेवा**" सञ्चालन गरी लैङ्गिक हिंसाबाट पीडित महिलाको तत्काल उद्धार र संरक्षणका लागि "**खबर गरौं**' भन्ने सन्देशका साथ मनोसामाजिक विमर्श, कानूनी सहायता र परामर्श, सुरक्षित आश्रयस्थल जस्ता सेवाहरू उपलब्ध गराएको हुँदा देशभरिको लैङ्गिक हिंसा पीडित महिलाहरूलाई न्यायको महसुस भएको देखिएको छ।

(**ङ.**) राष्ट्रिय महिला आयोगले आफ्नो प्रयासमा र अन्य साझेदार निकायहरूको सहकार्यमा महिला हक अधिकारको विषयमा विभिन्न प्रदेश, जिल्ला र स्थानीय तहसम्म पुगी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरेको हुँदा महिला अधिकारको क्षेत्रमा प्रत्यक्ष सरोकार राख्ने निकायहरूलाई जिम्मेवार बनाउने र आवश्यक सुझाव दिने कार्य भईरहेकोले महिला सशक्तीकरण र लैङ्गिक मूल प्रवाहीकरणमा समेत राष्ट्रिय महिला आयोगको भूमिका प्रभावकारी सिद्ध भएको छ।

(**च**) लैङ्गिक हिंसा विरुद्ध चेतनाकोस्तर अभिवृद्धि गर्न समुदायसम्म पुग्ने गरी विभिन्न किसिमका सूचनामूलक सामाग्रीहरू प्रकाशन हुनु र सञ्चार माध्यमबाट पनि सन्देशमूलक सामग्रीहरू प्रशारण हुनुले लैङ्गिक हिंसा विरुद्ध नागरिक सचेतना विकास गर्ने कार्यमा आयोगको भूमिका उच्च स्थानमा रहेको प्रमाणित भएको छ। आयोगका पदाधिकारी एवं कर्मचारीहरू समेतको टोली लैङ्गिक हिंसाका घटना घटेको स्थानमा नै पुगी पीडितको अवस्थाको प्रत्यक्ष अवलोकन, घटनाको प्रतिवेदन तयारी र पीडकलाई कारवाही एवं पीडितलाई न्याय दिलाउने कार्यका लागि आयोगको तर्फबाट सम्बन्धित निकायमा सिफारिस गर्ने कार्य भएको छ।

(**छ**) महिलाको हक अधिकारसँग सम्बन्धित सरोकारवालाहरूबाट आयोजित कार्यक्रमहरूमा आयोगका पदाधिकारीहरू उपस्थित हुनु भई महिलासँग सम्बन्धित विषयहरूमा जानकारी लिने तथा आयोगबाट हुनु पर्ने प्रयासहरूको विषयमा गहन छलफलहरू भएका छन्। आयोग र सरोकारवाला निकायहरूमाझ सहकार्यको वातावरण बन्न गई लैङ्गिक समानता प्रवर्द्धन र लैङ्गिक हिंसा न्यूनीकरणका लागि भावी, कार्यदिशाका विषयमा गहन छलफलबाट निष्कर्षहरू प्राप्त भएका छन्।

(**ज**) आयोगका पदाधिकारीहरूबाट विभिन्न सञ्चारमाध्यम मार्फत पनि आयोगका प्रयासहरू उपलब्धिहरू, समस्या, चुनौती एवं भावी कार्ययोजनाको बारेमा समेत आम सरोकारवालामाझ विचार प्रस्तुत भएको छ।

(**झ**) संविधान तथा कानूनले आयोगलाई महिला हिंसाका विषयमा उजुरीको छानविन गर्न सक्ने अधिकार

दिएको सन्दर्भमा पीडित पक्षबाट उजुरी लिई त्यसको छानबिन गरी आवश्यकता अनुसार सम्बन्धित निकायमा सिफारिस गरी पठाउने मात्र नभई पीडित र पीडक दुवै पक्षलाई आयोगमा झिकाई उजुरीमा दावी भएका विषयमा दुवै पक्षको राय सुनी न्यायको प्रक्रियाका लागि सिफारिस गर्ने कार्य भएको छ।

(यं) लैङ्गिकता सम्बन्धी राज्यका नीति र कार्यक्रम लैङ्गिक मैत्री भएको वर्तमान सन्दर्भमा हालका दिनहरूमा लैङ्गिक समानता र महिलासशक्तीकरणको अवधारणा कल्याणकारीबाट अधिकारवादी भइरहेको अवस्थामा यस अवधारणाको दिगोपनका लागि नीति तथा कार्यगत दिगोपनबाट लैङ्गिकता सम्बन्धी सूचकहरूमा परिणाम हासिल गर्न सकिने देखिएको छ। मानव अधिकारको अभिन्न पाटो महिला अधिकार हो। महिलाको मानव अधिकार नै महिलाअधिकार भएको हुँदा राज्यका सबै तह र निकायहरूबाट महिला विकास सम्बन्धी कल्याणकारी अवधारणा वा आवश्यकतामा आधारित जुनसुकै कार्यक्रमहरूलाई पनि मानव अधिकारमा आधारित अवधारणामा रूपान्तरण गर्दै कार्यान्वयनमा जोड दिनु पर्ने देखिएको छ।

(ट) महिलाअधिकार र सशक्तीकरणको कार्य सबै तहका सरकारको जिम्मेवारी हो। तहगत निकायहरूबाट प्रयास पनि भएका छन् ।तथापी, बजेट र जनशक्ति पर्याप्त देखिएको छैन। निकायगत र तहगत समन्वय र सूचना तथा सञ्चारको कमीका कारण कार्यक्रमहरू अपेक्षाकृत रूपमा परिणाममुखी देखिएका छैनन्। विभिन किसिमका अन्तरक्रियात्मक कार्यक्रमहरूको माध्यमबाट प्राप्त जानकारी अनुसार महिला विकास र सशक्तीकरणमा अन्तरनिकायगत एवं अन्तरसरकार समन्वयको अपर्याप्तता देखिएको छ।

(ठ) प्रदेश र स्थानीय तहबाट तर्जुमा र कार्यान्वयन भएका महिला लक्षित कार्यक्रमहरू परिणाममुखी बन्न सकेको देखिएको छैन। पर्याप्त साधन, स्रोतको परिचालन र स्थान विशेषका महिलाका व्यवहारिक र रणनीतिक आवश्यकतालाई नै सम्बोधन गर्ने किसिमका कार्यक्रमहरू तर्जुमा गरी नियमित अनुगमन मूल्यांकन र परिमार्जन सहित कार्यक्रमहरू कार्यान्वयन गर्न सकेको खण्डमा वास्तविक लक्षित महिलाले लाभ प्राप्त गर्न सक्ने विषय प्रमाणित भएको छ।

(ड) विभिन्न किसिमका नीतिगत, कानूनी एवं संरचनागत व्यवस्थाहरू हुँदाहुँदै पनि लैङ्गिक हिसाका घटनाहरू बढिरहेको देखिएको छ। घटनाहरू प्रविधिको विकाससँगै फरक प्रकृतिमा देखिएका छन्। प्रथा र परम्पराको नाममा हुने हिंसामा समेत विकासको लहरले पनि कमी ल्याउन सकेको देखिदैन। अपाङ्गता भएका महिलामा हुने हिंसा, लैङ्गिक तथा यौनिक अल्पसंख्यक व्यक्तिमा हुने हिंसा, ज्येष्ठ महिलामा हुने हिंसामा पनि बढोत्तरी भएको देखिएको छ भने यौन दुर्व्यवहारका जघन्य घटनाहरू भैरहेको देखिन्छ। यस सन्दर्भमा न्याय प्रदान गर्ने जिम्मेवार निकायहरूबाट पीडितलाई छिटो छरितो सेवा प्रवाहको व्यवस्था मिलाउन आवश्यक देखिएको छ।

(ढ) महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने संयुक्त राष्ट्रसंघीय महासन्धिमा व्यवस्था भएका महिलाका अधिकार कार्यान्वयन गर्ने गराउने विषयमा सरकारी निकायहरूको प्रयास भएको देखिएको छ। महिला अधिकार र लैङ्गिक समानताको अनुपम अवस्था महासन्धिको मर्म रहेको हुँदा यसको पूर्ण कार्यान्वयनका लागि पर्याप्त प्रयासहरू गर्नु पर्ने देखिएको छ।

(ण) लैङ्गिकविभेदकारी कानूनहरूलाई संशोधन तथा नयाँ निर्माण गरी लैङ्गिकमैत्री बनाउने प्रयास गरिएको

भएतापनि केही कानूनहरू अझै लैङ्गिकमैत्री हुने गरी परिमार्जन गर्न बाँकी रहेको देखिएको छ। नेपाल पक्षभएका सबै अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप तादाम्यता मिल्ने गरी मौजुदा कानूनी व्यवस्थाहरूमा सुधार गर्नु पर्ने देखिएको छ।

(त) लैङ्गिक मैत्री विकासलाई प्राथमिकता दिँदै नेपालमा आ.व. २०६४/६५ देखि नै लैङ्गिक उत्तरदायी बजेटको अभ्यास सुरु भएको छ। यो अभ्यास लैङ्गिक र विकासको अवधारणा कार्यान्वयन गर्ने प्रमुख अस्त्र हुँदा हुँदै पनि तीनवटै तहका सरकारले प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट तर्जुमामा ध्यान दिएको देखिदैन। प्रदेश र स्थानीय तहले आफ्ना नीति र कार्यक्रमहरूलाई लैङ्गिक उत्तरदायी बनाउने सन्दर्भमा विषयवस्तुलाई आन्तरिकीकरण गर्न नखोजेका गुनासाहरू पनि प्राप्त भएका छन्। लैङ्गिक उत्तरदायी बजेटको अभ्यास सबै तहमा प्रत्यक्ष लैङ्गिक उत्तरदायी अवस्थामा कार्यान्वयन हुने गरी अवलम्वन गर्नु पर्ने देखिएको छ।

(थ) अर्धसीपयुक्त महिलाहरू धेरै ठूलो संख्यामा असँगठित क्षेत्रमा कार्यरत भएको अवस्थामा सोको तथ्याङ्क एकिन गर्न सकिएको छैन। महिलाले पर्याप्त योगदान अर्थतन्त्रमा पुऱ्याएको यस क्षेत्रबाट देखिन्छ। तर, वास्तविक तथ्याङ्क नहुँदा महिला र अर्थतन्त्रको सम्बन्धलाई कमजोर आंकलन हुन सक्ने खतरा रहेको हुँदा असँगठित क्षेत्रको महिलाको योगदानलाई तथ्याङ्कबाट पुष्टी गर्न आवश्यक अध्ययन र अनुसन्धान गर्नु पर्ने देखिएको छ।

(द) लैङ्गिक तथा सामाजिक समावेशीकरणको विषय नेपालको संविधानको मूल मर्म रहेको परिप्रेक्ष्यमा राज्यका विभिन्न तह एवं निकायमा महिलाको अर्थपूर्ण सहभागिता अपेक्षा गरिए अनुरूप औपचारिक सहभागितामा बढोत्तरी भएको छ। महिलाको सहभागिता अर्थपूर्ण बनाउने सन्दर्भमा नीतिगत पुनरावलोकन गर्नु पर्ने देखिएको छ।

(ध) नेपालको संविधानमा राष्ट्रिय महिला आयोगको प्रदेश कार्यालय स्थापना गर्न सकिने विषय उल्लेख भएको सन्दर्भमा यो विषय अति आवश्यक साबित भएको छ। देशभरिका महिलाका सवालहरू केन्द्रमा एक मात्र कार्यालय र सानो आकारको सँगठन संरचनाबाट सम्बोधन गरिरहँदा अपेक्षा अनुरूप सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रदेश कार्यालय स्थापना गर्नु पर्ने देखिएको छ।

## ११.२ उपलब्धिहरुः

**विगत आ.ब. २०७७।७८ को प्रतिवेदनको उपलव्धीहरूको सारांश :**

(**क**) विगतमा विश्व बैङ्कको सहयोगमा सञ्चालित "**खबर गरौँ ११४५ हेल्पलाइन सेवा**" लाई नेपाल सरकारको बजेट र जनशक्तिबाट सञ्चालन गर्ने गरी कुल १७ वटा पदको अस्थायी दरबन्दीका माध्यमद्धारा निरन्तरता दिईएको छ।

(**ख**) हेल्पलाइन सेवाको निरन्तरताबाट हिंसामा परेका महिला तथा बालबालिकालाई तत्काल उद्धार र

संरक्षण गर्न सहयोग पुगेको छ। यस्मा उजुरी गर्ने उजुरीकर्ताहरूको गोपनीयतालाई सुनिश्चित गरिएकाले यो सेवा हासिल गर्ने संख्या बढ्नुका साथै सकारात्मक परिणाम हासिल भएको छ।

(ग) आयोगले सरकारी तथा गैर सरकारी संस्थाहरूबाट प्रदान गरिने अत्यावश्यक सेवाहरूको नक्साङ्कन (Service Mapping) गरेकाले ती संस्थाहरूसँग समन्वय गर्न सहयोग पुगेको छ।

(घ) आयोगले लैङ्गिक सरोकारको क्षेत्रमा काम गर्ने विज्ञ व्यक्ति तथा महिला हक हित र अधिकारका क्षेत्रमा काम गर्ने संघसंस्थाहरूको विस्तृत रोष्टर तयार गरेको छ।

(ङ.) आयोगले रेडियो तथा विभिन्न एफ.एम.बाट महिला हक अधिकार प्रवर्द्धन र महिला हिंसा निवारणसम्बन्धमा जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिआएको छ।

(च) सीमित जनशक्ति र सीमित साधनस्रोतको बाबजुद पनि आयोगले महिला अधिकारका पक्षमा निरन्तर पैरवी तथा विभिन्न कार्यक्रमहरू सञ्चालन गरी हिंसा पीडित/प्रभावित महिलाहरूलाई न्याय दिलाउन अग्रणी भूमिका निर्वाह गरेको छ।

(छ) राष्ट्रिय महिला आयोग नियमावली २०७८ स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशन गरिएको छ।

(ज) आयोगको बैठक सञ्चालन कार्यविधि २०७८ र आन्तरिक व्यवस्थापन निर्देशिका २०७८ कार्यान्वयनमा ल्याइएको छ।

(झ) आयोगले विभिन्न सरोकारवाला निकाय संघ संस्थाहरूसँग समन्वय र सहकार्य वृद्धि गर्दै गएको छ।

(ञ) आयोगले प्रजनन स्वास्थ्य अधिकार कार्यसमूहमा नेतृत्वदायी भूमिका निर्वाह गरेको छ।

(ट) संवेदनशील र जघन्य प्रकृतिका महिला हिंसाका घटनाहरूमा आयोगका पदाधिकारीकै नेतृत्वमा अनुगमन टोली खटिई प्रणालीको विकास गरिएको छ।

(ठ) आयोगले विभिन्न माध्यमद्धारा महिला हिंसा निवारणका सम्बन्धमा सचेतनामूलक सन्देश प्रचार प्रसार गरिआएको छ। यसबाट हेल्पलाइन मार्फत उजुरी गर्नेको संख्यामा वृद्धि भएको छ।

(ड) समाजमा विद्यमान विभिन्न कुरीतिहरू तथा हानिकारक सामाजिक अभ्यासहरूलाई नियन्त्रण र निरुत्साहित गर्न आयोगले प्रदेश र स्थानीय सरकारसँग समन्वयात्मकरुपमा काम गरिआएको छ।

(ढ) लैङ्गिक समानता तथा लैङ्गिक न्याय सुनिश्चित गर्न आयोग सफल हुदै गएको छ।

(ण) महिला हक अधिकारसम्बन्धी नेपाल पक्ष भएका महासन्धिहरूको कार्यान्वयनमा देखिएका कमी कमजोरी सुधार्न आयोगले सम्बन्धित मन्त्रालय/निकायलाई ध्यानाकर्षण गरिरहेको छ।

(त) राजनैतिक, आर्थिक, सामाजिक लगायतका क्षेत्रमा महिलाको सक्रियता र संलग्नता बृद्धि गराउन आयोग सफल हुदै गएको छ।

(थ) महिला हिंसा नियन्त्रण राज्यको प्राथमिकताको विषय बनेको कारण देशका विभिन्न ८० वटा अस्पतालमा सञ्चालित एकद्वार सङ्कट व्यवस्थापन केन्द्रबाट हिंसामा परेका महिलाहरूको उद्धार, स्वास्थ्योपचार तथा मेडिको-लिगल सेवाका लागि महत्वपूर्ण सहयोग पुगेको छ।

(द) आयोगले GBV Network मार्फत कोभिड-१९ को समयमा पनि विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय

संघसंस्थाहरूसँग लैङ्गिक हिंसाका विषयहरूमा छलफललाई निरन्तरता दिएको थियो।

(ध) आयोगले लैङ्गिक हिंसा निवारण कोषबाट हिंसा पीडित महिलाहरूलाई आर्थिक सहयोग उपलब्ध गराएको छ।

**यस आ.ब २०७८।७९ को उपलव्धीहरू :**

(क) स्थानीय तह सदस्य निर्वाचन, २०७९ सम्पन्न भएको सन्दर्भमा निर्वाचनका सबै चरणहरूमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको पक्षहरूबारे तथ्याङ्क संकलन, विश्लेषण र प्रतिवेदनको कार्य सम्पन्न भएको छ। निर्वाचनमा दलहरूबाट मनोनयन, विजयी उम्मेदवारको संख्या, मुख्य पदहरूमा विजयी उम्मेदवार हरूको संख्या आदिका आधारमा सो पदमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको पक्ष विश्लेषण हुने गरी प्रतिवेदन तयारी भएको छ। प्रतिवेदनमा उम्मेदवारको संख्या मात्र नभई निर्वाचन सम्पन्न गर्ने सन्दर्भका हरेक चरणमा महिला तथा अन्य सीमान्तकृत वर्गको के कस्तो सहभागिता रह्यो र सहभागिता कति अर्थपूर्ण र परिणाममुखी हुन सक्यो भन्ने विषयको विश्लेषण गरी तयार भएको "**स्थानीय तह सदस्य निर्वाचन, २०७९ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**" सम्बन्धी प्रतिवेदन एक महत्वपूर्ण उपलब्धिको रूपमा देखिएको छ। यस प्रतिवेदनको आधारमा आगामी निर्वाचनहरूमा सबै पक्षहरू लैङ्गिक तथा सामाजिक समावेशी ढंगले सम्पन्न गर्ने र प्रक्रियादेखि नतिजासम्म समावेशी निर्वाचनको अवधारणालाई मूर्त रूप दिने अवस्थाको सिर्जना हुन सक्ने अपेक्षा गरिएको छ। यसै प्रतिवेदनको आधारमा निर्वाचन आयोग लगायत निर्वाचनका प्रत्यक्ष सरोकारवाला निकायहरूलाई पृष्ठपोषण सहितको सिफारिस गर्ने योजना राष्ट्रिय महिला आयोगको रहेको छ।

(ख) राष्ट्रिय महिला आयोगले नेपालको संविधान र राष्ट्रिय महिला आयोग ऐन, २०७४ बमोजिम लैङ्गिक हिंसा निवारण, लैङ्गिक मूलप्रवाहीकरण, लैङ्गिक समानता प्रवर्द्धन एवं महिला अधिकार संरक्षण र प्रवर्द्धनमा निर्वाह गर्नु पर्ने भूमिकाहरूको स्पष्ट मार्गचित्र सहितको रणनीतिक योजना २०७८/७९ - २०८२/८३ तर्जुमा भएको छ। यस अघि आयोगको पहिलो रणनीतिक योजना २०६६/६७ - २०७०/७१ तर्जुमा भई कार्यान्वयन भए पछि दोश्रो रणनीतिक योजना २०७१/७२ देखि २०७५/७६ को सफल कार्यान्वयन भई महत्वपूर्ण उपलब्धिहरू पनि हासिल भए। तेस्रो रणनीतिक योजनाको रूपमा राष्ट्रिय महिला आयोगको रणनीतिक योजना २०७८/७९ देखि २०८२/८३ कार्यान्वयन हुनु संघीय संरचना अनुरूप लैङ्गिक समानता, महिला सशक्तीकरण एवं लैङ्गिक हिंसा निवारणका लागि आवश्यक पहल गर्न महत्वपूर्ण अस्त्र बन्न सक्छ भन्ने अपेक्षा गरिएको छ।

(ग) लैङ्गिक हिंसामा परेका पिडितको उद्धार, राहत र पुर्नस्थापनाको लागि विगतमा विश्व बैंकको सहयोगमा सञ्चालित "**खबर गरौं ११४५ हेल्पलाइन सेवा**" लाई आ.व. २०७८/७९ मा नेपाल सरकारको जनशक्ति र बजेटबाट सञ्चालन गरिएको छ। यस सेवाको आ.व. २०७९/८० मा समेत निरन्तरताको लागि विभिन्न तहमा कुल १७ वटा पदको अस्थायी दरबन्दी स्वीकृत गर्नको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा लेखी पठाइएको छ। सेवा निरन्तरताका लागि साविकमा कार्यरत कर्मचारीहरूसँग सेवा करार सम्झौता गरीकामकाजमा खटाइएको छ। यसबाट लैङ्गिक हिंसा तथा घरेलु

हिंसाका पिडितहरूले राम्रो सेवा प्राप्त गरेको अनुभूति गरेका छन् ।

(घ) प्रतिवेदन अवधिमा कोभिड-१९ को कारण सिर्जित जटिल परिस्थितिमा पनि हेल्पलाइन सेवाको निरन्तरताको कारण पीडितको गोपनीयता र सुरक्षा सहित कानूनी परामर्श, सुरक्षित आश्रयस्थल, मनोसामाजिक विमर्श, तत्काल उद्धार जस्ता सेवाहरू प्रदान गरी हिंसाका पीडितहरूलाई न्यायको पहुँचमा पु-याइएको छ ।

(ङ) हिंसा पिडितहरूको सेवामा बढी जिम्मेवार बनाउन विभिन्न अधिकारकर्मी, गैरसरकारी संस्था, नागरिक समाज, समुदायमा आधारित संयन्त्रहरू समेतसँग आयोगले सहकार्य गरेको हुँदा त्यस्ता संयन्त्रहरू पनि लैङ्गिक हिंसाका पिडितहरूको समस्याप्रति संवेदनशील भई सेवा प्रवाह गर्न तत्पर हुने प्रवृत्तिको विकास भएको छ ।

(च) आयोगले रेडियो तथा विभिन्न एफ.एम.का माध्यमहरूबाट महिला हक, अधिकार प्रवर्द्धन  र महिला हिंसा निवारण सम्बन्धी विषयमा नियमित जनचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी देशभरिका महिलाहरूलाई सुसूचित गर्ने कार्य भएको छ ।

(छ) संविधानमा व्यबस्था भएनुसार राष्ट्रिय महिला आयोगलाई पूर्णता प्रदान गरी अध्यक्ष र सदस्यहरूसहित पांचजना पदाधिकारी नियुक्ति भएपछि हिंसा पीडित महिला तथा प्रभावितहरूलाई प्रत्यक्ष सहयोग पुऱ्याउने कार्यमा पदाधिकारीहरूको सक्रियता बृद्धि भएको छ। साथै, अन्य सरोकारवाला निकायहरूको आयोजनामा हुने कार्यक्रम, क्रियाकलाप एवं गतिविधिहरूमा पदाधिकारीहरूको परामर्श, राय, सुझाव सहितको उपस्थिति देखिएको छ। यसबाट समग्र सरोकारवाला एवं अधिकारवादी निकायहरूमा राष्ट्रिय महिला आयोगको अग्रसरता प्रति सकारात्मक सन्देश गएको छ ।

(ज) आ.व. २०७७/७८ मा तयार भएका राष्ट्रिय महिला आयोग नियमावली, २०७८, राष्ट्रिय महिला आयोगको बैठक सञ्चालन कार्यविधि, २०७८ तथा  राष्ट्रिय महिला आयोगको आन्तरिक व्यवस्थापन निर्देशिका, २०७८ पूर्णरूपमा कार्यान्वयन भएको हुँदा आयोगबाट हुने क्रियाकलापहरूमा प्रक्रियागत स्पष्टता अनुभव गरिएको छ ।

(झ) महिला हिंसाको विभिन्न कारणहरूमध्ये महिलाको प्रजनन् स्वास्थ्य सम्बन्धी कारण पनि एक मुख्य कारण हो । प्रजनन् स्वस्थता प्रवर्द्धनका लागि समग्र सरोकारवालाहरू लागि पर्नु पर्दछ । यो विषय राष्ट्रिय महिला आयोगको जिम्मेवारीको मात्रै नभई समग्र महिला अधिकारवादी व्यक्ति, संस्था वा निकायको सरोकारको विषय हो। महिला अधिकार र प्रजनन स्वास्थ्यको क्षेत्रमा कार्यरत संघ संस्थाहरूबाट सम्पादन हुँदै आएका कार्यहरूको अनुगमन, मूल्याङ्कन तथा कार्यमा गतिशीलता र नतिजा उन्मुखता अभिवृद्धि गर्न आयोगले प्रजनन् स्वास्थ्य अधिकार कार्य समूह (Reproductive Health Right Working Group: RHRWG) को नेतृत्व गर्दै आएको छ । प्रजनन् स्वास्थ्यसम्बन्धी काम गरिरहेका संघसंस्थाहरू थप प्रभावकारी भूमिका निर्वाह गर्नका लागि RHRWG का बैठकहरूमा हुने छलफलहरूबाट उत्प्रेरित भएका छन् ।

(ञ) आयोगले आफ्ना सचेतनामूलक प्रकाशनहरू वेवसाइटमार्फत सार्वजनिक गरेको छ । केही महत्वपूर्ण

प्रकाशनहरू छपाई समेत गरी सरोकारवालाहरूमाभ्र पठाइएको छ। यसबाट लैङ्गिक हिंसाका पीडितहरूले राष्ट्रिय महिला आयोगबाट प्रवाह हुने सेवाको प्रकृतिबारे जानकारी प्राप्त गरेका छन् भने हिंसा विरुद्ध जागरूकताका लागि समेत यस्तो प्रकाशनहरू महत्वपूर्ण उपलब्धीको रूपमा सावित भएका छन् ।

(ट) आयोगबाट सञ्चालित सचेतनामूलक कार्यक्रमहरू, प्रकाशन भएका सामाग्रीहरू, पदाधिकारी एवं कर्मचारीहरू अन्य निकायबाट सञ्चालित कार्यक्रमहरूमा उपस्थित हुँदा व्यक्त भएका अभिव्यक्तिहरूबाट बृहत्तररुपमा प्रचार-प्रसार हुन गई राष्ट्रिय महिला आयोगको "**खबर गरौं ११४५ हेल्पलाइन सेवा**" लगायतका लैङ्गिक हिंसा पीडित लक्षित सेवाको बारेमा थाहा पाई सेवा लिने सेवाग्राहीको संख्यामा वृद्धि भएको छ।

(ठ) आयोगबाट प्रदेश, जिल्ला एवं स्थानीय तहसम्म पुगी विभिन्न किसिमका प्रचार-प्रसारमूलक, सचेतनामूलक एवं पैरवीमूलक कार्यक्रमहरू सञ्चालन भएबाट विभिन्न किसिमका कुरीतिहरू, कुप्रथाहरू एवम् हानिकारक अभ्यासहरू नियन्त्रण हुनमा महत्वपूर्ण योगदान पुगेको छ। प्रदेश, जिल्ला र स्थानीय तहसम्म यस किसिमका कुप्रथाहरू अन्त्य गर्न सरोकारवाला निकायहरूले जिम्मेवारी बोध गरेको पाइएको छ।

(ड) लैङ्गिक न्याय सुनिश्चित गर्न तथा लैङ्गिक हिंसा निवारण गर्न नेपाल सरकारका जिम्मेवार निकायहरूलाई नीतिगत, कार्यगत, संरचनागत र प्रवृत्तिगत सुधारका लागि गरिएका अनुरोधको फलस्वरूप तत् तत् निकायको कार्यक्रमहरू, संरचनाहरू र व्यवहारहरू लैङ्गिकमैत्री हुँदै गएको देखिएको छ । लैङ्गिक समानता प्रवर्द्धन गर्न र लैङ्गिक न्याय सुनिश्चित गर्न यो अग्रगामी कदम एउटा सकारात्मक संकेत हो ।

(ढ) महिला विरुद्ध हुने सबै किसिमका भेद्भाव उन्मूलन गर्ने महासन्धि (Convention on the Elimination of all forms of Discrimination against Women: CEDAW) को कार्यान्वयन अवस्थाबारे प्रदेशगत रूपमा अन्तक्रिया कार्यक्रम सम्पन्न गरिएकोले कार्यान्वयन अवस्थाबारे प्रदेशगत जानकारी तथा समग्र अवस्थाको परिदृष्य प्राप्त भएको हुँदा महिला अधिकारको क्षेत्रमा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप महिला अधिकारको क्षेत्रमा विभिन्न सरोकारवाला निकायहरूलाई दिनुपर्ने सुझावको बारेमा स्पष्ट मार्गचित्र प्राप्त भएको छ। महिलाको अधिकारसम्बन्धी अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूको समेत कार्यान्वयन अवस्था हालसम्मको उपलब्धि र भावी कार्यदिशा सम्बन्धमा नेपाल सरकारका निकायहरूलाई नीतिगत तथा कार्यगत सुझाव दिनका लागि आधार तय भएको छ।

(ण) आयोगबाट नीतिगत तहमा पहुँच स्थापना गराउन राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिसँग प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम सञ्चालन भएबाट महिलाको राजनीतिक सशक्तीकरणका लागि आफ्ना घोषणापत्रहरू अनुसार पहल कदमी गर्ने दिशामा राजनैतिक दलबाट उम्मेदवार मनोनयन लगायतका कार्यमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको पक्ष अबलम्वन गर्न आयोगको तर्फबाट महत्वपूर्ण सुझावहरू दिइएकोले सोही बमोजिम दलहरूबाट लैङ्गिक मूलप्रवाहीकरण र सामाजिक समावेशीकरणको प्रयास हुने अपेक्षा गर्न सकिन्छ।

(त) यौनजन्य हिंसाको सन्दर्भमा उजुरीको हदम्यादको विषयमा विभिन्न किसिमका छलफलहरू

हुनुका साथै सञ्चार माध्यमहरूबाट पनि विषयवस्तुलाई प्राथमिकतामा राखी प्रचार-प्रसार गरेको र अधिकारकर्मीहरूबाट समेत आवाज उठेको सन्दर्भमा राष्ट्रिय महिला आयोगको नेतृत्वमा विभिन्न सरोकारवालाहरू रहेको एक समिति गठन गरी यौनजन्य हिंसामा उजुरीको हदम्याद सम्बन्धी कानूनमा भएको व्यवस्थामा परिमार्जन गर्ने सम्बन्धमा सुझाव दिन आवश्यक निर्णयहरू गरी नेपाल सरकारलाई सुझाव पठाइएकोमा यौनहिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने ऐन, २०७९जारी भई 'हदम्याद' मा परिमार्जन भएको छ।

(थ) अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक जस्ता सीमान्तकृत तथा जोखिममा रहेका समुदायका व्यक्तिहरूको अधिकार सम्बन्धमा सरोकारवालाहरू माझ अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी तत् तत् समुदायका महिलाका सवालहरू र जिम्मेवार निकायको भूमिका तथा आगामी कार्यदिशा बारे स्पष्ट सूचना र जानकारी प्राप्त भएकोले सो सम्बन्धमा कार्यरत सरकारी निकायहरूलाई नीतिगत सिफारिस गर्ने स्पष्ट सूचना तथा तथ्याङ्कीय आधार प्राप्त भएको छ।

(द) देशका विभिन्न स्थानमा रहेका सरकारी अस्पतालहरूमा सञ्चालित एकद्वार संकट व्यवस्थापन केन्द्रहरू (One Stop Crisis Management Centre, OCMC) द्वारा प्रवाह भईरहेको सेवाको निरन्तर अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण भईरहेको हुँदा समुदायस्तरमा घटेका लैङ्गिक हिंसाका पिडितहरूले पाउने सेवाको गुणस्तरमा सुधार भएको छ।

(ध) लैङ्गिक हिंसामा परेका महिला तथा बालबालिकाहरूलाई सहयोग उपलब्ध गराउन सेवा प्रदायक संस्था छनौट तथा सेवा शुल्क/अनुदान उपलब्ध गराउने सम्बन्धी कार्याविधि, २०७८ स्वीकृत भई कार्यान्वयनमा आएको हुँदा हिंसा पिडितको उद्धार, राहत तथा पुनःस्थापना सम्बन्धी सेवा प्रवाह गर्ने गैरसरकारी संस्था छनौट गरी कार्यादेश दिन र सेवाशुल्क उपलब्ध गराउने कार्यमा कार्यविधिगत स्पष्टता र सेवा प्रदायकले प्रवाह गर्ने सेवाको गुणस्तरमा अभिवृद्धि भएको छ।

(न) यस आर्थिक वर्षमा आयोगबाट सञ्चालित कार्यक्रमहरु ७ वटै प्रदेश, ५३ वटा जिल्ला र ५००० भन्दा बढी सरोकारवाला माझ पुगेको छ। केन्द्रमा रहेको एक मात्र कार्यालय र सिमित जनशक्तिबाट यस किसिमको प्रयास सह्रानिय छ।

## ११.३ चुनौतीहरू:

**विगत आ.ब. २०७७/७८ को प्रतिवेदनको चुनौतीहरूको सारांश :**

(**क**) लैङ्गिक समानता र लैङ्गिक न्याय सुनिश्चित गर्ने विषय अन्तर-सम्बन्धित विषय भएकोले तीनै तहका सरकारको संयुक्त पहल हुन जरुरी छ। अर्थात्, यस्मा सबैको पहल र समन्वय विना सफल हुन सकिन्न।

(**ख**) अन्तर्राष्ट्रिय कानून/महासन्धि अनुकूल मुलुकका कानूनहरूमा संशोधन गरी महिलाविरुद्ध हुने सबै किसिमका विभेद, असमानता र दुर्व्यवहारलाई उन्मूलन गर्दै महिलाहरूलाई समान अवसर उपलब्ध गराउन राज्यले उच्च प्राथमिकता नदिउन्जेल यो विषय ओझेलमा परिरहनेछ।

(ग) विद्यमान संकुचित सामाजिक मूल्य-मान्यता र परम्परागत सोचलाई आमूल परिवर्तन गरी लैङ्गिक समानतायुक्त समाज निर्माण गर्ने कार्य स्वयंमा चुनौतीपूर्ण छ।

(घ) आयोगको आफ्नै जग्गा र भवनको व्यवस्था नहुदा दैनिक कार्यसम्पादनमै प्रत्यक्ष र अप्रत्यक्षरुपमा चुनौती रहेको छ।

(ङ.) आयोगको प्रदेशस्तरीय कार्यालयहरू नहुँदा जिल्ला तथा स्थानीय स्तरमा घट्ने महिला हिंसाको उजुरी सुन्ने, सोको सम्बोधन गर्ने काम चुनौतीपूर्ण भएको छ।

(च) "**खबर गरौं ११४५ हेल्पलाइन सेवा**" सञ्चालनका लागि स्थायी व्यबस्था नहुदा निरन्तरतामा प्रश्न खडा भएको छ।

(छ) सबै सेवा सुविधाहरू एउटै स्थलबाट उपलब्ध गराउने गरी व्यवस्थित पुनःस्थापना केन्द्रहरू स्थापना तथा सञ्चालन हुन नसक्दा हिंसा पीडित/प्रभावितहरूको पुनःस्थापनामा कठिनाइ भइरहेको छ। साथै, हिंसा पीडित/प्रभावितहरूलाई आयआर्जनमूलक कुनै सीप प्रशिक्षण उपलब्ध गराउन नसकिँदा उनीहरूको दीर्घकालीन व्यवस्थापन गर्न कठिन भई उनीहरू बारम्बार हिंसामा पर्ने जोखिम रहेको छ।

(ज) कोभिड-१९ का कारण सिर्जित बन्दाबन्दीले हिंसा पीडित/प्रभावितहरूको तत्काल उद्धार र संरक्षणको लागि चुनौती सिर्जना भएको छ।

(झ) आयोगमा रिक्त दरबन्दी पूर्ति नहुदा कार्य सम्पादनमा कठीनाई भएको छ।

(ञ) आयोगको सीमित जनशक्ति र सीमित बजेटको कारण देशभर महिला हिंसा तथा महिलामाथि हुने सामाजिक दुर्व्यवहार र हानिकारक सामाजिक अभ्यासहरू विरुद्ध सचेतना जगाउन स्वयंमा चुनौतीपूर्ण छ।

**यस आ.ब २०७८।७९ को चुनौतीहरू :**

(क) राष्ट्रिय महिला आयोग स्थापनाकालदेखि नै भाडाको भवनमा रही आएकोमा कार्यालय सञ्चालन एवम् सेवा प्रवाहमा सेवाग्राही मैत्री स्थलहरू प्रयोग गर्न पाइएको छैन। विशेष अवस्थाका महिलाहरू, पीडित महिलाहरू, अपाङ्ग महिलाहरू एवं जोखिमपूर्ण अवस्थामा रहेका बालिकाहरू समेत यस आयोगका सेवाग्राहीको रूपमा आउनेहुँदा आयोगको कार्यालय सेवाग्राही मैत्री (अपाङ्गमैत्री, बालमैत्री, ज्येष्ठनागरिकमैत्री) बनाउने विषय चुनौतीपूर्ण रहेको देखिन्छ।

(ख) नेपाल संघीय संरचनामा रूपान्तरण भएको छ। लैङ्गिक समानता, महिला सशक्तीकरण एवं लैङ्गिकहिंसा निवारण तीन तहकै सरकारको फरक-फरक विशिष्टीकृत भूमिका सहितको जिम्मेवारी हो। केन्द्रीय/संघीय नीति निर्माणदेखि स्थानीय एवं घरदैलोसम्म पुगेर महिलाको जीवनस्तर उकास्ने विषयमा नीतिगत सिफारिसको कार्य जिम्मेवारी आयोगको रहन्छ। भौतिक संरचना निर्माणका लागि मात्र उद्दत देखिएको कार्यक्रम संरचना र मनोवृत्तिमा सुधार गरी महिला सशक्तीकरण एवं सामाजिक समावेशीकरणलाई व्यवहारमा उतारेर निर्माण भएका भौतिक संरचनाको भरपुर उपभोग गर्न सक्ने समाज निर्माणका लागि

लगानीमा सबै तहका सरकारको ध्यानाकर्षण गराउनु पनि चुनौतीपूर्ण देखिएको छ ।

(ग) मानव समाजमा हजारौ वर्षदेखि विद्यमान सामाजिक संरचनामा आमूल परिवर्तन भई आधुनिक समाज निर्माण भएको छ । यति हुँदाहुँदै पनि पितृसत्तात्मक सोंचले नेपाली समाजमा बलियो जरा गाडेको छ । जहाँ महिला र पुरुषबीच विभेदका रेखाहरू कोरिएका छन् । यस किसिमका विभेदका कारण श्रम बजारमा समेत समान कामका लागि समान ज्याला प्रत्याभूति गर्न सकिएको छैन। ठूलो संख्यामा महिला श्रमिकहरू समेटिएको असँगठित क्षेत्रमा समेत समान कामका लागि समान ज्यालाको प्रत्याभूति गराई श्रम बजारको लैङ्गिक विभेद हटाउनु चुनौतीपूर्ण छ ।

(घ) राष्ट्रिय महिला आयोगलाई संविधानमा व्यवस्था भएकै क्षेत्राधिकार अनुरूप देशभरिका सम्पूर्ण महिलालाई समेट्ने गरी महिला हिंसाका सवालहरूसम्बन्धी सेवा प्रवाह गर्नुपर्ने छ । जोखिममा रहेका र पीडा भोगिरहेका महिलालाई सेवा प्रवाह गर्नुपर्ने र काठमाडौँको एकमात्र कार्यालयबाट सेवा प्रवाह गर्दा सेवाको पहुँच सबै महिलामा पुऱ्याउन कठिन हुने हुँदा संविधानमा व्यवस्था भए बमोजिम प्रदेश कार्यालय स्थापना अविलम्ब गर्नुपर्ने देखिन्छ। आवश्यक निर्णय, संरचना, साधन स्रोत एवम्‌जनशक्तिको यथाशीघ्र व्यवस्था गरी प्रदेश कार्यालय सञ्चालन गरी सेवा प्रवाहलाई व्यवस्थित गर्ने विषय चुनौतीपूर्ण छ ।

(ङ) नेपालमा लैङ्गिक समानताका लागि नीतिगत व्यवस्था विश्वका अन्य मुलुकहरूको तुलना गर्दा राम्रै देखिन्छ। यस किसिमका व्यवस्थाले औपचारिक समानताको विषय समेटेको देखिन्छ। महिला सम्बन्धी सबै अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू अनुकूल हाम्रा कानूनमा सुधार र नीतिमा समयानुकुल परिवर्तन गर्न नसक्दा सारभूत लैङ्गिक समानता हासिल गर्न सकिएको छैन । सारभूत समानताका लागि नीतिगत पहल सहित परिणाम हासिल गर्नु चुनौतीपूर्ण छ ।

(च) आयोगले सञ्चालन गरेको "**खबर गरौं ११४५ हेल्पलाइन सेवा**" सञ्चालनमा अस्थायी दरबन्दी सृजना गरी प्रत्येक वर्ष सेवा करार गर्ने गरिएको छ। सेवाको प्रकृति अनुसार स्थायी दरबन्दी सिर्जना र स्थायी प्रकृतिको सीपयुक्त जनशक्ति सहित दिगो किसिमको र दीर्घकालिन रूपमा रहि रहने र अपनत्व लिन सक्ने स्थायी कर्मचारीहरू परिचालन गरी हेल्पलाइन सेवा सञ्चालन गर्नु उपयुक्त देखिँदा देखिँदै पनि यो कार्य पूरा गर्नु चुनौतीपूर्ण छ ।

(छ) महिलाका सवालहरूमध्ये पनि विशेषगरी घरेलु हिंसाका घटनाहरूमा पीडितको संरक्षण गर्ने नजिकको सरकार स्थानीय तह हो । सामान्य किसिमका घटनामा महिलालाई न्याय प्रदान गर्ने कार्य स्थानीय न्यायिक समितिबाट भईरहेको छ। यता राष्ट्रिय महिला आयोगले पनि उजुरी व्यवस्थापन कार्य गरिहेको छ। लैङ्गिक हिंसा एवम् घरेलु हिंसाको घटनामा पीडितलाई न्याय प्रदान गर्न राष्ट्रिय महिला आयोग र स्थानीय तह बीचको प्रत्यक्ष समन्वय आवश्यक देखिन्छ। स्थानीय सरकार र राष्ट्रिय महिला आयोगको प्रत्यक्ष सहकार्यको सञ्जाल विकास गर्नु पनि चुनौतीपूर्ण छ ।

(ज) आयोगमा आउने उजुरीहरूको प्रकृति हेर्दा हिंसा पीडित महिलाहरूलाई अल्पकालीन सेवाकेन्द्र

(मनोसामाजिक विमर्श, कानूनी परामर्श, आश्रयस्थल सहित) अत्यावश्यक संरचना हो। मनोसामाजिक सेवा, कानूनी परामर्श, आश्रयस्थल जस्ता पीडितमैत्री सेवाको लागि गैरसरकारी संस्थाहरूसँग सम्झौता गरी कार्यादेश दिइएको छ। यसरी सेवा प्रदायक गैरसरकारी संस्थाहरूबाट सेवा प्रवाह गराउँदा एक त पीडितका लागि आवश्यक मापदण्ड सहितको स्तरीय सेवा सुनिश्चित गर्न कठिन हुन्छ र अर्कोतर्फ पीडित/प्रभावित महिलाहरूको दीर्घकालिन व्यवस्थापन गर्न सकिदैन । पीडितलाई न्याय प्रदान गरिसकेपछि पुनःस्थापित गर्नुपर्नेलाई पुनःस्थापित गर्ने र अन्यको हकमा जीवनयापन गर्नसक्ने किसिमको सेवा प्रवाह गर्नसक्ने किसिमका सेवाकेन्द्र सरकारी तवरबाट स्थापना गराउनु पर्नेछ, यद्यपी यो कार्य चुनौतीपूर्ण छ।

(झ) आयोगको सिमित जनशक्ति र एकमात्र कार्यालयबाट पनि देशका विभिन्न स्थानमा पुगी महिलाको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणका लागि छलफल, अन्तरक्रिया र प्रचार-प्रसारको कार्य भैरहेको छ। तथापी, समाजमा विद्यमान कुप्रथा र हानिकारक अभ्यास विरुद्ध हाल संचालित गोष्ठी, अन्तरक्रिया, सार्वजनिक सुनुवाई, सचेतनामूलक कार्यक्रमहरू अपर्याप्त भएको महशुस हुदां यस्ता कार्यक्कमहरू सघन रुपमा सञ्चालन गर्नु पर्ने छ। साथै, सबै तहका सरकार, गैरसरकारी क्षेत्र, नागरिक समाज एवम् आम सरोकारवालाको प्रयास जुटाउने कार्य चुनौतीपूर्ण रहेको छ।

(ञ) विशेष अवस्थाका जोखिमपूर्ण महिलाका सवालहरू (जस्तै अपाङ्ग, एकल, बहिष्करणमा परेका, यौनिक अल्पसंख्यक) लाई सम्बोधन गर्न र सोही वर्गका हिंसा पीडितलाई सेवा प्रवाह गर्न आवश्यक पर्ने सीपयुक्त जनशक्ति व्यवस्थापन गरी परिचालन गर्नुपर्ने छ, तर यो विषय पनि चुनौतीपूर्ण छ।

(ट) हिंसाका घटनाहरूको उजुरी पर्ने संख्या दिनानुदिन वृद्धि भइरहेको सन्दर्भमा आयोगको मौजुदा जनशक्ति अपर्याप्त देखिएको छ। जनशक्तिको व्यवस्थापन गरी सेवाको बढ्दो चापलाई सम्बोधन गर्न पर्याप्त जनशक्ति अविलम्ब व्यवस्थापन गर्न पनि प्रक्रियागत जटिलताको कारण चुनौतीपूर्ण छ।

## ११.४ सुझावहरू:

**<u>विगत आ.ब. २०७७/७८ को प्रतिवेदनको सुझावहरूको सारांश :</u>**

(क) लैङ्गिक समानता र लैङ्गिक न्याय सुनिश्चित गरी महिला सशक्तीकरण गर्ने विषयलाई तीनवटै तहका सरकार- संघ, प्रदेश र स्थानीय तहले निश्चित उपलब्धि सूचक निर्धारण सहितको कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ।

(ख) सबै ठुला आयोजना तथा कार्यक्रमहरूको लैङ्गिक दृष्टिले विश्लेषण गरिनु पर्छ।

(ग) आयोगले लैङ्गिक समानता तथा लैङ्गिक न्याय सुनिश्चित गर्ने सन्दर्भमा नेपाल सरकारका मन्त्रालय/निकायलाई लेखी पठाउने सुझावहरू उच्च प्राथमिक्ताका साथ कार्यान्वयन गरिईनु पर्छ।

(घ) आम महिलालाई आत्मसम्मानपूर्ण जीवन व्यतीत गर्नसक्ने वातावरण निर्माण गरिईनु पर्छ।

(ङ) लैङ्गिक उत्तरदायी बजेटलाई तीनै तहका सरकारले व्यबहारमा लागू गर्नुपर्छ ।

(च) स्थानीय तहमा लैङ्गिक सबाललाई आन्तरिकीकरण र संस्थागत गर्न सम्बन्धित निकायले प्राथमिकता दिनुपर्ने देखिन्छ ।

(छ) राष्ट्रिय महिला आयोगलाई तत्कालै आफ्नो जग्गा र भवनको व्यवस्था गरिनु पर्छ ।

(ज) "**खबर गरौँ ११४५ हेल्पलाइन सेवा**" लाई भरपर्दो र प्रभावकारी तुल्याउन यस्मा साधन र स्रोतको सुनिश्चिता गरिनु पर्छ ।

(झ) मानसिक स्वास्थ्य समस्या भएका हिंसा पीडितलाई उचित आश्रयस्थल र पुनःस्थापना गृहको तत्कालै व्यबस्था गरिनु पर्छ ।

(ञ) सबै प्रदेशहरूमा हिंसा पीडित/प्रभावितहरूलाई आवश्यक पर्ने सबै सेवा सुविधाहरू एउटै स्थलबाट उपलब्ध गराउने गरी व्यवस्थित पुनःस्थापना केन्द्रहरू स्थापना तथा सञ्चालन गरिनु पर्छ ।

(ट) हिंसा पीडित महिलाहरूका लागि गैर सरकारी संघ संस्थाहरूबाट संचालित अल्पकालीन आश्रयस्थल, पुनःस्थापना केन्द्रहरूको समुचित नियमन गरिनुका साथै तिनलाई तोकिएको मापदण्ड अनुरुप संचालन गराउनु पर्छ ।

(ठ) हिंसा पीडित महिलाहरूको उद्धार, संरक्षण तथा औषधोपचारका लागि नेपाल सरकारबाट संघ प्रदेश तथा जिल्लास्तरमा सञ्चालित अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्रहरूले गुणस्तरीय सेवा प्रदान गर्नुपर्छ ।

(ड) हिंसा पीडित/प्रभावितहरूलाई आयआर्जनमूलक सीप, तालिम, प्रशिक्षण उपलब्ध गराउनु पर्छ ।

(ढ) लैङ्गिक हिंसा निवारण कोषलाई प्रभावकारीढंगले संचालन गर्नुपर्छ ।

(ण) कोभिड-१९ का कारण सिर्जित अप्ठ्यारो परिस्थितिमा परेका हिंसा पीडित/प्रभावितहरूको तत्काल उद्धार र संरक्षणको कार्य गर्नुपर्छ ।

(त) आयोगमा रिक्त  दरबन्दी तत्कालै पूर्ति गर्नुपर्छ ।

(थ) आयोगको जनशक्ति र बजेट बृद्धि गर्नुपर्छ ।

(द) हिंसा पीडित महिलाहरूलाई न्यायिक उपचार प्रदान गर्न स्थानीय न्यायिक समितिहरूलाई प्रभावकारी तुल्याउनु पर्छ ।

(ध) आमाको नामबाट सहज रूपमा नागरिकता प्राप्त गर्न सक्ने अवस्था श्रृजना गर्नुपर्छ ।

(न) लैङ्गिक समानताको विषयलाई स्कूलको पाठ्यक्रममा समावेश गर्नुपर्छ ।

(प) महिलाविरुद्ध विद्युतीय माध्यमबाट हुनसक्ने अपराधलाई नियन्त्रण गर्ने विशेष योजना संचालन गर्नुपर्छ ।

(फ) मनोरञ्जन क्षेत्रमा काम गर्ने, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा अपाङ्गता भएका महिलाको

संरक्षण, सशक्तीकरण र क्षमता विकासका लागि विशेष कार्यक्रमहरूसञ्चालन गर्नुपर्छ।

(ब) महिला, किशोरी तथा बालबालिकाहरू हराउने, बेपत्ता हुने, बेचबिखनमा पर्ने, शारीरिक तथा मानसिक हिंसामा पर्ने घटनाहरू वृद्धि हुँदै गएको सन्दर्भमा यस्को नियन्त्रणका लागि विशेष अभियान संचालन गर्नुपर्छ।

(भ) महिला-मैत्री हुन नसकेका कानूनहरूलाई अविलम्ब संशोधन गर्नुपर्छ।

(म) राज्यका तीनै तहका सरकारले लैङ्गिक सबाल संबोधन गर्न पर्याप्त बजेटको व्यबस्था गर्नुपर्छ।

**यस आ.ब २०७८।७९ को सुझावहरू :**

(क) लैङ्गिक समानता र लैङ्गिक न्याय सुनिश्चित गर्नका लागि लैङ्गिक उत्तरदायी बजेट प्रणाली अवलम्बन गर्नु पर्ने हुन्छ। संघीय बजेटमा यसको केही अभ्यास देखिएता पनि प्रदेश तहमा सो अनुरुप काम भएको छैन। प्रस्तुत सन्दर्भमा, स्थानीय तहबाट लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अवलम्बन गर्ने अभ्यास अति कमजोर देखिएको छा यसरी, सबै तहका सरकारको बजेट, नीति तथा कार्यक्रममा लैङ्गिक उत्तरदायी बजेट प्रणालीको प्रभावकारी अभ्यास गर्नु पर्ने देखिन्छ।

(ख) योजनाहरू तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको क्रममा लैङ्गिक विश्लेषण गर्नु पर्दछ। राज्यको साधन स्रोत परिचालन गरेर गरिएका विकासको प्रतिफलका लाभग्राही कुन कुन लैङ्गिक वर्ग कति हुन सक्यो भन्ने एकिन गरी सारभूत समानताको पक्षमा कति प्रगति हासिल भयो भन्ने अवस्थाको चित्रण गरी भावी नीति, योजना र कार्यक्रम तय गर्न विकास सम्बन्धी मौजुदा योजनाहरूको सञ्चालन गर्ने निकायहरूबाट लैङ्गिक विश्लेषण तथा परीक्षण गर्नु पर्दछ।

(ग) लैङ्गिक समानता र लैङ्गिक न्याय सुनिश्चित गर्नका लागि महिला सशक्तीकरण सम्बन्धी कार्यक्रमहरूमा पर्याप्त बजेट विनियोजन गर्ने प्रवृत्तिको विकास पनि हुनु पर्ने देखिन्छ।

(घ) लैङ्गिक हिंसा निवारणका लागि नीति तथा कार्यक्रम प्रस्ताव गर्ने विषयमा सुझाव एवम् सिफारिस पठाईँदै आएको छ। यस किसिमका सुभावहरू कार्यान्वयनको अवस्था कमजोर देखिएकोले सारभूत लैङ्गिक समानता हासिल गर्न नसकिएको हुँदा आयोगबाट पठाइएका सुझावहरू विषयगत मन्त्रालयहरूले प्रभावकारी ढंगले कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

(ङ) पितृसत्तात्मक संरचना र सोंचका कारण महिला हिंसाका घटना बढ्न, सारभूत समानताको कमजोर परिणाम रहन र महिलाको नीतिगत तहमा पहुँच नपुग्ने अवस्था सृजना भएको सन्दर्भमा परम्परागत पितृसतात्मक सोंचमा आमूल परिवर्तन ल्याई महिलालाई पुरुष सरह आर्थिक, सामाजिक अधिकार उपभोग गर्न दिन र आत्मसम्मानपूर्ण जीवनयापन गर्न सक्ने स्थितिमा पुऱ्याउन सरकारी, गैरसरकारी तथा निजी क्षेत्र सवैबाट समन्वयात्मक प्रयास आवश्यक देखिन्छ।

(च) स्थानीय तहबाट महिला लक्षित बजेटको सुनिश्चितता कानूनी रूपमा नै गरी महिला सशक्तीकरण र लैङ्गिक हिंसा निवारणका लागि पहल गर्ने गरी लैङ्गिक सवाललाई आन्तरिकीकरण र संस्थागत गर्नु पर्ने

देखिन्छ।

(छ) लैङ्गिक समानता प्रवर्द्धन, महिला सशक्तीकरण एवम् लैङ्गिक हिंसा निवारण जस्ता संवेदनशील र राष्ट्रिय महत्वका जिम्मेवारी पूरा गर्ने क्रममा आयोगको प्रशासनिक कार्य र सेवा प्रवाहका लागि आफ्नै भवन नहुँदा सेवा प्रवाहलाई व्यवस्थित गर्न कठिनाई परिरहेको हुँदा हिंसा पीडित सेवाग्राहीहरूलाई आवश्यक पर्ने न्यूनतम सुविधाहरू अपाङ्गमैत्री, ज्येष्ठ नागरिकमैत्री (मनोसामाजिक परामर्श कक्ष, कानूनी सहायता कक्ष, शिशु स्तनपान कक्ष, शिशु स्याहार कक्ष) को व्यवस्था सहित तथा बालमैत्री संरचना सहितको भवन निर्माणका लागि नेपाल सरकारले काठमाडौं उपत्यका भित्र उपयुक्त स्थानमा अविलम्ब जग्गा व्यवस्था गराई भवन निर्माणका लागि बजेट व्यवस्था गर्नु पर्ने देखिन्छ।

(ज) हिंसा पीडित, प्रभावित महिलाहरूको उद्धार र संरक्षणका लागि आयोगबाट सञ्चालित "**खबर गरौं ११४५ हेल्पलाइन सेवा**" सञ्चालनका लागि सिर्जित अस्थायी दरबन्दीलाई आगामी वर्षहरूमा निरन्तरता दिन स्थायी दरबन्दीको रूपमा व्यवस्था गर्नु उपयुक्त देखिन्छ।

(झ) हिंसा पीडित महिलाहरूको अन्तरिम व्यवस्थापनका लागि सरकारी तवरबाट अल्पकालीन सेवा केन्द्र सञ्चालन गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको सेवा प्रवाहको व्यवस्था गर्न प्रदेश सरकारको ध्यान जानु पर्ने देखिन्छ।

(ञ) अधिकांश घरेलु हिंसाका घटनाहरू स्थानीय न्यायिक समितिमा पुग्ने हुँदा न्यायिक समितिको क्षेत्राधिकार बमोजिम घरेलु हिंसाका पीडित महिलाहरूलाई भरपुर न्याय प्रदान गर्न सक्ने गरी स्थानीय न्यायिक समितिहरूमा आर्थिक, भौतिक, मानवीय स्रोतको व्यवस्था गर्न ७५३ वटै स्थानीय तहको ध्यान पुग्नु पर्ने देखिन्छ।

(ट) गैरसरकारी संस्थाहरूबाट देशका विभिन्न स्थानहरूमा हिंसा पीडित महिलाहरूलाई विभिन्न किसिमका सेवाहरू (कानूनी सहायता, मनोसामाजिक बिमर्श, अल्पकालिन आश्रयस्थल, आर्थिक सहयोग आदि) प्रवाह गरेको देखिएको छ। यस किसिमका सेवा प्रवाह गर्ने संस्थाहरूको वैधानिकता, सेवाको गुणस्तर, पीडितको सुरक्षा, संस्थाको आम्दानीको स्रोत जस्ता विषयमा अनुगमन, मूल्याङ्कन एवम् नियमन गर्ने सरकारी निकायहरूको क्रियाशीलता आवश्यक देखिन्छ।

(ठ) लैङ्गिक हिंसा र घरेलु हिंसाबाट पीडित महिलाहरूको दीर्घकालिन व्यवस्थापनको लागि सीपमूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने हुँदा त्यस्तामहिलाहरूको तथ्याङ्क संकलन, विश्लेषण र प्रतिवेदन तयार गरी आवश्यक कार्यक्रम तर्जुमा गर्न संघीय सरकारको प्रयास आवश्यक देखिन्छ।

(ड) लैङ्गिक हिंसा निवारण कोषको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट प्रभावकारी ढंगलेछरितो प्रक्रियाबाट पीडितलाई नियमानुसार सहयोग उपलब्ध गराउनु पर्ने देखिन्छ। लैङ्गिक हिंसा निवारण कोषलाई प्रदेश तहमा तथा स्थानीय तहमा समेत स्थापना गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

(ढ) निर्वाचनको समयमा विभिन्न राजनैतिक दलहरूबीच हुने गठबन्धनका कारणले स्थानीय तहका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष जस्ता पदमा महिला उम्मेदवारी दिनबाट वञ्चित भएको देखिँदा

महिलाको उम्मेदवारी सुनिश्चित गर्ने उपयुक्त कानूनी व्यवस्था गर्नु पर्छ।

(ण) महिलाले ४० वर्षको उमेरसम्म निजामती सेवामा प्रवेश पाउने कानूनी व्यवस्था रहेको छ। तर ५८ वर्षमा अवकाश हुने, निवृत्तिभरण पाउन २० वर्ष सेवा अवधि आवश्यक पर्ने हुँदा निवृत्तिभरणबाट वञ्चित नगराउन देहायका कुनै मध्ये एक विकल्प रहेको कानूनी व्यवस्था गर्नु पर्छ :

अ) महिला कर्मचारीले १८ वर्ष सेवा अवधि पुरा गरेपछि निवृत्तिभरण पाउने।

आ) सबै कर्मचारीले १८ वर्ष सेवा अवधि पुरा गरेपछि निवृत्तीभरण पाउने।

इ) महिला कर्मचारीको अवकाशको उमेरहद ६० वर्ष बनाउने

ई) सवै कर्मचारीको अवकाशको उमेर हद ६० वर्ष बनाउने।

(त) आयोगमा काममा खटिई हिंसा पीडित महिलाहरूलाई सेवा पुऱ्याउने एवम् लैङ्गिक सवालका कार्य विवरण सहितको सेवा पुऱ्याउनु पर्ने कर्मचारीहरूमा अनुभव र सीपको आवश्यकता हुन्छ। आयोगमा पदस्थापन भएका र खटाइएका कर्मचारीहरू छिटो छिटो सरुवा भईरहँदा आयोगको सेवा प्रवाह प्रभावित हुन्छ। किनकी यस सम्बन्धी ज्ञान र अनुभव नभएको कर्मचारीले आयोगमा रही पीडित मैत्री सेवा प्रवाह गर्न र लैङ्गिक सवालका क्रियाकलापहरू सञ्चालन गर्न सक्दैनन्। यस विषयलाई दृष्टिगत गरी सम्बन्धित मन्त्रालयद्वारा आयोगमा कर्मचारी छिटो छिटो सरुवा गरिरहने प्रवृत्ति रोक्नु पर्ने देखिन्छ।

(थ) प्रत्येक स्थानीय तहमा हिंसा पीडितहरूलाई लक्षित गरी मनोविमर्शकर्ता, कानूनी सहजकर्ता, दोभाषे जस्ता सीप भएका व्यक्तिहरूबाट सेवा प्रवाह गर्ने गरी सहायता कक्ष स्थापना गरी पीडित मैत्री वातावरण तय गर्नु पर्दछ जसले गर्दा लैङ्गिक हिसा र घरेलुहिंसाका पीडितहरू स्थानीय तहमा सेवा लिन वा सेवा सम्बन्धी जानकारी लिन पुग्दा आफुलाई सुरक्षित महसुस गर्न सक्नेछन्।

(द) आमाको नामबाट नागरिकता प्राप्त गर्न पाउनु पर्ने नागरिकको अधिकारलाई नेपालको संविधानमा नै ब्यवस्था भए बमोजिम कानूनी व्यवस्थाद्वारा यस विषयलाई छरितो सहजरूपमा प्रत्याभूत गर्न सकिने नागरिक अधिकारको रूपमा व्यवस्थित गर्नु पर्दछ।

(ध) लैङ्गिकता र विकास, महिला विकास र सशक्तीकरण सम्बन्धी पछिल्लो अवधारणा हो। यसलाई युवा वर्गमा समेत बोध गराई लैङ्गिक संवेदनशील समाज र राष्ट्र निर्माण गर्ने प्रयोजनार्थ विद्यालयको पाठ्यक्रममा लैङ्गिक सवाललाई समेट्नु पर्दछ। यसबाट लैङ्गिक हिंसा निवारणका लागि समेत महत्वपूर्ण भूमिका निर्वाह हुन सक्दछ।

(न) पछिल्लो समयमा महिला हिंसाका घटनाहरू विद्युतीय अपराधको रूपमा पनि देखापरिरहेका छन्। यसको न्युनिकरणका लागि विद्यालय एवम् क्याम्पसहरूमा सचेतना अभिवृद्धि गर्ने किसिमका कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ।

(प) मानव र बालबालिकाहरू मानव बेचबिखन ओसारपसारको जोखिममा रहेको हुनाले उच्च जोखिमको क्षेत्र र समुदाय पहिचान गरी तत् तत् समुदाय केन्द्रित रणनीति र क्रियाकलापहरू तय गरी मानवबेचबिखन

तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना तय गर्नु पर्दछ।

(फ) संघीय, प्रादेशिक एवम् स्थानीय तहका सबै सार्वजनिक निकायमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गरी कार्य विवरण सहित खटाउनु पर्ने देखिन्छ । लैङ्गिक सम्पर्क बिन्दुको व्यवस्थाबाट विकासमा लैङ्गिक मूलप्रवाहीकरण गर्न, लैङ्गिक मैत्री सार्वजनिक सेवा प्रवाह गर्न, लैङ्गिक हिंसा निवारण गर्न, कार्यस्थलमा हुने हिंसा न्यूनीकरण गर्न लैङ्गिक सम्पर्क व्यक्तिको अभ्यास अत्यन्त प्रभावकारी हुने देखिन्छ । यस किसिमको जिम्मेवारी सार्वजनिक निकायहरूमा गर्नु अन्तर्राष्ट्रिय अभ्यास पनि हो ।

(ब) राष्ट्रिय कानूनहरू लैङ्गिक मैत्री बनाउन भएका प्रयासहरूको प्रभावकारितालाई आधार मानी सबै कानूनहरू लैङ्गिक मैत्री बनाउन मौजुदा कानूनमा गर्नु पर्ने सुधारलाई निरन्तरता दिनु पर्दछ ।

(भ) असँगठित क्षेत्रमा काम गर्ने एवम् मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाहरूको श्रमको सम्मान गर्दै अन्तर्राष्ट्रिय मापदण्डको पारिश्रमिक र सुविधा सहित मर्यादित काम (Decent Work) को रूपमा विकास गर्ने कानूनी व्यवस्था गर्नुपर्छ ।

(म) लैङ्गिक हिंसाका पीडितहरू राष्ट्रिय महिला आयोगमा न्यायका लागि आउने केही घटनाहरू मध्ये हिंसाको घटना घटाइसकेपछि अन्य मुलुकका लागि भिसा प्राप्त गरेको अवस्थामा पीडक भिसा प्राप्त मुलुकमा फरार हुनुले न्यायको प्रक्रियामा जटिलता र ढिलासुस्ती हुने हुँदा राष्ट्रिय महिला आयोगको सिफारिसमा लैङ्गिक हिंसाको घटनामा संलग्न पुरुषको बाह्य मुलुकमा प्रस्थान हुन नसक्ने गरी व्यवस्था हुनु पर्दछ।

(य) ठूलो संख्यामा नेपाली महिलाहरू वैदेशिक रोजगारमा गई आफूलाई आर्थिक रूपमा सशक्त बनाउन प्रयासरत् रहेको दखिन्छ । कतिपय महिलाहरू वैदेशिक रोजगारीको प्रयास गर्दा गर्दै मानव बेचबिखन तथा ओसारपसारमा पर्नुका साथै अमर्यादित काममा संलग्न हुन बाध्य भएको देखिएको छ । वैदेशिक रोजगारीमा जाने महिलाको मर्यादित श्रमको सुनिश्चितताका लागि कामको प्रकृति र रोजगारदाता सम्बन्धमा महिला वैदेशिक रोजगारीको लागि विशेष मापदण्ड पुरा गरी पठाउने गरी व्यवस्था गर्नु पर्दछ ।

## ११.५ आयोगको भावी कार्यदिशा:

**आयोगले निर्धारण गरेका प्राथमिकताका क्षेत्रहरूको सारांश :**

(क) आयोगको तेस्रो रणनीतिक योजना २०७८/७९ - २०८२/८३ तर्जुमा भई कार्यान्वयनमा आइसकेकोले आयोगका गतिविधि, कार्यक्रमहरू, समन्वय, सहकार्य, अनुगमन, मूल्याङ्कन र सिफारिसको कार्य रणनीतिक योजनालाई परिणाममुखी बनाउने तर्फ उन्मुख गराउने ।

(ख) नेपालको संविधानमा आयोगको प्रदेश कार्यालय स्थापना गर्न सकिने व्यवस्था भए बमोजिम प्रदेश कार्यालय स्थापनाका लागि कार्य प्रक्रिया अघि बढाउने ।

(ग) लैङ्गिक हिंसा तथा घरेलु हिंसाका पीडित तथा प्रभावित महिलाहरूलाई सेवा प्रवाह गर्न स्थापित, "**खबर**

**गरौं ११४५ हेल्पलाइन सेवा**" को संरचना र दरबन्दी स्थायी प्रकृतिको हुने गरी संस्थागत सुधार गर्ने ।

(घ) महिलाको हक, हितसँग सम्बन्धित कानूनका नेपाल पक्ष भएका महिला हक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता अन्तर्गतको दायित्व वा प्रतिबद्धताको कार्यान्वयन स्थितिको सघन अनुगमन गरी प्रभावकारी कार्यान्वयनका लागि सुझावहरू पेश गर्ने ।

(ङ.) लैङ्गिक हिंसाको अवस्था चित्रण हुने गरी विस्तृत तथ्याङ्क संकलन, विश्लेषण र प्रतिवेदन समेत तयार गरी सो बमोजिम लैङ्गिक हिसा निवारणको लागि आवश्यक व्यवस्था गर्न सरकारलाई सिफारिस गर्ने ।

(च) आयोगको आफ्नै कार्यालय भवन नभएकोले सेवाग्राहीको प्रकृति अनुसार सेवा प्रवाह गर्न कठिनाई परिरहेको हुँदा लैङ्गिक हिंसाका पीडित महिलाहरू नै आयोगका मुख्य सेवाग्राही भएकोले पीडित मैत्री सुविधा सम्पन्न भवनको व्यवस्था गर्ने ।

(छ) लैङ्गिक हिंसा तथा घरेलु हिंसाका पीडितहरूको उजुरी संख्या दिनानुदिन बढ्दै गएकोले सोही बमोजिको सेवा प्रवाहको व्यवस्था हुन सक्ने गरी आयोगको सँगठन संरचनाका लागि सँगठन तथा व्यवस्थापन सर्वेक्षण गरी उपयुक्त आकारको संरचना बनाउने ।

(ज) आयोगका पदाधिकारी एवम् कर्मचारीहरूलाई आयोगको कार्यालय सञ्चालन तथा सेवा प्रवाहको सम्बन्धमा एवम् नीतिगत निर्णयहरू समेत गर्न सक्ने गरी पदको जिम्मेवारी अनुसारको क्षमता विकास गर्ने ।

(झ) लैङ्गिक हिंसाबाट पीडित महिलाहरूलाई आवश्यक सीप सिकाई, आफ्ना जीविकोपार्जन गर्न सक्ने गरी आयआर्जन गर्न सक्षम बनाउने कार्यक्रम तर्जुमा गर्न सम्वन्धित सरकारी निकायलाई सिफारिस गर्ने ।

(ञ) लैङ्गिक हिंसाबाट पीडित/प्रभावित भएर आउने मध्ये पनि अपाङ्गता भएका महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, ज्येष्ठ महिला जस्ता विशेष अवस्थाका महिलालाई सेवा दिन सक्ने गरी विशेष किसिमको जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहमा परिचालन गर्ने ।

(ट) महिलाको सवालमा कार्यरत एवम् लैङ्गिक हिंसाका पीडितहरूको क्षेत्रमा कार्यरत गैरसरकारी संस्था तथा समुदायमा आधारित सँगठनहरूको तथ्याङ्क तयार गरी त्यस्ता संस्था उपर अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ठ) सरकारी, गैरसरकारी र विकास साझेदार लगायत सरोकारवाला निकायहरू वीच समन्वय र सहकार्य वृद्धि गर्न आवश्यक कार्यगत पहल गरी राज्यका सबै तह र संरचनामा लैङ्गिक न्याय र लैङ्गिक समानता सुनिश्चित गर्ने ।

(ड) नीतिगत तहमा महिलाको पहुँच स्थापित गराउन संघ, प्रदेश र स्थानीय तहका सरोकारवालासँग समन्वय र सहकार्य गर्ने ।

(ढ) हिंसा पीडित महिलाहरूको उद्धार, राहत र पुनःस्थापना गर्ने तथा लैङ्गिक हिंसा हुन नदिन आवश्यक पहल गर्न सक्ने किसिमको प्रदेशस्तरीय लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल गठन गर्ने ।

(ण) स्थानीय तहबाट हुने न्याय निरूपणको कार्य थप प्रभावकारी बनाउन संरचनागत सुधार गरी प्रत्येक

स्थानीय तहका न्यायिक समितिको क्षमता विकासका विशेष कार्यक्कमहरू संचालन गर्ने ।

(त) हिंसा पीडित महिलाहरूको लागि प्रभावकारी सेवाहरू उपलब्ध गराउन विभिन्न सेवा प्रदायक संस्थाहरू लगायत नेपाल प्रहरी, सरकारी अस्पतालमा रहेको एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) र अन्य सरकारी तथा गैरसरकारी निकाय वीच समन्वय र सहकार्य गर्ने ।

(थ) आयोगको अनुसन्धान/अध्ययन गर्न सक्ने क्षमता अभिवृद्धि गरी आवश्यक अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई तथ्यमा आधारित लैङ्गिक नीति तर्जुमा गर्न प्रेरित गर्ने ।

(द) आयोगबाट सञ्चालन हुने अन्तरक्रिया, छलफल, परामर्श, अध्ययन, अनुसन्धान आदि क्रियाकलापमा सहजीकरण गर्न सक्ने विज्ञको रोष्टर तयार गर्ने ।

(ध) आयोगबाट सिफारिस गर्ने तथा सुझाव पेश गर्ने भूमिकालाई थप वस्तुनिष्ठ बनाउन तथ्याङ्क व्यवस्थापनको कार्य प्रभावकारी बनाउने ।

(न) विषयगत मन्त्रालय, विभाग, आयोग तथा सवै सरकारी निकायमा लैङ्गिक सम्पर्क बिन्दुहरूको भूमिका प्रभावकारी बनाउन आवश्यक सुझाव पेश गर्ने । आयोगको सक्रियतामा सम्पर्क सञ्जाल गठन र परिचालन गर्ने ।

(प) महिला अधिकार संरक्षण र प्रवर्द्धन गर्नका लागि विभिन्न संवैधानिक निकायहरूसँग सहकार्य गर्ने । आयोगको कार्यालय परिसरभित्र महिला सम्बन्धी अन्तर्राष्ट्रिय/राष्ट्रिय कानून, गतिविधिहरू, घटनाहरू, तथ्याङ्क, जानकारी उपलब्ध हुन सक्ने किसिमको सूचना केन्द्र स्थापना गर्ने ।

(फ) सूचना प्रविधिको प्रयोग गरी हिंसा पीडित महिला तथा बालबालिकालाई प्रदान गरिँदै आएको सेवालाई टेलिफोन, अनलाइन तथा मोबाइल एप्सको समेत प्रयोग गरी ग्रामीण/समुदायस्तरसम्म पुऱ्याउने ।

(ब) प्रथा, परम्परा, रीतिरिवाज, धर्म, संस्कृति एवम् परम्परागत मूल्य मान्यतामा आधारित सोंचबाट सिर्जित हिंसाका घटनाहरू नगण्य बनाउने गरी सचेतनामूलक कार्यक्रम, प्रचारप्रसारको कार्यलाई तीव्रता दिँदै परिणाममुखी बनाउने ।

(भ) समुदायस्तरमा घटने संवेदनशील प्रकृतिका महिला हिंसाका घटनाको सन्दर्भमा तत्काल घटनास्थलमा पुगी अनुगमन गरी पीडकलाई सजाय र पीडितलाई न्याय दिलाउने कार्य सम्पन्न गराउन सक्रिय रहने संयन्त्र तयार गर्ने ।

**आयोगको तेस्रो पाँच वर्षे (२०७८/७९–२०८२/८३) रणनीतिक योजनाले तय गरेका क्षेत्रहरूको बिस्तृतीकरण:**

**(क) राष्ट्रिय महिला आयोगको संस्थागत सुदृढीकरण तथा क्षमता विकास गर्नेतर्फ :**

१.१ आयोगको केन्द्रीय कार्यालयको लागि काठमाण्डौं उपत्यकाभित्र उपयुक्त स्थानमा जग्गाको व्यवस्था गरी महिला मैत्री तथा अपाङ्गता-मैत्री कार्यालय भवनको व्यवस्था गर्ने ।

१.२ आयोगको नयाँ सँगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संविधान, ऐन तथा नियमावलीले तोकेबमोजिमको जिम्मेवारी वहन गर्नसक्ने गरी सँगठनात्मक संरचनामा सुधार गर्ने ।

१.३ सातवटै प्रदेशमा आयोगको प्रदेशस्तरीय कार्यालय स्थापना तथा सञ्चालन गरी आयोगको पहुँच विस्तार गर्ने ।

१.४ आयोगमा सम्बन्धित विषयका विज्ञ जनशक्तिको व्यवस्था गर्ने ।

१.५ आयोगका पदाधिकारीहरूको अवधारणागत स्पष्टता र दक्षता अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गर्ने ।

१.६ आयोगका कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि अध्ययन, तालिम, प्रशिक्षण, अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

१.७ आयोगको अध्ययन अनुसन्धान क्षमता अभिवृद्धि गर्ने ।

१.८ आयोगमा महिला हक अधिकार सम्बन्धमा सुनवाइ,अनुसन्धान तथा अनुगमन संयन्त्रको विकास गरी क्रियाशील बनाउने ।

१.९ आयोगको सल्लाहकारी र सुझाव पेश गर्ने भूमिकालाई थप प्रभावकारी र परिणाममुखी बनाउने ।

१.१० स्थानीय निकायहरू, महिला अधिकारका क्षेत्रमा कार्यरत संघ-संस्था तथा राजनैतिक दलका भगिनी संघ-संस्थासँग कार्यात्मक सञ्जाल स्थापना तथा सुदृढ गर्ने ।

१.११ महिला हक अधिकारको क्षेत्रमा कार्यरत सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूबीच राष्ट्रिय महिला आयोगको समन्वयकारी भूमिकालाई सुदृढ गर्न निरन्तर संवाद र छलफल कार्यक्रमहरू सञ्चालन गर्ने ।

१.१२ महिला हक अधिकारको क्षेत्रमा कार्यरत विज्ञ तथा संघसंस्थाहरूको रोष्टर तयार गरी विशेषज्ञताको उपयोग गर्ने ।

१.१३ आयोगसँग सहकार्य गर्नसक्ने सम्भावित संघसंस्थाहरूको पहिचान गरी सहकार्यका लागि सम्झौता गर्ने ।

१.१४ आयोगको काम कारवाहीलाई सूचना प्रविधिमा आधारित बनाउने ।

१.१५ महिलाको सबालमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्था, सञ्जाल तथा मञ्चहरूसँग समन्वय र रणनीतिक साझेदारी बढाउने ।

१.१६ केन्द्रदेखि स्थानीयस्तरसम्म आयोगका काममा सहयोग पुर्‍याउन संरचना/सञ्जाल (नेटवर्क) को विकास गर्ने ।

१.१७ नेपाल सरकारका लैङ्गिक सम्पर्क बिन्दु/एकाइहरूबीचको सञ्जाललाई सुदृढ र कार्यमूलक बनाउने ।

१.१८ महिला हक अधिकारको सुनिश्चितता र निर्बाध उपभोगका लागि विभिन्न संवैधानिक आयोगहरूसँग सहकार्य र समन्वय गर्ने ।

१.१९ आयोगभित्र महिला हक, अधिकार सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय दस्तावेजहरूको अत्याधुनिक सूचना तथा अभिलेख केन्द्र स्थापना गर्ने ।

(ख) **महिलाको हक, हित र अधिकारसम्बन्धी नीति, कानूनको तर्जुमा, परिमार्जन र कार्यान्वयनको लागि समन्वय, सहजीकरण र पैरवी गर्नेतर्फ :**

२.२० महिलाको हक, हितसम्बन्धी प्रचलित नीति/कानूनको कार्यान्वयन अवस्थाको नियमित अनुगमन गरी सुधार गर्नुपर्ने विषयमा सुझाव पेश गर्ने ।

२.२१ मौजुदा नीति तथा कानूनमा रहेका विभेदकारी प्रावधानहरू सम्बन्धमा अध्ययन गरी सुधार गर्न सम्बन्धित निकायलाई सिफारिश गर्ने ।

२.२२ आयोगबाट प्रदान गरिएका सुझाव तथा सिफारिश गरिएका विषयहरू नेपाल सरकार तथा अन्य निकायबाट कार्यान्वयन भए नभएको अनुगमन गरी प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने ।

२.२३ महिला हक, अधिकारको क्षेत्रमा काम गर्ने विभिन्न संघ/संस्था, सञ्जाल, कार्यसमूह तथा मञ्चहरूसँग कार्यात्मक सम्बन्ध स्थापना गरी नीतिगत तथा कानूनी सुधारका लागि पहल गर्ने ।

२.२४ महिलाको हक, हितसम्बन्धी प्रचलित कानूनमा सुधार गर्नुपर्ने विषयमा विज्ञहरूसँग छलफल अन्तरक्रिया गरी सुधार गर्ने ।

२.२५ महिलाको हक विषयहरू पहिचान गरी यी अधिकारहरूलाई सुनिश्चित गर्न आवश्यक नयाँ विषयमा नीतिगत तथा कानूनी व्यवस्था गर्नुपर्ने सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्ने ।

२.२६ महिला हक अधिकारसम्बन्धी कानून तर्जुमा वा परिमार्जन गर्दा राष्ट्रिय महिला आयोगलाई अनिवार्य रूपमा संलग्न गराउने व्यवस्था अवलम्बन गर्ने ।

२.२७ लैंगिक मुद्दाहरूलाई प्रकाशमा ल्याउने, जनतालाई सुसूचित गराउने र जनमत सिर्जना गर्ने तथा नीति एवं कानून मार्फत सम्बोधनका लागि सरकारलाई सुझाव पेश गर्ने ।

**नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि/सम्झौता अन्तर्गतको दायित्व तथा प्रतिबद्धता कार्यान्वयनको अनुगमन गर्नेतर्फ :**

२.२८ नेपाल पक्ष भएका महिलाको हक अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि/सम्झौता/कार्ययोजना (बेइजिङ्ग कार्ययोजना, सिड महासन्धि, दिगो विकास लक्ष्य सम्बन्धी योजना आदि) अन्तर्गतको दायित्व तथा प्रतिबद्धताहरूलाई राष्ट्रिय नीति, कानून तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गरी प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने ।

२.२९ नेपाल पक्ष भएका महिला सम्बद्ध अन्तर्राष्ट्रिय सन्धि/महासन्धिका प्रावधानहरूलाई राष्ट्रिय कानून तथा नीतिहरूमा समावेश गर्न आवश्यक सुझाव पेश गर्ने ।

२.३० महिलाअधिकारसम्बन्धी महासन्धि, दिगो विकास लक्ष्य, मानव अधिकार सम्बन्धी विश्वव्यापी

आवधिक समीक्षा लगायत राष्ट्रसंघीय प्रस्तावहरूको अध्ययन विश्लेषण गरी कार्यान्वयन गर्न बाँकी विषयमा आवश्यक पहलकदमी लिन सरकारलाई सुझाव पेश गर्ने ।

२.३१ महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) अन्तर्गतको समिति समक्ष पेश गर्नुपर्ने आवधिक प्रतिवेदनमा समावेश गर्नुपर्ने विषयहरू पहिचान गरी नेपाल सरकारलाई राय/सुझाव पेश गर्ने ।

२.३२ अन्तर्राष्ट्रिय प्रतिबद्धता र दायित्व कार्यान्वयनको प्रभावकारिता सम्बन्धमा अनुगमन संयन्त्र स्थापना गरी सूचक सहित अनुगमन तथा प्रतिवेदन गर्ने ।

२.३३ महिला हक अधिकारसम्बन्धी सन्धि/महासन्धि कार्यान्वयनसम्बन्धी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय समिति/ मञ्चहरूमा प्रभावकारी सहभागिता जनाई प्रतिवेदन गर्ने ।

**(ग) लैङ्गिकताको आधारमा महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, विभेद र सामाजिक कुरीतिको अन्त्य गर्न सचेतनामूलक, प्रवर्द्धनात्मक र कानूनी उपचारात्मक कार्यक्रमहरू सञ्चालन गर्नेतर्फ :**

३.३४ महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद, सामाजिक कुरीति विरुद्ध शून्य सहनशीलताको नीतिलाई राज्यको सबै तह र निकायमा प्रभावकारी तवरमा लागू गर्न समन्वय र सहजीकरण गर्ने ।

३.३५ घरेलु तथा लैङ्गिक हिंसा र दुर्व्यवहारबाट पीडित तथा प्रभावित महिलाहरूको तत्काल उद्धार, संरक्षण, राहत तथा पुनःस्थापनाका लागि निःशुल्क हेल्पलाइन सेवा सञ्चालन गर्ने ।

३.३६ सहायता माग गर्ने हिंसा पीडित महिला, किशोरी तथा बालबालिकाहरूलाई आवश्यकतानुसार कानूनी परामर्श, मनोसामाजिक परामर्श, सुरक्षित आश्रयस्थल सेवा उपलब्ध गराउने वा सोका लागि समन्वय गर्ने ।

३.३७ हेल्पलाइन सेवाको गुणस्तरलाई अभिवृद्धि गरी हिंसा पीडित/प्रभावितहरूको मुद्दालाई प्रभावकारी तवरले सम्बोधन गर्ने ।

३.३८ योगमाया नारी जागरण कार्यक्रम मार्फत महिला उपर हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, विभेद र सामाजिक कुरीति जस्तै बोक्सीको आरोप, छाउपडी, दाइजो प्रथा आदि विरुद्ध सचेतनामूलक कार्यक्रमहरू(जस्तै-कुरीतिविरुद्धको अभियान, सार्वजनिक सुनुवाइ, विद्यालयस्तरीय छलफल आदि) सञ्चालन गर्ने ।

३.३९ महिला हिंसालाई नियन्त्रण गर्ने सम्बन्धमा न्यायिक तथा अर्धन्यायिक निकायसँग संवाद/बैठक आयोजना गर्ने ।

३.४० महिला हक अधिकार तथा महिला हिंसा नियन्त्रण सम्बन्धमा सूचना तथा सन्देशमूलक सामग्री उत्पादन गरी वितरण गर्ने ।

३.४१ महिला हिंसासम्बन्धी घटनाको तत्काल सम्बोधनका लागि प्रत्येक स्थानीय तहलाई लैगिंक सम्पर्क व्यक्ति र उनीहरूका लागि निश्चित कार्य निर्देशिका तोक्न पहल गर्ने ।

३.४२ हिंसामा परेका महिलाहरूको तत्काल उद्धार र राहतका लागि सरोकारवाला निकायसँगको समन्वयमा उद्धार साधन (रेस्क्यु भ्यान) को व्यवस्था गरी सञ्चालनमा ल्याउने ।

३.४३ विभिन्न किसिमका लैङ्गिक हिंसामा परी आयोगमा सहायताको लागि सम्पर्कमा आएका तथा तत्काल औषधोपचार गर्नुपर्ने प्रकृतिका पीडितहरूको प्राथमिक स्वास्थ्योपचारको लागि आयोगभित्र Dedicated Primary Help Desk व्यवस्था गर्ने ।

३.४४ सबै तहमा सरकारी तथा गैरसरकारी निकायहरूबाट महिला, वृद्ध वृद्धा, अपाङ्गता भएका महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूलाई प्रदान हुँदै आएका सेवा र सहुलियतपूर्ण सुविधाहरूको सूचनामूलक पुस्तिका तयार गरी वितरण गर्ने ।

३.४५ यौनिक तथा लैङ्गिक अल्पसंख्यकप्रति सामाजिक विभेद र दुर्व्यवहार हटाउन तथा समाजमा पहिचान र सहभागिता अभिवृद्धि गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

३.४६ बालिका, किशोरी एकल तथा ज्येष्ठ महिलाको हक, हित र अधिकारका लागि पैरवी र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

३.४७ हिंसा पीडित महिलालाई आवश्यकता अनुरूपका सेवाहरू प्रदान गर्न सरकारी तथा गैरसरकारी निकायहरूबीच सम्पर्क, समन्वय र सहकार्य गर्ने ।

३.४८ मानव बेचबिखन तथा ओसारपसार र वैदेशिक रोजगारीका क्रममा शोषणमा परेका महिलाहरूको तत्काल उद्धार गरी पुनःस्थापना र पुनः एकीकरण तथा कानूनी उपचार सेवाका लागि सम्बन्धित निकायसँग समन्वय र सहजीकरण गर्ने ।

३.४९ हिंसा पीडित महिलाहरूको तत्काल उद्धार गरी आवश्यक कानूनी,मनोसामाजिक परामर्श सेवा, स्वास्थ्योपचार, सीप तथा क्षमता विकास लगायतका सेवा एकै स्थानबाट उपलब्ध गराउन प्रदेश तथा स्थानीय तहमा एकीकृत पुनःस्थापना सञ्चालनमा ल्याउन समन्वय र सहजीकरण गर्ने ।

३.५० हिंसा पीडित महिला र बालबालिकाहरूको संरक्षणका लागि सञ्चालित पुनःस्थापना केन्द्र,सुधार गृहहरूको नियमित अनुगमन गरी निश्चित मापदण्डभित्र सञ्चालन भए नभएको मूल्याङ्कन गर्ने ।

३.५१ महिलालाई शोषण वा विभेद गर्ने समाजमा विद्यमान कुरीति, अन्धविश्वास, हानिकारक सामाजिक मूल्यमान्यता तथा प्रथा, परम्परा एवं अभ्यासहरूलाई निरुत्साहित र नियन्त्रण गर्न कुरीति मुक्त क्षेत्र घोषणा गर्न पहल गर्ने ।

५.५२ महिला उपर हुने विभिन्न प्रकारका विभेद र हिंसाको अन्त्य गर्न आवश्यक कानूनहरूको तर्जुमा, संशोधन र कार्यान्वयनको लागि सरोकारवाला निकायहरूसँग निरन्तर संवाद र छलफल गर्ने ।

३.५३ महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकारमा प्रत्येक महिलाको सहज पहुँच पुऱ्याउन तथा नेपाल राज्यभर निःशुल्क सेवा उपभोग गर्नसक्ने तुल्याउन सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय गर्ने ।

३.५४ गम्भीर प्रकृतिको लैङ्गिक हिंसामा परेका महिलाहरूका लागि लैङ्गिक हिंसा सहायता कोषबाट सहायता उपलब्ध गराउन आवश्यक समन्वय गर्ने ।

३.५५ लैङ्गिक एवं घरेलु हिंसा पीडित तथा प्रभावित महिलाहरूको उद्धार, राहतलगायतका एकीकृतसेवाका लागि सञ्चालनमा ल्याइएका अस्पतालमा आधारित एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (One Stop Crisis Management Centre) को प्रभावकारी सञ्चालनका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने ।

३.५६ स्थानीय तहमा लैङ्गिक हिंसा पीडितहरूको राहत तथा पुनःस्थापनाका लागि स्थापित कोषबाट हिंसा पीडित तथा प्रभावितहरूलाई आवश्यक सहायता उपलब्ध गराउन समन्वय गर्ने ।

३.५७ आयोगमा लैङ्गिक हिंसा पीडितहरूका लागि तत्काल राहत र उपचारका लागि निश्चित रकम सम्मको सहायता उपलब्ध गराउने गरी सहायता कोष सञ्चालनमा ल्याउने ।

३.५८ लैङ्गिक समानता र महिलाहरूको मानव अधिकारको स्थितिको नियमित तथा प्रभावकारी अनुगमन गर्ने ।

**महिला अधिकार उल्लंघन तथा हिंसाका घटनाको अनुगमन तथा अनुसन्धान गरी पीडित/प्रभावितहरूको उद्धार, सुरक्षा, पुनःस्थापना र न्यायको सुनिश्चितता गर्नेतर्फ :**

३.५९ महिला अधिकार उल्लङ्घनका घटनाको सत्यतथ्य अनुसन्धान गरी दोषी उपर तत्काल कानूनी कारवाही गर्न तथा पीडितलाई यथोचित राहत उपलब्ध गराउन सिफारिश गर्ने ।

३.६० हिंसा पीडित/प्रभावित महिला तथा आश्रित बालबालिकाहरूको सुरक्षा र अल्पकालीन बसोबासका लागि सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय गर्ने ।

३.६१ गम्भीर प्रकृतिका महिला हिंसाका घटनामा विज्ञसहितको अनुगमन टोली तत्काल खटाउन सक्ने गरी अनुगमन टोलीको व्यवस्था गर्ने ।

३.६२ अदालतमा मुद्दा दायर भएका घरेलु तथा लैङ्गिक हिंसा पीडित महिलाको न्यायमा पहुँच बढाउनका लागि सबै न्यायालयहरूमा महिला-मैत्री द्रुत न्याय प्रणाली (फास्ट ट्र्याक कोर्ट), विशेष तथा निरन्तर सुनुवाइको व्यवस्था गर्न पहल गर्ने ।

३.६३ लैङ्गिक तथा यौनजन्य हिंसाका घटनाहरू घट्ने अवस्थामा उद्धारका लागि तत्काल खबर गर्न मिल्ने गरी तयार गरिएको मोवाइल एप्सलाई प्रभावकारी बनाउने ।

३.६४ विभेदयुक्त लैङ्गिक सामाजिकीकरण निरुत्साहित गर्न आधारभूत तहदेखि उच्चशिक्षासम्मको

अध्ययन अध्यापनलाई लैङ्गिक-मैत्री बनाउन सम्बन्धित निकायसँग समन्वय गर्ने ।

३.६५ सबै शिक्षण संस्थान, बैङ्किङ्ग तथा वित्तीय संस्था, नर्सिङ्ग होम, अस्पताल लगायतका संस्थाहरूमा लैङ्गिकमैत्री कार्य वातावरण निर्माण गर्न तथा त्यस्ता संस्थामा महिलामाथि हुने यौनजन्य दुर्व्यवहार तथा हिंसाविरुद्ध उजुरी सुन्ने प्रभावकारी अनुगमन गर्ने संयन्त्रको स्थापना गर्न पहल गर्ने।

३.६६ प्रत्येक अदालतमा कानूनी सहायता उपलब्ध गराउनका लागि नियुक्त वैतनिक कानून व्यवसायीलाई लैङ्गिक हिंसामा परेका महिलाहरूको मुद्दालाई प्राथमिकता दिई कार्य गर्न लगाउन आवश्यक समन्वय गर्ने ।

३.६७ हिंसा पीडितहरूलाई सेवा उपलब्ध गराउन आयोगसँग सहकार्य गरिरहेका संस्थाहरूको अनुगमन गर्ने ।

३.६८ लैङ्गिक हिंसा विरुद्ध निगरानी र अनुगमन बढाई पीडित तथा प्रभावितलाई तत्काल उद्धार तथा राहत प्रदान गर्ने ।

(घ) **राज्यको सबै तह र विषयगत क्षेत्रका नीति तथा कार्यक्रममा महिलाको सरोकार र आवश्यकतालाई सम्बोधन गराउनेतर्फ** :

४.६९ तीनवटै तह (संघ, प्रदेश र स्थानीय तह) का सरकारहरूलाई महिला-मैत्री नीति, कानून तथा कार्यक्रम तर्जुमा गरी लागू गर्न समन्वय र सहजीकरण गर्ने ।

४.७० राज्यका सबै तह र संरचनामा समानुपातिक सहभागिता सुनिश्चित गर्न आवश्यक नीति तथा कार्यक्रम तय गरी कार्यान्वयनका लागि पैरवी र सिफारिश गर्ने ।

४.७१ विद्यमान तथा नयाँ बन्ने विषयगत क्षेत्रका नीति तथा कार्यक्रम कार्यान्वयन तथा तर्जुमा गर्दा महिलाका व्यावहारिक र रणनैतिक आवश्यकतालाई सम्बोधन गर्ने व्यवस्थाका लागि आवश्यक समन्वय गर्ने ।

४.७२ महिला सशक्तीकरण सम्बन्धी कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गर्दा मापनयोग्य सूचकहरूको विकास गराई लागू गराउन समन्वय गर्ने ।

४.७३ विकास प्रयासमा महिलाका आवश्यकता र सरोकारलाई सम्बोधन गर्न सरोकारवाला निकायहरूसँग समन्वय र पैरवी गर्ने ।

४.७४ महिला-मैत्री संरचना निर्माण गर्न सम्बन्धित निकायलाई सिफारिश गर्ने ।

४.७५ समावेशी राज्यको अवधारणालाई आत्मसात गर्दै दलित, आदिवासी जनजाति, मुस्लिम, मधेशी, थारु, अल्पसंख्यक पिछडा वर्ग, एकल, अपाङ्गता भएका, सीमान्तकृत तथा जोखिममा रहेका वर्ग समुदाय र दुर्गम भौगोलिक क्षेत्रका महिलालाई विकासको मूलप्रवाहमा समाहित गर्न

आवश्यक नीतिगत, संरचनागत, कार्यक्रमगत तथा कानूनी प्रबन्धहरूबारे अध्ययन अनुसन्धान गरी सुझाव पेश गर्ने ।

४.७६ नेपाल सरकारद्वारा सञ्चालित गरिबी निवारण, शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका लक्षित कार्यक्रमहरूको योजना र नीतिहरूमा महिलाका सरोकारहरूलाई विशेष प्राथमिकता र महत्व दिन विस्तृत रणनीति तयार गर्ने ।

४.७७ महिला सरोकारका विभिन्न क्षेत्रहरूको पहिचान गरी प्रत्येक क्षेत्रका लागि आयोगको अवधारणा/नीतिपत्र तयार गर्ने ।

४.७८ नीति निर्माण तहमा महिलाको समानुपातिक र अर्थपूर्ण सहभागिताको प्रवर्द्धनका लागि संघीय, प्रदेश तथा स्थानीय तह र क्षेत्रमा आवश्यक नीति, तथा कानून तर्जुमा, पुनरावलोकन एवं परिमार्जन गर्ने कार्यका लागि सम्बद्ध निकायहरूसँग निरन्तर संवाद र छलफल गर्ने ।

४.७९ महिला हक अधिकारको बारेमा सचेतना गोष्ठी, सार्वजनिक सुनुवाइ, विद्यालय तथा क्याम्पसस्तरीय कार्यक्रम, अभियान निरन्तर सञ्चालन गर्ने ।

**विपन्न र सीमान्तकृत महिलालाई प्राथमिकता दिई सबै महिलाको आर्थिक अवसरहरूमा पहुँच र स्वामित्व सुनिश्चित गर्दै आर्थिक सामाजिक रूपान्तरणमा सहयोग पुऱ्याउन समन्वय र सहजीकरण गर्नेतर्फ :**

४.८० स्थानीय स्रोत, साधन र सीपको प्रयोगबाट महिला उद्यमशीलता विकासका कार्यक्रम सञ्चालन गर्न सरकारी, गैर सरकारी तथा निजी संघ संस्थालाई उत्प्रेरित गर्ने ।

४.८१ महिलालाई व्यावसायिक सीप विकास, तालिम आर्जन गर्न सम्बन्धित संस्थासँग समन्वय गर्ने ।

४.८२ आयआर्जन सम्बन्धी उद्यम व्यवसाय गर्न इच्छुक महिलालाई बैंक तथा वित्तीय संस्थाबाट विना धितो वा सहुलियतपूर्ण दरमा कर्जा उपलब्ध गराउन समन्वय गर्ने ।

४.८३ महिला उद्यमी-व्यवसायीबाट उत्पादित वस्तु तथा सेवाको विक्री, प्रवर्द्धन तथा बजार सुनिश्चितताका लागि सङ्कलन केन्द्र, विक्री केन्द्र र कोशेली घर स्थापना र सञ्चालनका लागि आवश्यक पहल गर्ने ।

४.८४ सामाजिक उत्तरदायित्व कोष अन्तर्गतको निश्चित रकम महिला सशक्तीकरण कार्यमा उपयोग गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने ।

४.८५ अपाङ्गता भएका महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको क्षमता अभिवृद्धि गरी रोजगारीमा पहुँच बढाउन आवश्यक सहजीकरण र समन्वय गर्ने ।

४.८६ विपन्न तथा ग्रामीण महिलाको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि विशेष कार्यक्रम सञ्चालन गर्न सम्बन्धित निकायलाई उत्प्रेरित गर्ने ।

४.८७ स्थानीय तहलाई महिला जागृति र महिला विकास कार्यक्रमका असल अभ्यास सञ्चालन गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने ।

४.८८ गरिब, विपन्न, दलित, आदिवासी जनजाति, एकल, अपाङ्गता भएका तथा सामाजिक वञ्चितिमा परेका सबै समुदायका महिला, किशोरी तथा बालिकाहरूको लागि आय आर्जन र क्षमता विकास कार्यक्रम सञ्चालन गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने ।

४.८९ महिलाको आत्मनिर्भरता र उद्यमशीलता विकासका लागि सञ्चालित राष्ट्रपति महिला उत्थान कार्यक्रमसँग समन्वय र सहजीकरण गर्ने ।

**लैङ्गिक समानता, महिला सशक्तीकरण तथा लैङ्गिक न्याय सुनिश्चित गर्न अध्ययन अनुसन्धान गरी नीतिगत सुझाव दिनेतर्फ :**

४.९० राज्यका सबै तह र संरचनामा लैङ्गिक समानता, महिला सशक्तीकरण तथा न्याय सुनिश्चित गर्न अवलम्बन गर्नुपर्ने नीति तथा कानून र सञ्चालनमा ल्याउनुपर्ने कार्यक्रम सम्बन्धमा अध्ययन अनुसन्धान गरी सरकारलाई पृष्ठपोषण गर्ने ।

४.९१ नेपाल सरकारबाट सञ्चालित कार्यक्रमहरू लैङ्गिक मैत्री भए नभएको अध्ययन गरी सुधारका लागि सुझाव पेश गर्ने ।

४.९२ महिला हक अधिकारको प्रचलनलाई प्रभावकारी बनाउन गर्नुपर्ने सुधारका विषयहरू पहिचान गर्न अध्ययन अनुसन्धान गर्ने ।

४.९३ महिलाहरूको स्वास्थ्य, शिक्षा तथा रोजगारीमा पहुँच एवं अर्थतन्त्र तथा सामाजिक सुधारमा योगदान सम्बन्धी विषयमा अध्ययन अनुसन्धान मार्फत नीतिगत हस्तक्षेप (policy intervention) का क्षेत्र पहिचान गरी सिफारिश गर्ने ।

४.९४ कानूनमा रहेका असमानता र महिलाका जैविक आवश्यकताको स्थिति सम्बन्धमा नियमित अनुगमन, अध्ययन, अनुसन्धान गरी सिफारिस गर्ने ।

४.९५ अध्ययनको आधारमा सम्बद्ध सरोकारवाला पक्षहरूसँग जनवकालत, सार्वजनिक सुनुवाइ र सञ्चार क्षेत्रहरूसँगको सहकार्य बढाउने ।

**लैङ्गिक उत्तरदायी शासन पद्धतिको स्थापना र विकासमा सहयोग गर्नेतर्फ :**

४.९६ नेपाल सरकारका सबै मन्त्रालय तथा निकायहरूबाट तर्जुमा तथा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक दृष्टिकोणले विश्लेषण गर्न लगाउन आवश्यक समन्वय र सहजीकरण गर्ने ।

४.९७ लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई संघदेखि प्रदेश र स्थानीय तहसम्म संस्थागत गर्न आवश्यक समन्वय गर्ने ।

४.९८ लैङ्गिक सशक्तीकरण सूचकाङ्क समेतलाई आधार लिई प्रदेश तथा स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्ने व्यवस्था अवलम्बन गर्न समन्वय गर्ने ।

४.९९ सबै तहमा लैङ्गिक लेखापरीक्षण पद्धतिलाई लागू गराउन पहल गर्ने ।

४.१०० प्रत्येक निकायको लैङ्गिक स्थितिको विश्लेषण सहित कार्यक्रम तर्जुमा गर्ने अभ्यास बसाउन सहजीकरण गर्ने ।

४.१०१ प्रत्येक निकायले वार्षिक कार्यक्रम तर्जुमा गर्दा महिला लक्षित कार्यक्रममा निश्चित प्रतिशत बजेट विनियोजन गर्ने पद्धति अवलम्बन गर्न उत्प्रेरित गर्ने ।

४.१०२ लैङ्गिक मूलप्रवाहीकरणको लागि विभिन्न दातृ संस्थाहरू, स्थानीय सरकारहरू तथा गै.स.स.हरूसँग सहकार्य गर्ने ।

४.१०३ निर्वाचनमा महिलाको सहभागिता र प्रतिनिधित्व सम्बन्धमा अनुगमन गरी सुझाव तयार गर्ने ।

४.१०४ मतदान केन्द्रको स्थापना र सञ्चालन लैङ्गिक-मैत्री हिसाबले भए नभएको अनुगमन गरी नभएको अवस्थामा सुधार गर्न सुझाव दिने ।

अनुसुची–१

## आ.व.२०७८/७९ मा राष्ट्रिय महिला आयोगमा कार्यरत कर्मचारीहरूको विवरण

| क्र. सं. | पद | कर्मचारीको नाम, थर |
|---|---|---|
| १ | सचिव | श्री कविराज पौडेल |
| २ | उपसचिव (प्रशासन) | श्री ओमकार शाह |
| ३ | उपसचिव (प्रशासन) | श्री गिरीराज ज्ञवाली |
| ४ | प्र.म.वि.अ. (विविध) | श्री सिता अधिकारी |
| ५ | उपसचिव (कानून) | श्री चमिला भट्टराई |
| ६ | शाखा अधिकृत | श्री विष्णुकुमारी न्यौपाने |
| ७ | महिला विकास अधिकृत | श्री रोशनी श्रेष्ठ |
| ८ | सरकारी वकिल | श्री वर्षा ढकाल |
| ९ | कानून अधिकृत | श्री आश्रृति पोखरेल |
| १० | नायब सुब्बा | श्री अच्यूत प्रसाद ढुंगाना |
| ११ | नायब सुब्बा | श्री अनन्त घिमिरे |
| १२ | नायब सुब्बा | श्री सुरेन्द्र थापा |
| १३ | नायब सुब्बा | श्री दुर्गादेवी खनाल |
| १४ | नायब सुब्बा | श्री सुनिता थापा |
| १५ | लेखापाल | श्री अशोक आचार्य |
| १६ | म.वि.नि. | श्री देवी पण्डित |
| १७ | कम्प्युटर अपरेटर | श्री वीणा नेम्कुल |
| १८ | कम्प्युटर अपरेटर | श्री भाग्य नारायण झा |
| १९ | कम्प्युटर अपरेटर | श्री अस्मिता के.सी. |
| २० | अ.न.मि | श्री तुलसा कुमारी कटुवाल घिमिरे |
| २१ | स.म.वि.नि. | श्री बिमला अधिकारी (कामकाज) |
| २२ | हलुका सवारी चालक | श्री रामचन्द्र थापा (करार) |
| २३ | हलुका सवारी चालक | श्री विनोद कोइराला (करार) |

| | | |
|---|---|---|
| २४ | हलुका सवारी चालक | श्री कमल विश्वकर्मा (करार) |
| २५ | हलुका सवारी चालक | श्री कुमार राउत (करार) |
| २६ | हलुका सवारी चालक | श्री राजकुमार तामाङ्ग (करार) |
| २७ | हलुका सवारी चालक | श्री विजय राउत (करार) |
| २८ | हलुका सवारी चालक | श्री उमेश के.सी. (करार) |
| २९ | कार्यालय सहयोगी | श्री सानुमैयाँ चौधरी (करार) |
| ३० | कार्यालय सहयोगी | श्री गंगा फुयाँल (करार) |
| ३१ | कार्यालय सहयोगी | श्री लक्ष्मी ज्ञवाली (करार) |
| ३२ | कार्यालय सहयोगी | श्री कृष्ण बहादुर बुढापिर्ती (करार) |
| ३३ | कार्यालय सहयोगी | श्री गीता फुयाँल (करार) |
| ३४ | स्वीपर | श्री गीता खड्गी (करार) |
| ३५ | माली | श्री दुर्गादेवी नगरकोटी (करार) |

**हेल्पलाइन सेवामा अस्थायी दरबन्दिमा कार्यरत कर्मचारिहरूको विवरण**

| क्र.सं. | पद | कर्मचारीको नाम, थर |
|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत | श्री रामसुन्दर सापकोटा |
| २ | कानून अधिकृत | श्री सदिक्षा ढकाल |
| ३ | कानून अधिकृत | श्री मुना चौलागाईं |
| ४ | मनोसामाजिक परामर्शदाता | श्री पार्वती सुवेदी |
| ५ | हेल्पलाइन अधिकृत | श्री कविता खड्का |
| ६ | हेल्पलाइन अधिकृत | श्री शारदा शर्मा |
| ७ | हेल्पलाइन अधिकृत | श्री भवानी रोक्का |
| ८ | हेल्पलाइन अधिकृत | श्री निशा बस्नेत |
| ९ | हेल्पलाइन अधिकृत | श्री अस्मिता श्रेष्ठ |
| १० | हेल्पलाइन अधिकृत | श्री सुनिता सिन्तान लामा |
| ११ | हेल्पलाइन अधिकृत | श्री रमा श्रेष्ठ |
| १२ | हेल्पलाइन अधिकृत | श्री अन्जना वि.क. |
| १३ | हेल्पलाइन अधिकृत | श्री दिपा कुमारी ठाकुर |

| | | |
|---|---|---|
| १४ | हेल्पलाइन अधिकृत | श्री संगिता शाह |
| १५ | कार्यालय सहयोगी | श्री सुनिता प्याकुरेल |
| १६ | कार्यालय सहयोगी | श्री सुदिप गुरुङ |
| १७ | हलुका सवारी चालक | श्री नारन थापा |
| **नेपाल प्रहरीबाट** | | |
| **क्र.सं.** | **पद** | **कर्मचारीको नाम, थर** |
| १ | प्रहरी हवल्दार | मिना गिरी |
| २ | प्रहरी जवान | मञ्जु कुँवर |
| **Volunteer Service Organization (VSO Nepal) बाट** | | |
| **क्र.सं.** | **पद** | **कर्मचारीको नाम, थर** |
| १ | NVGBV | श्री राधा तण्डुकार |
| **Transcultural Psychological Organization (TPO Nepal) बाट** | | |
| **क्र.सं.** | **पद** | **कर्मचारीको नाम, थर** |
| १ | मनोसामाजिक मनो-विमर्शकर्ता | श्री मान कुमारी थापा |

अनुसूची–२

# राष्ट्रिय महिला आयोग

भ›कालीप्लाजा, काठमाडौ

## राष्ट्रिय महिला आयोगका पदाधिकारी, कर्मचारी तथा स्वयंसेवकहरूले पालना गर्नुपर्ने

## आचरण

१. सबै सेवाग्राहीप्रति शिष्ट र मर्यादित व्यवहार गर्ने ।

२. आयोगको गरिमा र मर्यादा राखी कार्य सम्पादन गर्ने ।

३. आयोगको कार्यालयभित्र, बाहिर र अन्य संघ संस्थाको समन्वयमा गरिने कार्यव्यवहार तथा अभिव्यक्तिहरू शिष्ट मर्यादित र लैंगिक संवेदनशील हुनुपर्ने ।

४. आफ्नो पदीय जिम्मेवारीलाई मर्यादापूर्वक बहन गरी निष्पक्ष, स्वच्छ तथा छरितो रुपमा कार्यसम्पादन र सेवा प्रदान गर्नुपर्ने ।

५. कार्यालयभित्र तथा बाहिर लैंगिक भेदभाव, घरेलु हिंसा, यौनजन्य हिंसा, दुर्व्यवहार (शारीरिक मानसिक तथा मौखिक) गर्न नहुने ।

६. अधिकारको दुरुपयोग, आर्थिक अपारदर्शिता र भ्रष्टाचारजन्य कार्यप्रति शून्य सहनशीलता अपनाउने ।

७. आयोगको गम्भीर प्रकृतिको काम र सेवामा आवश्यक गोपनीयता र संवेदनशीलता अपनाउने ।

८. कसैलाई पनि जातीय, वर्गीय, शारीरिक अशक्तता, वैवाहिक स्थिति, लैंडिक पहिचान, यौनिकता जस्ता सामाजिक विविधताको आधारमा भेदभाव नगर्ने ।

९. आयोगको कार्य सम्पादन समयमा पदाधिकारी, कर्मचारी, स्वयंसेवक तथा सेवाग्राही समेतलाई धूम्रपान तथा मदिराजन्य पदार्थ सेवन गर्न पूर्णतः निषेध हुनेछ ।

१०. पदाधिकारी, कर्मचारी तथा स्वयंसेवकहरूले आफ्नो जिम्मेवारी सम्पादन गर्दा प्रचलित कानून र विधिको पूर्ण पालना गर्ने।

११. आयोगबाट सेवा प्रदान गर्ने क्रममा स्वच्छ, निष्पक्ष रूपमा इमान्दारीपूर्वक तथा कसैप्रति कुनै पूर्वाग्रह नराखी सेवा प्रवाह गर्ने।

१२. आफूभन्दा माथिका सबै कर्मचारी, स्वयंसेवकहरूप्रति उचित आदर प्रकट गर्ने र आफू मातहतका कर्मचारी, स्वयंसेवकहरूप्रति उचित व्यवहार गर्ने।

१३. सेवा र पद अनुकूलको आचरण पालन गर्ने ।

१४. कसैलाई पनि मानसिक तथा शारीरिक यातना दिन नहुने ।

१५. आधारभूत मानवीय मूल्य र मान्यतालाई सम्मान गर्ने ।

अनुसूची ३

# आ.व. २०७८/७९ को स्वीकृत कार्यक्रमको वार्षिक प्रगति विवरण

| | | वार्षिक लक्ष्य | | | कार्यान्वयनको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | एकाइ | परिमाण | बजेट रु. लाखमा | भौतिकप्रगति (प्रतिशत%) | (खर्च लाखमा) | वित्तीय प्रगति (प्रतिशत%) | कैफियत |
| २.६.१.४ | पदाधिकारी तथा कर्मचारी क्षमता अभिवृद्धि, (क) तनाव व्यवस्थापन तथासकारात्मक सोच सम्बन्धी र (ख)निती योजना तर्जुमा, सार्वजनिक खरिद, मानव अधिकारलगायत विषयमा | पटक | १ | ९ | १००% | ८.९ | ९८.८९% | |
| २.७.२५.१०० | महिला उद्यमशिलता विकासका लागि सरोकारवालाहरु सँग अन्तरक्रियाकार्यक्रम ६ प्रदेश १/१ पटक | पटक | ६ | ९.९६ | ०.८३% | ६.१ | ६१.२४% | |
| २.७.२५.१०१ | संघीय शासन व्यवस्थामा विपनून महिलाका लागि संघीय सरकार, प्रदेशसरकार र स्थानीय तहबाट सञ्चालन भएका कार्यक्रमहरुको लेखाजोखा अध्ययन, प्रतिवेदन, छपाई तथा सिफारिस | पटक | १ | १२.४५ | ०% | ०.०३ | ०.२४% | |
| २.७.२५.१०२ | निर्वाचनको लैंगिक अनुगमन तथा प्रतिवेदन | पटक | १ | ८.३ | १००% | ५.९५ | ७१.६९% | |
| २.७.२५.१०३ | बालविवाह, प्रजनन स्वास्थ्य, गर्भपतनको विषयमा अध्ययन अनुसन्धान रसिफारिस | पटक | १ | १२.४५ | ०% | ० | ०% | |
| २.७.२५.१०४ | महिला, बालबालिका र किशोरी माथि भइरहेका यौनजन्य हिँसाहरुको अध्ययनतथा विश्लेषण र प्रतिवेदन | पटक | १ | १२.४५ | ०% | ० | ०% | |
| २.७.२५.४९ | आयोगका क्रियाकलापका सम्वन्धमा चौमासिक पत्रकार अन्तर्क्रियाकार्यक्रम। | पटक | ३ | २.४९ | १००% | १.०१ | ४०.५६% | |
| २.७.२५.५० | हेल्प लाईन स्थापना दिवस मनाउने | पटक | १ | २.४९ | १००% | १.३१ | ५२.६१% | |
| २.७.२५.५१ | आश्रयस्थल (सेफ हाउस, ज्येष्ठ नागरिक आवासगृह) ओसिएमसि, महिला तथाबालबलिका सेवा केन्द्र लगायतको अनुगमन र प्रतिवेदन तथा सिफारिस | वटा | १ | ४.९८ | ०% | ० | ०% | |
| २.७.२५.५४ | महिला हक हित र अधिकारका विषायमा मुद्दा पहिचान तथा उठान गर्नविभिन्न सरोकारवाला निकायहरुसग समन्वयात्मक वैठक १२ वटा | वटा | १२ | ६.६४ | ५०% | २.५६ | ३८.५५% | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.७.२५.५५ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन (नोभेम्बर २५ देखिडिसेम्बर १०) | पटक | १ | ४.१५ | १००% | ४ | ९६.३९% | |
| २.७.२५.५६ | महिला आयोगको स्थापना दिवस ( उत्कृष्ट नारी सम्मान, उत्कृष्टकर्मचारी पुरस्कार, सम्मान लगायत) | पटक | १ | ४.९८ | १००% | २.६९ | ५४.०२% | |
| २.७.२५.५७ | अन्तराष्ट्रिय श्रमिक महिला दिवस (मार्च ८) | पटक | १ | ३.३२ | १००% | १.६२ | ४८.८०% | |
| २.७.२५.५८ | राष्ट्रिय महिला आयोगको वार्षिक प्रतिवेदन तयारी प्रकाशन तथा वितरण | पटक | १ | ४.९८ | १००% | ४.९८ | १००% | |
| २.७.२५.५९ | आयोगको वार्षिक क्यालेण्डर छपाइ प्रकाशन तथा वितरण | पटक | १ | २.४९ | ०% | ० | ०% | |
| २.७.२५.६० | महिला अधिकारका विषयमा सचेतनामुलक सामाग्री तयारी प्रकाशन तथावितरण, महिला अधिकार वर्षपुस्तक प्रकाशन | संख्या | १ | ८.३ | १००% | ८.२ | ९८.८०% | |
| २.७.२५.६१ | नेपाल पक्ष रहेका महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनगर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी CEDAW तथा अन्य SDGS लगायतकाअन्तर्राष्ट्रिय दस्ताबेजहरुको कार्यान्वियनसम्बन्धी सातै प्रदेशमा अन्तर्क्रियाकार्यक्रम | वटा | ७ | २३.२४ | ८५% | १४.१६ | ६०.९३% | |
| २.७.२५.७१ | रेडियो नेपाल वा एफ.एमवाट महिला अधिकार र महिला हिंसा विरुद्धकासूचना मूलक कार्यक्रमहरु उत्पादन तथा प्रसारण गर्ने ( योगमाया नारी जागरणकार्यक्रम ) | वटा | ४ | ११.६२ | १००% | ११.५९ | ९९.७४% | |
| **२२५२२** | विद्यालय स्तरमा हुने महिला हिंसा निवारणको सम्बन्धमा शिक्षकविद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारी संगको अभिमुखिकरण कार्यक्रम | वटा | १० | २४.९ | १००% | १२.३५ | ४९.६०% | |
| २.७.२५.७३ | वैदेशिक रोजगारीमा जाने महिलाको सुरक्षा र सेवाको सुनिश्चितताकाविषयमा श्रम तथा रोजगार मन्त्रालय,श्रम विभाग सहित अन्य सरोकारवाला निकायसँगकार्यशाला गोष्ठी केन्द्र स्तरमा १ वटा(योगमाया नारी जागरण कार्यक्रम) | पटक | १ | २.४९ | १००% | २.३८ | ९५.५८% | |
| २.७.२५.७४ | स्थानीय तहमा न्यायीक समिति तथा पदाधिकारीहरुबीच लैङ्गिक हिंसानिवारणका असल अभ्यास र न्यायमा पहूँच सम्बन्धी अन्तरक्रिया कार्यक्रम १०वटा (योगमाया नारी जागरण कार्यक्रम) | पटक | १० | २४.९ | १००% | १८.९१ | ७६% | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.७.२५.७५ | अपाङ्गता भएका महिलाहरुको हक अधिकार संरक्षणका विषयमा सरोकारवालानिकायवीच अन्तरक्रिया (योगमाया नारी जागरण कार्यक्रम) | वटा | १ | २.४९ | १००% | १.९ | ७६.३१% | |
| २.७.२५.७६ | लैङ्गिक तथा यौनिक अल्पसंख्यकको सवालमा अन्तरकृयाकेन्द्रीय स्तरमा(योगमाया नारी जागरण कार्यक्रम) | वटा | १ | २.४९ | १००% | २.२१ | ८८.७६% | |
| २.७.२५.७७ | ज्येष्ठ नागरिकमाथि हुने अवहेलना, दुर्व्यबहार र हिंसा विरुद्दज्येष्ठ महिलाको सुरक्षाको सवालमा अन्तरकृया (योगमाया नारी जागरण कार्यक्रम) | वटा | १ | २.४९ | १००% | ०.७ | २८.११% | |
| २.७.७८ | लैंगिक हिंसाका कारण मानसिक र प्रजनन स्वास्थ्यमा पर्ने नकारात्मकअसरबारे अन्तरकृया(योगमाया नारी जागरण कार्यक्रम) | वटा | १ | २.४९ | ०% | ० | ०% | |
| २.७.२५.७९ | अकस्मात आइपर्ने महिला हिंसाका घटनामा तत्काल घटना अध्ययन, उद्धारपुनर्स्थापना र राहत प्याकेज, स्थलगत अवलोकन अनुसन्धान(योगमाया नारी जागरणकार्यक्रम) | वटा | ४ | २०.७५ | ०% | ०.७८ | ३.७६% | |
| २.७.२५.८० | सुरक्षा निकायसंग महिला हिंसा निवारणको लागि रणनीतिकयोजना बैठक रअन्तरक्रिया ४ पटक(योगमाया नारी जागरण कार्यक्रम) | वटा | ४ | ३.३२ | ७५% | २.४७ | ७४.४०% | |
| २.७.२५.८१ | महिला हिंसा निवारणका लागि नीतिगत प्रभाव पार्ने पाठ्यक्रम विकासकेन्द्र लगायत शैक्षिक प्रतिष्ठानसंग अन्तरक्रिया २ वटा(योगमाया नारी जागरणकार्यक्रम) | वटा | २ | ४.१५ | ३३.३३% | १.०६ | २५.५४% | |
| २.७.२५.८२ | नीतिगत जागरणका लागि विभिन्न मन्त्रालय र विभागका लैंगिक सम्पर्कविन्दु/शाखासँग सहकार्य बैठक २वटा केन्द्रीयस्तरमा (योगमाया नारी जागरणकार्यक्रम) | वटा | २ | ३.३२ | १००% | ०.८७ | २६.२०% | |
| २.७.२५.८३ | महिला हिंसा निवारणको अभियानलाई प्रभावकारी बनाउन सामाजिक, राजनैतिक क्षेत्रका युवाहरुसँग अन्तर्क्रिया ३ पटक(योगमाया नारी जागरणकार्यक्रम) | संख्या | ३ | २.४९ | ३३.३३% | ०.७ | २८.११% | |
| २.७.२५.८४ | महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउन संघीय महिला सांसद रविभिन्न संसदीय समितिका सभापतिसँग अन्तर्क्रिया(योगमाया नारी जागरण कार्यक्रम) | वटा | १ | ४.१५ | १००% | ३.८८ | ९३.४९% | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.७.२५.८५ | महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउन महिलाको राजनीतिक सहभगितार सशक्तीकरणको लागि राजनैतिक पार्टीका प्रमुख र प्रतिनिधिसँग प्रदेशस्तरीयअन्तर्क्रिया ३ वटा (योगमाया नारी जागरण कार्यक्रम) | वटा | ३ | १७.४३ | १००% | १३.४९ | ७७.४०% | |
| २.७.२५.८६ | राजनैतिक पार्टीका भगिनी संगठनहरुसँग नीतिगत छलफल ३ पटक(योगमायानारी जागरण कार्यक्रम) | वटा | ३ | २.४९ | ३३% | ०.५१ | २०.४८% | |
| २.७.२५.८७ | योगमाया स्मृति दिवस(योगमाया नारी जागरण कार्यक्रम) | वटा | १ | २.५५ | १००% | १.४८ | ५८.०४% | |
| २.७.२५.८८ | समाजमा विद्यमान हानिकारक अभ्यासहरु बालबिबाह, बहुबिबाह, दाइजोप्रथा, बोक्सीको आरोप लगायतका प्रथाहरु सम्बन्धी मधेश केन्द्रित अन्तरक्रियाकार्यक्रम (योगमाया नारी जागरण कार्यक्रम) | पटक | ७ | १७.४३ | ७१.४२% | ५.०३ | २८.८६% | |
| २.७.२५.८९ | सीमान्तकृत महिलाहरुको सशक्तीकरणका विषयमा कार्यक्रम २ वटा(योगमायानारी जागरण कार्यक्रम) | वटा | २ | ४.१५ | ० | ० | ०.००% | |
| २.७.२५.९१ | समाजमा विद्यमान हानिकारक अभ्यासहरु छाउपडी प्रथा बालविबाह, बहुबिबाह, दाइजो प्रथा, बोक्सीको आरोप लगायतका प्रथाहरु सम्बन्धी कर्णाली रसुदुरपश्चिम प्रदेश केन्द्रित अन्तरक्रिया कार्यक्रम (योगमाया नारी जागरणकार्यक्रम) | पटक | ७ | १७.४३ | ४२.८५% | ३.९ | २२.३८% | |
| २.७.२५.९३ | लैंगिक सरोकारका विषयमा अध्ययन अनुसन्धान गर्ने विद्यार्थीहरुलाईइन्टर्नसिप/ छात्रवृत्ति कार्यक्रम | पटक | १ | ४.१५ | १००% | ०.९२ | २२.१७% | |
| २.७.२५.९४ | पीडित रोजगार /जीविकोपार्जन साहयता कार्यक्रम | पटक | ४ | २४.९ | ०% | ० | ०% | |
| २.७.२५.९६ | राष्ट्रिय महिला अधिकार दिवस जेष्ठ १६ | वटा | १ | ४.१५ | १००% | २.७२ | ६५.५४% | |
| २.७.२५.९७ | नेपाल टेलिभिजन बाट सन्देशमुलक कार्यक्रम उत्पादन र प्रशारण | पटक | १ | ८.३ | ०% | ४.७७ | ५७.४७% | |
| २.७.२५.९८ | बालविवाह प्रजनन स्वास्थ्य गर्भपतनको विषयमा सचेतनामुलक कार्यक्रम ४ वटा | वटा | ४ | ८.३ | ५०% | ३.४६ | ४१.६९% | |

अनुसूची ४

# आ.व. २०७८/०७९ को आर्थिक विवरण

राष्ट्रिय महिला आयोग

चालु र पूँजीगत खर्चको विवरण

| आ.व.२०७८।७९ | | | | | | आ.व.२०७९।८० |
|---|---|---|---|---|---|---|
| सि.नं. | | विनियोजित बजेट | खर्च | खर्च प्रतिशत | बाकि बजेट | विनियोजत बजेट |
| १ | चालु खर्च | ५६१०००००।०० | ४४२२२६०७।१८ | ७९ % | ११८७७३९२।८२ | ५६६०००००।०० |
| २ | पूँजीगत खर्च | २७००००००।०० | २६६०८०८।०० | ९९ % | ३१९१९२।०० | २३००००००।०० |
| ३ | कार्यक्रम बजेट | ३४७००००००।०० | १४८८६७४१।०० | ४३ % | १९८१३२५९।०० | ३२६०००००।०० |
| | पदाधिकारी तर्फको बजेट | ७८००००००।०० | ७३६५६२४।०० | ९४ % | ४३४३७६।०० | ७९००००००।०० |
| | कुल बजेट | १०१३००००००।०० | ६९१३५७८०।१८ | ६८ % | ३२१६४२१९।८२ | ९९४०००००।०० |

तयार गर्ने

स्वीकृत गर्ने

राष्ट्रिय महिला आयोग

कार्यालय कोड नं.: २२२००३५०१

दातृ निकायगत बजेट र खर्चको आर्थिक बिवरण

२०७८/७९ साल

म. ले. प. फा. न. २१४

**बजेट मुल शीर्षक नं :** राष्ट्रिय महिला आयोग[२२२०००० १३]

**कार्यालय / आयोजनाको नाम :**

**आयोजना रहेको स्थान :**

| खर्च संकेत | | स्रोतको | | | | | | संशोधन /रकमान्तर/श्रोतान्तर बाट | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तह | | स्रोत ब्योहर्ने | | | | | | | | | | | गत बर्षको |
| नम्बर | नाम | प्राथमिक | दृवितीय | निकाय | प्रकार | भुक्तानी विधि | शुरू बजेट | थप | घट | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | | खर्च |
| २१११२ | पारिश्रमिक पदाधिकारी | नेपाल सरकार | | | नगद | | ४,६००,०००.०० | ३१५,०००.०० | ०.०० | ४,९१५,०००.०० | ४,८१७,२१२.०० | ४,८१७,२१२.०० | ९७,७८८.०० | | |
| २११३२ | महंगी भत्ता | नेपाल सरकार | | | नगद | | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | १००,०००.०० | १००,०००.०० | ०.०० | | |
| २११४१ | पदाधिकारी बैठक भत्ता | नेपाल सरकार | | | नगद | | २००,०००.०० | ०.०० | ०.०० | २००,०००.०० | ४२,०००.०० | ४२,०००.०० | १५८,०००.०० | | |
| २२१११ | पानी तथा बिजुली | नेपाल सरकार | | | नगद | | २००,०००.०० | ०.०० | ०.०० | २००,०००.०० | १७२,७४७.०० | १७२,७४७.०० | २७,२५३.०० | | |
| २२११२ | संचार महसुल | नेपाल सरकार | | | नगद | | २००,०००.०० | ०.०० | ०.०० | २००,०००.०० | १७५,१७९.०० | १७५,१७९.०० | २४,८२१.०० | | |
| २२२११ | इन्धन (पदाधिकारी) | नेपाल सरकार | | | नगद | | ९००,०००.०० | ०.०० | ०.०० | ९००,०००.०० | ९००,०००.०० | ९००,०००.०० | ०.०० | | |
| २२२१३ | सवारी साधन मर्मत खर्च | नेपाल सरकार | | | नगद | | ५००,०००.०० | ०.०० | ०.०० | ५००,०००.०० | ४९९,९८६.०० | ४९९,९८६.०० | १४.०० | | |
| २८१४२ | घर भाडा | नेपाल सरकार | | | नगद | | १,१००,०००.०० | ०.०० | ३१५,०००.०० | ७८५,०००.०० | ६५८,५००.०० | ६५८,५००.०० | १२६,५००.०० | | |
| जम्मा | | | | | | | ७,८००,०००.०० | ३१५,०००.०० | ३१५,०००.०० | ७,८००,०००.०० | ७,३६५,६२४.०० | ७,३६५,६२४.०० | ४३४,३७६.०० | | |

**पेश गर्ने :-**

**हस्ताक्षर :-**

नाम :-

दर्जा :-

राष्ट्रिय महिला आयोग

कार्यालय कोड नं.: २२२००३५०१

दातृ निकायगत बजेट र खर्चको आर्थिक बिवरण

२०७८/७९ साल

म. ले. प. फा. न. २१४

**बजेट मुल शीर्षक नं :** राष्ट्रिय महिला आयोग[२२२०००११४]

**कार्यालय / आयोजनाको नाम :**

**आयोजना रहेको स्थान :**

| खर्च संकेत | | स्रोतको तह | | | | | | | संशोधन /रकमान्तर/श्रोतान्तर बाट | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नम्बर | नाम | प्राथमिक | दुवितीय | स्रोत ब्योहर्ने निकाय | प्रकार | भुक्तानी विधि | शुरू बजेट | थप | घट | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत बर्षको खर्च |
| ३११२१ | सवारी साधन | नेपाल सरकार | | | नगद | | ८००,०००.०० | ८०,०००.०० | ०.०० | ८८०,०००.०० | ८६५,५०५.०० | ८६५,५०५.०० | १४,४९५.०० | |
| ३११२२ | मेशिनरी तथा औजार | नेपाल सरकार | | | नगद | | ५००,०००.०० | ३००,०००.०० | ०.०० | ८००,०००.०० | ७८२,६७०.०० | ७८२,६७०.०० | १७,३३०.०० | |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | नेपाल सरकार | | | नगद | | ६००,०००.०० | ०.०० | ३८०,०००.०० | २२०,०००.०० | २१५,१५२.०० | २१५,१५२.०० | ४,८४८.०० | |
| ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | नेपाल सरकार | | | नगद | | ८००,०००.०० | ०.०० | ०.०० | ८००,०००.०० | ७९७,४८१.०० | ७९७,४८१.०० | [illegible] | |
| जम्मा | | | | | | | २,७००,०००.०० | ३८०,०००.०० | ३८०,०००.०० | २,७००,०००.०० | २,६६०,८०८.०० | २,६६०,८०८.०० | ३९,१९२.०० | |

**पेश गर्ने :-**

**हस्ताक्षर :-**

**नाम :-**

**दर्जा :-**

राष्ट्रिय महिला आयोग

कार्यालय कोड नं.: २२२००३५०१

दातृ निकायगत बजेट र खर्चको आर्थिक बिवरण

२०७८/७९ साल

म. ले. प. फा. न. २१४

**बजेट मुल शीर्षक नं :** राष्ट्रिय महिला आयोग[२२२०००११३]

**कार्यालय / आयोजनाको नाम :**

**आयोजना रहेको स्थान :**

| खर्च संकेत | | स्रोतको तह | | | | | संशोधन /रकमान्तर/श्रोतान्तर बाट | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नम्बर | नाम | प्राथमिक | दुवितीय | स्रोत ब्योहर्ने निकाय | प्रकार | भुक्तानी विधि | शुरू बजेट | थप | घट | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत बर्षको खर्च |
| २११११ | पारिश्रमिक कर्मचारी | नेपाल सरकार | | | नगद | | १४,४००,०००.०० | ३५,०००.०० | ३५,०००.०० | १४,४००,०००.०० | १२,८१५,८१७.२८ | १२,८१५,८१७.२८ | १,५८४,१८२.७२ | |
| २११२१ | पोशाक | नेपाल सरकार | | | नगद | | २००,०००.०० | ०.०० | ०.०० | २००,०००.०० | २००,०००.०० | २००,०००.०० | ०.०० | |
| २११३२ | महंगी भत्ता | नेपाल सरकार | | | नगद | | ६००,०००.०० | ०.०० | ०.०० | ६००,०००.०० | ५०३,६६६.०० | ५०३,६६६.०० | ९६,३३४.०० | |
| २११३९ | अन्य भत्ता | नेपाल सरकार | | | नगद | | ३००,०००.०० | ०.०० | ०.०० | ३००,०००.०० | १५३,०००.०० | १५३,०००.०० | १४७,०००.०० | |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | नेपाल सरकार | | | नगद | | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | २,१३६.९० | २,१३६.९० | ९७,८६३.१० | |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | नेपाल सरकार | | | नगद | | १००,०००.०० | ०.०० | ०.०० | १००,०००.०० | ९६,४८०.०० | ९६,४८०.०० | ३,५२०.०० | |
| २२१११ | पानी तथा बिजुली | नेपाल सरकार | | | नगद | | १,३००,०००.०० | ०.०० | ०.०० | १,३००,०००.०० | ९३५,९८५.०० | ९३५,९८५.०० | ३६४,०१५.०० | |
| २२११२ | संचार महसुल | नेपाल सरकार | | | नगद | | १,०००,०००.०० | ०.०० | ०.०० | १,०००,०००.०० | ९००,०००.०० | ९००,०००.०० | १००,०००.०० | |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | नेपाल सरकार | | | नगद | | १,२००,०००.०० | ०.०० | ०.०० | १,२००,०००.०० | १,२००,०००.०० | १,२००,०००.०० | ०.०० | |
| २२२१३ | सवारी साधन मर्मत खर्च | नेपाल सरकार | | | नगद | | १,४००,०००.०० | १७५,०००.०० | ०.०० | १,५७५,०००.०० | १,५७२,७२०.०० | १,५७२,७२०.०० | २,२८०.०० | |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | नेपाल सरकार | | | नगद | | ४००,०००.०० | ०.०० | ०.०० | ४००,०००.०० | ३३५,०८५.०० | ३३५,०८५.०० | ६४,९१५.०० | |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | नेपाल सरकार | | | नगद | | २,०००,०००.०० | ०.०० | ०.०० | २,०००,०००.०० | १,९४०,७०७.०० | १,९४०,७०७.०० | ५९,२९३.०० | |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | नेपाल सरकार | | | नगद | | ३००,०००.०० | ०.०० | ०.०० | ३००,०००.०० | ६८,७५०.०० | ६८,७५०.०० | २३१,२५०.०० | |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | नेपाल सरकार | | | नगद | | २००,०००.०० | ०.०० | ०.०० | २००,०००.०० | १९९,१७४.०० | १९९,१७४.०० | ८२६.०० | |
| | | | | | | | ९०,८००,०००.०० | ७१०,०००.०० | ७१०,०००.०० | ९०,८००,०००.०० | ५९,१०९,३४८.१८ | ५९,१०९,३४८.१८ | ३१,६९०,६५१.८२ | |

| नम्बर | नाम | स्रोतको तह प्राथमिक | दुवितीय | स्रोत ब्योहोर्ने निकाय | प्रकार | भुक्तानी विधि | शुरु बजेट | संशोधन रकमान्तर/श्रोतान्तर बाट थप | घट | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | नेपाल सरकार | | | नगद | | ७००,०००.०० | ०.०० | ०.०० | ७००,०००.०० | ६८५,०९८.०० | ६८५,०९८.०० | १४,९०२.०० | |
| २२४११ | सेवा र परामर्श खर्च | नेपाल सरकार | | | नगद | | १,२००,०००.०० | ०.०० | ५००,०००.०० | ७००,०००.०० | १९२,०००.०० | १९२,०००.०० | ५०८,०००.०० | |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | नेपाल सरकार | | | नगद | | ४००,०००.०० | ०.०० | ०.०० | ४००,०००.०० | ३९९,१५०.०० | ३९९,१५०.०० | ८५०.०० | |
| २२४१३ | करार सेवा शुल्क | नेपाल सरकार | | | नगद | | ४,३००,०००.०० | ३४०,०००.०० | ०.०० | ४,६४०,०००.०० | ४,२१४,१००.०० | ४,२१४,१००.०० | ४२५,९००.०० | |
| २२४१९ | अन्य सेवा शुल्क | नेपाल सरकार | | | नगद | | ६,५००,०००.०० | १६०,०००.०० | ०.०० | ६,६६०,०००.०० | ६,५४९,४८९.०० | ६,५४९,४८९.०० | ११०,५११.०० | |
| २२५११ | कर्मचारी तालिम खर्च | नेपाल सरकार | | | नगद | | ९००,०००.०० | ०.०० | ०.०० | ९००,०००.०० | ८९४,४१२.०० | ८९४,४१२.०० | ५,५८८.०० | |
| २२५२२ | कार्यक्रम खर्च | नेपाल सरकार | | | नगद | | ३४,७००,०००.०० | ०.०० | १७५,०००.०० | ३४,५२५,०००.०० | १४,८८६,७४१.०० | १४,८८६,७४१.०० | १९,६३८,२५९.०० | |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | नेपाल सरकार | | | नगद | | १,७००,०००.०० | ०.०० | ०.०० | १,७००,०००.०० | ९६७,१८४.०० | ९६७,१८४.०० | ७३२,८१६.०० | |
| २२६१२ | भ्रमण खर्च | नेपाल सरकार | | | नगद | | ३००,०००.०० | ०.०० | ०.०० | ३००,०००.०० | ०.०० | ०.०० | ३००,०००.०० | |
| २२७११ | विविध खर्च | नेपाल सरकार | | | नगद | | १,३००,०००.०० | ०.०० | ०.०० | १,३००,०००.०० | १,२९९,०४४.०० | १,२९९,०४४.०० | ९५६.०० | |
| २६४१३ | अन्य संस्थालाई अनुदान— सःशर्त | नेपाल सरकार | | | नगद | | १०,०००,०००.०० | ०.०० | ०.०० | १०,०००,०००.०० | ४,२८०,४०९.०० | ४,२८०,४०९.०० | ५,७१९,५९१.०० | |
| २८१४२ | घर भाडा | नेपाल सरकार | | | नगद | | ५,३००,०००.०० | ०.०० | ०.०० | ५,३००,०००.०० | ३,८१८,२००.०० | ३,८१८,२००.०० | १,४८१,८००.०० | |
| जम्मा | | | | | | | ९०,८००,०००.०० | ७१०,०००.०० | ७१०,०००.०० | ९०,८००,०००.०० | ५९,१०९,३४८.१८ | ५९,१०९,३४८.१८ | ३१,६९०,६५१.८२ | |

**पेश गर्ने :-**

**हस्ताक्षर :-**

**नाम :-**

**दर्जा :-**

अनुसूची ५

# राष्ट्रिय महिला आयोगबाट जारी भएका प्रेस विज्ञप्ति

## राष्ट्रिय महिला आयोग
## National Women Commission
भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

**प.सं.**

**च.नं.** **मितिः**

प्रेस विज्ञप्ति

बारा जिल्ला कलैया उपमहानगरपालिका विगुलपुर २७ मा बस्ने वडा सदस्य तारामुनी पाशवान माथि भएको दुर्व्यवहार तथा कुटपिट भएको समाचारप्रति राष्ट्रिय महिला आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । मिति २०७८ भदौ २ गते राती ११ बजे छिमेकी महेन्द्र शाह सहित ३०।३५ जनाको समूहमा आई लतार्दै लगी ५०० मिटर टाढा रहेको महेन्द्र शाहकै घर अगाडि रहेको रुखमा बाधी कुटपिट गरी अचेत भएको अवस्थामा प्रहरीले उद्धार गरेको थियो । सो घटनाको सम्बन्धमा यस आयोगलाई जानकारी प्राप्त भएपछि २०७८ भदौ ५ गते आयोगको माननीय सदस्य विद्या कुमारी सिन्हाको नेतृत्वमा गएको अनुगमन टोलीले घटनाको स्थलगत अनुगमन समेत गरेको थियो । अनुगमन टोलीले घटनास्थल, पीडितको परिवार, छरछिमेक लगायत वीरगंजको नेशनल मेडिकल शिक्षण अस्पतालमा उपचार गरी रहेकी पीडित सदस्यको स्वास्थ्य अवस्थाको बारेमा जानकारी लिनुका साथै सम्पर्क भन्दा बाहिर रहेको महेन्द्र शाहको परिवार लगायत अन्य दोषी माथि कारवाही गर्न र घटनाको बारेमा सत्यतथ्य पत्ता लगाइ पीडितलाई न्याय दिलाउनका लागि जिल्ला प्रहरी कार्यालयका प्रमुख, वडा अध्यक्ष तथा अस्पतालको प्रतिनिधि समेतलाई भेटी सो घटनाको गम्भीरताको साथ छानबिन गर्न निर्देशन दिएको थियो । उक्त घटना महिला विरुद्धको हिंसा भएकोले यस घटनाबारे तदारुकता साथ छानविन गरी सत्यतथ्य पत्ता लगाई पीडितलाई न्याय र दोषीलाई यथाशीघ्र कानून बमोजिम कारवाही गर्नको लागि राष्ट्रिय महिला आयोग सम्बन्धित निकायलाई गम्भीर ध्यानाकर्षण गराउँदछ ।

२०७८।५।१०

श्यामप्रसाद श्रेष्ठ
उपसचिव एंव प्रवक्ता

राष्ट्रिय महिला आयोग
National Women Commission
भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प. सं.:-
च.नं.:-

मितिः

# प्रेस विज्ञप्ति

आज मिति २०७८ असोज १७ गते राष्ट्रपतिको कार्यालय, शीतल निवासमा आयोजित एक समारोहमा सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष राष्ट्रिय महिला आयोगको तर्फबाट आयोगका माननीय अध्यक्ष श्री कमलाकुमारी पराजुलीले नेपालको संविधानको धारा २९४ अनुसार **"राष्ट्रिय महिला आयोगको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन"** पेश गर्नुभयो ।

उक्त अवसरमा सम्माननीय राष्ट्रपतिले लामो समयको संघर्षबाट स्थापित राष्ट्रिय महिला आयोग नेपाली महिला आन्दोलनको ठुलो उपलब्धिको रूपमा रहेको कुरा उल्लेख गर्नुहुँदै सबै किसिमका लैङ्गिक विभेद अन्त्य गर्दै समानतामा आधारित समाज निर्माण गर्न आयोगले प्रतिबद्धतासाथ कार्य गर्नुपर्ने कुरा बताउनुभयो । आयोगले गत आर्थिक वर्षमा सम्पादन गरेका सबै कार्यहरूलाई समेटी निर्धारित समयभित्रै प्रतिवेदन पेश गरेकोमा खुसी व्यक्त गर्नुहुँदै उहाँले आयोगलाई आगामी दिनमा अन्य संवैधानिक निकायहरूसँग समेत आवश्यक समन्वय र सहकार्य गरी महिला हक अधिकारको संरक्षण र संवर्द्धन तथा महिला हिंसा नियन्त्रणको क्षेत्रमा थप क्रियाशील भई कार्य गर्न समेत निर्देशन दिनुभयो ।

राष्ट्रिय महिला आयोगका माननीय अध्यक्ष श्री कमला कुमारी पराजुलीले राष्ट्रिय महिला आयोगबाट आर्थिक वर्ष २०७७/७८ मा सम्पादित काम कारवाहीहरूलाई समेटी तयार गरिएको चौधौं वार्षिक प्रतिवेदन पेश गर्ने अवसर प्रदान गर्नुभएकोमा आयोगको तर्फबाट सम्माननीय राष्ट्रपतिज्यूमा हार्दिक कृतज्ञता व्यक्त गर्दै प्रतिवेदनमा समेटिएका मुख्य-मुख्य विषयहरू बारेमा संक्षेपमा प्रकाश पार्नुभएको थियो । प्रतिवेदन पेश गर्ने कार्यक्रममा आयोगका माननीय सदस्यहरू श्री कृष्णकुमारी पौडेल खतिवडा, श्री विद्याकुमारी सिन्हा, श्री जया घिमिरे र श्री सावित्राकुमारी शर्मा सहित आयोगका सचिव, उपसचिव लगायतका कर्मचारीहरूको उपस्थिति रहेको थियो । प्रतिवेदनमा समेटिएका मुख्य विषयहरू संलग्न अनुसूचीमा उल्लेख भएबमोजिम रहेका छन् ।

२०७८ असोज १७ गते

(श्यामप्रसाद श्रेष्ठ)
उपसचिव एवं प्रवक्ता

राष्ट्रिय महिला आयोग
भद्रकाली प्लाजा, काठमाडौं

अनुसूची

**राष्ट्रिय महिला आयोगको चौधौं वार्षिक प्रतिवेदन (आ.व. २०७७/७८) मा समेटिएका मुख्य विषयहरू**

१. संवैधानिक मान्यता प्राप्त गरेको झण्डै पाँचवर्षपछि राष्ट्रिय महिला आयोगमा आ.व. २०७७/७८ मा अध्यक्ष र चार जना सदस्यहरूको नियुक्ति भई आयोगले पूर्णता पाएको छ । पदाधिकारीहरूको नियुक्ति र पदबहालीसँगै महिला हक अधिकारको संरक्षण र संवर्द्धन, महिला हिंसाका घटनाहरूको स्थलगत अनुगमन तथा सम्बोधन गर्ने कार्यमा आयोगको क्रियाशीलता बढेको छ ।

२. हिंसामा परेका महिलाहरूको उजुरी सम्बोधनका लागि आयोगले "खबर गरौं ११४५" हेल्पलाइन सेवा निःशुल्क रूपमा २४ सै घण्टा सञ्चालन गरी सेवा प्रदान गर्दै आइरहेको छ । यसले जोखिममा परेका महिला तथा बालबालिकाहरूलाई ठूलो राहत पुऱ्याएको छ । विगतमा दातृ निकायको सहयोगमा सञ्चालित यो सेवा आ.व. २०७८/७९ देखि नेपाल सरकारको बजेट र जनशक्तिबाट सञ्चालन हुने व्यवस्था मिलाइएको छ ।

३. मानसिक, सामाजिक, शारीरिक र यौन हिंसा लगायतका विभिन्न प्रकारका हिंसाबाट पीडित/प्रभावित महिला, किशोरी बालिका तथा आश्रित बालबच्चालाई उद्धार तथा पुनःस्थापना गर्ने, कानूनी सहयोग तथा मनोसामाजिक परामर्श प्रदान गर्ने, सुरक्षित आश्रयस्थल सेवाहरू प्रदान गर्न आयोगले समन्वयकारी भूमिका निर्वाह गरिरहेको छ ।

४. नेपालमा महिला अधिकारको क्षेत्रमा भएका विभिन्न आन्दोलन र अभियानको परिणामस्वरूप उल्लेखनीय उपलब्धिहरू हासिल भएको भए तापनि अझसम्म महिलाहरू सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, प्रशासनिक लगायतका सबै क्षेत्रमा पुरुषको तुलनामा पछाडि नै रहेको अवस्था छ । खासगरी राज्यका नीति निर्माण तहमा महिलाहरूको पहुँच र अर्थपूर्ण उपस्थिति बढाउनुपर्ने खाँचो छ ।

५. महिलाविरुद्धको हिंसा, महिलालाई गरिने असमान व्यवहार, कुप्रथा तथा खराब सामाजिक चाल-चलनहरू, छुवाछुत तथा जातपातको भेदभाव, छोरीको चाँडो विवाह, परिवारमा छोरालाई बढी महत्त्व दिने सामाजिक संस्कार, सम्पत्ति अधिकारको उपयोगको सम्बन्धमा विभेदपूर्ण सामाजिक व्यवहार, नागरिकताको पहुँचमा रहेको असमानता जस्ता कारणहरूले महिलाहरूमाथि आर्थिक, सामाजिक तथा साँस्कृतिक विभेदको विद्यमानता कायमै रहेको छ ।

६. लैङ्गिक असमानताका कारण महिलाहरूको स्रोत, साधन र अवसरमा पहुँचको कमी, आर्थिक परनिर्भरता, शिक्षा, स्वास्थ्य तथा रोजगारीमा कमी जस्ता कारणहरूले महिलाको स्तर पुरुषको दाँजोमा पछाडि परेको छ ।

(१)

७. नीतिगत तथा कानूनी हिसाबले आयोगको दैनिक कार्य सम्पादनलाई व्यवस्थित तवरमा सञ्चालन गर्न सहयोग पुऱ्याउन राष्ट्रिय महिला आयोग नियमावली, २०७८, राष्ट्रिय महिला आयोगको बैठक सञ्चालन कार्यविधि, २०७८ तथा राष्ट्रिय महिला आयोगको आन्तरिक व्यवस्थापन निर्देशिका,२०७८ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ । साथै, आयोगका पदाधिकारीहरू तथा कर्मचारीहरूले पालना गर्नुपर्ने आचरण स्वीकृत गरी कार्यान्वयन ल्याइएको छ ।

८. आयोगले लैङ्गिक समानता प्रवर्द्धन तथा लैङ्गिक न्याय सुनिश्चित गर्ने सन्दर्भमा नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग तथा निकायहरूबाट पहलकदमी लिनुपर्ने विषयमा सुझावहरू तयार गरी कार्यान्वयनका लागि सम्बन्धित निकायहरूमा सिफारिश गरी पठाएकोमा सुझाव गरिएका विषयहरूलाई सम्बन्धित निकायहरूबाट कार्यान्वयनमा ल्याउनेतर्फ विभिन्न प्रयासहरू भइरहेको देखिन्छ ।

९. आ.व. २०७७/७८ मा आयोगले विभिन्न विषयमा परामर्शदाता (विज्ञ व्यक्ति/संस्था) बाट अध्ययन अनुसन्धान कार्य सम्पन्न गराई प्रतिवेदन प्राप्त गरेको छ ।

१०. आर्थिक वर्ष २०७७/७८ मा आयोगमा लैङ्गिक हिंसा सम्बन्धी कुल १५७० वटा उजुरीहरू दर्ता भएका छन् । जसमध्ये १३५२ (८६%) उजुरीहरू घरेलु हिंसासँग सम्बन्धित छन् भने २१८ (१४%) उजुरीहरू महिला हिंसासँग सम्बन्धित छन् । कुल उजुरीमध्ये ९०० वटा उजुरीहरू फछ्यौंट भइसकेको अवस्था छ ।

११. आयोगमा दर्ता भएका उजुरीमध्ये सबैभन्दा बढी ५४ प्रतिशत उजुरीहरू २६ देखि ४० वर्ष उमेर समूहको रहेको छ । उजुरी दर्ता भएका हिंसाका घटनाहरूमध्ये मानसिक यातना, कुटपिट, आर्थिक यातना र चरित्र हत्यासम्बन्धी घटनाहरू क्रमशः अधिकतम रूपमा रहेका छन् ।

१२. राज्यले अवलम्बन गरेको कानूनी तथा नीतिगत सुधारको परिणामस्वरूप लैङ्गिक समानता र महिला सशक्तीकरणसम्बन्धी कार्यक्रमहरू हालका वर्षहरूमा कल्याणकारी अवधारणाबाट फड्को मार्दै क्रमशः अधिकारमा आधारित अवधारणाबाट निर्देशित हुँदै जान थालेका छन् । यो सकारात्मक उपलब्धिलाई आगामी दिनमा थप सुदृढ तुल्याउँदै राज्यका सबै निकायहरूले महिला विकाससम्बन्धी कल्याणकारी अवधारणा वा आवश्यकतामा आधारित जुनसुकै कार्यक्रमलाई मानव अधिकारमा आधारित अवधारणामा रूपान्तरित गर्दै कार्यान्वयन गर्न जोड दिन आवश्यक छ ।

१३. महिला हक अधिकारको संरक्षण र संवर्द्धन गरी लैङ्गिक समानता र लैङ्गिक न्याय सुनिश्चित गर्न राज्यका तीन तह र निकायबाट नीति तथा कार्यक्रमहरू कार्यान्वयनमा रहेको भए तापनि कार्यान्वयन पक्ष फितलो रहँदा अपेक्षित नतिजा हासिल हुन सकेको छैन । खासगरी प्रदेश र स्थानीय तहका सरकारले महिलालाई सशक्तीकरण गर्ने, महिला उपर हुने हिंसालाई नियन्त्रण गर्न

(५)

राष्ट्रिय महिला आयोग
भद्रकाली प्लाजा, काठमाडौं

महिला जागरुकता र उद्यमशीलता प्रवर्द्धन गर्ने तथा लैङ्गिक सवालहरूलाई सम्बोधन गर्न सघाउ पुग्ने कार्यक्रमहरू प्राथमिकता साथ सञ्चालन गर्नुपर्ने आवश्यकता छ ।

१४. हिंसामा परेका महिला, किशोरी, बालबालिका, वृद्धावस्थाका महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र अपाङ्गता भएका महिलाका लागि सरल, सहज र शीघ्र तवरमा न्याय दिलाउने कार्यमा प्रहरी, स्थानीय प्रशासन, न्यायिक समिति, अदालत लगायतका सम्बन्धित निकायहरूबाट थप आवश्यक पहल हुनुपर्ने देखिन्छ ।

१५. हिंसा पीडित/प्रभावितहरूलाई आयआर्जनमूलक सीप, तालिम, प्रशिक्षण उपलब्ध गराउन नस्कदा उनीहरू बारम्बार हिंसामा पर्नसक्ने जोखिम रहेको छ । अतः हिंसामा परेका महिला, बालबालिका तथा किशोरीहरूलाई निःशुल्क आयआर्जनमूलक सीप, प्रशिक्षण दिई महिला उद्यमशीलता र स्वरोजगारी प्रवर्द्धन गर्न संघ, प्रदेश तथा स्थानीय गरी तीनै तहका सरकारहरूबाट विशेष कार्यक्रम सञ्चालनमा ल्याउन आवश्यक देखिन्छ ।

१६. महिलालाई विभेद गर्ने कानूनी व्यवस्थाहरूमा पुनरावलोकन गरी लैङ्गिक समानता कायम गर्ने पक्षमा उल्लेख्य उपलब्धि भएको पाइए तापनि अझै पनि कतिपय कानूनहरू लैङ्गिक दृष्टिले सुधार गर्न बाँकी नै देखिन्छन् । नेपाल पक्ष भएका महिलाको हक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि/सन्धि अनुकूल हुने गरी मुलुकको आन्तरिक कानूनमा सुधार गर्नुपर्ने विषयहरू अझै बाँकी छन् । अतः प्रचलित सबै कानूनी व्यवस्थाहरूलाई लैङ्गिक-मैत्री बनाउने र अन्तर्राष्ट्रिय प्रतिबद्धताबमोजिम आन्तरिक कानूनहरूलाई क्रमशः संशोधन र समायोजन गर्दै जाने नीति अवलम्बन गर्न आवश्यक छ ।

१७. राज्यका तीनै तहका सरकार तथा निकायले सञ्चालन गर्ने कार्यक्रमहरूमा लैङ्गिक सवालहरूलाई समावेश गर्ने, लैङ्गिक बजेटलाई संस्थागत गर्ने, लैङ्गिक समानता र लैङ्गिक सशक्तीकरणलाई सघाउ पुग्ने कार्यहरूमा पर्याप्त बजेट र जनशक्ति छुट्याउने, प्रत्येक निकायले सञ्चालन गर्ने कार्यक्रमहरूलाई लैङ्गिक दृष्टिले विश्लेषण र लेखाजोखा गर्ने तथा सञ्चालित कार्यक्रमहरूको लैङ्गिक लेखा परीक्षण गर्ने पद्धति अवलम्बन गरी देशमा लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्न जरूरी छ ।

१८. राष्ट्रिय महिला आयोगको लागि आफ्नै जग्गा र भवनको व्यवस्था गर्न एवं नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठनात्मक सुदृढीकरण गर्दै सबै प्रदेशमा आयोगको प्रदेशस्तरीय संरचना स्थापना गरी आयोगलाई महिला हक अधिकारको संरक्षण र संवर्द्धन तथा लैङ्गिक हिंसा रोकथाम र नियन्त्रणको क्षेत्रमा अग्रणी र नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने सबल र सक्षम संस्थाको रूपमा स्थापित गर्न नेपाल सरकार लगायत सम्बन्धित सबै निकायहरूबाट आवश्यक सहयोग र सद्भाव अपेक्षित छ ।

(२)

# राष्ट्रिय महिला आयोग

## National Women Commission

भद्रकालीप्लाजा,काठमाडौं

Phone: +977-1-4256701
Fax: +977-1-4259411
Email:info@nwc.gov.np
http://www.mwc.gov.np


प.सं. ०७८।७९
च.नं.

मिति - २०७८।०६।२०

## प्रेस विज्ञप्ति

सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका वडा नं ०८ भुर्की बस्ने एक महिलालाई सामूहिक रुपमा बलात्कार गरेको भन्ने विभिन्न समाचार माध्यममा प्रकाशित समचारप्रति राष्ट्रिय महिला आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। मिति २०७८ साल असोज १५ गते राती इटहरी उपमहानगरपालिका वडा नं ०८ भुर्कीकी एक महिला माथि सामुहिक रुपमा बलात्कार गरी निज महिलाले लगाएका गरगहना समेत लुटिएको भन्ने यस आयोगलाई जानकारी प्रप्त हुन आएको छ। बलात्कार गरी गरगहना लुट्ने कार्यमा संलग्न रहेका ६ जना व्यक्तिहरुमध्ये ५ जना प्रहरी नियन्त्रणमा रहेकोमा प्रहरी नियन्त्रणमा नरहेकालाई खोजतलास गरी यथाशीघ्र पक्राउ गर्ने, संलग्न दोषीमाथि हदैसम्मको कानूनी कारवाही गर्न र घटनाको बारेमा गम्भीरताकासाथ छानविन गरी सत्यतथ्य पत्ता लगाई पीडितलाई न्याय दिलाउनको लागि प्रमुख जिल्ला अधिकारी तथा जिल्ला प्रहरी कार्यालय प्रमुख सुनसरीलाई आयोगको तर्फबाट निर्देशन दिइएको छ। उक्त घटना महिला विरुद्धको जघन्य हिंसा भएकोले यस घटनाबारे तदारुकतासाथ छानविन गरी सत्यतथ्य पत्ता लगाई पीडितलाई न्याय र दोषीलाई यथाशीघ्र हदैसम्मको कानून बमोजिम कारवाही गर्नको लागि राष्ट्रिय महिला आयोग सम्बन्धित निकायलाई गम्भीर ध्यानाकार्षण गराउँद छ।

२०७८।६।२०

(श्याम प्रसाद श्रेष्ठ)
उपसचिव एवं प्रवक्ता
राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोग
National Women Commission
भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प. सं.:-
च.नं.:-

मिति: २०७८।११।१९

## प्रेस विज्ञप्ति

पल शाह भन्ने पूर्ण विक्रम शाह विरुद्ध एक नाबालिकाले जबरजस्ती करणी विषयक जाहेरी दरखास्त दिएको र सो सम्बन्धमा विभिन्न पत्र-पत्रिका तथा सामाजिक सञ्जालमा नाबालिकामाथि लाञ्छना लगाउने गरी विभिन्न प्रकारका समाचार प्रकाशन तथा टिका टिप्पणी भएको प्रति राष्ट्रिय महिला आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (२) मा " ......... **मञ्जुरी लिएर पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबरजस्ती करणी गरेको मानिनेछ"** भनी नाबालिकासँग हुने करणी लेनदेनलाई अपराधीकरण गरेको छ ।

राज्यको जिम्मेवार निकायबाट उजुरी तथा घटनाको अनुसन्धान भईरहेको स्थितिमा जिल्ला प्रहरी कार्यालय, तनहुँ बाहिर प्रतिवादीको तर्फबाट हुल हुज्जत गरी स्वच्छ तथा निष्पक्ष अनुसन्धानलाई नै प्रभावित गर्ने, राष्ट्रको फौजदारी कानूनले अपराधीकरण गरेको विषयमा प्रस्तुत मुद्दाको पीडित नाबालिकाको चरित्रसँग दाँजेर अनावश्यक बहस चलाउने, सञ्चार माध्यम तथा सामाजिक सञ्जालमा पीडितलाई झनै पीडा दिने तथा पीडितको परिचय खुल्ने र निजको सम्पूर्ण जीवनका सम्बन्धमा अनावश्यक टिप्पणीहरु दिई बालिकाको चरित्र हत्या गर्ने कार्य भएको र विभिन्न अनलाइन पत्रिकामा पीडितको कपोलकल्पित र भ्रामक समाचार प्रकाशन गर्ने कार्यले पीडितको सम्मानपूर्वक बाँच्न पाउने हक, गोपनीयताको अधिकार, स्वच्छ सुनुवाइको हक, अपराध पीडितको हक जस्ता मौलिक हकको नै हनन् भएको र उक्त कार्यहरु सम्मानित सर्वोच्च अदालतबाट भएको **"बलात्कार, गर्भपतन, यौन दुर्व्यवहार, मानव बेचबिखन, जीउ मास्ने वेच्ने, हाडनाता करणी एवं महिलाविरुद्धको हिंसा लगायतका मुद्दामा पीडितको व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु"** भन्ने आदेश विपरीत रहेकोले यस घटनाप्रति राष्ट्रिय महिला आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

यसरी एक नाबालिकाले आफूमाथि भएको अपराधको उजुर गरी जिम्मेवार निकायबाट अनुसन्धान भइरहेको अवस्थामा विभिन्न माध्यमबाट न्यायिक प्रक्रियालाई असर पार्ने तथा पीडितमाथि मानसिक हिंसा र दबाब सिर्जना गर्ने कार्य भएकोले सो कार्यहरु कानून विपरीत रहेको हुँदा यस घटनाबारे तदारुकता साथ सत्य-तथ्य छानविन गरी यस्तो कार्य हुन नदिन र पीडितलाई न्याय दिलाउन राष्ट्रिय महिला आयोग सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउँछ ।

२०७८।११।१९

(चमिला भट्टराई)
प्रवक्ता
राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोग
National Women Commission
भद्रकाली प्लाजा, काठमाडौं

प. सं.:-
च.नं.:-

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

मितिः २०६८।१२।४

## प्रेस विज्ञप्ति

रामेछाप जिल्ला मन्थली नगरपालिका वडा नं १३ भलुवाजोरका शेरबहादुर श्रेष्ठले आफ्नो घरमा प्रवेश गरेको भन्दै १३ बर्षिय दलित बालिकालाई डोरीले बाँधेर राखी यातना दिनु बाल अधिकार हनन र जातीय विभेद विरुद्धको अपराध हो भन्ने हाम्रो ठहर छ र यस घटनाप्रति राष्ट्रिय महिला आयोगको गम्भिर ध्यानाकर्षण भएको छ। यसरी बालिकालाई दलित भएको र निजले घर भित्र प्रवेश गरेको हुनाले घर अछुतो बनाईदिएको भन्दै २१ घण्टा सम्म डोरीले बाधेर राख्ने कार्य अत्यन्त अमानवीय निर्मम, जातिय विभेद तथा बालबालिका माथिको हिंसा गम्भिर कसूर हो। तसर्थ यस किसिमको अमानवीय कसूर उपर गम्भिरताकासाथ छानविन गरि सत्यतथ्य पत्ता लगाई पीडितलाई न्याय दिलाउन र दोषीलाई कानून बमोजिम दण्डित गर्न राष्ट्रिय महिला आयोग सम्बन्धित निकायलाई ध्यानाकार्षण गराउँदछ।

२०६८।१२।४

चमिला भट्टराई
प्रवक्ता

राष्ट्रिय महिला आयोग
National Women Commission
भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प. सं.:-
च.नं.:-

मिति: २०७८।१२।४

## प्रेस विज्ञप्ति

दिन प्रतिदिन समाजमा बढिरहेको नाबालिका, किशोरी र महिलामाथिको यौन हिंसा, जबरजस्ती करणी र तत्पश्चात हत्या समेतका जघन्य घटनाप्रति राष्ट्रिय महिला आयोगको गम्भिर ध्यानाकर्षण भएको छ। २०७८ फागुन २७ गते मोरङ्ग जिल्ला सुन्दरहरैंचामा डेढ वर्षीया नाबालिकालाई २८ वर्षीय मिथुन चौधरी र २५ वर्षीय अजय चौधरीले सामूहिक बलात्कारपछि हत्या गरेको घटनाले राष्ट्रिय महिला आयोगलाई स्तब्ध बनाएको छ।

महिला तथा बालबालिकामाथि हुने गरेको दुर्व्यवहार, हिंसा, बलात्कार, हत्या जस्ता निर्मम अपराधिक घटनाहरु बढ्दै गएको कुरालाई विभिन्न तथ्यांकले पुष्टि गरेको छ। यस्ता अपराधिक प्रकृतिका घटनालाई कमजोर गराउने, सत्यतथ्यलाई लुकाउने, तोडमोड गर्ने र दोषीलाई उन्मुक्ति दिने जस्ता कार्यप्रति आपत्ति जनाँउदै तत्काल दोषीलाई कानूनी दायरामा ल्याई घटनाको निष्पक्ष छानबिन गरी पीडितलाई न्याय प्रदान गराउन र दोषीलाई कानून बमोजिम हदैसम्मको सजाय गराउन न्याय प्रशासन र सम्बन्धित सरोकारवाला पक्षलाई राष्ट्रिय महिला आयोग ध्यानाकर्षण गराँउदछ।

समाजमा बढ्दै गईरहेको सामाजिक विकृति र विसंगतिसँगै आर्थिक र पारिवारिक अवस्था कमजोर भएका परिवारका बालिका, किशोरी र महिलाहरु हरेक क्षेत्रमा जोखिममा रहने गरेको अवस्था छ। पीडकले त्यस्तै कमजोर अवस्था पहिल्याई अपराधिक कार्य हुने गरेको देखिएको हुँदा यसतर्फ पनि आयोग सरकार र सरोकारवालाको गम्भिर ध्यानाकर्षण गराँउदछ।

२०७८।१२।४

चमिला भट्टराई

प्रवक्ता

# राष्ट्रिय महिला आयोग
# National Women Commission
भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-42567
Fax: +977-1-4259
E-mail: info@nwc.gov
http://www.nwc.gov


प. सं.:-
च.नं.:-

मिति:

## प्रेस विज्ञप्ति

कन्चनपुर जिल्ला वेदकोट नगरपालिका-६ बस्ने ४२ वर्षिय महिलालाई धामी झाक्रीहरुले भुत प्रेत बोक्सी लागेको भन्दै फलामको डन्डा आगोमा तताएर कुटपिट गरी हत्या भएको घटना साथै रुपन्देही जिल्ला तिलोत्तमा नगरपालिका-२ बस्ने अमृता खत्री टण्डनको संकास्पद मृत्यु भएको घटना प्रति राष्ट्रिय महिला आयोगको गम्भिर ध्यानाकर्षण भएको छ। यसरी भुत प्रेत बोक्सी लागेको भन्दै फलामको डन्डा आगोमा तताएर कुटपिट गरी हत्या गर्ने साथै घर परिवारबाट बारम्बार यातना भोगिरहेकी महिलाको रहस्यमय रुपमा मृत्यू भएको घटनाहरु महिला माथिको जघन्य हिंसा र महिलाको बाँच्न पाउने अधिकारको हनन समेत हो भन्ने आयोगको ठहर छ। यस्ता जघन्य अपराधको अन्त्यका लागी दण्डहिनताको अन्त्य गरी तत्काल घटनाको सत्यतथ्य छानविन गरी यस्ता अपराधका दोषीलाई कानून बमोजिम कडा भन्दा कडा सजाय र पीडितको न्यायको लागि राज्य, प्रहरी-प्रशासन र सबै सरोकारवाला पक्षको आयोग गम्भिर ध्यानाकार्षण गराउँदछ।

(चमिला भट्टराई)

उप-सचिव एवं प्रवक्ता

राष्ट्रिय महिला आयोग
National Women Commission
भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प. सं.:-
च.नं.:-

मिति: २०७९/०१/२२

## राष्ट्रिय महिला आयोगको ध्यानाकर्षण

स्थानीय तहको निर्वाचन, २०७९ मा सम्बन्धित स्थानीय निकायहरुको लागि विभिन्न राजनैतिक दल तथा व्यक्तिले उम्मेदवारी दिने, उम्मेदवारी माथि उजुरी तथा उजुरी माथि छानबिन समेत भई उम्मेदवारको अन्तिम नामावली प्रकाशन भइसकेको छ ।

सबै उम्मेदवारहरु आ–आफ्नो क्षेत्रमा आ–आफ्नो जित सुनिश्चितताका लागि प्रचार प्रसार गरिरहेका छन् । कतिपय स्थानीय तहमा राजनैतिक दल तथा उम्मेदवारले लैङ्गिक, जातीय तथा सामाजिक सांस्कृतिक रुपमा लक्षित गरी आँच पुऱ्याउने तथा अपहेलना हुने गरी तुच्छ शैलीको भाषा प्रयोग भएको देखिन आएकोमा राष्ट्रिय महिला आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस किसिमको अभिव्यक्तिले लैङ्गिकता तथा व्यक्तिको आस्था तथा मानव अधिकारमा सामाजिक सदभावमा आँच आउने अवस्था देखिएकोले यस्तो अभिव्यक्ति प्रकट नगर्न तथा सबै प्रति सम्मान जनाउने गरी आफ्ना अभिव्यक्ति राख्न सबै दल, उम्मेदवार तथा दलका कार्यकर्ता र मतदाताहरुमा आयोग अनुरोध गर्दै यस्ता विषयमा निर्वाचन आयोगलाई समेत ध्यानाकर्षण गराउँछ ।

गिरिराज ज्ञवाली
(उप सचिव)

# राष्ट्रिय महिला आयोग
## National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np


प. सं.:-
च.नं.:-

मितिः

**राष्ट्रिय महिला आयोगको ध्यानाकर्षण**

स्थानीय तहको निर्वाचन, २०७९ मा सम्बन्धित स्थानीय निकायहरुको लागि विभिन्न राजनैतिक दल तथा व्यक्तिले उम्मेदवारी दिने, उम्मेदवारी माथि उजुरी तथा उजुरी माथि छानबिन समेत भई उम्मेदवारको अन्तिम नामावली प्रकाशन भइसकेको छ ।

सबै उम्मेदवारहरु आ–आफ्नो क्षेत्रमा आ–आफ्नो जित सुनिश्चित्ताका लागि प्रचार प्रसार गरिरहेका छन् । कतिपय स्थानीय तहमा राजनैतिक दल तथा उम्मेदवारले लैङ्गिक, जातीय तथा सामाजिक सांस्कृतिक रुपमा लक्षित गरी आँच पुऱ्याउने तथा अपहेलना हुने गरी तुच्छ शैलीको भाषा प्रयोग भएको देखिन आएकोमा राष्ट्रिय महिला आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस किसिमको अभिव्यक्तिले लैङ्गिकता तथा व्यक्तिको आस्था तथा मानव अधिकारमा सामाजिक सदभावमा आँच आउने अवस्था देखिएकोले यस्तो अभिव्यक्ति प्रकट नगर्न तथा सबै प्रति सम्मान जनाउने गरी आफ्ना अभिव्यक्ति राख्न सबै दल, उम्मेदवार तथा दलका कार्यकर्ता र मतदाताहरुमा आयोग अनुरोध गर्दै यस्ता विषयमा निर्वाचन आयोगलाई समेत ध्यानाकर्षण गराउँछ ।

गिरिराज ज्ञवाली
(उप सचिव)

# राष्ट्रिय महिला आयोग
## National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प. सं.:-
च.नं.:-

राष्ट्रिय महिला आयोग
भद्रकालीप्लाजा, काठमाडौं

मिति: २०65/02/23

<u>प्रेस विज्ञप्ती</u>

सिराहा जिल्ला लाहान नगरपालिका वडा नं ६ स्थित मेरी चिल्ड्रेन एकेडेमीमा आश्रित रही ७ कक्षामा अध्ययन गरिरहेकी १४ बर्षिय अनाथ बालिका शान्ति नेपाल यहि जेठ २१ गते शनिवार विहान करिव ९ बजे मृत अवस्थामा फेला परेको भन्ने जानकारी यस आयोगमा प्राप्त भएको छ । यसरी एक अनाथ बालिका विद्यालयकै आवास घृहमा मृत अवस्थामा फेला परेको घटनामा राष्ट्रिय महिला आयोगको गम्भिर ध्यानाकर्षण भएको छ ।प्रस्तुत घटनामा नाबालिकाको आत्महत्या गर्नुको कारणको बारेमा सुक्ष्मरुपमा अनुसन्धान गरी घटनामा दोषी भएमा कानून बमोजिमको कारवाही प्रक्रिया हुन राष्ट्रिय महिला आयोग सम्बन्धित निकायको ध्यानाकर्षण समेत गराउँदछ ।

2065/2/23
(चमिला भट्टराई)
प्रवक्ता

# राष्ट्रिय महिला आयोग

## National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np


प. सं.:-
च.नं.:-

राष्ट्रिय महिला आयोग
भद्रकाली प्लाजा, काठमाडौं

मितिः
२०७९ असार ४

## प्रेस विज्ञप्ति

बझाङ घर भई हाल ललितपुर जिल्ला, इमाडोलस्थित एक घरमा घरेलु श्रमिकका रूपमा आश्रित १३ वर्षिया बालिका विगत ३ वर्षदेखि आफ्नै घर मालिकबाट पटक पटक बलात्कृत भएको मुद्दा दर्ता भएपछि (हाल ललितपुर जिल्ला अदालतमा विचाराधीन रहेको) अभियोजन प्रक्रिया, बकपत्र, साक्षी प्रमाणलगायतका विषयमा मुद्दालाई कमजोर बनाइएको र मुद्दा होस्टाइल (बयान फेरेको) भएको विषय सार्वजनिक सञ्चार माध्यममा आएकोप्रति राष्ट्रिय महिला आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

यौन हिंसा तथा बलात्कार जस्तो जघन्य अपराध राज्यको शून्य सहनशीलताको विषय हो । यस्तो गम्भीर विषयमा राज्यको जिम्मेवार न्यायिक निकायको समेत नाम जोडिएर समाचार सार्वजनिक हुनु राष्ट्रिय महिला आयोगको थप चासो र चिन्ताको विषय हो । तसर्थ, यस विषयमा गम्भीरतापूर्वक सत्य, तथ्य छानबिन गरी दोषीलाई कानुनबमोजिम हदैसम्मको कारबाही र पीडितलाई सुरक्षा, संरक्षण र क्षतिपूर्तिसहितको न्यायका लागि राष्ट्रिय महिला आयोग सम्बन्धित निकायको ध्यानाकर्षण गराउँछ ।

2079/03/04

चमिला भट्टराई

प्रवक्ता (उपसचिव)

# राष्ट्रिय महिला आयोग
# National Women Commission

भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np

प. सं.:-
च.नं.:-

मितिः २०७९।०३।०५

**प्रेस विज्ञप्ती**

खोटाङ्ग जिल्ला दिप्रुङ चुइचुम्मा गाउँपालिका– २ डाँडागाउँस्थित साक्षरता प्राथमिक विद्यालयकी शिक्षिका गोमा कार्कीले सोही विद्यालयका प्रधानाध्यापक लक्ष्मी कार्कीसँग विद्यालयको आर्थिक विषयमा जिज्ञासा राख्दा प्रधानाध्यापक लक्ष्मी पौडेलले विद्यालय व्यबस्थापन समितिको बैठकमा नै पानीपेटमा लात्ती हानी हातपात समेत गरेको र शिक्षिका गोमा कार्कीको निरन्तर पेट दुख्ने र पिसाब नरोकिने समस्या भई अस्पतालमा उपचार गराईरहनु परेको घटना प्रति राष्ट्रिय महिला आयोगको गम्भिर ध्यानाकर्षण भएको छ ।

कार्यस्थलमा हुने यस किसिमको दुर्व्यवहार सुन्य सहनशीलताको विषय हो । प्रधानाध्यापक जस्तो महत्वपूर्ण र जिम्मेवार पदमा बसेको व्यक्तीले शिक्षक जस्तो मर्यादित व्यक्ती माथि यसरी दुर्व्यबहार गर्नुले आफ्नो पेशागत जीवनमा समेत असुरक्षा महशुस गर्ने अवस्था समग्र महिलामा हुन सक्ने हुँदा यो विषय महिलाको कार्यस्थल सुरक्षासँग जोडिएको र गम्भीर तथा आयोगको थप चासोको विषय हो । तसर्थ, यस विषयमा गम्भीरतापूर्वक सत्य, तथ्य छानविन गरी दोषीलाई कानुनबमोजिम हदैसम्मको कारवाही र पीडितको सुरक्षा एवं न्यायका लागि राष्ट्रिय महिला आयोग सम्बन्धित निकायको ध्यानाकर्षण गराउँछ ।

सीता अधिकारी
प्रमुख महिला विकास अधिकृत




महिला हिंसा विरुद्ध नेपालगञ्ज देखी काठमाडौं सम्म पैदल यात्रा गरेका अधिकारकर्मीहरुसँग आयोगका पदाधिकारीहरुको भेटघाट




आफ्नो र २१ महिने छोरोको न्यायको माग गर्दै अनसन बसिरहेकी कुमारी आमा निहारिका राजपुतको अनसन तोडाउने प्रयासमा आयोगका पदाधिकारीहरु




लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको सर्न्दभमा लैङ्गिक हिंसा विरुद्धको साझा प्रतिवद्धता कार्यक्रम



उर्लावारी नगरपालिकामा न्यायिक समितिका पदाधिकारी एवं जनप्रतिनिधिहरु सँगको अन्तरक्रिया कार्यक्रम




जगन्नाथदेवल काठमाडौं स्थित कारागार कार्यालय एवं महिला सुधार गृहको अनुगमन



नीतिगत तहमा महिलाको पहुँच स्थापित गराउन राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि सँग गण्डकी प्रदिशस्तरीय अन्तराक्रिया कार्यक्रम



लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको सन्दर्भमा जिल्ला प्रशासन कार्यालय धनुकटामा आयोजित अन्तरक्रिया कार्यक्रम




रामग्राम नवलपरासीमा रहेको एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) को अनुगमन




महिला उद्यमशीलता विकासका लागि नवलपारासी पश्चिममा आयोजित सरोकारवालाहरुसँगको अन्तरक्रिया कार्यक्रम



महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) लगायत अन्य अन्तराष्ट्रिय दस्तावेजको कार्यन्वयन अवस्था सम्बन्धमा गण्डकी प्रदेशस्तरीय कार्यक्रम




राजनीतितीक पार्टीका भगिनी संगठनहरुसँग आयोगको हलमा आयोजित छलफल कार्यक्रम




लैगिक समाबेसी र सुसासनका लागी माहिला उमेदवारहरुको अबस्था, चुनाब प्रचारप्रसारको अबस्था, महीला मतदातामा निर्बाचन सम्बन्धी जानकारी-पाचथर



महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) लगायत अन्य अन्तराष्ट्रिय दस्तावेजको कार्यन्वयन अवस्था सम्बन्धमा बागमती प्रदेशस्तरीय कार्यक्रम




लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको सन्दर्भमा भोजपुरको मजुवावेशी स्थित विराङ्गना योगमायाको ध्यान तथा सामाधीस्थलको अवलोकन सहित अन्तरक्रिया कार्यक्रम



रामेछाप जिल्ला मन्थली ना.पा. मा भएको दलित बालिका माथिको हिंसाको स्थलगत अनुगमन




राष्ट्रिय महिला आयोगको २०औं स्थापना दिवसको अवसरमा पर्यटन वोर्डको सभाहलमा आयोजित विशेष कार्यक्रम



महिलाको प्रजनन स्वास्थ्य, लैङ्गिक हिंसा लगायतका विषयमा रोल्पामा आयोजित अन्तरक्रिया कार्यक्रम




लैङ्गिक हिंसा विरुद्धको १६ दिने आभियानका अवसरमा महोत्तरीमा आयोजित कार्यक्रम




बालविवाह प्रजनन् स्वास्थ्य र गर्भपतनको विषयमा खोटाङमा आयोजित अन्तरक्रिय कार्यक्रम



स्थानीय तह सदस्य निर्वाचन, २०७९ को सन्दर्भमा आयोगबाट भएका अनुगमन



स्थानीय तह सदस्य निर्वाचन, २०७९ को सन्दर्भमा आयोगबाट भएका अनुगमन




स्थानीय तह सदस्य निर्वाचन, २०७९ को सन्दर्भमा आयोगबाट भएका अनुगमन



अपाङ्गता भएका महिलाहरुको हक अधिकार संरक्षणका विषयमा सरोकारवाला निकायविचको अन्तर्क्रिया कार्यक्रम



चौथो राष्ट्रिय महिला अधिकार दिवसको सन्दर्भमा राष्ट्रिय महिला आयोगबाट आयोजित अन्तरक्रिया कार्यक्रम




यौन हिंसा सम्बन्धी हदम्यादको बिषयमा सरोकारवाला निकायाहरुसँगको समन्यात्मक बैठक




राष्ट्रिय महिला आयोगको खबर गरौ ११४५ हेल्पलाईन सेवा को चौथो बार्षिक उत्सव समारोह




राष्ट्रिय महिला आयोगको तेस्रो पन्चवर्षीय रणनैतिक योजना तयारी सम्बन्धी कार्यशाला बैठक




लैंगिक हिंसा निवारणको लागि पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश गर्नुपर्ने विषयमा सम्बन्धित सरोकारवालाहरूसंग अन्तर्क्रिया कार्यक्रम




संघीय महिला सांसद र विभिन्न संसदीय समितिका सभापतिसँगको अन्तरक्रिया कार्यक्रम



सप्तरी जिल्लामा "विद्यालयस्तरमा हुने महिला हिंसा निवारणका लागि विद्यार्थी, शिक्षक र व्यवस्थापन समितिका पदाधिकारीहरुसँगको अन्तरक्रिया कार्यक्रम